* ओम् *

# प्राचीन हिन्दू विज्ञान

( अग्निमीले )

## वेदमा के छ ? को उत्तर भाग

लेखक :

डॉ० स्वामी प्रपन्नाचार्य

वेदान्ताचार्य पी-एच. डी.

॥ ओम् ॥

॥ नमः ऋषिभ्यः पूर्वजेभ्यः ॥

ईसा पूर्वको र आधुनिक विज्ञानको तुलनात्मक अध्ययन

# प्राचीन हिन्दू विज्ञान

## ( अग्निमीले )

### वेदमा के छ ? को उत्तर भाग


लेखक विद्यावारिधि

डॉ० स्वामी प्रपन्नाचार्य वेदान्ताचार्य पी-'यच डी.

● प्रकाशक :

**प्रेम राई**

डाइरेक्टर

**श्री दन्तकाली बेकरी**

**सदर रोड, धरान-३**

**नेपाल**

● प्रथम संस्करण

२१०० प्रति

● © सर्वाधिकार लेखकमा सुरक्षित

सम्बत् २०३६

● मूल्य : { [redacted]०० भा० रु०
[redacted]०० ने० रु० ८०१।-

● मुद्रक :

**कमलनाथ मौर्य**

**जय भारत प्रिन्टिग प्रेस**

**सूरजकुण्ड, वाराणसी-२२१००१**

---

पुस्तक प्राप्ति स्थान :

| | |
|---|---|
| **चुलाचुली पुस्तक पसल** | **भारतीय विद्या प्रकाशन** |
| दमक, झापा | कचौड़ीगली वाराणसी-२२१००१ |
| मेची अञ्चल, नेपाल | १. यू० बी० जवाहर नगर |
| | बग्लो रोड, दिल्ली-११०००७ |

**किरन स्टेशनरी**

धरान-१२, नेपाल

# विषय सूची


(क) प्राक्कथन १-५

(ख) प्रकाशनको सम्वन्धमा भन्नु पर्ने कुरा ६-७

(ग) पत्र र सम्मति ८-१६

(घ) क्यै भन्नु पर्ने कुरा १७-२४

(ङ) पुरानहरूको प्राचीनता २५-३४

(च) हिंन्दूशब्द कति पुरानो हो ? ३५-४८

(छ) इसा भन्दा पूर्वको शिलालेखहरूमा पनि 'हिन्दू' शब्दको उल्लेख पाइन्छ ४९-५१

(ज) प्राचीन हिन्दूको संख्या र सैन्यबल ५१-५२

१. पहिलो विज्ञान थियो भने खै कहाँ गए त ? १-५

२. विज्ञानको परिभाषा ६-७

३. विना शब्दको घडी ८-९

४. वैज्ञानिक त्वष्ट्राको चमच १०-१०

५. वैज्ञानिक रैंभको जहाज ११-१३

६. मनभन्दा पनि छिटो हिंडने विमान १४-१५

७. रथमा वायुलाई जोडेर चलाउँथे १६-१८

८. तीनतले विमान १९-२०

९. बिजुलीले चल्ने विमान २१-२४

१०. सुनले बनेको पण्डुवी २५-२७

११. विश्वमा पहिलो सात पहियाको विमान २८-३०

१२. सूर्यशक्तिले चलने विमान ३१-३३

१३. तीन पहिया भएको विमान ३४-३६

१४. त्रिपुर शहर ३७-४१

१५. वैदिक कार ४२-४३

प्रकाशक :

**प्रेम राई**

डाइरेक्टर

**श्री दन्तकाली बेकरी**

**सदर रोड, धरान–३**

**नेपाल**

प्रथम संस्करण

२१०० प्रति

© सर्वाधिकार लेखकमा सुरक्षित

**सम्बत् २०३६**

मूल्य : { [redacted]०० भा० रु०
[redacted]०० ने० रु० ५०१।-

मुद्रक :

**कमलनाथ मौर्य**

**जय भारत प्रिन्टिंग प्रेस**

**सूरजकुण्ड, वाराणसी–२२१००१**

---

पुस्तक प्राप्ति स्थान :

**चुलाचुली पुस्तक पसल**
दमक, झापा
मेची अञ्चल, नेपाल

**भारतीय विद्या प्रकाशन**
कचौड़ीगली वाराणसी-२२१००१
१. यू० बी० जवाहर नगर
बग्लो रोड, दिल्ली–११०००७

**किरन स्टेशनरी**
धरान–१२, नेपाल

# विषय सूची


(क) प्राक्कथन १-५

(ख) प्रकाशनको सम्बन्धमा भन्नु पर्ने कुरा ६-७

(ग) पत्र र सम्मति ८-१६

(घ) क्यै भन्नु पर्ने कुरा १७-२४

(ङ) पुरानहरूको प्राचीनता २५-३४

(च) हिन्दूशब्द कति पुरानो हो ? ३५-४८

(छ) इसा भन्दा पूर्वको शिलालेखहरूमा पनि 'हिन्दू' शब्दको उल्लेख पाइन्छ ४९-५१

(ज) प्राचीन हिन्दूको संख्या र सैन्यबल ५१-५२

१. पहिलो विज्ञान थियो भने खै कहाँ गए त ? १-५

२. विज्ञानको परिभाषा ६-७

३. विना शब्दको घडी ८-९

४. वैज्ञानिक त्वष्ट्राको चमच १०-१०

५. वैज्ञानिक रैंभको जहाज ११-१३

६. मनभन्दा पनि छिटो हिंडने विमान १४-१५

७. रथमा वायुलाई जोडेर चलाउँथे १६-१८

८. तीनतले विमान १९-२०

९. बिजुलीले चल्ने विमान २१-२४

१०. सुनले वनेको पण्डुवी २५-२७

११. विश्वमा पहिलो सात पहियाको विमान २८-३०

१२. सूर्यशक्तिले चलने बिमान ३१-३३

१३. तीन पहिया भएको विमान ३४-३६

१४. त्रिपुर शहर ३७-४१

१५. वैदिक कार ४२-४३

१६. मेघको जस्तो गर्जना गर्ने रथ ४४-४५
१७. पुष्पक विमान ४६-४८
१८. वातानुकूल विमान ४९-५०
१९. भ्राजिष्णु विमानको पराक्रम ५१-५२
२०. मय-दानवले बनाएको सौभ विमान ५३-५४
२१. भृगु ऋषिको विमान यात्रा ५५-५५
२२. परमाणुको पता कसरी लाग्यो होला ५६-५९
२३. पृथिवीको आकर्षणशक्ति ६०-६१
२४. चीरफाड र रासायनिक विज्ञान ६२-६२
२५. दध्यङ्ङ ऋषिको शिर काटियो ६३-६४
२६. फालामंको खुट्टा जोडिदियो ६५-६५
२७. कायाकल्प विज्ञान ६६-६७
२८. मरेको माच्छेलाई जिउँदो पार्थे ६८-६८
२९. शरीरमा मनको प्रवेश ६९-६९
३०. सूर्यको प्रकाशवाट ओखती गर्थे ७०-७१
३१. एक हजार तले घर ७२-७४
३२. फल मले बनेको सयेवटा नगर ७५-७६
३३. पानी जहाज ७७-७९
३४. पाँचै दिनमा सौ योजन लामो पुल तैयार ८०-८२
३५. एक बालको सहेवटा हिस्सा ८३-८३
३६. विचित्र वाण ८४-८७
३७. विना पखेटा मान्छे कसरी उड्थे ? ८८-८९
३८. तीन रात सम्म यम लोकमा ९०-९१
३९. यी लोकहरू ऐले कहाँ छन् ? ९२-९३
४०. कसरी सात रातमा संसार भरीको फोटो बनाए ? ९४-९५
४१. चलचित्र सेनिमा ९६-९८

४२. वार्लेस = दूरसञ्चारयन्त्र ९९-१०१
४३. समाचार पठाउँने साधन १०२-१०५
४४. युद्धमा प्रयोग गरिने हत्यार १०६-१०८
४५. लाखौं वर्ष पहिले सूर्यग्रहणलाई जान्द थिए १०९-१०९
४६. तुरीय यन्त्र ( दूर्वीन ) ११०-१११
४७. तापमापक यन्त्र ( थर्मामीटर ) ११२-११३
४८. स्वयवह यन्त्र ( ओटोमेटिक ) ११४-११५
४९. चुम्बक विज्ञान ११६-११६
५०. मान्छे विनै चल्ने पंखा ११७-११९
५१. रेलगाडीको आविष्कार १२०-१२०
५२. गहनामा पनि विज्ञान थियो १२१-१२१
५३. चन्द्रकान्तमणि विज्ञान १२२-१२३
५४. मणिले चल्ने जहाज १२४-१२६
५५. विमानको लक्षण र गति १२७-१२८
५६. प्राचीन वैज्ञानिक र वैमानिक ग्रन्थ १२९-१३०
५७. शौनकको व्योमयानतन्त्र १३१-१३१
५८. गर्ग ऋषिको यन्त्रकल्प १३२-१३२
५९ नारायणकृत विमान चन्द्रिका १३३-१३३
६०. वाचस्पतिको यानविन्दु १३४-१३४
६१. वाल्मीकिको स्वतः सिद्धिन्याय १३५-१३५
६२. चाक्रायणिको खेटयाम प्रदीपिका १३६-१३६
६३ ढुण्डिनाथको व्योमयानार्थप्रकाश १३७-१३७
६४. युक्तिकल्पतरु १३८-१३८
६५. भोजको समराङ्गणसूत्रधार १३९-१३९
६६. महर्षि अगस्त्यको शक्तिसूत्र १४०-१४०
६७. ईश्वरकृत सौदामिनीकला १४१-१४१

६८. शाकटायनको वायुतत्वप्रकरण १४२-१४२
६९. देवर्षि नारदको वैश्वानरतन्त्र र धूमप्रकरण १४३-१४३
७०. मयदानवको मयमत १४४-१४४
७१. मन्त्र र तन्त्रशब्दको अर्थ १४५-१४७
७२. ग्रामोफोनको आविष्कार १४८-१४८
७३. वनस्पतिमा चेतन १४९-१५१
७४. आधुनिक बिमानको आविष्कार १५२-१५३
७५. पत्थर कोइलाको पता १५४-१५४
७६. आधुनिक घडीको आविष्कार १५५-१५५
७७. रेडियोको आविष्कार १५६-१५६
७८. टेलीवजिनको आविष्कार १५७-१५७
७९. अन्तरिक्ष माथि विजय १५८-१५८
८०. सात आश्चर्य १५९-१६४
८१. भारद्वाज वैमानिक कला १६५-१६८

## ( परिशिष्ट भाग )

८२. ईसा भन्दा लाखौं वर्ष पूर्वका वैज्ञानिकहरू १६९-१६९
८३. ईसा भन्दा पूर्वका वैज्ञानिक ग्रन्थ १७०-१७०
८४. ईसा भन्दा लाखौं वर्ष पूर्वका विमानहरू १७१-१७१
८५. तुलनाको लागि आधुनिक वैज्ञानिक र आविष्कार १७२-१७२
८६. सहायक ग्रन्थ सूची १७३-१७९
८७. लेखकका अन्य रचनाहरू १८०-२४०

# सम्र्पण

'अरे प्यारे परिश्रम नहीं करते हो' भनि मीठो अर्ती दिएर
विद्वज्जगतमा निर्भय पारी उबभ्याइदिने श्रधेय गुरुवर
पं० श्री देवानन्द बहुगुणजी को चरण कमलमा
यो तुच्छ सेवा सादर समर्पित छ ।



न्याय, व्याकरण, वेदान्त, साहित्यादि अनेक शास्त्र पारावारीण
परम श्रद्धेय गुरुवर पं० श्री देवानन्द बहुगुण जी
रुद्रप्रयाग, गढवाल ।

# प्राक्कथन

जीवनको केही अमूल्य क्षण अथवा अमूल्य चिन्तन परम्परानै भूत, भविष्य र वर्तमानलाई जोड्ने साधन हो । बीतेका क्षण र बीतेका स्मृतिले वर्तमानलाई उदाङ्ग पारेर भविष्यको गोरेटो घोरेटो देखि मूलबाटो सम्म पनि पैलाएको हुन्छ । जीवनको अथाह भेल बाडीमा कति भवँरी परे । कतिले डुबुल्की भरे । कति चाहिं सँधैको लागि बटुवा बने । यही त जीवनको अमूल्य क्षण हो । यसै क्षणमा लोमस, व्यास, कपिल, कणाद, जनक, बुद्ध आदि कति बीते । यसै क्षण भित्र कति चिन्तन परम्परा रियालिए । तर बियांलो सक्लो हुन्छ । हलहलिएर सक्लेको हुँदैन । स्थायी हुन्छ । चिन्तन, मनमा भतभतिएर उम्लेको बाडी हो । तर शङ्का हुन्छ । मनमा किन भतभति आयो ? मन किन भतभतियो ? यसको सीधा उत्तर छ । देश, काल, र सामाजिक स्थिति । मनमा वेथा लाग्यो कि चिन्तन शुरू भयो । पोलिनु थाल्यो । फत्फतिनु थाली हाल्छ । तर यो मनको बानी होइन । उ त अगम, अथाह, नीरव, शान्त कुटीरमा बसेको हुन्छ । तर मान्छेले थाहा पाउँदैन । यही नै सारै आश्चर्यको कुरा छ । यस्तै चीभे, जुरेलीको स्वरमा हराएर मस्त हुँदा डाँफेको अलौकिक गरिमामय रङ्गलाई बिर्से । चीभेको फुर्फूरे चालमा डांफेको त्यो सुन्दर नृत्यलाई भुले । ठीक यही पारा हिन्दूहरूको छ । गौरव पोली खानेले बोली पनि खान्छ । प्राचीन पुर्खा हिन्दूहरूको गौरव कतै पोलेर खाइराखेका छन् । कतै बोलेर खाँदैछन् । दुवै परिस्थितिमा प्राचीन तपोवनको चिन्तन परम्परा र त्यसको फल दुवै आफ्नो भनाउँदाहरूले खोइरामा पुरिसके । कतै पैरो त, कतै खोइरो । कतै खाडल त, कतै नागी डाँगीका भ्याकुरा पारी दिएका छन् । तर यो, त्यो योग्य होइन । आफ्नै माटोमा हलहलिएको हो । आफ्नै पानीमा सक्लिएको हो । आफ्नै हावामा मौलिएको प्राचीन हिन्दू विज्ञान' हो । एरजीमेनिण्डर र डार्विनको घरेडी भन्दा लाखौं वर्ष अगाडि नै हिन्दू विज्ञान उमरेर हलहलिएको थियो । हलहलको साथमा कलकलाउँदो

भएर सक्ले अनि मौलिएर विश्वलाई एक फेर उदार भावले विज्ञानको शिक्षा दिइ सकेका थिए। तर जन्म लिए पछि मर्नु स्वाभाविक सिद्धान्त छ। कलकलिए पछि अवश्य सुक्छ। मौलिए पछि ओइलाउँछ। माथि चडे पछि अवश्य तल खस्छ। उन्नतिको टाकुरामा पुगे पछि अवश्य खस्छ। उन्नतिमा पुग्नु भनेको खस्नु भनेको हो। 'छैन' भन्ने शब्दले छ भन्ने कुरालाई बुझाउँछ। जस्को सत्ता छैन या थिएन। त्यसलाई 'छैन' या 'होइन'' भन्न सकिंदैन। 'थिएन' पनि भन्न सकिंदैन। फेरि पनि 'थिएन' 'होइन' 'छैन' भन्छौं भने 'थिए छ' र त 'थिएन्' भन्दैछौ। 'हां' र त 'होइन' भन्दै छौं। 'थिए छ' र त 'छैन' भन्दै छौं। घइंटो नभए 'छ' 'छैन' 'होइन' आदि शब्दको प्रयोगै किन हुन्थ्यो ! बास, शब्दको प्रयोग भयो कि पूर्व सत्ता सिद्ध भई हाल्यो। अर्थात् निषेध शब्दले 'छ' 'थिए छ' भन्ने कुरालाई बुझाउँछ।

ठीक यै पारा 'प्राचीन हिन्दू विज्ञान' को पनि छ। नभए लेखिने थिएन। 'होइन' 'थिएन' 'छैन' भन्ने शब्द नै बन्ने थिएन। यस्तो क्रिया पदनै बन्ने थिएन। यिनै प्रमाणले बुझाउँछ कि प्राचीनकालमा आज भन्दा अझ उत्तम कोटिको विज्ञान थियो। त्यसै सिद्धान्तलाई सके सम्म बुझाउँने प्रयास गरेको छ। पाठक वृन्दले स्वयं घोरिएर गोडीनेली हेर्दा अडकल चाल पाइहाल्नु हुने छ। यी दुवै भाग अर्थात् 'वेदमा के छ ?' र 'प्राचीन हिन्दू विज्ञान' तैयार पार्दा १८ वर्ष सम्म टाउँको दुख्यो। गिदी छल्कियो। के के भयो' घाइतेको गति घाइतेले नै जान्दछ। अरूले त ओखतीको साटोमा नून, खोर्सानी, चुक मात्रै लगाउन पनि सक्छ। यो नहुँदो कुरा होइन। नचाँहिदो कुरा पनि होइन। अनुभव सिद्ध कुरा हो। त्यसो भएको हुनाले त पुस्तक लेखि सकिए पछि पनि १२ वर्ष सम्म छापिने मेसो नदेख्दा अग्नि देवतालाई चढाइदिने विचारमा थिए। धन्न, कता कताबाट वयोवृद्ध पं० छविलाल पोखेल र प्रो० जगन्नाथ श्रेष्ठ जीको आँखामा पर्नाले पूर्व भाग तपाईहरूको सामुमा उपस्थित हुनु सक्यो। तर उक्त दुवै महानुभावले जो परिश्रम गरे त्यो त छँदै छ। त्यो देखि बाहेक पुस्तक छापिसकिए पछि पनि दाँतबाट मेरो पसीना निक्ल्यो। त्यो

मलाईनै थाहा छ। कुनै मुस्कीलले केही पुस्तक निकालेर धरान पुगे पछि पण्डितजी र वहाँको सहयोगीहरूले केही प्रति वेची दिएर वल्ल प्रेसवाला अलि मान्यो। फेरि केही सापट खोजियो। तर पहिचो र सापट पनि कसैले पत्याइ-दिएनन्। मेरा भनाउँदाहरू धेरै थिए। झट्ट गो काम आइलाग्यो कि कसैले त ऐलेसम्म पनि मसँग बोलेका छैनन्। कत्तिले चाहि खोष्टे बोक्रे कुराबाट पर सार्ने चेष्टा गरे। छाप्तु भन्दा पहिले पनि यस्ता कुरा कति हो कति भए। छापे-पछि प्रेसबाट निखन्दा पनि यही हालत रह्यो। अनि 'वेदको सोमरस' लिएर धरान पुगे पछि केही निखनियो। फेरि केही यता भारतीयहरूसँग चार हजार सापट लिएर बल्ल पुस्तक आफ्नो भयो। यस्ता कठिनाईहरूबाट पुस्तक निक्ले पछि त्यसको अर्कै गति छ।

परन्तु 'वेदमा के छ' त पूर्व भाग मात्रै हो। पाठकवर्गले त पुरा पुस्तक पाउँनु पर्छ। त्यसो भएको हुँनाले उत्तर भाग छपाउँने चिन्ता पिशाचिनी सामु पर्न आई। हुँनु पनि हो। दुवै भाग नपढीकन पाठक वर्गले ग्रन्थको मर्म वुझ्न सक्दैनन्। यद्यपि एक एक शीर्षकको अध्ययनबाट पनि ठूलो लाभ छ। तै पनि महत्त्वपूर्ण भाग उत्तर भागै छ। भनौं कल्लाई भनौं। रोउँ, कस्काँ गएर रोऊँ। अन्धाको अगाडि रोएर आफ्नै आँखा फोडनु मात्रै हुने भयो। जो पनि हेर्‍यो कान चिरेकै। काठमाण्डौबाट प्रस्थान गरे पछि सगरमाथा अञ्चल र कोशी मेची अञ्चल चाहारी सके पछि आड मर्‍यो। ढोट मर्‍यो। नाना प्रकारका दुर्व्यसन र फैंसनमा कुनै प्रकारका कमी देखिएनन्। फेरि पनि मनमा दरीलो भएर सोचें। छापिए छ भने ठीकै छ। छापिएन भने म लक्ष्मी प्रसाद देवकोटा जस्तो पाराले आफ्नो पुस्तकलाई छाडा छाडदिन। कसैले नपाउँने गरी ठेगाना लगाएर नै शरीरलाई छोडन परे पनि छोडछु भने को थिएँ। अब कोसँग बोल्ने ? यसै बीचमा धरान दन्तकाली वेकरी ( विकुट ) फेक्टरीको डाइरेक्टर श्रीप्रेम राई भान्साको निमन्त्रण दिन आउँनु भयो। म त धरान टेके पछि पण्डितज्यूकैमा बस्ने गरेको थिएँ। निमन्त्रण दुवै जनाको स्वीकार भयो। भान्सा खान पुग्यौं। भान्सा भए पछि प्रेमजीले भन्नु भयो। अब देखि आउँदा, जाँदा गुरूज्यूले मेरै कुटियामा बसि दिनुपर्‍यो। यो मेरो अनुरोध छ। मैले भने यो स्वीकार छ।

तर अभक्ष्य र अपेय पारा त ठीक छैन । त्यसको उत्तरमा छोड्ने वचन दिए । छोडे पनि । अनि मैले नभनीकन स्वयं प्रेम राईले भने । उत्तर भागको छपाई खर्च कति लाग्छ ? प्रेसवालाहरूसँग कुरा गरिसकेका हुँनाले भा० रू० दश हजार भने । ल हुन्छ गुरुजी ? उत्तर भागको प्रकाशन म गरिदिन्छु भने । ने. रु. साडे चौदह हजारबाट अब तपाईहरूको सामुमा उत्तर भागलाई पनि राख्दा अलिकति शिर हलुङ्गो भएको जस्तो लाग्छ । यद्यपि प्रेमराईले यो मेरो सेवा गरेको होइन । नेपाली साहित्यको अपूरणीय क्षति पूर्ति गरेर नेपाल राष्ट्रको सेवा गरेको हो । नेपाली आमाको फूलबारी झकमक पारेर सिंगारेको हो । वेला बखतमा अवश्य पनि यो भन्दा पूर्व पनि राम्रो कार्यमा हात बटाएको कुरा सुनेको छु । तर ऐले प्रत्यक्षमा हिन्दू विज्ञानको प्रकाशनले जनतालाई ठूलो उपकार तुल्याएको छ ।

नेपाली जनताले यसबाट प्रेरणा लिनु हुने छ । त्यसमा पनि किरातहरूको लागि त प्रेरणाको मुहाननै बनेको देखिन्छ । नाना प्रकारका जांड, रक्सी, तोङ्वा, जुवा र फैसनमा जीवन बिताएर अन्तिममा रूनु मानव सभ्यता होइन । किरात सभ्यता त कुनै हालतमा पनि हुन सक्दैन । यो त दुर्व्यसन मात्रै हो । यस दुर्व्यसनबाट अलिगिएदेखि किरातहरूको बुद्धिको हत्या हुने थिएन होला । वुद्धकालदेखि यता लागे पछि दुर्व्यसनले गर्दा किरातहरूको बुद्धिको हत्या भएको हो । त्यहोंबाट शैक्षिक र आर्थिक सामाजिक दशा पनि सारै माया लाग्दो भएर गएको हो । यस्ता प्रेरणादायक सूत्रहरूबाट प्रेरणा लिएर आफ्नो समस्या सुधारे त सारै वेश हुने थियो । विश्वमञ्चमा फेरि एक फेर नेपालले चम्केर देखाउँने थियो । निर्व्यसनी र पुरुषार्थी समाज राष्ट्रको र समाजको उन्नतिको मूल सूत्र हो । यसलाई प्रेम राईले अँगालेर राम्रो बाटो देखाएको छ । त्यसो हुँदा प्रेम राईले आफ्नो कर्तव्य बुझेर पुरा गरेको बुझिन्छ । अतएव प्रेमराईलाई म शुभाशीष दिन्छु । भविष्यमा पनि देश, काल, पात्र, परिस्थिति, बुझेर पछि न हटोस् भन्ने शुभ सम्मति थपि दिन्छु ।

यसै प्रकारले मेरो प्रिय शिष्य शङ्कर प्रसाद पराजुली गाँऊ अर्गली पाल्पा नेपाललाई पनि घतपर्दो आशिर्वाद दिन्छु । कुनै वेला होटेलको नोकर थियो ।

त्रेसरी फटकार लगाएँ । त्यो फटकार लाग्यो । तीतो लाग्यो । नोकर बन्ने चाहना छोडेर पढन तिर लाग्यो । आज मध्यमा अर्थात् इण्टर पुरा गरेर शास्त्री अर्थात् बी. ए. मा अध्ययन गरेको देखेर मलाई खुशी लागेको छ । आफैंले रोपेको फूल-बारी झक भक हुँदा कस्को मन उर्लिदैन र । सबैको मन उर्लेर आउँछ । यसै शङ्कर प्रसादले 'प्राचीन हिन्दू विज्ञान' को प्रेस कापि तैयार पारेको हो ।

यसको साथै मध्यप्रदेश सतना निवासी प्रिय मित्र श्री पूर्णब्रह्म शास्त्रीलाई पनि धन्यवाद नदी सक्दिन । किन भने समय समयमा सुझाव र सहयोग गरी सहास बढाउँदै रहेको हुनाले शास्त्रीजी धन्यवादका पात्र अवश्य हुनुहुन्छ । यसै रीतिले मेरो प्रिय छात्र प्रा० चिरिञ्जीवि शर्मा गैरे गरन डाँडा पाल्पा नेपाल, वर्तमान वेदविद्यालय दारागञ्ज प्रयाग वेदाचार्यलाई पनि शुभ कामनाको साथ आशीर्वाद दिन्छु । समय अनुकूल धेरै सहयोग दी राखेको छ । भविष्यमा पनि सुशील गुरु भक्त चिरञ्जीवि र शङ्कर प्रसाद दुवैबाट धेरै आशा छ ।

अन्त्यमा आफ्नो मन्तव्य र सम्मति दिने विद्वबृन्दलाई पनि ससम्मान साधुवाद टक्याउँछु । सबै भन्दा पहिले ( प्रो० डा० सत्यप्रकाश डी. एस. सी. भूतपूर्व अध्यक्ष रसायन विभाग प्रयाग विश्वविद्यालय ) वर्तमान स्वामी सत्यप्रकाश सरस्वती आर्यसमाज कटरा इलाहावादलाई सहर्ष धन्यवाद छ । वहाँले मित्रत्व-को भावलाई बुझेर दुई शब्द लेखिदिनु भयो । त्यस पछि भूतपूर्व ज्योतिष विभागा ध्यक्ष त्रिभुवन विश्वविद्यालय, वर्तमान नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका माननीय सदस्य विद्वद्वर पं० श्री नयराज पन्तज्यूलाई तथा वयोवृद्ध कविराज नरपति पोखेल, पिण्डेश्वर संस्कृत कालेजका भूतपूर्व प्रिन्सिपल पं० छविलाल पोखेल र गोरक्षाविद्या पीठका प्राचार्य प० पूर्णचन्द्र ढुङ्गेलज्यू सबै विद्वद्ज्जनहरूमा हार्दिक धन्यवाद छ । वहाँहरूले आफ्नो अमूल्य समय दिएर प्राचीन हिन्दू विज्ञान' सँग आफ्नो सम्बन्ध जोडने प्रयास गर्नु भयो । माथि गनाएका सबै महानुभावहकारूको शुभ कामना र सत्प्रयासले प्राचीन हिन्दू विज्ञान' जिज्ञासु पाठक वृन्दको सामु पर्दैछ । के कस्तो छ । यो त नीरक्षीरविवेकी पाठकहरूमाथि छोडिंदैछ । ऐले यति नै होस् । फेरि कति नै होला भ्याइएछ भने ।

**—लेखक**

# प्रकाशकको सम्बन्धमा भन्नु पर्ने कुरा

नेपाल विश्वविख्यात एकमात्र हिन्दू राष्ट्र हो। यसमा दुइ मत हुने ठाउँ छैन। यो राष्ट्र वर्तमान भौगोलिक दृष्टिले चौदह अञ्चलमा बाँटिएको छ। ती मध्ये विश्वप्रसिद्ध र विश्वमा सबै भन्दा अग्लो सगरमाथा जुन अञ्चलमा विराजमान छ। त्यो अञ्चल सगरमाथाको नाकले प्रसिद्ध छ। यस नामले पुकारिनु भन्दा पहिले 'माझ किरात' नामले प्रसिद्ध थियो। ऐले पनि माझ किरातै भन्छन्। माझकिरातमा प्राचीन किरात क्षेत्रियहरू बस्छन्। उनीहरूको प्रसिद्धि, वर्तमान युगमा राई–राय उपजातीय नामले प्रष्टिएको छ। माझकिरात जिला खोटाङ्ग, खिदिम्मा पञ्चायतको ढाँडे गाँवमा वि. तं. १९९५ साल कार्तिक महिना, तिथि चतुर्दशी, आइतबारको दिन श्री दानबहादुर र श्रीमती पुतलीमाया देवीको जेठा छोराको रूपमा बालकले जन्म लियो। यी 'रोंदोले छा' चामलिङ्ग राई हुन्। बालकको नाम 'प्रेमराई' राखियो।

जन्म देखि लिएर दश वर्षको अवस्था सम्म बुबा मुमाको सिंहार, सम्भार, प्यारमा पालिएता पनि घरमा आर्थिक सङ्कट परेको हुनाले चार नम्बर भोजपुर टकसारमा बुबाले पुऱ्याइ दिए। वहीं एकबाँडाको घरमा ढाई रुपैया महीना नोकरीमा राखिए। काम थियो भैंसी गोठाला। त्यसैमा समय निकालेर केही वर्ष पछि अक्षर चिन्ने पनि हुनु भयो। त्यस पछि भोजपुरबाट पनि जीवनको डोको बोकेर परिस्थितिले धरान पुऱ्यायो। धरानमा खुट्टा टेके पछि राम बहादुर ताम्रकारसँग कतिपय वर्षसम्म काम गर्नु भयो। ताम्रकारजीको सरसल्लाहबाट काम गर्दै लग्नु भयो। बिस्तारै अथक परिश्रमले र पूर्व जन्मको सञ्चित कर्मले भाग्य रेखामा परिवर्तन भयो। सन्त, महात्मा विद्वान् महापुरुषहरूसँग पनि सत्सङ्ग हुँदै गयो। अमूल्य उपदेशहरू प्राप्त भए। सधैं एकनासे रहँदैन। समयले पल्टा खायो। एउटा सानो जर्दा फेक्टरी खोल्न पुगे। त्यसबाट पनि अझ खुलस्त कर्मको लागि एउटा वेकरी (विष्कुट) बनाउँने फेक्टरी खोल्नु भयो जसले विरुवा लगाउँछ। त्यसलाई अवश्य फल मिल्छ। यता धार्मिक काममा पनि यथा शक्ति हात बढाउँदै गए। फलतः वि. सं. २०३२ मा सूलीकोटमा विश्वशान्तिको लागि 'महाविष्णुयज्ञ' २०३३ मा पिण्डेश्वरमा विष्णुयज्ञ' २०३७ मा अति 'विष्णुयज्ञ' आदि जनकल्याणको र राष्ट्र रक्षाको लागि यज्ञ गराए। सवै जनताबाट पनि



श्रद्धेय श्री डॉ० स्वामी प्रपन्नाचार्य वेदान्ताचार्यज्यूको साथमा
ग्रन्थप्रकाशक प्रेम राई चामलिङ्ग

सहयोग प्राप्त भएको थियो। यस रींतिले धार्मिक अनुष्ठानमा पनि संलग्न हुनु हुन्छ। यथाशक्ति गर्ने काम लागि नै राखेको छ।

सबै भन्दा ठूलो कुरो के छ भने परम श्रद्धेय डा० स्वामी प्रपन्नाचार्यजी महाराजको उपदेशबाट जाँड, रक्सी, माँसु र धूम्रपानलाई पनि त्याग्ने सफलता प्राप्त गर्नु भएको छ। यो किरात वर्गको लागि आदर्शको बाटो भएको छ। अनि निकट भविष्यमा पचास वर्ष नाघे पछि सन्न्यस्त भएर परोपकारी जीवन बिताउँने सङ्कल्पमा हुनु हुन्छ। जस्तै धार्मिक कर्ममा हुनु हुन्छ। उस्तै गरी राष्ट्र सेवामा पनि हुनु हुन्छ। ऐले वहाँको फेक्टरीमा सत प्रतिशत कर्मचारी नेपाली नै छन्। यसको तात्पर्य यो हैन कि अरूलाई हेर्न नसक्नु, अपितु यसमा राष्ट्र सेवा प्रधान छ। सके सम्म नेपालीलाई पाखा लाग्नु नदिनु नै वहाँको भावना हो।

यस प्रकार प्रेमराईमा जहाँ धार्मिक र राष्ट्रिय भावना जागृत छ। त्यहीं राष्ट्रिय साहित्यकों उत्थानको लागि पनि जागरित हुनु हुन्छ। धेरै न पढे पनि धेरै बुझ्ने हुनु हुन्छ। नेपाली साहित्यको फूलबारी झक मक्क सिंगारियोस्। साहित्यको भण्डार अटूट भएर भरियोस् भन्ने भावना वहाँसँग भएको हुनाले 'वेदमा के छ ?' ग्रन्थको उत्तर भाग 'प्राचीन हिन्दू विज्ञान' विज्ञान पाठकहरूको सामुमा राखेको छ। वहाँले ने० रु० साढे १४ हजार लगाएर, यो ग्रन्थलाई प्रकाशित गर्ने भार आफू माथि लिनु भयो। त्यसोहुँदा वहाँले नेपाली साहित्यको ठूलो सेवा गर्नु भएको छ। जस्तै वेदहरूलाई चिनाउँने नेपाली साहित्यमा 'वेदमा के छ ?' मात्रै हो। त्यस्तै रीतिले प्राचीन र आधुनिक विज्ञानको दिग्दर्शन ग्रन्थ नेपाली साहित्यमा 'प्राचीन हिन्दू विज्ञान' मात्रै हो। त्यसो हुँदा यस प्रकाशनको लागि प्रेमराईको निश्चय नै प्रशंसनीय सेवा छ। पूर्व भागको प्रकाशनमा जगन्नाथ श्रेष्ठ आदिसँग हामीले जो परिश्रम गरेका थियौं त्यसमा पनि प्रेमजीले पाँच सौ ने० रु० दिएर हामीलाई काँध मिलाएर सघाउँनु भएको कुरा प्रष्ट छ। यस प्रेरणादायक काम देखि नेपाली समाजले ठूलो प्रेरणा पाउँनु पर्छ। अझ विशेष किरातहरूले प्रेरणा लिनु पर्ने छ। हामीलाई विश्वास छ कि यो सानो परिचयबाट प्रेरणा लिएर अगाडि बढ्नु हुने छ।

**छविलाल पोखरेल**
धरान नं० पं० १२

०३९।३।३

# पत्र

## कविराज नरपति पोखरेल

आयुर्वेद शास्त्राचार्य

**काशी हिन्दू विश्वविद्यालय**

लक्ष्मी सडक वा. नं. ४

मिति २०३८।७।२९।७

श्रीमद्विद्वद्वर श्री डा. स्वामी प्रपन्नाचार्यज्यूमा मेरो सादर नमस्कार छ। त्यहाँबाट स्नेहपूर्वक पठाउँनु भएको 'वेदमा के छ ?' स्वनिर्मित पुस्तक यहाँका प्रो. जगन्नाथ श्रेष्ठजीबाट मैले पाएको धेरै दिन भयो। पहुँच दिनु ढिलो भएकोमा क्षमा प्रार्थी छु। 'वेदमा के छ ?' पुस्तक जो लेख्नु भो, यस्तो अभूतपूर्व, महत्त्वपूर्ण अनुसन्धान आज सम्म नेपालीमा कसैले गरेको देखिएको थिएन। प्राचीन आर्य-हिन्दूहरूको उतिबेलाको संस्कृति, सभ्यता, धर्म, रीति, रिवाज, स्थिति, कस्तो थियो ? भन्ने कुरा ऋग्वेद भित्रैबाट खोजेर, निकालेर जनसमक्ष ऐना जस्तो गरी, जो देखाइदिनु भो, आज सम्म कुनै नेपालीले भेउ नपाएको, वा त्यति गहिराहसँग वैदिक साहित्यसँग चिनारीन गरेका, अथवा हिन्दू समाजमा यो विज्ञान कतिको महत्त्वपूर्ण छ र जान्न आवश्यक छ ? भन्ने तर्फ कसैको दृष्टि नै नगै रहेको रहेछ। यस्तो वेलामा यस पुस्तकको प्रकाशन साह्रै महत्त्वको कुरा सिद्ध भएको छ। म दिनउँ यो हेर्ने गर्छु। अश्रुतपूर्व जस्ता पढदा बडो आनन्द लागेर आउँछ। यो हेर्दा लेखकको अति विद्वत्ता बहुश्रुतता, गहिराईसँग भएको वेदादिशास्त्रको अध्ययन र आधुनिक पाश्चात्य र प्राचीन विभिन्न इतिहासहरूको अवलोकन प्रशस्त मात्रामा भएको बुझिन्छ।

लोप हुन लागेका वा हीनदशामा पुऱ्याएको प्राचीन आर्यहरूको गौरवमय इतिहासलाई सम्मानपूर्वक उद्धृत गरेर सबैका सामु देखाइदिनु भएकोमा हार्दिक धन्यवाद उपहार गर्दछु।

—नरपति

**नयराज पन्त**
सदस्य
**नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान**

कमलादी,
काठमाडौं,
नेपाल ।

डा. स्वामी प्रपन्नाचार्य वेदान्ताचार्यज्यूले प्राचीन वैज्ञानिक ग्रन्थहरूको सूचना नेपाली भाषामा दिएर नेपालीहरूलाई ठूलो गुन लाउनु भएको छ । ती ग्रन्थ अहिले केही प्राप्य केही अप्राप्य छन् भन्ने कुरो पनि उहाँको लेखबाट बुझिन्छ । प्राप्य ग्रन्थहरूलाई पठन पाठनमा ल्याउने र अप्रात्य ग्रन्थलाई खोज्ने, पाएमा प्रकाश गर्ने काम स्वामीज्यूले नेपालीहरूलाई गर्न उपदेश दिनुभएको छ ।

यति गरिदिनु भएकोमा स्वामीज्यूप्रति म सहर्ष कृतज्ञता ज्ञापन गर्दछु ।

**नयराज पन्त**

वि. सं. २०३८।१२।१।१

श्री स्वामी सत्यप्रकाश सरस्वती

आर्यसमाज कटरा

प्रो० डा० सत्यप्रकाश डी० एस० सी०

इलाहाबाद

भूतपूर्व, अध्यक्ष रसायन विभाग

प्रयाग विश्वविद्यालय

१ जुलाई १९८२

मेरा मित्र डा. स्वामी प्रपन्नाचार्यजीले ठूलो परिश्रमसित "प्राचीन हिन्दू विज्ञान" नामक गवेषणापूर्ण ग्रन्थ लेख्नु भएको थाहा पाएर मलाई अत्यन्त प्रसन्नता भएको छ। म के चाहन्छु भने भारतीय जनता र विशेष गरी नेपाली बन्धुहरूले यस ग्रन्थलाई आदरका भावनाले पढून। नेपाली भाषामा आफ्ना विषयको यो प्रथम ग्रन्थ हो। लेखक महोदय भाषाका पण्डित हुनुहुन्छ र विज्ञानका आधुनिक औ प्राचीन परम्पराहरूलाई बुझ्नु हुन्छ। अतः यस विषयमा उहाँले अधिकारपूर्वक यस विषयको निर्वाह गरेको छ। मलाई विश्वास छ यस ग्रन्थको समादर हुनेछ।

—स्वामी सत्यप्रकाश सरस्वती

## छविलाल पोखरेल

वार्ड नं० १२, धरान

श्री डा० स्वामी प्रपन्नाचार्यज्यूले लेख्नुभएको प्रथम भाग हेरे र नै उत्तर भाग हिन्दु विज्ञान पनि प्रामाणिक अन्वेषणले परिपूर्ण छ, भन्ने अनुमान गर्न सकिन्छ।

यो हिन्दुविज्ञानलाई एक एक गरी सबै हेर्न नभ्याए पनि मोटामोटी हेरियो। हिन्दू वा आर्य जगत्‌लाई परलोकको उन्नतिमा लाग्नु नै मनुष्य मात्रको मुख्य लक्ष्य हो भन्ने प्रचार गरेर भौतिक उन्नतिबाट विमुख गराउने काम प्राचीनकालदेखि नै गरी रहेकाले नेपाल र भारत भौतिक उन्नतिमा पछि परेका हुन्, इत्यादि भनाइलाई यस ग्रन्थले मिथ्या प्रमाणित गर्ने छ।

वास्तवमा यजुर्वेदको उपसंहार चालिसौं अध्यायका १२।१३।१४ समेत तीन मन्त्रले नै भौतिक विद्या र आध्यात्मिक विद्या मध्ये एक तर्फ मात्र लाग्दा मानिसहरू ( अपूर्ण भै ) अन्धकारमा पर्दछन्। ती दुवैका फल पनि भिन्ना भिन्नै छन्। तेसैले दुवै विद्या र अविद्या जानेर व्यवहार गर्दछ भने अविद्या ( भौतिक विद्या ) ले ( दारिद्र्यबाट हुने ) मृत्यु ( मृत्यु नै वा अति कष्ट ) लाई पार गरे र विद्या ( आध्यात्मिक विद्या ) ले ( मानसिक शक्ति अत्यन्त बढे र उन्नति गरेर ) अमृत ( मुक्ति ) पाउँदछ। तेसै प्रकारले ऋग्वेदको उपसंहार अन्तिम सूक्त तीन मन्त्रले संपूर्ण मानव समाजलाई, ए मनुष्य हो ? परस्पर विचारको आदान प्रदान गर्दै संगठन कायम गरो जसरी तिमीहरूको सह अस्तित्व रहन्छ, त्यसरी समानताको व्यवहार गर, इत्यादि भनेको छ।

द्वितीय विश्व युद्ध पछि पृथिवी भरका राष्ट्रहरूको प्रतिनिधि राष्ट्रसंघ खडा गरेर तेसै द्वारा सह अस्तित्व समानता, मानवाधिकार आदि विश्वमानव परिवार-वादी जाति विचार प्रकट गर्दै छन्, ती सबैको मूलस्रोत बीजरूपमा ती २ वेदका उक्त उपसंहारको र वेदमा जहाँ तहाँ छरिएर रहेका विचार पक्षको व्याख्या मात्र हो भन्न सकिन्छ।

भौतिक उन्नतिमा पूर्ण नभै विश्वमानवपरिवारवाद मात्र होइन, 'ईशा वास्यमिदं सर्वं' भन्ने सर्बात्मवाद समेत आउन सक्तैन ।

वेद मन्त्रहरूको पद क्रम घन जटा आदि प्रकारहरू समेत पढने परिपाटी हुनाले र अरू कारणले पनि वेद मन्त्रहरू उस वेलादेखि आहिले सम्म जस्ताका तस्तै सुरक्षित छन् ।

तर पुराण र स्मृतिहरू सरल लौकिक संस्कृतमा लेखिएका र तिनकै आधारबाट हाम्रो संपूर्ण व्यवहार चली आएकोले परिवर्तित समयमा सामाजिक आर्थिक र राजनैतिक आदिको दबाव परेका अनेक अवस्था आइ पर्दा, नया व्यवस्था चलाउनु स्मृति र पुराणहरूमा केहि अंशको प्रक्षेप परिवर्तन र परिवर्धन समेत भएछन् भन्ने कुरा कार्तिक माहात्म्यका को जाग्रत र पंचकको जुवा आदि हानिकारक व्यवहारलाई पनि वैद्य मान्नु, सतीप्रथा बालविवाह विधान, शूद्र जातैका साथको नराम्रो व्यवहार र नवौं दशौं शताब्दीदेखि पछिका संप्रदायहरूको पनि पुराणमा र वृद्ध हारीत स्मृति आदिमा समेत उल्लेख देखिएकोले समेत स्पष्ट हुन्छ ।

तेसै हुनाले पुराण स्मृतिहरूले कर्तव्य र अकर्तव्यको निर्णय गर्दा सबै भन्दा ठूलो प्रमाण वेदैलाई मान्नू, धार्मिक व्यवहार पनि हानि गर्ने र निन्दा गर्नु पर्ने ठहराएमा त्यागदिनू भन्ने कुरा मनु० ( २।१२ ) र ( ४।७६ ) मा बताएको छ । सन्देह लागेमा वेद स्मृति इतिहास र पुराणहरूको समेत पूर्ण, ज्ञान भएका विद्वान्हरूको परिषद् द्वारा छलफल गरी कर्तव्य र अकर्तव्यको निर्णय गर्नु, समेत मनुले भनेको छ ।

तेसै हुनाले पुराना वेद स्मृति पुराण इतिहास र आधुनिक विषयका[१] पनि धुरन्धर प्रकाण्ड विद्वान् स्वामीज्यूले पुराणहरूको प्राचीनता र अति हमत्ता समेत देखाएर पुराणहरूमा केहि प्रक्षेप परिवर्तन र परिवर्धन पनि छन् भन्ने आशय समेत त्यहिं प्रकट गर्नु भएको छ । वहाँको व्यवहार पनि वेदानुकूल र आधुनिक युग सुहाउने देखिन्छ ।

१. तर सरिता पत्रिका ( सन् १९८२ फरवरीको (प्रथम पृष्ठ १०३) मा शीर्षक 'प्राचीन भारतमें शिल्प और शिल्पी' मा ले० सुरेन्द्र कुमार शर्माले संस्कृत वाक्य श्लोकहरू देखाएर आफ्ना कल्पना समेत जोडेर सिन्धु सभ्यता हडप्पा आदिका अति उन्नत अवस्थाका विशुद्ध वैदिक सभ्यता वा भारतीय सभ्यत.का उदाहरण छँदा छँदै त्वष्टाको ०३८।११।२३ कथा र अरू कथामा पनि कल्पित कुरा समेत जोडदै विकृत समेत गराउँदै लेखेकोमा सत्यता देखिदैन । त्वष्टाको कथा कुनै अवस्थाको घटना हुन सक्त छ । यस बारेमा जवाहरलाल नेहरू लिखित हिन्दुस्तानकी कहानी र दैनिक 'आज'ले पनि राम्रो गरी लेखेका छन् । यस ग्रन्थले पनि राम्रो जवाफ दिएका छन् ।

तेस्तो उन्नत अवस्थाका विमान आदि उद्योग कता गए त ? भन्ने शंकाको उत्तर ता अनेक परिस्थिति विवश नष्ट भ्रष्ट पनि हुन सक्तछन् ।

यस पुस्तकको अध्ययनले पाश्चात्यको र तदनुसारी विद्वान्को मात्र भनाइ-लाई ब्रह्मवाक्य मानी एकोहोरो भै सकेका पाठकहरूमा समेत हीन भावना हटी हामी पनि कसै भन्दा कम होइन रहेछौं भन्ने विचार उत्पन्न गर्दै प्राचीन उन्नत र उदार विशुद्ध वैदिक सभ्यतामा विश्वास आस्था जगाउने छ, भन्ने आशा गर्दछु ।

अन्तमा वेदमा केछ ? भन्ने पूर्व भाग प्रकाशित र यो उत्तर भाग समेत दुवै भाग सबै पठित नेपालीहरूले हेर्नु होला भन्ने सादर अनुरोध गर्दछु ।

**छविलाल पोखरेल**

प्राचार्य पूर्णचन्द्र ढुङ्गेल
न० व्या०, न० न्या०, वेदान्त, ज्योतिष, सांख्ययोग, पुराणेहितास, साहित्याचार्य
गोरक्षनाथ संस्कृत विद्यापीठ
गोरखपुर

दि० २५।६।१९८२

यद्यपि 'विज्ञान' शब्द परम पुरुषार्थ मोक्ष दिने सर्वोत्तम ज्ञानको पर्यायवाची-रूपमा पनि अनेक दर्शन शास्त्रहरूमा प्रयुक्त भएको छ ता पनि, आचार्य अमरसिंहको 'मोक्षे धीर्ज्ञानमन्यत्र विज्ञानं शिल्पशास्त्रयोः' ज्ञान विज्ञानको यस परिभाषा अनुसार प्राचीनकाल देखिनै भौतिक कला कौशलसम्बन्धी, लोक कल्याणकारी उत्तम ज्ञान पनि 'विज्ञान' शब्दले पुकारिएको पाइन्छ। अतः प्रसंग, प्रकरण, तथा विषयानुसार मोक्ष देखि भिन्न जीविका, ऐश्वर्य, तथा अभ्युदय प्राप्तिको परम साधनलाई विज्ञान भनिएको छ।

आदि काल देखिनै आर्य = हिन्दूहरूले जीविका उन्नायक पक्ष ज्ञान र विज्ञानमा ध्यान नदिएको होइनन्। भौतिक वा आध्यात्मिक उन्नति, अभ्युदय वा निश्रेयसः = मोक्ष प्राप्त गर्न ज्ञान विज्ञान मध्ये एकमा मात्र ध्यान दिएको भए, मानव जीवन एकाङ्गी हुने थियो। जसमा समाजका एक समुदायलाई सर्वत्र नीरसता प्रतीत हुने थियो। अतः सींग न पुच्छरको डार्विन सिद्धान्त विपरीत, आर्यसृष्टि विज्ञान सृष्टिकाल देखिनै उत्तिकै मात्रामा विज्ञानको पनि उन्नति भ रहेको थियो, भन्ने कुरा 'प्राचीन हिन्दू विज्ञानबाट पुष्ट हुन्छ। जीवनलाई सुखी बनाउँनु प्राचीन हिन्दू जनताले अनेक सूक्ष्मातिसूक्ष्म बुद्धिका परिचायक वैज्ञानिक यान, आसान, आवास, तथा आश्चर्यकारक अनेक दैनिक उपकरणहरू पनि बनाएका थिए। ती सामग्रीहरूको बारेमा आजका परम वैज्ञानिक भनाउँदाहरूले सपनामा पनि सोच्न सक्दैनन्। महाभारतदेखि पहिले आर्य = हिन्दू जगत्मा विज्ञानको चरम उन्नति भएको थियो।

यिनै वैज्ञानिकहरूको विचित्र यानहरूको माध्यमले प्राचीन आर्य = हिन्दूहरू नै पृथिवीका विभिन्न द्वीप तथा उपद्वीपहरूमा गएका हुन् भन्ने प्रमाण 'वेदमा के

छ ?' भन्ने ग्रन्थले सारै राम्रो गरी पुष्ट्याएको छ। जहाँ गयो वहीं बस्दै जाँदा मूल हिन्दूहरूसँग सम्पर्क टुट्न जाँदा आफुलाई अर्कै सम्झन थालेका मात्रै हुन्।

प्रकृतिको नियम यो छ कि जुन देशको वैज्ञानिक उन्नति चरम सीमामा पुग्छ; देश विलासिता र परस्पर कलहमा नष्ट हुन्छ। ऋग्वेदको दास राज्ञ युद्ध; रामायणको राम रावण युद्ध तथा महाभारतको कौरव पाण्डव युद्धहरूले, यिनै तथ्यहरूलाई प्रमाणित गर्दछन्। आर्य = हिन्दू जगत्मा भएका शक, हूण, यूनानी, यवन आदि आक्रामक जातिको आकर्षण पनि वैज्ञानिक समृद्धिकै कारण भएको हो। अरू कुनै कारण देखिंदैन।

अधुनिक जगत्मा जुनसुकै वैज्ञानिक आविष्कार प्राप्त भएका छन्। ती विज्ञानले आज पनि हिन्दूजगत्मा प्रचीन हिन्दू विज्ञानको समता प्राप्त गर्न सकेका छैनन्। वेद, आरण्यक, ब्राह्मण, उपनिषद्, दर्शन, धर्मशास्त्र, पुराण, इतिहास, सङ्गीत, यन्त्रसर्वस्व, अंशुबोधिनी आदि अनेक वैज्ञानिक ग्रन्थहरूमा अनेक प्रकारका वर्णन, उल्लेख जता ततै पाइन्छ।

विज्ञान संक्षेपतः दुई प्रकारका हुन्छन्। भूगोल (अपरिभाषिक) र खगोल। भूगोल पनि तीन प्रकारका छन्। जीव विज्ञान, वनस्पति विज्ञान तथा खनिज विज्ञान। खगोल विज्ञान पनि तीनै प्रकारका छन्। ग्रह विज्ञान, नक्षत्र विज्ञान तारा विज्ञान। यी भूगोल र खगोल दुवै मूल विज्ञानका विस्तृत तीन तीन अङ्गहरूका पनि अनेक भेद छन्। अतः विज्ञानले प्रतिवस्तु = प्रतिव्यक्तिहरूसँग सम्बन्ध राखेको हुनाले अनेक रूपता प्राप्त गरेको छ। पाश्चात्य नीतिका अनभिज्ञ-अर्ध शिक्षित र आफ्नै देशको इतिहास, नजान्नेहरूले विश्वगुरू आफ्ना पुर्खाहरूको हाँसो उडाउने वज्रस्वांठ कुचाले अंग्रेजहरूका पछि लाग्ने कतिपय हिन्दूहरूले पनि विज्ञानको उन्नति आधुनिक युगैमा भएको हो भन्छन्। तिनीहरूले निष्पक्ष भएर प्राचीन हिन्दू विज्ञानलाई जबसम्म हेर्दैनन् तब सम्म उनीहरू घोर अन्धकारैमा रहने छन्। यसमा सन्देह छैन।

यसै आत्मा परिचयको लागि अनेक वैदिक, लौकिक, पुराण, इतिहास आदिका प्रमाणै प्रमाणहरूले भरिएको व्याख्यानकलानिधि विद्यावारिधि डा० स्वामी प्रपन्नाचार्य, वेदान्ताचार्य–पी० एच० डी० द्वारा प्रणीत 'वेदमा के छ ?' ग्रन्थको उत्तर भाग 'प्राचीन हिन्दू विज्ञान' नामक ग्रन्थ समाजको लागि अत्यन्त उपयोगी छ। मेरो विचारमा आज सम्म नेपाली साहित्यमा लेखिएका आर्य = हिन्दू जगत्का परिचायक ग्रन्थहरूमा यो ग्रन्थ सर्वोत्तम छ।

# भूमिका

## क्यै भन्नु पर्ने कुरा

आधुनिक मान्छेको दिमाग या बुद्धिको पहिलो उपज 'विकासवाद' हो। यसको पहिलो बोली बोल्ने पाश्चात्य एक्जीमेनिण्डर हो। यो पाश्चात्य दार्शनिकको पहिलो आचार्य 'थेलिज'को शिष्य थियो। यसको विकासवादलाई फूलाई फलाई पारेर दुनियाको सामुमा टक्रक्क पारेर उभ्याइदिने चाँहि डार्विनको काम थियो। तर एक्जीमेनिण्डरको आवाज कसैंले सुन्न सकेनन्। सुने पनि स्वर मिलाउँन सकेनन्। बिस्तारै त्यो विकासवादको आगो सल्कियो। डार्विनले झुलो चकमकबाट आगो पारे जस्तो गरेर संसारको सामुमा एक स्वरले आवाज दिंदा समस्त एशिया थर्कियो। अर्को होक्काँमा यूरोप पनि थर्कमान भए। अनि एउटा ढाडेको स्वरमा सबै सियाल कराउँन थाले।[1] त्यो पनि क्यै फरक नपारीकन स्वर मिलाए। अनि पृथिवीको उत्पत्ति भए पछि अमीवाबाट बाँदरको पुच्छर घिसिएर मान्छे बनेको सेतो ढाँटमा पुगे। तर त्यो ढँटाई धेरै चल्नु सकेन। किन भने साँचो साँचो हो र झूठो झूठै हो। त्यसो हुँदा पाश्चात्य विद्वान्हरूले नै धेरै खण्डन गरीदिए। विस्तारै भूगर्भ र पुरातत्त्वहरूबाट त झन सारो डार्विनको विकासवाद फेल भयो। अब त उसैको अन्ध भक्तहरूले मात्रै गीत गाउने गरेका छन्। नीरक्षीरविवेकीहरूले त केलाइदिन्छन्। कतैं खेलाइदिन्छन्। कतै सेलाइदिन्छन्।

यता १८ र १९ शताब्दीको भित्र धेरै खोजाई, केलाई भयो। मुख्यरूपले 'जावा'को 'त्रिनिल' भन्ने स्थानमा १८९ ई० मा खोजाई भयो। जर्मनको 'हडिलबर्ग' भन्ने ठाउँमा पनि १९०७ ई० मा गोडी नेली खोजी भयो। इङ्गलेण्डमा ससेक्सको 'पिल्ट डाउन' नाम गरेको ठाउँमा राम्ररी ( १९२२ ई० ) खोजीको धुलो काडियो। फेरि पनि जर्मनको नीनडरथाल नामक घाटीमा ( १८५७ ई० ) खोजी गर्नेहरूलाई धेरै कुराको पता लाग्यो। त्यसै प्रकारले १९६८ ई० मा

---

१. अमेरिका, अफ्रिका, आस्ट्रेलिया, एशिया, यूरोप, महाद्वीपहरूमा फैलिए। एशियामा पनि भारत, नेपाल, चीन, जापान, लङ्का, वर्मा, श्याम अनि विश्वको प्रधान देश इङ्गलैण्ड, अमेरिका, रूस, केनाडा, इटली, फ्रांस युगोस्लाविया, जर्मन, स्वीजर्लेण्ड, आदि खहरे जस्तै उर्लिएर छल्किए। तर त्यसको नराम्रो असर भारत र नेपालमा परेको देखिन्छ।

फ्रांसको 'औरिगनेग' र 'क्रो-मेगनान' भन्ने ठाउँहरूमा पनि राम्ररी रिसर्च खोजी भयो । १९०९ ई० मा चीनी वैज्ञानिकहरूले पेकिङ्गमा खोज गरे । यी विज्ञान-वेत्ताहरूले माथि गनाइएको ठाउँहरूमा मान्छेको हड्डी पाए । यसै मक्किएको हाडहरूको आधारमा मानवको क्रमिक विकास लेखे । यसै आधारमा विकासको विभिन्न दशाहरूको नाम पनि राखेका छन् । जस्तै जावा, हीडलबर्ग, पिल्ट डाउन, नीनडरथाल, ओल्गिनेशियन, क्रो-मेगनान आदि छन् । यी मध्ये मेगनानमा पाइने हाड ६ फुट लामो छ भनेका छन् । १० हजार देखि ५० हजार वर्ष सम्म पुराना मानेका छन् । यस प्रकारले प्राणीहरूको जन्मदेखि लिएर मान्छेको विकास यसरी मानेका छन् ।

| जीवन-स्थिति | संस्कृति | काल-निर्माण |
|---|---|---|
| माछा र रेंगिने जन्तु | × | १००,०००,००० ई० पू० |
| पक्षी | × | ६००,०००,०० ई० पू० |
| बाँदर र ढेंडु | × | ४००,०००,०० ई० पू० |
| अर्धमानव | तुषार-युग | ५०,०c० ई० पू० |
| नीनडरथाल | पूर्व पाषाण-युग | ५०,००० ई० पू० |
| क्रो-मेगनान | उत्तर पाषाण-युग | २५,००० ई० पू० |
| सेपियन (पूर्ण मानव) | नव पाषाण-युग | १२,००० ई० पू० |
| होम | ताम्र-युग | ६००० उ० पू० |
| मान्छे | काँसेको-युग | ३००० ई० पू० |
| आधुनिक | फलामको-युग | १५०० ई० पू० |

यसरी जम्मा मिलाएर ईसा भन्दा १२००० वर्ष पूर्व मात्रै पूर्ण मानव बनेको इतिहास यिनीहरूले बताए । अनि ताँबाको युग ६००० ई० पूर्व र काँसेको युग ३००० ई० पू० फलामको युग टाकटुक टकटक्याउँदा जम्मा १५०० ई० पू० मात्रै ठहरियों । यी खोज सही छैनन् ।

डा० पी० वी० वर्तकाले[1] १२ साल सम्म निरन्तर शोध खोज गरेर पता लगाए । अनि आफ्नो अनुसन्धानको रिपोट लेख्नु भों कि महाभारतको युद्ध ई० पू० ५५६१।१६ अक्टूबरकों दिन सुरू भएको थियो । रामको जन्म ई० पू० ७३२३ मङ्गलवारको ४ दिसम्बर दिन भएको हो । ईसा भन्दा ७३०६ वर्ष पूर्व गुरुवार २९ नवम्बरको दिन १४ वर्षको बनवासको लागि रनामा भएका भिए । त्यसको ६ दिन पछि बुधवार ५ दिसम्वरकों दिन महाराज दशरथले पुत्र शोकमा

१. तर डाक्टर साहबको काल निर्णय सारै थोरै देखिन्छ । त्यसो हुँदा ( वेदमा के छ १ पृ० नं० १ देखि १५ सम्ममा यसको उत्तर हेर्नु होस् ।

प्राण त्यागे। रामको घोर शत्रु रावणको मृत्यु ईसा भन्दा ७२९२ वर्ष पूर्व आइतवार १५ नवम्बरको दिन भएको हो। त्यसको २० दिन पछि आइतवार ५ दिसम्बरको दिन भारद्वाज आश्रममा पुगे। त्यसको पछिल्लो दिन अयोध्या फर्के। ( नवभारत टा० १५ सि० १९८१ ) यसको तात्पर्य यो छ कि ईसा भन्दा १२ हजार वर्ष पूर्व सम्ममा त पुष्पक, सूत, सौभ, भ्राजिष्णु जस्ता हवाई जहाजहरू उडदैथिए। त्यसो हुँदा पूर्ण वैज्ञानिक युग ठहरिन्छ। अनि विकासवादीहरूको पुच्छर राहुलको ताम्रयुग, कासेकोयुगः फलमको युगले के माने राख्छ ? अर्थात् ६०००, पू० ३०००, ई० पूर्व र १५००, ई० पू० यी युग भन्दा कैयौं हजार वर्ष पूर्व नै रामायणकाल ठहरियो अनि यी भन्दा पनि लाखौं वर्ष पूर्व वैदिककाल हो। त्यसो हुँदा राहुल र राहुलको गुरुले नहुँदो कल्पना गरेर जनतालाई भ्रममा पारेको पक्कै नै हो। न भए भांगको नशामा फत्फताएको हुनु पर्छ। ऋग्वैदिक आर्य र वोल्गासे गङ्गा आदि ग्रन्थहरूले यसै गरी भुसुक्कै भ्रमित पारेका छन्। यसको उत्तरमा अरू 'वेदमा के छ ? पृ० नं० ९ देखि १५ सम्म घोरिएर हेर्नुहोस्। अझ मिश्र देशको इतिहासले के बुझाउँछ ? ईसा भन्दा ५५०० वर्ष पूर्व सम्मको त उनीहरूको लिखित इतिहास छँदै छ। मेघस्थनीजले मिश्रदेशको राजदरबारको पुस्तकालयबाट उद्धृत गरेको वंशावलीमा १५४ राजाहरूको गणना छ। उनीहरूको राज्यकाल ६,४५१ वर्ष ३ महीना लेखिएको छ। चन्द्रगुप्तको शासनकाल २,२५० वर्ष भइसक्यो। ८,७०१ वर्षको त गुप्तवंशको राज्यविवरण प्राप्त छँदै छ, जो कि मिश्रदेशको इतिहास भन्दा कयौं हजार वर्ष पुरानो सिद्ध छ। ( हमारी संस्कृति पृ० नं० ५ ) हेर्नुहोस्। चीनमा ईसा भन्दा ६००० वर्ष पूर्व नै विकसित मानव रहन्थे ( चीन जापानको आ० इतिहास पृ० नं० ११ ले० श्रीमती आर. दयालचन्द्र एम० ए० ) यसले पनि उसै इतिहासलाई दोह्र्याउँछ। पश्चिमी एशियामा ईसा भन्दा ४००० वर्ष पूर्व नै रामको पूजा हुन्थ्यो। त्यो मूर्ति ईराकको एक मन्दिरको खनाई गर्दा पाइएको हो। यस मूर्तिलाई अब लन्दनको ब्रिटिश म्यूजियममा राखिएको छ ( न० भा० टा० १९ अ० १९८० ) नेपालको प्राचीन इतिहासको हस्तलेखले पनि ७२१३।८ अर्थात् सात हजार दुइ सौ तेरह वर्ष आठ महीनाको इतिहास प्रस्ट्याएको देखिन्छ। वेदमा के छ ? परिशिष्ट भाग पृ० नं० २३९ र पृ० नं० २२१ मा दृष्टिपात गर्नुहोस्। काश्मीरमा (दविस्तान) नामक जो लेख मिल्यो, त्यो सिकन्दरको समयको हो। सिकन्दरको समय ५६०० वर्ष प्राचीन मानिएको छ। ( हमारी संस्कृति पृ० नं० ५ ले० सुदर्शन सिंह ) यी प्रमाणहरूले के भन्छन् ? यो कसरी हुनसक्छ ? यो विकासवादीको अज्ञान हो। या कुनैले क्यै जाने पनि बुझ पचाएको मात्रै हो। यहाँ हामीले धेरै विवेचना

नगरी नीरक्षीर विवेकी पाठक वाचक वृन्दमाथि छोडिदिएका छौं। त्यसो हुँदा विकासवादको काल विभाजन र युग विभाग सर्वथा भ्रम पूर्ण छ। गलत छ। तर हामीले लाटे मेसो र मूढे बलले भनेको हैन, प्रमाण प्रस्तुत छ। सामुमा छ। त्यसो हुँदा आधुनिक विज्ञानले हामीलाई जुनमा पुर्‍याइदिए भन्ने भ्रमलाई छोडेर प्राचीन हिन्दू विज्ञानको खोज गर्नू राम्रो होला। जे० केप्लरले सन् १६१० मा पता लगाएको मङ्गल ग्रहादिमा बस्ने प्राणिहरूको सभ्यता पनि कम आश्चर्यको ( हि० टा० २३ सि० १९७५ ) कुरा छैन।

यस प्रकारले एशिया, अमेरिका, आस्ट्रेलिया, अफ्रिका, यूरोप महाद्वीपमा जन्मने मानिसको बुद्धिमा एक फेर पर्दा पारि दिए। नहुँदो कल्पना मात्रै हो। ईसा भन्दा १०,००० वर्ष पूर्व प्लफीण्डरज पेट्रीक'ले मिश्रको इतिहासलाई बताएको छ। त्यो भन्दा धेरै पूर्व भारत खण्डको उद्भव भइसकेको थियो। मिश्रदेशको पिरामीड ईसा भन्दा ५००० वर्ष पूर्व बनिसकेका थिए। चीनको प्राचीन इतिहास पनि १० हजार वर्षकै छ। मेसोपोटामिया ( ईराक ) सुमिरिया, बेबीलोनिया, असीरिया, यूनान, ग्रीक, रोम, आदि प्राचीन देशहरूका सभ्यता बुझ्दै जाँदा/८ हजार/९ हजार/१० हजार सम्म पुरानो इतिहासको साक्षी अनुसन्धान गर्नेहरूले पाइराखेका छन्। सिन्धुघाटी, मोहन जोदडो, हडप्पाको सभ्यता त अझ पुरानो सिद्ध छ। यस प्रकारले राम्ररी गोडेर हेर्दा, खिपिएर विचारदा, आर्यावर्तको हिन्दू सभ्यताको उद्भव लाखौं देखि करोड सम्म पुग्छ। सगरमाथाबाट झरेर फैलिएको इतिहास त त्यति पुरानो ठहर्छ भने, सगरमाथा र त्यसको छिमेकी ठाउँको इतिहास कति पुरानो होला ? अर्थात् विश्वमा सबै भन्दा पुरानो सभ्यताको इतिहास सगरमाथाको छ। यसको पुरातत्त्वको इतिहास हिमालय सगरमाथा हो र त्यसको छेऊ, सेप, चेपहरूमा भएको अनेक पदार्थहरू छन्। तर अझ खोजको आवश्यकता छ।

तर आधुनिक विज्ञानको युगमा फूलेको इतिहासेहरूले जो इतिहास लेखे, त्यो एकदम एकोहोरो पाराको बुझिन्छ। किन भने आधुनिक विज्ञान मात्रै विज्ञान हो भन्छन्। त्यस्तै आधुनिक कालमा लेखिएको इतिहासमात्र इतिहास हो पनि भन्छन्। तर जरो पैल्याउँदा एकहोरिएर लाटे मेसो लिने ठाउँ परेको देखिदैन। आधुनिक वैज्ञानिक इतिहासको युगै पो के छ र ? १५ शताब्दीमा इटलीको कलाकार 'ले ओ नार्डो' ले कैयौं प्रकारले पङ्खा चलाऊँने योजना बनाएको थियो। यी बुद्धिमान् हुनाले चित्रकार मूर्तिकार, आदि आविष्कारको रूपमा प्रसिद्ध भए। यी हवाई जहाजको प्याराशूट र हवाई छाताको आविष्कारक पनि थिए। यसले विस्तारै कुइनो र पाखा फेर्दै गयो र .सन् १४४८ मा 'इष्टिङ्गफेलो' ले एक वाष्पीय

इञ्जीन बनायो । सन् १८४२ मा फेरि कुइना साटेर 'बिलियन हेनसन' ले एक 'एरियल' इञ्जिनको आविष्कार गऱ्यो । १८५५ मा फेरि 'ब्रोस' नाम गरेको कलाकारले 'ग्लाइडर' नाम गरेको इञ्जिन बनायो । १८९० मा जर्मन देशवासी 'ओटोति लिएण्टल'ले हवाई जहाजलाई क्यै तयार पारे । त्यस्तै फ्रांसको पनि हात छ । सन् १९०३ मा रूस निवासी 'सीकोरस्की' नामक कलाकारलें 'एरोवस' बनायो । यै पछि आधुनिक हेलिकेप्टरको आविष्कारक पनि सिद्ध भएको छ । यस प्रकारले आज विश्वमा हवाई जहाज र हेलिकप्टर आदिले आकाशको वाटो यात्रा गरिन्छ । भुईंमा पनि १८२५ मा 'जेम्सबाट' को चकचके दिमागले एउटा इञ्जिन तैयार पाऱ्यो । त्यो पनि चिया पकाउँदा । तर त्यो कुरा 'जेम्सवाट' को जीवनमा सफल हुन सकेन । अनि पछि 'जार्जस्टीफेन्सन' लाई रेलको इञ्जिन बनाउँने यश मिल्यो । त्यो इञ्जिनलाई भारतमा पहिलो पटक लार्ड फाकलेण्डले चलायो । अब फाकलेण्ड इञ्जिनको विस्तारै नेपालको बीरगञ्ज र अमलेसगञ्ज अनि जयनगर सम्म पनि चल्न थाल्यो । यता 'टेलीविजन' को आविष्कार १९२६ मा 'जानवेयर्ड-ले गऱ्यो । त्यो भन्दा पहिले ( निपका लीबर ) असफल भइसकेको थियो । उता अन्तरिक्ष यात्राको लागि रूसले १९५७ मा 'स्यूनिक' नामक राकेट छोडेर विश्वको मान्छेलाई आश्चर्यमा पारे । पछि अमेरिकाले पनि १९६१ मा 'एडवाचन' र 'एक्सप्लोरर' नाम गरेका राकेट ( उपग्रह ) लाई छोडे ।

यसै रूपमा मिश्र ( इजिप्ट ) मा कागजको आविर्भाव गरे । कतिपय विद्वान्-हरूको खोजाई अनुसार मिश्र भन्दा पनि पूर्व कागजको आविष्कार चीनमा भएको हो भन्छन् । तर राम्ररी शोधखोज गर्दा चीन भन्दा पूर्वको सभ्यता मिश्रको हो । यो अवश्य हो कि अकबरको समयमा चीनबाट भारतमा कागज आएको हो । यसै रीतिले ११५० ई० मा कागज बनाउँने कारखाना खुलेको इतिहास छ । 'पेन्सर भेडिया' को 'निकोलस एलन' ले सर्वप्रथम पत्थर कोइलाको पता लगायो । सन् ९९८ मा 'लिसवेष्ट नामी पादरीले क्यै विचित्र ढंगको घडी बनाएको थियो । फेरि १२०० मा हालेण्ड' निवासी (ह्यजेम्स) ले आज भोली प्रचलित घडीलाई बनाएर विश्वको सामुमा राखिदिए । आजको युगमा चल्ने पानी जहाजको आविष्कार सन् १७३६ मा बेलायत निवासी ( ओनाथन होल्सले ) ले गरेको हो । सन् १००१ मा चीन निवासी ( फुंगतेज ) नामक व्यक्तिले दाउराको छापाखानाको आविष्कार गऱ्यो । यता जर्मनमा पनि प्रयत्न भइरह्यो, र ( मेञ्ज ) नामी शहरमा ( गठिनवर्ग ) नामक व्यक्तिले १४४५ मा धातुको टाइप बनाएर आधुनिक छापाखाना तैयार भयो । वेलायत निवासी ( सर फेसिस रोनाल्ड ) ले सन् १८३६ मा तार तथा खबरको आविष्कार गऱ्यो ! तर सारै सफल नभएर फेरि १८३८ मा लन्दन

शहरमा ( कुकर र लदस्टन ) नाउँ गरेका दुई व्यक्तिले तैयार पारे । १८४४ मा अमेरिका निवासी ( मोस ) नाम गरेको मान्छेले टेलीफोनको आविष्कार गरे । इटली वासी मार्कोनीले सन् १९०३ मा वार्लिसको आविष्कार गऱ्यो । त्यस पछि एउटा अमेरिकनले १९१६ मा सङ्गीत र समाचार सुन्नको लागि रेडियोको आविष्कार गरे । यस रीतिले अनेकौं आधुनिक विज्ञानको चमत्कार देखेर बाँदरको पुच्छर घिसिए पछि हामीलाई विज्ञानले आज यस युगमा पुऱ्यायो भन्छन् । म पनि विश्वविद्यालयहरूमा पढन जाँदा यस्तै सोच्थें । त्यसमा पनि विशेष गरेर नेपालको बारेमा धेरै घोरिन्थें ।

वस्तुतः विज्ञान १२ शताव्दी या १५ शताब्दीको देन हैन, अपितु पृथिवी सम्वत्को देन हो । त्यस्तै प्रकारले विज्ञान पनि सगरमाथबाटै ओर्लेको हो र यहींबाट अन्यत्र फिजिएको हो । नभए भारतखण्ड जम्बुद्वीप हिमवत्खण्ड आदिमा लाखौं वर्ष पुरानो अवशेष नमिल्नु पर्ने हो । अझ विशेष रीतिले खोज्नु शेषै छ । यसै रीतिले ईसा भन्दा यतै मात्रै विज्ञानको आविष्कार भएको हो भनौं भने ईसा भन्दा लाखौं वर्ष पूर्वको हिन्दू वाङ्मयमा विज्ञानको उल्लेख किन हुन्थ्यो र ? त्यो विज्ञान अझ पूर्णरूपले विकसित भएको इतिहास हामी आर्यसाहित्यमा पाउँछौं । हिन्दूसाहित्यमा उल्लेख भएको विज्ञानले यो बताउँछ कि विज्ञान ईसा देखि यता भएको हैन । किन्तु ईशा भन्दा कता हो कता पूर्व भइसकेको थियो । नभए हिमाचलको वैद्यनाथ मन्दिर, जगन्नाथको मन्दिर, वृन्दावनको गोविन्द मन्दिर, चम्बाको हरिराय मन्दिर, हरूको ध्वंसावशेष र चियान, मानि, गुम्बा, किला, राजभवन, पैह्लो गएको आदि ठाउँहरूमा पाइने ध्वंसावशेष, पूर्ण वैज्ञानिक तरिकाले बनेको नपाइनु पर्ने हो । यै त आश्चर्यको कुरा छ । उसै प्रकारले मिश्रको पिरामिड, चीन[1] देशको पर्खाल, मेसोपोटामियाको मन्दिरहरूको अवशेष, दजला नदी र नील नदीको घाटीहरूमा पाइएका पुरातत्त्वले पनि विज्ञानको जन्म लाखौं वर्ष पूर्व भएको सिद्ध भइसकेको छ । यता महाराज अमरूदको

१. चीनको पर्खाल २२५० मील लामो १५ देखि २० फुट सम्म अग्लो र १० देखि १५ फुटसम्म चाक्लो छ । यस पर्खालको माथि २० हजार गुम्मज ( चचुरा ) छन् । अनि प्रत्येक गुम्मजमा १०० सीपाही, पाले रहन सक्छन् । यो बनेको पुरा २००० वर्ष भइसक्यो । फेरि पनि लगभग सवा दुई हजार मील त आज पनि छँदै छ । यो सम्राट वाँगचेंग (शी हुवांग टो) ले बनाएको हो । मानवले बनाएको वस्तुहरूमा यस्तो आश्चर्यजनक अरू कुनै वस्तु छैनन् ( वि० स० सं० आ० पृ० नं० १०७ ) द्रष्टव्य छ । विकासवादीहरूको हिसावले त पूर्ण मानव बनेको १५०० ई० पू० मात्रै हो ।

सात आश्चर्यलाई पनि विज्ञानको घेरा बाहिर पार्न सकिन्न। यस प्रकारले अनेकौं उदाहरण र प्रमाण पाश्चात्यहरूको पनि दिन सकिन्छ। यता हिन्दूविज्ञानमा त अथाह विज्ञानको जेथा भरिएको छ। हिन्दू विज्ञानमा ईसा भन्दा पूर्वमा भएको विज्ञानको छोटकरीमा निफनाई निफनिएको छ। त्यो पनि नयाँ नाङ्लोमा हालेर नयाँ आँखाले हेरेर। विचरा कोइरालाका बचेरा, माऊ नभएका बचेरा जस्ता भएर आधुनिक जुनमा फूलेका जुनसुकैसँग पनि होस्। उनीहरूले घोरिनु पर्छ। त्यसो हुँदा घडी, चमचा, जहाज-विमान, तीनतले, सातत‌ले विमान, विजुलीले चल्ने विमान सुनको पण्डूवो, सूर्यको किरणले चल्ने विमान, त्रिपुर विमान, वैदिककार, मेघ जस्तो, गर्जने रथ, पुष्पक, सूत, सौभ, भ्राजिष्णु, आदि वातानुकूल विमान, परमाणु, पृथिवीको आकर्षण शक्ति, चीरफाड, स्यूँने, जोडने, जिउँदो पार्ने, मनको प्रवेश, कायाकल्प, सूर्यकिरणबाट ओखती, वास्तुविज्ञान, फलामको नगर किला, पानी-जहाज, पाँचै दिनमा १०० योजनको पुल तैयार, बालको सहे हिस्सा, वाणविज्ञान, सात रातमा संसार भरिको फोटो, सेनीमा, वार्लिस, समाचारको साधन, हत्यार, दूर्वीन, थर्मामिटर, आटोमेटिक, चुम्बक, पङ्खा, रेल, मणि, विमानको लक्षण र गति ई० पू० का वैज्ञानिक र उनीका ग्रन्थ, ग्रामोफोन, आधुनिक विमान, घडी, रेडियो, टेलीविजन, अन्तरिक्ष आदि विषयहरूमा सारै संक्षेप गरेर लाटेमेसो नलीकन सबैलाई अर्थात् माथिदेखि तल सम्मकालाई मुलबाटो नभए गोरेटो सुर्क्याइएको छ। बिजोके बचेरा नभएर भविष्यमा फराकीलो मूलबाटो यस विषयमा बन्ला भन्ने सुकसुकीमा बिलाएको छ। आधुनिक विज्ञान पिर्कुने पाकाहरू भन्दा माथि उछिरिटएको कुनै हालतमा पनि हुन सक्दैन। ए ? त्यसो भए गरेर देखाउन त ? भनी, आफैं तिहुन पकाउँन नजान्ने स्वास्नीलाई मीठो बना भनी, हप्काई, दप्काई, गर्नेहरूको उत्तर निस्तैमा छ। तैंले नै पकाएर खा न भन्दा पह्याँलो अनुहार पारेर बस्तु पर्छ। अनि दैनिक आफ्नो आवश्यकतामा त्यत्रो औवि हेपिएको मान्छेले, गरेर देखा न, भन्ने धक्कु लाउँनु त बुद्धिलाई तिलाञ्जलि दिनु मात्रै हो। रह्यो पुराण साहित्यलाई ईसा भन्दा धेरै पछिको हो भन्ने झाले माले-हरूको होक्काँ, त्यस्मा पनि विवेकी सज्जन वृन्दले हेरी हाल्नुहोस्।

संसारमा जस्ता मान्छे हुन्छन्, उस्तै टाउका पनि हुन्छन्। अनि उस्तै गिदी पनि हुन्छ। अनि त्यसै परमात्माले बनाएको गिदी बस्ने ठाउँमा लिदी पनि भरिएको हुन्छ। अनि लिदी भरिएको दिमागको फेला परे भने सत्य र असत्यको ज्ञान हुन गारो छ। फेरि कतै एक पाखे पढाई गरेको छ भने झन् सारो आप्ट्यारो पर्न जान्छ। अनि एक पाटे मुडिए पनि उसलाई थाहा हुँदैन। आफ्नो लाटे-मेसो पक्रा राखेको हुन्छ। एउटा कुरा मलाई याद आयो—

एक ठाउँमा दुई जना मान्छे भेला भएछन् । ती दुईमा एउटा मूर्ख थियो । अर्को महामूर्ख थियो । महामूर्खले सोध्यो । भाई ? बाख्राको कति खुट्टा हुन्छन् ? महामूर्खले भन्यो । बाख्राका तीन खुट्टा हुन्छन् । अब दुवैको शास्त्रार्थहुन थाल्यो । उल्ले भन्छ चार खुट्टा उल्ले भन्छ तीन खुट्टे । फेरि दुई देखि बाहेक अरू कोई छैनन् । निर्णय गर्ने को ? यस्तो बकवादमा साँझ पर्‍यो । अब दुवै हारेका थिएनन् । ऐले सम्म दुवैले फिप्टी फिप्टी पाएका थिए । दुवैले सलाहा गरे । आज यतिकै भई हाल्यो । भोली गाउँका ठूला ठालुहरूलाई राखेर निर्णय गरौंला । कसको कुरा सही रहे छ । कसले जित्ने रहे छ, त्यो हेरौंला । भनेर छुट्टिए । धेरै साँझ भइसकेको थियो । घरमा पुग्दा तीन खुट्टा भन्ने महामूर्खको स्वास्नीले सोधी । हैन यति अबेर किन गर्नुभो ? उसले उत्तर दियो आज एउटा मूर्खलाई हराएर आएँ । जहानले सोधी कसरी ? उसले उत्तर दियो । त्यों मूर्खले बाख्राको कति खुट्टा हुन्छन् भनेर सोधेको थियो । त्यसलाई आच्छु पारेर खमारमा मेहे गाडेर दाई गरे जस्तै पारेर हराएँ । जाहान बुद्धिमती थी । उसले सोधी, के उत्तर दिनु भो त ? उसले भन्यो बाख्राको तीनै खुट्टा हुन्छ । जाहानले भनी, ए त्यसो भए त भोली तपाईंले अवश्य पनि हार्नु हुने रहे छ । किन भने बाख्राको त चारै खुट्टा हुन्छन् अब उसलाई स्वास्नीमाथि झोंक चल्यो । अनि भन्न थाल्यो धत्तेरिका तँ कस्तो मूर्ख रहेछस् ? मैले माने पो चार खुट्टा हुन्छ । मैले नमाने पछि कस्को के लाग्छ ?

यो कहानी, कथा, हैन । यस्ता मान्छेहरूका कमी छैनन् । त्यो पनि विशेष गरेर आजको युगमा । गुरुकुल कांगडी विश्वविद्यालयको विज्ञान कक्षमा विज्ञानको भाषण भइराखेको थियो । विषय थियो, 'प्राचीन र आधुनिक विज्ञानको तुलनात्मक अध्ययन' । विज्ञानमा बोल्ने वैज्ञानिक वक्ताहरू मध्ये कुनै आक्फोर्ड, कुनै बोन, कुनै मास्को कुनै फ्रांसका थिए । भारतीय वैज्ञानिक पनि उनाहरूकै दाँजामा थिए । यी सबै वैज्ञानिक वक्ताहरू मध्ये दुई जना मात्रै पाश्चात्य र पौरस्त्य विज्ञानका अधिकारी विद्वान् थिए । भाषण हुँदा अरू सबै एकतिर । यी दुवै एकतिर भए । तर जता धेरै छन् त्यो पक्ष सही हुन्छ भन्नु गलत हो । विज्ञानको माथि बेजोड तर्क वितर्क चल्दै थियो । यो पनि मेरो जीवनको अलौकिक घटना थियो । दुवै बेग्लिए ता पनि अरूहरूका भन्दा गहकिला तर्क र प्रमाणबाट प्राचीन कालिक विज्ञानको अस्तित्वमा बोल्दै थिए । तर अरू केवल एक पक्षी मात्रै भएर बोल्दै थिए । तर्क र प्रमाण पनि खास क्यै थिएन । ती दुवैले आधुनिक र प्राचीन विज्ञानको कलेजा केलाएर राखेको मैले सुनें ।

ती तर्कहरू मध्ये त्यै 'तीन खुट्टा' जस्तै भएर बोल्नेहरूले पुराणहरूको आधुनिकतालाई सिद्ध गर्दै थिए । त्यहींबाट मलाई पनि पुराणहरू माथि चासो

लागेको हो । फेरि पछि त जम्मू काश्मीरको विश्वविद्यालयमा संस्कृतमा वैदिक विज्ञान विषयमा भाषण दिएँ । पुराण साहित्य आधुनिक कुनै हालतमा हुन सक्दैन । तर नबुझ्नेहरूले नबुझे पनि आधुनिक भनेर बकबकाउँनु मनासीप हैन । आउनुहोस् पुराण कति पुरानो रहे छ, हेर्नु होस् । काँहा काँहा त्यसको उल्लेख भएको छ । पुराणको इतिहास कति पुरानो रहे छ । कति दरीलो रहे छ । गमिएर घोरिएर हेर्नुहोस् ।

'पुराणमितिवृत्तमाख्यायिकौदाहरणम्' ( कौ० अ० ५ गद्य १३-१४ ) अङ्गानि वेदाश्चत्वार.........धर्मशास्त्रपुराणानि' (शु० नी० १। १५४) 'प्रमाणेन खलु ब्राह्मणेनेतिहासपुराणस्य प्रामाण्यम्' ( न्या० द० वा० भा० ४।१।६२ ) 'वाको वाक्यमितिहासपुराणं वैद्यकम्' ( पा० भा० प० १।१।१ ) यी अत्यन्त प्राचीन ग्रन्थहरूमा गौरवका साथमा पुराण उल्लेख भएको पाउँछौं । अनि महाभारत आदि पर्वमा 'अष्टादश पुराणानि कृत्वा सत्यवती सुतः' ( म० भा० आ० प० अनुक्र० ) प्रष्ट्र वायुपुराणमा पनि 'अष्टादश पुराणानि भारताख्यानमखिलञ्चक्रे तदुपवृंहितम्' ( वा० पु० ५६।६९ ) मनोहर रूपमा इतिहास उब्भ्याइदिएको देखिन्छ । यसै रूपमा 'एतच्छ्रुत्वा.........यत्पुरावृत्तपुराणेषु मया श्रुतम्' ( वा० रा० ९।१ ) उल्लेख भएको छ । व्यास स्मृतिमा पनि मीमांसते च .......'इतिहास पुराणानि' ( व्या० स्मृ० ४।४५ ) व्यासले भन्नु भो । 'गौतमले अझ पुरानो स्वरमा 'तस्य व्यवहार...... अङ्गान्युपवेदाः पुराणम्' ( गौ० स्मृ० ११।१ ) अरू प्राचीनताको प्रमाण प्रस्तुत गरेको पाइन्छ । उशना स्मृतिमा त्यो भन्दा पनि 'वेदं धर्म पुराणञ्च' ( उशना स्मृ० ६।४) पुरानो उल्लेख गरेको देखिन्छ । मनुस्मृति त आदि मानव सम्विधान हो । त्यसमा 'स्वाध्यायं पुराणान्यखिलानि च' ( म० स्मृ० ७।२३२ ) अति नै प्राचीनताको प्रमाण पाउँछौं । यम स्मृतिमा 'वेदार्थपुराणानि' ( य० स्मृ० १।१०१ ) पुराणलाई वेदार्थलाई प्रष्ट गराउँने साधन भनेर बताएको छ । यस प्रकारले स्मृतिहरूमा उल्लेखित पुराणहरूको प्राचीनतामा क्यै सन्देह गर्ने आवश्यकता देखिदैन ।

यी स्मृतिहरू भन्दा पनि कतिपयले कल्पसूत्रहरूलाई धेरै प्राचीन मानेको छन् । ती सूत्रग्रन्थहरूमा पनि पुराणको उल्लेख पाइन्छ । जस्तै आश्वलायन गृह सूत्रमा 'इतिहासपुराणानि-अमृतस्य कुल्याः' ( आश्व० गृ० सू० ४।६ ) इतिहासको साथमा पुराणलाई पनि अमृतको कुलो भनेको छ । त्यतिखेर पुराणहरूको महत्त्व नभए यस्ता उल्लेख हुन्थे र । यस्तै रीतिले आपस्तम्भ धर्मसूत्रमा पनि पुराण र पुराणको प्रमाण उद्धृत गरेको पाउँछौं । जस्तै—अथ पुराणे श्लोकावुदाहरन्ति, ( आपस्त० ध० सू० २।२६।३५ ) स्पष्टरूपले पुराणको उदाहरण दिएको

छ। यति मात्रै हैन अपितु आपस्तम्भधर्म सूत्रको 'आभूतसम्प्लवांस्ते.......' भनेर 'इति भविष्यत्पुराणे' (आपस्त० ध० सू० २।२४।५-६) मा प्रष्टरूपमा भविष्यत्पुराणकै नाम उल्लेख भएको पाउँछौं भने पुराणहरूलाई 'ईशा' देखि यता बनेको मान्नेहरूको बुद्धिलाई स्वागत गर्न कुनै हालतमा पनि सकिंदैन। सबै भन्दा ठूलो आश्चर्यको कुरा यो छ कि पाश्चात्य विद्वान् बूलर आदिले सूत्र ग्रन्थ-हरूलाई पाणिनि भन्दा पनि पूर्वका मानेका छन्। पाणिनिको सूत्रमा 'पुराण-प्रोक्तेषु ब्राह्मणकल्पेषु' (अ० ४।३।१०५) पनि प्रष्ट पुराणशब्दको उल्लेख भएको छ। पाणिनिको समय ई० पू० ७०० देखि लिएर तीन हजार वर्ष पूर्व सम्म सिद्ध गरेका छन्। त्यसमा पनि आपस्तम्भ ऋषिको सूत्रलाई पाश्चात्य विद्वान्हरूले पाणिनि भन्दा धेरै पुराना मानेका छन्। उता सूत्रग्रन्थहरूमा 'अष्टा-शीति' आदि श्लोकहरूको उदाहरण या प्रमाणरूपमा उल्लेख भएको हुनाले स्मृति ग्रन्थ र सूत्रग्रन्थहरू भन्दा पूर्व नै पुराण थिए भन्ने कुरा यी माथिका प्रमाणहरू-बाट सिद्ध छ।

कैयौं अधकल्चोहरूले भविष्य पुराणलाई सारै आधुनिक र अविश्वसनीय भनेर हेपेका छन्। तर कुनै चेपमा परेर सेपिएर हेपिएता पनि यो हेपिने कुरै हैन। यो उनीहरूको हेप्ने कुचेष्टा मात्रै हो। यदि भविष्य पुराणलाई यो छेउ र भेउ नपाउँनेहरू जस्तै भएर मान्ने हो भने त आपस्तम्ब ऋषिले भविष्य पुराणको नाम प्रष्टै गरेर लिएको देखिन्छ। त्यसको के मतलब हो ? यसमा पुराण-हरूलाई ईशादेखि यता सिद्ध गर्ने इतिहासकारकरूले घोप्टिएर घोरिनु पर्छ। ढाँटेको हो भन्नु सजीलो हुन्छ। तर काबू पार्दा दाँतमा पसीना आउँछ। ती सूत्रग्रन्थहरूमा 'अष्टाशीति' आदि श्लोक जस्ताको तस्तै ब्रह्माण्ड पुराणको (अनु-सङ्ग पाद अध्याय ५४ श्लोक १५९ देखि १६६) सम्म पाइन्छ। अनि विष्णु पुराणको ३।८ मा र मत्स्यपुराणको (अ० ११५ को श्लोक १०२ देखि ११०) सम्म जस्ताको तस्तै प्रमाणरूपमा उद्धृत गरेको पाइन्छ। यसलाई के भन्ने ? ईशा भन्दा पहिलेको कि पछिको भन्ने ? यो एक पाटे मकई भुटे जस्तो मात्रै लाग्छ। अध्ययन र अनुभव शून्य भए पछि यस्तै हुन्छ। फेरि भविष्य पुराण जस्तै पद्मपुराणलाई पनि उसै गोजीमा हालेर झकझकाएको देखिन्छ। उनी-हरूकै कुरा सही सत्य हो भनुँ भने, माथि प्रमाणमा उद्धृत गरिएका श्लोकहरू पद्मपुराणको सृष्टिखण्डमा नमिल्नु पर्ने हो। तर जस्ताको तस्तै मिल्छ। त्यसो हुँदा एक पाटे इतिहास लेखालीहरूले न्यायको दृष्टिले हेर्नु पर्ने छ। न्याय पाउने पूर्ण हक पनि छँदै छ।

यहाँ सम्म स्मृति र सूत्र ग्रन्थहरूमा लेखिएका पुराणहरूको प्रमाणिकता बारे केही चाख चखाइयो। तर आउनुहोस्। उपनिषद् ग्रन्थहरूमा पनि पुराण

उसै प्रकारले घुसेर बसेको देखिन्छ । उपनिषद्हरू, सूत्र ग्रन्थ भन्दा पनि धेरै पुराना मानिएका छन् । अनि वैदिक कालको इतिहासलाई उपनिषद्हरूले मनग्य ओगटेको देखिन्छ । त्यतिखेर पनि पुराण अत्यन्त प्रचलित थिए । त्यसो भएको हुनाले त देवर्षि नारदले सनत्कुमारसँग 'ज्ञान' सोध्न गएको प्रसङ्गमा धेरै विद्याहरूको अध्ययन गरेको इतिहास सुनाउँदा पुराण पढेको इतिहास पनि सुनाए । त्यो इतिहास छान्दोग्योपनिषद्मा 'ऋग्वेदो भगवोऽध्येमि·········चतुर्थमितिहासपुराणम् ( छा० उ० ७।१।२, ७।१।४, ७।२।१ ) यस प्रकारले प्रष्ट्याएको पाइन्छ । यसै रीतिले वृहदारण्यकोपनिषद्मा पनि 'स यथा·······इतिहासपुराणम्' ( वृ० उ० २।४।११ ) प्रष्टरूपमा उल्लेख भएको पाइन्छ । अनि फेरि उपनिषद्हरू भन्दा अझ पुरानो आरण्यक ग्रन्थहरू मानिएका छन् । तर आरण्यक ग्रन्थहरूलाई पनि पुराणले पछ्याएकै देखिन्छ । कुनै हालतमा पनि पछेउरा छोडेको जस्तो लाग्दैन । उदाहरणको लागि तैतिरोय-आरण्यकमा 'ब्राह्मणानि-इतिहासान् पुराणानि' ( तै० आ० २।९ ) प्रष्ट गरी हेर्नु होस् । आरण्यक ग्रन्थहरू भन्दा अझ पुरानो ब्राह्मण ग्रन्थहरू मानिएका छन् । त्यसमा पनि अत्यन्त महत्त्वपूर्ण वैदिक इतिहासको इतिहासलाई ओगट्ने ग्रन्थ हो 'शतपथब्राह्मण' । आफ्नो विशाल शरीरलाई लिएर विश्वको सामुमा उभिने ग्रन्थहरू मध्ये यो पनि एउटा छ । त्यो शतपथ ब्राह्मणमा पनि 'इतिहासपुराणं गाथा नाराशंस्यः' ( श० ब्रा० ११।५।६।८ ) मा र त्यस पछि ( श० ब्रा० ११।१५।६।९ ) अनि ( श० ब्रा० १४।३।१०।६ ) स्थलहरूमा पुराणको नाम राम्ररी सुकीलो माहोडाले चम्काएको देखिन्छ । अझ अगाडि प्रस्टयाएर भनेको उल्लेख पाइन्छ । त्यो स्थल यो हो 'तान् उपदिशति पुराणं वेदः' ( श० ब्रा० १३।४।३।१३ ) अनि ( श० ब्रा० १३।४।३।१२।१३) मा गरेको उल्लेखहरूले यो कुरालाई बुझाउँछ कि ब्राह्मण ग्रन्थकालमा पनि पुराणहरूको प्रशस्तमात्रामा प्रचलन र ख्याति थियो । यो पुराणले गोपथब्राह्मणलाई छोडेन । अनि त गोपथब्राह्मणमा 'सेतिहासाः सान्वाख्यांताः सपुराणाः' ( गो० ब्रा० पू० प्र० २।१० ) र 'इतिहासवेदं पुराणवेदम्' ( गो० ब्रा० १।१० ) आदिमा इतिहास जान्नेको साथमा पुराण जान्नेको गणना गर्दै पुराणको उल्लेख भयो । यहाँ विशेषरूपले जान्नु पर्ने कुरा यो छ कि उपनिषद् भन्दा पुरानो आरण्यक हो र आरण्यक भन्दा पुरानो ब्राह्मणग्रन्थ हो । तर ती भन्दा पनि पुराना वेद हुन् । तर ठूलो आश्चर्यको कुरा यो छ कि मूल वेदहरूमा पनि पुराणको चर्चा आएको प्रष्ट देखिन्छ । यत्रो औधि पच्छ्याउने काम किन पर्‍यो होला ? अब हेर्नुहोस् । अथर्ववेदमा काँहा काँहा पुराणशब्दको उल्लेख भयो । अनि पुराणशब्दको पुराण नै अर्थ हो कि भिन्न अर्थ छ । तर विचार गर्दा

तल लेखिएका वेदमन्त्रहरूमा परेको पुराण शब्दको प्रचलित पुराण नै अर्थ हो भन्ने कुरा प्रष्ट भए पछि केहीं मन्त्रहरूलाई प्रस्तुत गरिदै छ ।

यस पुराण शब्दले अथर्ववेदलाई पनि छोडेको छैन । त्यसो हुँदा 'तमितिहासश्च पुराणञ्च' ( अ० वे० १५।६।१०।११ ) अंशमा इतिहास र पुराणको बराबरी महत्त्व खुलस्त गरेको बुझिन्छ । अथर्ववेदको 'इतिहासस्य पुराणस्य च' (अ० वे० १५।६।१२ ) मा पनि दुवैको स्पष्टीकरण गरेको इतिहास उल्लेख छ । अथर्ववेदको 'स मन्येत पुराणवित्' ( अ० वे० ११। ७।७ ) मा पुराण जान्नेलाई 'पुराणवित्' भनेको बुझिन्छ । अथर्ववेदको 'धर्मं पुराणमनुपालयन्ति' (अ० वे० १८।३।१ ) मा पुराणलाई धर्म पालनको साधन बताएको छ । अथर्ववेदको दशम काण्डको 'ये अर्वाङ् मध्ये उत वा पुराणम्' ( अ० वे० १०।८।१७ ) मा पनि पुराणकै मुख्य ख्याति देखिन्छ । अनि उसै अथर्ववेदको 'यत्र स्कम्भ पुराणमनुसंविदुः' ( अ० वे० १०।७।२६ ) मा पनि प्रसङ्गानुसार पुराणकै वर्णन पाइन्छ । अथर्ववेदको एघारौं काण्डको 'ऋचः सामानिच्छन्दांसि पुराणम्' ( अ० वे० ११। ७।२४) मन्त्रमा ऋग्वेद, सामवेद, अथर्ववेदको साथमा पुराणको उल्लेखलाई ओझेल पार्ने कसैको शक्ति छैन । त्यसो हुँदा धेरै यस्ता सिंग नपुच्छरको जोरी खोजुवाहरूसंग भएको बुद्धिसँग हामीलाई क्यै मतलबै छैन । यिनीहरूले यो दुस्साहस पनि गरेका छन् कि अथर्ववेदको काल पनि धेरै पछि हो भन्न थालेका छन् । तर यो सत्य कुरा हैन । तर आफ्नो इतिहासको पानाबाट बेग्लिएर अधूरो ज्ञानलाई पोखेको मात्र हो । आफ्नो कपोलकल्पनाबाट आधुनिक सम्झेका हुन् । यसमा उनीहरूसँग केही प्रमाण छैन । 'अभ्युपगम न्याय' ले मानीहालौं कि 'अथर्ववेद' पनि अलि पछिकै रहे छ । तर ऋग्वेद भन्दा पुरानो ग्रन्थको पता त विश्वमा आज सम्म पनि लागेको छैन । अनि फेरि पुराणले त ऋग्वेदमा पनि ठाउँ ओगटेर बसेको देखिन्छ । त्यसो हुँदा ऋग्वेदको समयमा पनि पुराणको अस्तित्व थियो भन्ने प्रमाण प्रष्ट छ । परिशेषमा यो भन्न सकिन्छ कि पुराणहरू सबै भन्दा आधुनिक या पछिको ग्रन्थ हो भन्ने अबूझ इतिहासेहरूको बुद्धिमा किरा परेको बुझिन्छ । यहाँ तल ऋग्वेदको कतिपय मन्त्रहरू उद्धरणमा दिइँदैछ । पाठक वाचकवृन्दले गोडी मेली स्यांहार्नु हुने छ । ऋग्वेदको तेस्रो काण्डमा 'सना पुराणमध्येम्यारात्' ( ऋ० ३।५४।९ ) पुराणशब्द प्रष्ट रूपमा आएको देखिन्छ । अनि उही तेस्रो मण्डलको अट्ठावन सूक्तको छैटौं मन्त्रमा पनि 'पुराणमोकः सख्यं शिवं वाम्' ( ऋ० ३।५८।६ ) पुराणको उल्लेख भएको छ । यसै रीतिले 'तं गाथया पुराण्या पुनानमभ्यनूषत' ( ऋ० ९।९९।४ ) अनि ऋग्वेदमा दशमा मण्डलको 'चाक्लृपे तेन ऋषयो मनुष्याः यज्ञे जाते पितरो नः पुराणे' ( ऋ० १०

।१३०।६ ) मन्त्रादिमा पनि प्रष्ट पुराणको उल्लेख भएको छ । यी माथिका मन्त्रहरूमा उल्लिखित 'पुराण' शब्दको अर्को अर्थ हुन सक्दैन । पुराणनै अर्थ छ । वंशपरम्पराबाट प्राप्त नीर क्षीर विवेक कुशल सायणाचार्यजीको भाष्यले पनि यै कुरा बुझाउँछ । आधुनिक इतिहासेहरूले नहेरीकन लेखेको बुझिन्छ । अथवा सरासर ढाँटेको हो । ढाँटेको कुरा काटे पनि मिल्दैन । तर वेदमन्त्रहरूले यो इतिहासलाई नढाँटीकिन राखेको छ । अब रह्यो 'बोल्गा से गङ्गा' जस्तो गफाष्टकको कुरा । राहुल आजमगढको सरयूपारीण बाहुन थियो । बाहुनहरूको इतिहासमा आधुनिक युगमा बाहुनहरूको जरो काट्नुमा धेरै गहकीलो कोम्वी, खुकुरी, हसिया, बञ्चरो, झेम्पल, मार्तलदेखि लिएर एटमबम्ब सम्मको हत्यार सिद्ध भएको देखियो । आपसी बाहुनहरूमा चिथोरा चिथरी गर्दा गर्दै अन्तिममा बाहुन समाजलाई सदाको लागि छोडेर निक्ले पछि राहुलले गिदीबाट लिदी पोखेर 'बोल्गासे गङ्गा' आदि अनेक हत्यार तैयार पारे । त्यसमा सत्यको मात्रा पाउँनु निकै वेथा पाउँनु मात्रै हुने छ । त्यस्तै भएको पनि छ । हामीले कसैसँग डाहा या रिसाउँने काम छैन । तर नहुँदो कुरामा आइलागे ऊँधोमुन्टो लाईदिने बानी पनि छैन । त्यसो हुँदा राहुलले सत्यलाई चियानमा पुरेको हो कि या वैदिक साहित्यमा उसको यस्तै भ्रमात्मकै ज्ञान थियो । यो भन्न गारो छ । तर आधुनिक सिखौरा छाउरा जतिले बरालिएकै देखिन्छ ।

अब रह्यो कतिपय मतिमान्हरूको कुरा त्यो पनि मल्साप्रा मार्नु गएको तटाढैबाट झटारो हाने जस्तो लाग्छ । किन भने समस्त आर्यवाङ्मयमा 'पुराणले' ठाउँ ओगटेको देखेर पनि 'महाभारत' भन्दा पुराण पछि बनेको हो भन्नु त बुझपचाएको मात्रै बुझिन्छ । यो पाश्चात्यहरूको गिदीको लिदी सोहरेको मात्रै हो । आर्यावर्तीय नीरक्षीर विवेकी विद्वान्हरूको लागि त ख्यालीमात्रै भएको देखिन्छ । त्यसो भएको हुनाले आर्यावर्तीय पुराण र पुराणसाहित्यमा लेखिएका विज्ञानको इतिहास या चर्चाको बारेमा पाश्चात्यहरूको पाइला पैलाउने बुद्धि ठीक छैन । अब हेर्नुहोस् । महाभारत भन्दा 'पुराण' पछिको हो कि पहिलेको हो ? तलको उद्धरणलाई राम्ररी निष्पक्ष भएर हेर्नु होस् । महाभारतको आदि पर्वमा 'इतिहासपुराणाभ्यां वेदं समुपवृंहयेत्' ( म० भा० आ० प० १।६४। ) सबै भन्दा वेश कुरा बताए कि 'इतिहास' भनेको महाभारत 'पुराण' यी दुवैबाट व्याख्यान गर्नु पर्छ भनेको छ । यसमा वेदहरूको व्याख्यान पठन पाठन सजिलो होस् भन्नका लागि प्रष्ट शब्दमा पुराणको नाम आएको छ । अनि 'पुराणपूर्णचन्द्रेण' ( म० भा० आ० प० १। ८।६) र 'पुराणसंश्रिताः पुण्याः' (म० भा० आ० प० १।१६) स्थलहरूमा पुराणको वर्णन आएको देखिन्छ । यतिमात्रै हैन, अपितु 'लोमहर्षण पुत्र-उग्रश्रवा सौतिः

'पौराणिकः' ( म० भा० आ० प० १।११ ) मा लोमहर्षणको छोरा उग्रश्रवा सौतिको नाम समेत 'पौराणिकः' भनेर उल्लेख गरे। 'हरिवंशं पर्वपुराणम्' ( म० भा० आ० प० २।८३ ) यस अंशमा पनि हरिवंश पुराण पछि पर्वपुराणको विधान गर्दा 'पुराण' को नाम प्रष्ट उल्लेख भएको देखिन्छ। 'अष्टाभिश्च गुणैर्युक्तं सूतं पौराणिकं तथा' ( म० भा० शा० प० ८५।९ ) यस प्रकरणमा जगत् प्रसिद्ध धुरन्धर पुराण वक्ता किरात विद्वान् सूतजीको प्रशंसा र नाम समेत दिएको छ। जस्ले नैमिसारण्य तीर्थमा अट्ठासी हजार शौनकादि ऋषिहरूलाई पुराणको रसास्वादन गराएका थिए। यत्ति मात्रै हैन अपितु 'पुराणे हि कथा दिव्या' ( म० भा० आ० प० ५।२ ) मा पुराणहरूको सुन्दर कथाको प्रशंसा गरिएको छ। यस्तै रीतिले 'इतिहासपुराणानामुन्मेषं निर्मितञ्च यत्' ( म० भा० आ० प० ६२।६३ ) मा पनि 'पुराण' शब्दलाई छोडेको देखिंदैन। "निगदामि यथा युक्तं पुराणाश्रयसंयुतम्' ( म० भा० आ० प० ५।६७ ) र "विद्वद्भिः कथ्यते लोके पुराणे कविसत्तमैः' ( म० भा० आ० प० १।२४० ) आदिमा वाक्क दिक्क लाग्ने गरी महाभारतमा उल्लेख चर्चा आदि भएको पाउँछौं। अनि महाभारत भन्दा पुराण पछि बनेको हो भन्ने लेखालीहरूसँग किन लिदी भर्ने साइनो लगाइरहनु पऱ्यो र? अझ राम्रो प्रष्ट गरेर भनेको छ। हेर्नु होस्—

अष्टादशपुराणानि कृत्वा सत्यवतीसुतः।
पश्चाद्भारतमाख्यानञ्चक्रे तदुपवृंहितम्॥
( म० भा० आ० अ० क्र० का० )

अष्टादशपुराणानि कृत्वा सत्यवतीसुतः।
भारमाख्यानमखिलञ्चक्रे तदुपवृंहितम्॥
( म० प्र० ५३।६९ )

सत्यवतीका छोरा व्यासले पहिले १८ पुराण बनाए। अनि पछि 'महाभारत' इतिहासको ग्रन्थलाई बनाए। जो वेदको सार सार छ त्यसैलाई निकालेर राखेको हो। त्यसो हुँदा पुराण र महाभारतले पनि वेदहरूकै तत्त्व सुनाउँछन् भने, माथि देखाइएका प्रमाणहरूबाट महाभारत भन्दा 'पुराण' पछि को हो भन्ने कुरा गलत छ। भ्रमात्मक छ। सरासर इतिहासको हत्या मात्रै गरेको हो। महाभारत के स्मृति, सूत्र, उपनिषद्, आरण्यक, ब्राह्मण, सबै भन्दा पुरानो वेदहरूमा पनि 'पुराण' शब्दको प्रयोग भएको हुनाले वैदिक कालमा पनि पुराण थियो भन्ने कुरा सिद्ध छ। त्यसो हुँदा पुराणहरूमा वर्णित र उल्लिखित 'हिन्दू विज्ञान' वैदिककालिक विज्ञान हो। यसमा सन्देहको भुँवरीमा पर्ने आवश्यकता छैन। अतः निश्चितै भन्न

सकिन्छ कि पुराण ईसा भन्दा यताका हैनन् । हो कतिपय ठाउँहरूमा कुनै कारणवश प्रक्षिप्त भयो होला । तर प्रक्षिप्त छ भन्दैमा आधुनिक अर्थात् ईसा भन्दा पछिको सिद्ध हुने कुनै ठाउँ छैन । नहुँदो, नपत्याउँदो, असम्भव जस्ता कुराहरू धेरै लेखिएका छन् । त्यो के हो त ? भन्ने प्रश्नहरूको उत्तर यो छ । त्यतिखेर हुँदो थियो । त्यतिखेर पत्याउँदो थियो । त्यतिखेर सम्भव थियो । कसरी भन्दा, धुरन्धर पण्डितको छोरो मूर्ख हुन्छ । महाजनले गरीव हुनु अथवा उसको छोरा खानदानले हुनु । करोडीमलले भीख माँग्नु । अरबको बादशाहले बादशाहीबाट हात धुनु, भुट्टोले फाँसी जानु, लन्दनको चिडियाघरमा राखेको बालकले प्रतिघण्टा चालीस मील दगुर्नु ( हमारी संस्कृति पृ० नं० २२६ ) नवजात बच्चोको पेटबाट बच्चा जन्मनु ( अ० प्र० १ नवम्बर १९७८ ) आफ्नै मूत पिएर ओखती गर्नु ( अ० प्र० १६ अ० १९७८) फ्रैंच किशोर १७ वर्षको केटाको पेटबाट[1] बच्चा निकल्नु, केटाको यौन परिवर्तन गरेर केटी बनाउनु । राजा, बादशाह, राजकुमार-हरूले जोगी हुनु । जुनदेखि मङ्गल र शुक्र लोक आदिमा मान्छेले पुगे जस्तै हो । आजको युगमा यस्ता काण्डहरू भइराखेका छन् । तर यस्ता मान्छेहरूका पनि कमी छैनन् । जो यी घटनाहरूलाई नहुँदो र असम्भव मान्नलाई अलि कति पनि सरमाउदैनन् । तर कुंवा, पोखरी, समुद्रमा बस्ने भ्यागुत्तामा जति अन्तर छ, उस्तै मान्छेको बुद्धिमा पनि अन्तर हुन्छ । घटनाचक्र सामु पर्नेहरूले र व्यापक अध्ययनशील तथा शोधखोज गर्नेहरूलाई ईश्वरीय नियमदेखि बाहेक कुनै न हुँदो र असम्भव छैन । त्यसो हुँदा विकासवादीहरूसँग यसको उत्तर छैन । असभ्य-बाट सभ्य हुँदै आएका हुन् कि सभ्यबाट असभ्य हुँदै गएका हुन् ? गरीबबाट महाजन हुँदै गएका हुन् कि, महाजनबाट गरीब हुँदै गएका हुन् ? विद्वान्‌बाट मूर्ख हुँदै गएका हुन् कि, मूर्खबाट विद्वान् भएका हुन् ? ठूला देखि साना भएका हुन् कि, सानादेखि ठूला भएका हुन् ? अन्तिमा बिउबाट बोट भएको हो कि, बोट-बाट बिउ ? धानबाट पराल भएको हो कि परालबाट धान ? फुलबाट कुखुरा भएको हो कि कुखुराबाट फुल भएको हो ? अर्थात् विकासवादीहरूले यस कार्यकारण भावको उत्तर दिन सक्दैनन् । हाम्रो सिद्धान्तमा असम्भवलाई पनि सम्भव पार्न सक्ने कुनै सत्ता छ । त्यसो हुँदा विकासवादको अनुसार धनीले धनी, हुँदै जानु पर्‍यो । पण्डितले अरू अगाडि बढदै जानु पर्ने हो । पहिले जमानामा सात देखि आठ फुट सम्मको मान्छे थिए । ऐले सम्म क्यै नभए पनि पाँच सौ देखि हजार फुट सम्मको मान्छेले हुनु पर्ने हो । तर कुनै दुई फुट, कतै तीन फुट, कतै चार फुट कतै कतै मात्रै सात फुट आठ फुट लामो मान्छे पाइन्छ । शेष चार,

१. ( जनप्रदीप १९६८ पञ्जाव )

पाँच, छ फुटे छन् । त्यस्तै कतै मूर्खको छोरा विद्वान् धनी त, कतै धनीको छोरा निर्धन आदि विचित्र संसार अनादि कर्म प्रवाहबाट बगिराखेका छन् । अत एव भन्न सकिन्छ कि विकासवादीहरूको विकासवादसँग साइनो नै छैन । भए माथिको उत्तर हुनु पर्छ ।

त्यसो हुँदा यहाँ मैले 'प्राचीन हिन्दू विज्ञान' ईसा भन्दा धेरै पूर्वको त्यति खेरको सम्भव र साँचो, जोखिएको तुलिएको विज्ञानको संकेत मात्रै गरेको छु । आज असम्भव लागे पनि उतिखेर सबै सम्भव थियो । अनि त्यसको इतिहास पनि साँचो हो । नभए त्यतिखेरको इतिहासमा त लेखिनु पर्ने हो । त्यसो हुँदा आधुनिक विज्ञानको मूल 'हिन्दूविज्ञान' नै हो भन्नुमा क्यै अत्युक्ति देखिदैन । यति अवश्य छ कि प्राचीन विज्ञानको अनुसन्धान गर्नु आवश्यक छ । असम्भव कल्पना मात्रै हो भनेर धर पाइदैन । तँ चोर भनेर मात्रै सुख पाइदैन । सत्य पक्षलाई राख्नै पर्छ । त्यसो हुँदा प्राचीन हिन्दू-आर्यहरूका अथवा हाम्रा पिर्कुने पुर्खाहरूका पालाका विज्ञानको नमूना यस 'प्राचीन हिन्दू विज्ञान' मा झल्काएको छु । दूध पानी छान्ने विवेकी जनहरूको सामुमा छ । जे जसो छ छदैं छ । ऐंले यति नै दाँत भए कति नै होला । अन्त्यमा—

प्रथमं सर्वशास्त्राणां पुराणं ब्रह्मणोदितम् ।
अनन्तरञ्च वक्त्रेभ्यो वेदास्तस्य विनिसृताः ।। (मत्स्य० पु०)

यी प्रमाणहरूले सिद्ध छ कि पुराणहरू ईसादेखि यताका हैनन्, अपितु अत्यन्त प्राचीन हो भन्ने कुरा प्रष्ट बुझिन्छ ।

पाश्चात्य विद्वान्हरूले पनि "प्राचीन हिन्दू विज्ञान" लाई स्वीकार गरेका छन् । कालसेय राक्सको उद्धरण म पाठकहरूको सामुमा राख्दछु ।

We learn many things from the Vedas. No only do these give us knowledge, but also teach us science. But the most important thing which they teach is how to know God"

—Calsay Raksa ( कालसेय राक्स )

"हामीले वेदहरूबाट धेरै कुरा सिख्दछौं । वेदले हामीलाई ज्ञानमात्र दिएको छैन अपितु वेदले 'विज्ञान' पनि सिकाउँछ । परन्तु वेदले सबै भन्दा महत्त्वपूर्ण कुरा के सिकाउँछ भने, हामीले ईश्वरलाई कसरी जान्न सक्छौं, यो विषयलाई वेदले राम्ररी सिकाउँछ' । प्रसिद्ध फ्रेन्च डा० जकालियट "the Bible in India" "भारतमा बाइबिल" भन्ने ग्रन्थमा "प्राचीन हिन्दू विज्ञान" लाई

स्वीकार गरेको छ। डा० जकालियट यसरी भन्छन् "Astonishing fact ? the Hindu revelation ( veda ) is of all revelations the only one whose ideas are in perfect harmony with modern science as it froclaims the slow and Gradual formation of the world". ( Jacolliot )

"यो एउटा आश्चर्यजनक कुरा छ। ईश्वरीय धर्मग्रन्थहरूमा एक मात्र 'वेद' यस्तो छ, जसको विचार वर्तमान विज्ञानसँग पूर्ण मेल खान्छ। किन भने 'वेद' मा विज्ञानको अनुसार सृष्टिको क्रमिक रचनाको प्रतिपादन छ" डा० जकालियटको 'मोडर्न साइंस' शब्द प्रयोगले प्राचीन हिन्दू वाङ्मयको भित्र वर्णित विज्ञानको स्पष्टीकरण अन्यत्र पनि मनग्य पाइन्छ। यसै प्रकारले अमेरिकन महिला ( "Mrs. Wheeler wilax" ) ह्वीलर विलाक्सको कति राम्रो उद्धार छ। हेर्नु होस्।

"Whe have at heard and read about the ancient Religion of India. It is the land of the great Vedas. the most remarkable works, containing not only religious ideas on a perfect life, but also facts which all the science has proved true. Electricity, Radium, Electrons, Airships, all seem to be known to the sires who found the Vedas." ( Sublimity of the Vedas' P. 83 ) हामीले प्राचीन भारतीय धर्मको विषयमा पढेका छौं कि भारत अत्यन्त महत्त्वपूर्ण भूमि छ। ती वेदहरूमा धार्मिक जीवनको लागि धार्मिक तत्त्वहरूको निरूपणमात्र नभएर, वस्तुसत्यको निर्देश गरेको छ। जसलाई विज्ञानले सत्य प्रमाणित गरेको छ। वैदिक ऋषिहरूलाई विजुली, रेडियो, हवाई जहाज, इत्यादि सबै कुराको ज्ञान थियो ? यसै प्रकारले प्रो० मैक्समूलरले पनि स्वीकार गरेको छ।

"Steam-engine, electricity, talegraphy, and wireless, Morco-Nogram were shown to have been known at least in the Germs to the Poets of the Vedas.,'

( Narayana-Abhinandana grantha P. 136-137 )

"स्टीम, इन्जिन, बिजुली, तार, विनातारको तार, मारकोनोग्राम आदिको वेदमा उल्लेख छ। यी माथि लेखिएका आधुनिक वैज्ञानिक आविष्कार वीजरूपमा

त वेदहरूमा छँदै छ'' सन्देह गर्ने अवसर छैन भनि, ऋग्वेदमा चालीस वर्षसम्म रिसर्च गर्ने मैक्समूलरले पनि 'प्राचीन हिन्दू विज्ञान' लाई स्वीकार गरेको छ ।

यसै प्रकारले जीवन भरी शोध खोज गर्ने आचार्य सत्यव्रत सामाश्रमोले पनि अगाध अनुसन्धान गरे पछि लेख्नुभो "though the works embodying the Scientific knowledge of those times are entirely lost, there are sufficient indications in vedic works of those sciences having been widely known in those days.,' [ Trayi chatushtaya preface VII. IX ]

"उसबेलाको वैज्ञानिक ग्रन्थ यद्यपि यस बेला सर्वथा लुप्त भइसके । तैं पनि ती वेदहरूमा विज्ञानको सम्बन्धमा पर्याप्त निर्देश छ । त्यसो हुँदा यो कुरा निश्चितरूपले भन्न सकिन्छ कि वैदिक कालमा विज्ञानको पर्याप्त प्रचार थियो ।'' यस प्रकारले 'Alberunis, India, Vol. I. P, Po7' अल्वरुनी आदि अनेकौं पाश्चात्य विद्वान्हरूले 'प्राचीन हिन्दू विज्ञान' को अस्तित्व स्वीकार गरेका छन् । भारतीय विद्वान्हरूमा महर्षि दयानन्द, महर्षि अरविन्द, जयपुरको राजगुरू मधुसूदन ओझा आदिका 'इन्द्रविजय' 'ऋग्वेदादि भाष्यभूमिका' 'ईश्वरीय ज्ञान वेद' प्रथमावृत्ति पृ. नं. ७८-७९ आदि ग्रन्थहरूमा आँखा लगाए हुन्छ । सत्य कुरो यो "Truth is alway aggeessive" सत्य हमेशा आक्रामक हुन्छ । सत्यले सँधै नै चिथोर्नु, कोपर्नु, मुर्मुरिनु, निमोठिनु, किटकिटिनु पुगेको हुन्छ । हिन्दीको मुखालेले पनि नसर्माइकन भन्यो—"साँच कहे मारन धावे झूठ कहे जग पतियावे" युगपुरुष विवेकानन्दजीको कथनसँग मिल्नु पुगेको छ । नभए १५ शताब्दीको विज्ञानसँग लाखौं वर्ष पुराना ऋषि, मुनि, भाष्यकारको कुरा कसरी मिल्न पुगे ? ती वेदग्रन्थहरूमा पुरा वैदिक साहित्यमा आधुनिक 'विज्ञान' उल्लेखले के बुझाउँछ ?

'No Experimental Method, अर्थात् प्रयोगात्मक पद्धति थिएन भन्नु अबूझ कुरा हो । यसलाई Comparative Method, तुलनात्मक दृष्टिले हेर्दा 'हिन्दू विज्ञान' कता हो कता उन्नत देखिन्छ । त्यसो हुँदा 'Modorn science of development' अर्थात् आधुनिक विज्ञानको विकास भन्दा अझ ठूलो र फराकिलो विकास भइसकेको थियो । त्यसो हुँदा प्राचीन वैज्ञानिकहरूले भने—

घटिकावच्छिन्नकाले . योजनानाञ्चतुश्शतम् ।
विमानो वेगतो याति नात्र कार्या विचारगा ।।

एक घण्टामा चार सय योजन सम्म उड्ने विमान थिए । अव यो विचार गर्नु होस् कि एक योजन कतिको हुन्छ ? यो साधारण विमानको गति निर्देश गरेको हो । विशेष त ग्रन्थ भित्रै डुबेर हेर्नु होला ।

# हिन्दू शब्द कति पुरानो हो ।

विश्वमा सवै भन्दा पहिले चारैतिर फैलिएर वसोबास गर्ने हिन्दू शब्दको पनि प्रसङ्गवश विवेचना या विमर्श गर्नु आवश्यक बुझिन्छ । किनभने ठूला-ठूला पढे लेखेका विद्वान्हरूलाई पनि यस "हिन्दू[१]" शब्दले ऊँधो मुन्टो लगाउँन लगाएको देखियो भने साधारण मानिसलाई त जे भने पनि भैं हाल्यो । अनि ती विचराले पनि बचेरा भएर मानी हाल्नु पर्छ । यो परिस्थिति कैयौं स्थानमा देखा परेको हुनाले यस शब्दको सोध खोज, गर्ने अवसर मैले पनि पाएँ । निधिखोजी गरी सके पछि पाठक वाचक–वृन्दहरूको सामुमा राख्ने चेष्टा गर्दैछु । नीरक्षीर विवेकी जनले अवश्यनै हेर्नु हुने छ । त्यो पनि निर्मत्सर भईकन हेर्नु हुने छ ।

सवै भन्दा पहिले "हिन्दू" शब्दलाई दूषित पार्नेहरूको पक्षलाई यहाँ राख्नु म प्रासङ्गिक सम्झन्छु । जसबाट स्वयं हिन्दू भनाउँदाहरू पनि तर्सेर घोप्टिन्छन् । त्यो तेतिसारो डरने कुरा छैन । हामीलाई कसैले चोर, डाका, पाजी, निमक हराम, लुटेरा, अथवा मान्नुहोस् कसैले गधानै भनीहाले पनि, जुन शब्दहरूको प्रयोग हामी माथि भएको छ, त्यो कर्म घट्छ कि घट्दैन । त्यो हेरे पछि मात्रै त्यसको उत्तर प्रत्युत्तर हुन सक्छ । नभए त गधाहोस् भन्ने वित्तिकै "हूँ" भनेर स्वीकार गर्नु त आफ्नै न्यूनता प्रदर्शन गर्नु हो । त्यसै प्रकारले

"हिन्दू" शब्दको पनि कतिपय उर्दू, अर्वी, आदि भाषाका सायरी ( कवि ) हरूले काला, चोर, ठग, डाकू, गुलाम, आदि अर्थ गरे होलान् । यस मतलाई मान्ने "गयासुल्लोगात" नामक सायरीको सायर ( कविता ) लाई प्रस्तुत गरिन्छ ।

"हिन्दू दर मुहाविरे फारसियाँ वमानीदुज्द व रहमान यी आयद" यसको मतलव यो छ कि फारसी भाषाको मुहावरामा "हिन्दू" शब्द चोर, डाकू, आदिको अर्थमा प्रयोग गरिएको देखिन्छ । आजभन्दा ५५० वर्ष पहिले "हाफीज शीराजी" नाम गरेको सायरी ( कवि ) ले आफ्नो सायर ( कविता ) मा "हिन्दू" शब्दलाई काला अर्थमा प्रयोग गरेको देखिन्छ । उनीको सायर यो छ—

अगर आं तुर्क शीराजी बदस्त आरद दिले मारा ।
बरवाले हिन्दूवश वखराम समरकन्दो बुखारारा ।।

यस प्रकारले आफना कविताहरूमा हिन्दू शब्दको विपरीत अर्थमा पनि प्रयोग भएको देखिन्छ । तर तिनीहरूको देशमा त्यो शब्द त्यस अर्थमा प्रयोग भयो होला, तर हाम्रो हाम्रै छ । अनि सबै भन्दा विचारणीय विषय यो छ कि "हिन्दू"

---

१. यो भूमिका 'हिन्दू विज्ञान' को लागि लेखेको हो । तर कुनै कारणवश पूर्व भाग 'वेदमा के छ ?' मा पनि छापिएको हुनाले पाठकवृन्दले पुनरुक्ति नमाने हुन्छ ।

शब्दलाई चोर, डाका आदि अर्थमा हामीलाई प्रयोग गरेको होइन। किन भने ती मुसलमानहरूको आविर्भाव हुन भन्दा हजारौं वर्ष पहिले नै "हिन्दू"[१] शब्दको प्रयोग भई सकेको थियो। किन भने १३०० वर्ष पहिले मुसलमानहरूको नाम निशान पनि थिएन। त्यसो भएको हुनाले हामीलाई गाली दिनको लागि बनाएको "हिन्दू" शब्द हो भनेर आफै किन स्वीकार गर्ने। त्यो हाम्रो इतिहास ज्ञानको दुर्वलता मात्रै हो। या आफ्नो इतिहासको मूलबाटो भत्काएर अर्काको चालमा हिंड्ने तरिका मात्र भन्न सकिन्छ। त्यसो हुँदा अर्कले जे भने पनि हामी हिन्दू नै हौं भन्ने गौरव हामीहरूबाट निखिनु हुँदैन।

अब मुसलमानहरूको आविर्भाव भन्दा पहिले हिन्दू शब्दको प्रयोग काहाँ भएको छ ? कुन कुन ग्रन्थहरूमा भएको छ भन्ने जिज्ञासा हुनु स्वाभाविकै कुरा हो। त्यसो हुँदा यो कुरालाई तलैबाट नकेलाई विषय सफा नहुने हुनाले यहाँ क्यै प्रमाण दिइन्छ। विश्वको सबै भन्दा पूरानो साहित्य वेदै हो भन्ने कुरा अब दोहराई रहनु पर्ने छैन। त्यसैको सम सामयिक अर्थात् वेदहरू पछि पार्सीयनहरूको "जिन्दा-अवस्ता" भन्ने ग्रन्थको आविर्भाव भएको हो। त्यसै "जिन्दा-अवस्ता"को अर्को नाम या भाषान्तरमा "शातिर" पनि भनिन्छ। यो पार्सीयनहरूको धेरै पुरानो ग्रन्थ हो। यसमा धेरै जस्तो संस्कृतशब्द छ र त्यसमा पनि वैदिक शब्द धेरै छन्। अनि तद्भव शब्दलाई लिने हो भने त मूल नै संस्कृत छ। त्यो पार्सीयनहरूको "शातीर" भन्ने धर्मग्रन्थमा मुसलमानहरू भन्दा हजारौं वर्ष पहिले नै हिन्दूशब्दको प्रयोग गरेको पाउँछौं। त्यो "शातीर" ग्रन्थमा यस्तो लेखेको छ—"अकनू बिरहमने व्यास नाम आज हिन्द आमद वस दाना कि अकल चुनानस्त" यसको अर्थ यो छ कि व्यास नाम गरेको एक हिन्दू भारतबाट आयो जसको वराबर बुद्धिमान् अर्को देखिदैन। यस प्रमाणले यो बुझाउँछ कि महाभारत कालिक व्यास पार्सीयन देशमा गएको रहेछ। अनि त्यतिखेर व्यासज्यूलाई पनि हिन्दू नै भन्ने चलन पनि प्रष्ट हुन्छ। अनि यस कुराको पनि इतिहास मिल्यो कि हाम्रा चुला ढुकुवा विद्वान्हरूले भन्छन् कि ऋषिहरू बाहिर कुनै देशमा गएका छैनन्। त्यस्ताहरूका मुखमा पनि बुजा हाल्छ।

---

१ अब त ईसा भन्दा पूर्वको शिलालेखहरू पनि पाइएका छन्। संयोगवश त्यसलाई दिन या उद्धृत गर्न सकिएन। किन भने लेखक सबैसँग एकलिएको वेग्लिएको हुनाले संधै गरीब रह्यो र गरीब छ। त्यसो हुँदा आफुले चाहेको ठाउँमा पुगेर सामग्री उपस्थित गर्न सकेन। तै पनि सास भए सम्म प्रयत्नशील छ।

आधुनिकताका फुटानी हाँक्ने इतिहासकारहरूका पनि छुवा केलाउँछ। त्यसो हुँदा व्यास ऋषि अरब आदि देश घुम्न गएको प्रष्ट भए पछि, त्यतिखेर पनि हामीलाई हिन्दू नै भन्दा रहेछन् भन्ने कुरामा साँदी राख्ने आवश्यकता छैन। फेरि उसै "शातीर" ग्रन्थमा—"चूं व्यास हिन्दी बलख आमद गश्तशप जवरदस्त राव ख्वान्द" अर्थ—जब हिन्दूस्तानबाट बलख भन्ने ठाउँमा व्यास पुगे, तब ईरानको बादशाह गश्ताशपले "जवरदस्त" लाई बोलायो। यो जबरदस्त अरू कुनै हैन अपितु पार्सीयन धर्मको प्रवर्तक "जरथुस्त" नै हो। हुन सक्छ बादशाहले शास्त्रार्थ गर्नको लागि बोलाए होलान्। त्यै शातीरमा अगाडि लेखेको छ—"मन मरदे अम हिन्द निजाद" अर्थात् म हिन्दुस्तानमा जन्मेको हूँ" यो वाक्य चाहिं मेरो विचारमा आफ्नो परिचय दिंदा स्वयं व्यासज्यूले भन्नु भएको होला। फेरि अगाडी लेखे "व हिन्दवाज गश्त" अर्थात् फेरि ती हिन्दुस्तान फर्के। यो शातीर ग्रन्थको पंक्तिहरूमा परेको "हिन्दू" शब्दले हिन्दू र हिन्दुस्तान दुवैलाई प्रष्ट बुझाएको छ। त्यसो हुँदा कुनै अरबको मुसलमानहरूले हामीलाई गाली दिनको लागि बनाएको "हिन्दू" शब्द भन्नु अबूझ कुरा हो। नवीन शब्द हो भन्नु त बुद्धिलाई तीहार पार्नु मात्रै हो।

अब आउँनुहोस् आफ्नो घरको इतिहासमा। कतिपय यस्ता पनि छन् कि तिम्रो संस्कृत साहित्यमा "हिन्दू" शब्दको उल्लेख नहुँनाले विदेशीहरूले गाली दिन एउटा नयाँ शब्द बनाएर राखेको भन्छन्। तर नटेर्ने, अटेर गर्ने, आफ्नो इतिहास र साहित्यलाई हेला गर्ने या हेर्दै नहेर्नेहरूको मात्रै यो कुरा हुन सक्छ। कैले काहिं वसिवियाँलोमा पनि आफ्नो साहित्यतिर समय दिए त त्यस्तो भावना अथवा त्यस्तो विचार हुनै सक्ने थिएन। त्यसो हुँदा "जिन्दा-अवस्ता" "शातीर" ले "हिन्दू" शब्द अत्यन्त पुरानो हो भनेर सिद्ध भइसके पछि सबै भन्दा पहिले हाम्रो वैदिक वाङ्मयको पहिलो प्रमाण स्वरूप महर्षि शाकपुणिको मत प्रस्तुत गरिन्छ। वहाँले यसो भन्नु भएको छ—

हिनोति धर्मविज्ञानं नयत्यात्मानमुन्नतिम्।
दुनोति दुष्टवृत्तस्थान् स वै हिन्दुरिति स्मृतम्॥

यस रीतिले महर्षि[1] शाकपूणिले शाकपुणि संहितामा हिन्दू शब्दको उल्लेख गर्नु भएको देखिन्छ र हिन्दूकै लक्षण पनि गर्नु भएको छ। अनि त्यस पछि

---

१. ( ऋ० भा० स्कन्द १।१२१।२ ) ( ऋ० माधव व्याख्या १।१११।२ ) ऋ० भा० स्कन्द १।५२।१४ ) (ऋ० भा० स्कन्द १।१०४।९, १।१०८।२ ) ( स्कन्द महेश्वर नि० वृ० स० १।४ ) ( ऋ० भा० स्कन्द १।१३।१८, १।३४।१०, १।९५।७, १।४६।१३, १।५३।१, १।८३।५ ) इत्यादिमा शाकपूणिको उल्लेख छ।

'वृहस्पतिले'[1] हिन्दूशब्दको उल्लेख गर्नु भएको छ। त्यस पछि व्यासज्यूले[2] कालिका पुराणमा हिन्दूशब्दको उल्लेख गर्नु भो। फेरि वहाँले नै भविष्यपुराणमा[3] पनि हिन्दूशब्दको उल्लेख गर्नु भएको छ। त्यस पछि मेरूतन्त्रको[4] पनि हिन्दू शब्द उल्लेख गर्ने ग्रन्थहरूमा नाम आउछ। त्यस पछि अद्‌भुतकोष[5], हेमन्त कवि कोष[6], रामकोष[7], शारङ्गधर पद्धति[8], शब्दकल्पद्रुमकोष[9], पारिजातहरण[10],

---

१. हिमालयं समारभ्य यावदिन्दुसरोवरम्।
तं देवनिर्मितं देशं हिन्दुस्थानं प्रचक्षते ॥

(वार्हस्पत्य शास्त्रमा छ)

२. बलिना कलिनाऽऽच्छन्ने धर्मे कवलिते कलौ।
यवनैरवनिः क्रान्ता हिन्दवो विन्ध्यमाविशन् ॥

(कालिका पुराणम्)

३. जानुस्थाने जैनशब्दः सप्तसिन्धुस्तथैव च।
हप्तहिन्दुर्यावनीया पुनर्ज्ञेया गुरूण्डिका ॥ (भविष्य पु०)

४. हिन्दुधर्मप्रलोप्तारो जायन्ते चक्रवर्तिनः।
हीनञ्च दूषयत्येव हिन्दूरित्युच्यते प्रिये ॥

(मेरूतन्त्रम् ३३ प्र०)

५. हिन्दुर्हिन्दूश्च पुंसि द्वौ दुष्टानाञ्च विघर्षणे। (अद्भुतकोषः)

६. हिन्दुर्हि नारायणादि देवता भक्तः।

(हेमन्तकविकोषः)

७. हिन्दुर्दुष्टो न भवति नानार्यो न विदूषकः।
सद्धर्मपालको विद्वान् श्रौतधर्मपरायणः ॥ (रामकोषः)

८. यवनैरवनिः क्रान्ताः हिन्दवोविन्ध्यमाविशन्।
बलिना वेदमार्गोऽयं कलिना कवली कृतः ॥

(शारङ्गधर पद्धति)

९. हीनं दूषयति इति हिन्दुः।

(शब्दकल्पद्रुमकोषः)

१०. हिनस्ति तपसा पापान् दैहिकान् दुष्टमानसान्।
हेतेभिः शत्रुवर्गश्च स हिन्दुरभिधीयते ॥

(पारिजात हरणम्)

नाटक, त्र्यंवका[१], सिद्धान्त, हिन्दू रहस्य[२] आदि अनेकौं ग्रन्थहरूमा 'हिन्दू' शब्दको उल्लेख पाइन्छ। ती देखि बाहेक अरू अनेकौं ग्रन्थहरूमा वेदको शाखा-उपशाखाहरूमा हिन्दूको उल्लेख थियो। तर कालगतिले ती ग्रन्थहरू हराउंदै बिलाउँदै गए। तै पनि यत्रो अगाव समुद्रमा यति पाउँनु कम हैन। अनि व्यास, शाकपुणि, वृहस्पति, आदि ऋषि मुनिहरू—यति पुराना छन्, कि उनीहरूको समय आज सम्म पनि निर्धारण भएकै छैन। आधुनिक कतिपय व्यक्तिहरूले उनीहरूको काल निर्धारण गर्ने चेष्टा गरेका छन्। तर हाम्रो इतिहासको लागि कुनै हालतमा स्वीकार गर्ने योग्य छैन।

तै पनि जगत्प्रसिद्ध भाषा वैज्ञानिक महावैयाकरण पाणिनिको मान्यताबाट पनि "हिन्दू" शब्द धेरै पुरानो सिद्ध छ। महामुनि पाणिनिलाई आफु भन्दा पूर्वका ऋषि वृहस्पति, व्यास शाकपुणि आदि थाहा थियो र त आफ्नो धातु पाठमा (हिडि = गत्यनादरयोः) यो पाठ राखे। त्यसो हुँदा "हिन्दू" शब्द संस्कृतको हैन। अनि व्याकरणवाट सिद्ध हुँदैन भन्नेहरूमाथि यसैले प्रष्ट बुझाई दियो कि यिनीहरूको ज्ञान कति रहेछ। यहाँ पाणिनिले "हिडि" धातुको दुइटा अर्थ गरेका छन्। एउटा 'गति' र अर्को "अनादर" अर्थ गरेको छ। "गति" को पनि चारोटा अर्थ हुन्छ। गति = ज्ञान, गतिः = प्राप्तिः, गति = गमन, आदि अर्थहरूबाट आफूलाई मन पर्दो चाँहिने अर्थहरूको निर्देश पाणिनिले गरिदिनु भएको छ। त्यसो हुँदा हिण्डति = जानाति चराचरञ्जगत् इत्यादि अनेक अर्थ हुन सक्छ। यहाँ प्रकृतिमा हिडि धातु-देखि पर तिर औणादिक ऊ प्रत्यय गरे पछि "डकार" मा इकारको इत्संज्ञा गरे पछि लोप हुन्छ। अनि "इदितोनुम्" भन्ने सूत्रले नुम्को आगम गरे पछि स्वादिकार्य हुन्छ। त्यसपछि "हिन्दू" शब्द सिद्ध हुन्छ। "हिन्दू र हिन्दु" दुवैरूप शुद्ध हो। पृषोदरादिले पनि सिद्ध हुन्छ। यस रीतिले व्याकरणबाट पनि "हिन्दू" शब्द सिद्ध हुन्छ। अनि संस्कृतको शब्द न हुने कुरै के? अब भौगोलिक छान वीन पनि आवश्यक बुझिन्छ।

ईसा भन्दा पूर्व सिकन्दर बादशाह भारतमा आएर गुट्मुट्ट पारी फर्कदा "हिन्दू कूट" अर्थात् हिन्दू कुस पर्वत भएर जाने योजना उसको आफ्नो जीवनोमा लेखिएको छ। हिन्दू-शब्द आधुनिक हो भन्नेहरूसँग सोध्न सकिन्छ

---

१. गोषु भक्तिर्भवेद्यस्य सदाचरण तत्परः।
स वै हिन्दुरिति प्रोक्तः श्रुतिस्मृतिपथे स्थितः॥ (त्र्यंवकरहस्य)

२. वेदवैदिक विश्वासो गोभक्तो मूर्तिपूजकः।
पूर्वजन्म पुनर्जन्मप्रत्ययो हिन्दुरुच्यते॥ (हिन्दू रहस्य)

कि "हिन्दू कुस[१] पर्वतको नाममा जोडिएको हिन्दूशब्द कैले जोडिएको हो ? त्यसको इतिहास कति पुरानो हो ? सिकन्दर भारतमा आएको पनि ढाई हजार वर्ष पहिले त्यो पर्वतको मानसंग हिन्दू शब्द जोडियो ? मान्छेलाई असली कुरा त थाहा नै छैन । त्यसै हो हल्लामा "हिन्दू" शब्द नयाँ हो भनेर आफ्नो इतिहासको हत्या गरेर हुँदैन सकली कुराको पता लगाउँन आवश्यक छ । अनि विश्वप्रसिद्ध "हिन्दूमहासागर" को नाममा पनि "हिन्दू" शब्द जोडिएको छ । कैले जोडिएको हो ? त्यसै प्रकारले ईसा भन्दा पूर्वको प्रसिद्ध यूनानी इतिहासकार श्रीस्ट्रोबोले पनि हिन्दूहरूका लागि धेरै भौगोलिक साक्षीदिएको छ । फ्रेञ्च विद्वान् एम० लुई जकालियटले पनि यी कुरालाई मनग्यस पारेर राखेका छन् । त्यसो हुँदा पाश्चात्य र पौरस्त्य दुवै प्रमाणले हिन्दू शब्द प्राचीन हो भन्ने कुरा सिद्ध हुन्छ । केवल सिद्ध भयो भन्ने कुरा मात्र पनि हैन अपितु सधै आदरणीय पनि छ ।

केवल वैदिक वाङ्मयले मात्रै गौरव पूर्ण अर्थ मानेको हैन, किन्तु हिन्दीको कविहरूले पनि "हिन्दू" शब्दलाई आदरणीय र गौरव पूर्ण मानेको प्रष्ट देखिन्छ । जस्तै–१२ शताब्दीको—

कवि चन्दबरदाईले "पृथ्वीराज रासो" भन्ने ग्रन्थमा 'अटल हिन्द व अस्थान" 'मति हिन्दू पर साहिसज्जि" आदि कविताहरूले हिन्दू शब्दको गौरव पूर्ण वर्णन गरेको पाइन्छ । हिन्दू सम्राट् महाराजा शिवाजीको गुरूदेव समर्थ गुरू रामदास-ज्यूले पनि आफ्नो भविष्यवाणीमा "हिन्दतां फिरतां गेलो" हिन्दू-स्थान बलाबले भनेर हिन्दूशब्दलाई आदरार्थमा नै प्रयोग गरेका छन् । ओरङ्गजेबको आश्रयमा बस्ने भूषण कविले पनि "राखी हिन्दुवानी हिन्दुवान के तिलक राख्यो" भनेर शिखहरूको नवम गुरू तेगबहादुरले 'सूर्यप्रकाश" मा भने—

"उत्तर भाग्यो धर्महरू हिन्दू, अति प्रियके किस करे निक्कन्द" । त्यसै प्रकारले दशम बादशाह गुरू गोविन्द सिंहले पनि 'सकल जगतमे खालसा पन्थ जागे, जगे धर्म हिन्दू सभी भण्ड भाजै, भनेर हिन्दूधर्मको लागि बलिदान दिने-हरूलाई हिन्दूशब्द अपमान जनक भनेर थाहा थिएन ? हिन्दू शब्दको अर्थ गौरव-पूर्ण नै बताएको देखिन्छ । बुंदेलखण्डको शक्तिशाली राजा सुजानसिंहले आफ्नो

---

१. वस्तुतः यस पर्वतको नाम हिन्दू कुस, हिन्दू कोष र हिन्दूकोट तीनैले शुद्ध हिन्दूहरूकै इतिहासलाई बताउँछ । अनि हिन्द चीन र हिन्द-एशियाले पनि हिन्दूहरूकै प्राचीन इतिहासलाई सुरक्षित पारेर राखेको बुझिन्छ । यस हिन्दू शब्दको जरो पैल्याउन जाँदा अथाह गहीरो भंवरी परेको सरोवर जस्तो बुझिन्छ । त्यसो हुँदा यसको इतिहासलाई धमिल्याउँन सकिँदैन ।

मित्र छत्रसालसँग भन्यो "पातसाह लागे करन, हिन्दूधर्मकों नासु' भनेर राजोचित जोश पूर्ण भावमा कविता तुलाएकों थियों । के इनोहरूलाई थाहा थिएन कि के हो ?

"हिन्दू" शब्द अपमानित अर्थमा हामीहरूमाथि प्रयोग गरेको जाने त ती क्षेत्रिय वीर त्यसै बसी रहने थिए र ? अवश्य नै के के हुने थिए । तर हिन्दू शब्द कुनै पनि कालमा कुनै पनि हालतमा अपमानित गर्ने हालतमा प्रयोग गरिएकै थिएन । मुसलमानहरूले गाली दिनलाई "हिन्दू" शब्दको प्रयोग त के गर्थे, उल्टै हिन्दूस्तानको मुसलमानहरूलाई नै 'हिन्दू' भन्दथिए ।[1] त्यसो हुँदा इतिहास व्यवहारबाट अबूझ भएका मानिसहरूका भ्रमात्मक कुरा मात्रै हो । तथ्य कुरा छैन । त्यसो हुँदा हामीले आफूलाई 'हिन्दू' भन्दा ऊँधोमुन्टो लगाउँने कारण नै के छ ? अब रह्यो भाषा वैज्ञानिकहरूको कुरा, ती पनि सारै वुद्धि ग्राह्य छैन । किन भने 'नेतासिन्धुनाम्' भनेर ऋग्वेदमा भनिएको छ । तर सिन्धुबाट नै हिन्दूशब्द बनेको हो पनि भनि रहनु पर्दैन । भए पनि आपत्ति छैन ।

कतै वर्ण व्यत्यय पनि हुन्छ । कतै हुँदैन । काँहि सप्ताहको हप्ता पनि भयो । त्या हुन्छ भन्दैमा सबै ठाऊँमा लाग्ने नियम हैन । त्यसो हुँदा सप्तसिन्धु प्राचीन नामबाट बिस्तारै "हप्तहिन्दु" भएको हो भन्ने कल्पना पनि गहकीलो छैन । भविष्यपुराणको प्रतिसर्ग पर्वको पञ्चम अध्यायमा[2] "हप्त हिन्दु" शब्दको प्रयोग स्पष्ट छ । यो अवश्य छ कि सिन्धु र हिन्दू शब्द दुवै समानार्थक हुन् भन्छन् "सिन्दुहिन्दुसमानार्थौ मन्यन्ते वेदपण्डिताः" । ( हि० ना० पृ० १ ) प्रयोग त भएकै देखियो । वेश छ । उत्तम छ ।

अब विशेषरूपमा विचारणीय यो छ कि "हिन्दू" शब्दको चोर, डाका आदि हीन अर्थमा प्रयोग भए पनि क्यै आपत्ति छैन । त्यो त उर्दू, अर्बि आदि भाषामा कालो रङ्ग आदिमा प्रयोग भए पनि हाम्रो क्यै बिग्रदैंन । हिन्दूशब्द संस्कृतको

---

१. हिन्दू शब्द हिन्दुस्तानको मुशलमानहरूको लागि पनि प्रयोग भएको देखिन्छ । "मौलाना रूप" ले लेखेको छ—चार हिन्दू दर इके मसजिद शुदण्ड, बाहिरे ता अत एकेओ मसजिद शुदन्द" अर्थात चारहिन्दू मसजिदमा गएर अदायत "प्रार्थना" गर्नको लागि तैयारी गर्न थाले । यहाँ यो शंका स्वाभाविक छकि हिन्दू मसजिदमा किन गए ? त्यसमा टीकाकार "मोलवी बहरूल्ला शाहबले" प्रष्ट लेख्नु भएको छ कि "हिन्दू" शब्दको अर्थ हो हिन्दूस्तानको मुसलमान हो ।

२. जानुस्थान जैनशब्दः सप्तसिन्धुस्तथैवच ।
हप्तहिन्दुर्यावनीया पुनर्ज्ञेया गुरूण्डिका ॥

शब्द हो, संस्कृत व्याकरणबाट सिद्ध छ। अनि अति प्राचीन साहित्यहरूमा पनि पाइने हुनाले नवीन शब्द पनि हैन। अनि गाली गर्ने शब्द पनि हैन। नभए त हिन्दू शब्द जस्तै आर्य शब्द पनि "नराम्रो[१]" अर्थात् मारेर फेंकने अर्थमा छ। प्राप्तव्य अर्थमा पनि छ।

आर्य शब्दको अर्थ पनि "दस्यु" आदिमा भएको हुनाले हामीले आफूलाई "आर्य" न भन्ने ? जस्तै आर्य आफूलाई गौरवसँग मान्द छौं। त्यस्तै प्रकारले "हिन्दू" शब्द पनि गौरवपूर्ण छ। हिन्दू, हिन्दी, र हिन्दुस्थान जस्तै हिन्दूहरूको एकमात्र नेपाल हिन्दूराष्ट्र हो। हिन्दूशब्दको गलत अर्थ हुन सक्दैन। अनि हिन्दू र आर्यशब्द पर्यायवाची हो। यो कुरा अवश्य नै गम्भीर र विचारणीय छ कि "यवन" र मुसलमानमा के अन्तर छ ? किन भने कालिका पुराण, शारङ्गधर पद्धति, महाभारत आदिमा यवन र म्लेच्छ शब्द धेरै प्रयोग भएका छन्। मनुस्मृतिको[२] अध्याय दश ४३-४५ मा यवन शब्दको प्रयोग देखिन्छ। अनि यी ग्रन्थहरू त धेरै पुराना हुन्। तर महाभारत भन्दा पनि धेरै पछि र ईसा भन्दा सात सहे वर्ष भन्दा पनि पूर्वको पाणिनीले[३] पनि यवनशब्दको प्रयोग गरेको छ। अरू हामीहरूको आँखाबाट ओझेल परेको कैयों ग्रन्थहरूमा पनि "यवन" शब्द कोरिएका होलान्। हामीले जाने :जत्ति मात्र हो ती देखि बाहेक अरू जान्ने कुरै छैन भन्नु कसैले पनि सक्दैनन्। तर यो अवश्य छ कि हामीले पढे जाने सम्मको पुरानो ग्रन्थहरूमा हिन्दूशब्द जस्तै यवनशब्दको

---

१. त्वं तान् इन्द्र ? उभयान्-अभित्रान् दासा वृत्राणि आर्या च शूर ? (ऋ० वे० मं० ६।३३।३ ) यो नो दासः आर्यो वा" ( ऋ० १०।३८३ ) यी दुवै मन्त्रको अर्थ पण्डित शिवशङ्करले, वैदिक इतिहासार्थ निर्णय' तथा प० राजारामले 'वेद प्रकाश' भन्ने ग्रन्थहरूमा दिनु भएको छ। विज्ञजनहरूले उतैबाट जान्नु। ग्रन्थ विस्तारको भयले यहाँ सूत्ररूपमा उल्लेख गरिएको छ।

२. लाखौं वर्ष पुरानो मनुस्मृतिमा पनि "यवन" शब्दको नाम उल्लेख भएको हुनाले हिन्दू र यवनहरूको तेतिखेर साह्रै भेद थिएनन् होला। ब्राह्मणादि चार वर्णमा कुनैमा हुनु पर्छ। मनुस्मृतिको कुनै भाग भृगुले बनाए पनि मनुस्मृतिको काल लाख वर्ष सम्म अवश्यनै हुन्छ। त्यस पछि पुराण महाभारतको समय आउँछ। यी सबैमा जहाँ काहि "यवन" शब्दको प्रयोग देखिन्छ। महाभारत "शकाः यवन कम्बोजा.......क्षेत्रिया" भनेका छन्।

३. पाणिनिको अष्टाध्यायीमा ४।१।४९ मा हेर्नुहोस्।

पनि उल्लेख मिल्ने हुनाले, त्यों शब्द विचारणीय भएको छ। के माथिको ग्रन्थहरूमा प्रयोग भएको "यवन" शब्द या म्लेच्छ शब्द आजको मुसलमानहरूको वाचक हो त ? मैले त अन्यत्र प्रष्ट लेखिदिएको छु। मुहम्मद शाहबको पूर्वज हिन्दू थिए। ब्राह्मण जातिका थिए। मेरो मतमा आज जति हिन्दू र मुसलमान हरूमा अन्तर पाउँछौं। महाभारत पुराणादि कालमा "यवन" र हिन्दूहरूमा त्यति सारो भेद थिएन होला र हिन्दू कै एउटा हाँगा मात्रै थिए होला। अनि मुसलमान शब्द धेरै पछि प्रयोग हुन थालेको देखिन्छ। ती माथिका ग्रन्थहरूसँग तुलना गरेर हेर्नुहोस्।

अब कतिपय हाम्रा बौद्धभाईहरूले पनि हामी हिन्दू हैनौं। हामी त बौद्ध हौं भन्छन्। तर फेदैबाट गोडेर विचार गर्दा ती विश्वको कुना काप्चामा फैलेका समस्त बौद्ध हिन्दू नै हुन्। अनि विश्वमा बस्ने बौद्धहरूको धर्मगुरू श्री दलाई लामाले पनि दुई लाख जन समुदायमा प्रयागराजमा आफ्नो उद्घाटन भाषणमा कुरा प्रष्ट बुझाएर भनेका थिए। यी जन समुदायमा म एकलै हैन अपितु विश्वको चालीस देशको पाँच हजार प्रतिनिधिहरू पनि विद्यमान थिए। तर दुराग्रहले नै मान्छेलाई खान्छ। यहाँ हामीले दुराग्रहलाई छोडेर विचार गर्दा बुद्ध-भन्दा हजारौं वर्ष पूर्व हिन्दू नै थिए। हिन्दू नै आर्य हुन्। स्वयं गौतम बुद्धको बुवा म ाराजशुद्धोदन हिन्दू नै थि ए। हिन्दूको छोरा हिन्दू नै हुन्छ। कारणवश या परिस्थितिवश सम्प्रदाय या मत मतान्तर अथवा पन्थलाई स्वीकार गरे पछि उही हुने हैन। अतः सामाजिक स्थितिको लागि मान्यता मात्रै हो। नभए आज वैष्णव, भोली शैव, पर्सी पार्सी कसरी हुन्छन् ? जस्तै राजनीतिमा एउटा पार्टीबाट अर्को पार्टी बनाएर समाजमा जागृति ल्याऊँनको निम्ति आन्दो-लन गर्छन्। आफै आफैमा लड्छन् भीड्छन् पनि। तर समय आइला ेको बेलामा नेपाल एक छौं भन्छन्। त्यस्तै प्रकारले बुद्धकालका यज्ञहरूमा धार्मिक कुरीति आएका हुनाले बुद्धले आफ्नो एउटा भिक्षुसङ्घ बनाउन आवश्यक थियो। अनि भिक्षु र गृहस्थ आदि सबैको लागि त्रिपिटकको उपदेश गर्न थाले। त्यो उपदेश सफल भएर विश्वमा चम्क्यो। बुद्ध लुम्बिनी नेपालमा जन्मे। नेपालमै युवा भए। नेपालमा ज्वाँई पनि भए। नेपालैमा बाबु पनि कहलाए। अनि कपिल-वस्तु तौलिहावमा नै वैराग्यको वेथाले पनि पक्र्यो। अनि नेपाल छाडेर बुद्ध गया पुगे। पछि बोध भएर भारतलाई आफ्नो तपोभूमि बनाउने बुद्ध के हिन्दू थिएन र ?

बुद्ध हिन्दू नै थिए। किन कि बाउ बाजे हिन्दूनै थिए। बुद्धको अनुयायी विश्वमा जहाँ सम्म छन्। ती सबै हिन्दू नै हुन्। अब रह्यो हिन्दू भन्दा बौद्ध

पुरानो हो, भन्ने कुरा त्यो त माथि पनि चर्चाई राखेको छ। तै पनि अरू चर्च्याइ दिन्छु। विश्वको पुरानो साहित्यमा हिब्रू, लैटिन, चीन आदिसँग धेरै दिनसम्म विवाद भए पछि चीनीको धर्म ग्रन्थ प्राचीन हो भन्ने कुरा प्रष्ट भयो। ती "शुकिंग" ग्रन्थका काल ईसा २४०० वर्ष पूर्व भएको हो।[१] र "शीकिंग" भन्ने ग्रन्थको रचनाकाल ईसा देखि १७६६ वर्ष पूर्व मानेका छन्। तर ती भन्दा पनि हजारौं वर्ष पूर्वका पार्सीपनहरूको जेन्दा अवस्था ग्रन्थमा "हिन्दू" शब्दको उल्लेख छ। फेरि महर्षि शाकपुणि, बृहस्पति, व्यासादिका ग्रन्थहरूमा पनि राम्ररी "हिन्दू" शब्दलाई सच्याई राखेको देखिन्छ। अनेक विदेशीहरूका साक्षीले पनि हिन्दू अति पुरानो शब्द सिद्ध भएको हुनाले हामीले खिचातानी गर्ने कुनै आवश्यकता बुझिन्न। त्यसो हुँदा भगवान् बुद्ध भन्दा लाखौं वर्ष पुराना हिन्दू हो भन्ने कुरा सिद्ध छ। त्यस्तै जैन पनि हिन्दू नै हुन्। हाम्रो ऋषिवर ऋषभदेव नै जैनीहरूको आदि पार्श्वनाथ हो। तर बुद्ध भन्दा जैनीहरू निकै पुराना हुन्। त्यसै रीतिले १४ शताब्दीको गुरू नानकदेव पनि हिन्दू नै हुन्। दशमा गुरू गोविन्द सिंह, ले त हिन्दूहरूका लागि आपना प्यारा छोरा हरूलाई पनि बलिको वेदीमा सदाको लागि अर्पण गरे। १८ शताब्दीको स्वामी दयानन्द धुरन्धर विद्वान् वक्ता लेखक गुजराती ब्राह्मण हुन्। यी सबै प्रमाणहरूले यो सिद्ध गर्छ कि जैन, बौद्ध, सिख आर्यसमाज सबै हिन्दू नै हुन्। पूजा, पाठ, खान, पानले क्यै अहिन्द हुने कुरा पनि छैन। देशकाल परिस्थितिवश सबै अनुकूलर प्रतिकूल हुनु स्वाभाविकै हो। त्यसो हुँदा हामीले ज्ञान प्राप्त गर्न चाहेको हुनाले नै हामी बौद्ध हौं। अहिंसा चाहेको हुनाले हामी जैन हौं। शिक्षा चाहेको हुनाले हामी नै सिख पनि हौं। समाज सुधार चाहेको हुनाले नै हामी आर्यसमाज हौं। अनि हामी हामी सबै मिलेर मूलरूपले हिन्दू नै छौं पनि, यसमा क्यै अतिशयोक्ति छैन। यहाँ सम्म हिन्दू शब्द कति पुरानो हो। कुन कुन

---

१. जे जति पुरानो मानिए पनि विश्वको समस्त वाङ्मयकै अनुवाद मात्रै हो। ई० पू० देखि नै चीनी, अरबी, फार्सी, ईरानी, तिब्बती, लङ्का, बर्मा, सिंगली, आदि अनेकौं भाषाहरूमा संस्कृतको आयुर्वेद पञ्चतन्त्र, गीता आदि अनेकौं ग्रन्थका अनुवाद भइसकेका थिए। कैयौंले अनुवाद गर्दै मूल नष्ट गर्दै गए। सबै भन्दा धेरै प्रसिद्ध पुस्तक "पञ्चतन्त्रको" एशिया, यूरोप, अफ्रीका, अमेरिका आदि सबै भू-भागको भाषामा अनुवाद भएको छ। हि० वि० प० १९७९ को "संस्कृतका विश्वव्यापी प्रभाव" लेख हेर्नु होस्।
(ले० श्रीधर भास्कर वर्णेकर)

प्रमाणले सिद्ध हुन्छ । काहाँ काहाँ उल्लेख भएका छन् र कतिलाई हिन्दू भनिन्छ भन्ने विवेचना भइसके पछि हिन्दूको लक्षण माथि पनि क्यै विचार गर्नु आवश्यक छ । किन भने लक्षण र प्रमाण नभई वस्तुको सिद्ध हुनै सक्दैन । आधुनिक विद्वान्हरूले जे जति लक्षण गरे ती आफ्ना दृष्टिमा ठीकै छ । तर मैले आधुनिक विद्वान्हरूको लक्षणलाई उद्धृत गर्नु आवश्यक सम्झिन । किन भने धेरै छ । डङ्गूर छन् । अनि प्राचीन र मैले पढ़दा पाए सम्म प्रमाण र लक्षण माथि लेखि सखिए । यहाँ म सवै माथि घटने युगानुकूल हिन्दूको लक्षण प्रस्तुत गर्दै छु । त्यो लक्षण यो हो "पञ्चगकारत्वावच्छिन्नोङ्कारमूलमन्त्रत्वे सति पुनर्जन्म विश्वासवत्वं हिन्दू:" यस लक्षणमा आएको पाँचोटा गकारको अर्थ यो कि गुरू, गायत्री, गीता; गङ्गा, गौ, यिनलाई जसले श्रद्धापूर्वक मान्दछ । अनि ओङ्कार जसको मूलमन्त्र छ र जसले पूर्वजन्म र पुर्नजन्म मान्द छ । अथवा जसले पूर्व जन्मर पुनर्जन्ममा विश्वास राख्दछ त्यो हिन्दू हो । त्यसो हुँदा गीता, गङ्गा, गौ, मानेहरूको लागि क्यै कुरा कोटयाउने मेसो गर्नु परेको छैन । अनि "ओं मानि पेमा हुँ वज्रगुरू पेमा सिद्धि हूँ" भनेर आफ्नो मूल मन्त्रमा बौद्धहरूले "ओङ्कार" र "गुरू" लाई ठूलो मान्यता दिएको हुँनाले हिन्दू नै हुन् । जैनहरूले पनि "ओंनमो अरिहन्तारम्" भनेर सवै भन्दा पहिले "ओङ्कारकै उच्चारण गर्छन् । अनि सिखहरूले त "वाहै गुरू सत्त नाम इक ओङ्कार:" भनेर गुरूग्रन्थ शाहबको पाठ सुरू गर्छन् । आर्यसमाजले त समस्त वेद उद्धारका कार्य नै आफ्नो काँधमा लिएको छ । अनि जैन, बौद्ध, आर्यसमाज, सिख, सनातनी, सवै मिलेर एक हिन्दू मात्रै हौं । कुनै वेला कुनै परिस्थितिले क्यै मतभेद भएता पनि, त्यो त्यतिखेर थिए । अव पनि विश्वमञ्चमा हिन्दू नै छौंर हिन्दू नै हौं भन्नमा जैन, बौद्ध, सिख, र आर्यसमाजहरूले हिच-किचाउँने क्यै अवसर देखिदैन । हामी सवै हिन्दू हौं हामीलाई विश्वास छ ।

हाँ यस दुराग्रह माथि पनि दुई शब्द भन्न आवश्यक बुझिन्छ । आजको युगमा पाइने वेद, ब्राह्मण, आरण्यक, उपनिषद् आदि मूल वैदिक ग्रन्थहरूमा "हिन्दू" शब्द नदेखिएको हुनाले पहिले हिन्दू थिएनन् भन्नु अलिकति संज्ञना नभएको कुरा मात्र हो । विषय प्रकरण संगत अथवा प्रसंगले मात्रै ती शब्द हरूको प्रयोग गर्न पाइन्छ । जताभावी गर्दा "आम्रान् पृष्टे कोविदारान्नाचष्टे" अर्थात् आमको रूख कुन हो भनेर सोद्दा कोइरालाको बुटा यै हो, भने जस्तै हुन्छ । अर्थात् अप्रासंगिक हुन जान्छ । त्यसो हुँदा हाम्रा त्रिकालदर्शी ऋषि, मुनि, आचार्यहरूले अप्रासंगिक नहोस भन्नाको निम्ति सवै ठाउँमा कोरेनन् । जहाँ जहाँ लेखेका थिए ती ग्रन्थनरू लुप्त भए । मांसिए । च्यातिए । भुसुक्कै बरबाद भएर फालिए । अनि कतिपय शेष रहेको ग्रन्थहरूको उद्धरण माथि दिएकै छ ।

न्छ। अनि व्यर्थको टाउको दुखाइमा किन जाने ? के वेदमा हाम्रा जिजु च्याप्जुहरूका हाम्रा बूबाका नाम लेखेका छैनन्। अब के हाम्रा बूबा जुजु बराजुहरू थिएननन् भन्ने ? यो "वदतो व्याघात"[१] मात्रै हो। त्यसो हुँदा हाम्रा पुर्खाहरूका नाम वेदशास्त्रहरूमा न लेखिएता पनि हामीले जसरी आफुलाई मानी आएका छौं, त्यसै रीतिले हिन्दू शब्द मूल वेदमा नभएपनि हामी हिन्दू छौं। अनि फेरि करोडौं वर्ष को इतिहासमा कसकसको जुजु बाजेको नाम लेखने। के साध्य छ। यो अंग्रेजी तारिके इतिहास हैन। यो त अरबौं वर्षको संक्षिप्त सकेत सूत्रात्मक इतिहास हो। त्यसो हुँदा मानव चिन्तनाको क्षेत्रमा फर्केर आपनो मोहडा हेर्नु आवश्यकता छ। कति कुरा कुनै विषयको ग्रन्थमा हुन्छ। कति कुनै ग्रन्थको विषयमा हुन्छ। त्यो समन्वय गर्ने विद्वान्हरूको बुद्धि हो।

त्यो सौख्य हिन्दू रहस्य हो। यस प्रकारले हिन्दू अपर नाम आर्यहरूबाट पार्सी, बौद्ध, रोम, वैण्डिक, स्यूटनिक, स्कान्डेनेवियर, केल्टिक, स्लाबोनियम, आदि शाखामा बाँटिए। सेमेटिक धर्ममा पनि ईजिप्सियन, बेविलोनियन, असीरियन, फिनिसियन, जुडियन, मुहम्मदीय, क्रिश्चयन, हिन्दूहरूकै हाँगा विंगा हो। यस प्रकारले ईसाई, मुसाई, यहुदी, हिन्दूबाट पर भैकन अब हिन्दू अर्थात् आर्यहरूलाई बिर्सेको मात्रै हो। त्यसो हुँदा यी सवैको मूल हिन्दू नै ठहरिन्छ। त्यतिमात्रै हैन अपितु धर्म ग्रन्थहरूको उत्पत्ति सम्बन्धी धर्म, कथा, ज्ञान, विज्ञान, आदि पति यतैंबाट दाईजोमा गएको प्रष्ट बुझ्नु पर्छ। त्यो माथि, तत्तत् स्थानहरूमा यथा संभव सूत्ररूपमा लेखिएको छ। दुर्भाग्यले गर्दा अथवा पाश्चात्यहरूको कूटनीतिले गर्दा आज हामीले आफ्नो विर्सेर स्वाहा पारीएको हो। हामीलाई पाश्चात्यहरूले मान्छे बनाए। गनाउने फोहरी थियौं। अब मान्छेको सामुमा गनाउँने पारे भनेर क्यै फुर्किने आवश्यकता छैन। यहाँ तेती सारो निमकहराम पनि हामी छैन। ती पाश्चात्यहरूले गरेको उपकारको ख्याल पनि छदै छ।

तर १६ शताब्दीबाट लिएर के चाल खेले। चालढ़ाललाई कसैले बुझ्न सकेनन्। अरूले के भारतकै हिन्दूहरूले पनि बुझ्न सकेनन्। कुनै नेताहरूले बुझे भने पनि बुचपचाए। किन भने स्वार्थ सारै नै घातक हुन्छ। ती पाश्चात्यहरूले एकतिर भारतमा शासन पनि गरे। उता ठूला ठूला कल, कारखाना, पुल, बाटो, पुस्तकालय, स्कूल, कालेज, विश्वविद्यालय खोलेर आँखामा धुलो हाल्दै उता तीर हिन्दू इतिहासको पाना बिगार्न सके सम्म उखुई गरे। त्यसो गर्ने के मतलब

---

१. यावज्जीवमहं मौनी ब्रह्मचारी च मे पिता।
माता तु मम वन्ध्यैव पुत्रहीनः पितामहः॥

थियो ? भन्दा हिन्दूस्थानीहरूले प्रष्ट शब्दमा भन्द थिए कि तिमीहरू वाहीरवाट आएका छौ । त्यसो हुँदा तिमीहरूको यहाँ दाल गलने छैन । त्यो कुरालाई फेल पार्नका लागि उनीहरूले पुरातत्त्व र इतिहास संसोधनको आश्रय लिएर सर्व प्रथम "एशियाटिक सोसाईटी संस्थान कलकत्तामा स्थापना भयो । त्यस संस्थाबाट सर्वप्रथम सर विलियन जोन्सले हिन्दू इतिहासको विषयमा एक वक्तव्य दिएको थियो । त्यस वक्तव्यबाट काम त एकदम एकासिएर सुरू भयो । वाहा-वाहा पनि हुँदै गयो । तर बाहिर भित्र दुवै तीर सरासर इतिहासको नाममा त्यो 'पुराणको कुरा झूठो हो । त्यो गुप्त कालमा लेखिएको हो । त्यो झूठा कल्पना मात्रै हो भनेर संस्कृत साहित्यको र वैदिक वाङ्मयको जरोमा चाणक्यले कुशको जरोमा मोई हाले जस्तै गरेको छ । यद्यपि पाश्चात्यहरूको दाँजामा राखेर हेर्दा सारै दुःखले संस्कृत पढने पाश्चात्य विद्वान् विलियन जोन्स नै हो भन्न सकिन्छ । संस्कृतको क्यै सामान्य ज्ञान गर्ने अभिप्राय पनि, पछि मान्छेले प्रष्ट बुझे । ती भन्दा प्रष्टै हिन्दू इतिहासको जरो मूल माथि तुसारो पार्ने मान्छे लार्ड[1] माईकाले हो । उसैले कैयौं ठाउँमा प्रष्ट भनेको पनि छ । तर पाश्चात्य विद्वान्हरूलाई हामी दोष दिन्नौं । बरू गुरू मान्दछौं । परन्तु इतिहास लेखिदिए भनेर हैन । आँखा खोलिदिए भनेर गुरू मान्न आवश्यक छ । अव पनि हिन्दू समाजले आँखा खोलेनन् भने कसलाई दोष दिन जाने ? उनीहरूले त आफ्नो काम पुरागरेर गए । त्यसो हुँदा समस्त वेदादि वाङ्मयबाट निम्ति खोजी गरेर हिन्दू इतिहासको पुनर्लेखन आवश्यक छ । नत्र भविष्यमा हाम्रा सन्तानले अंग्रेजो इतिहास त जानलान् । तर आफ्नो इतिहासको लागि आँखामा पट्टी बाँधेर बसने छ । हिन्दू वा आर्य इतिहास बाहिरबाट आएको सिद्ध हुने छ । विहान भुलेको बेलुका घर पुगे भने भुलेको मानिदैन ।

उता भारतखण्ड जम्बू द्वीपमा बस्ने हिन्दूहरू आपसीमा त्यै इतिहासलाई मनेर नाना प्रकारका विवादहरू उब्जाएर बाटिदै गए । विशेष गरेर भारतखण्ड-बाट जो गए, तीत गँहाले तर भारतखण्ड भित्र बस्नेहरूले पनि खाने, पीने, पूजा,

---

(1) English education would train up a class of persons Indian in blood and calour, but english in tastes in opinions, in morals and in intellect.

यो अंग्रेजी शिक्षाले एउटा यस्तो वर्ग तयार पार्ने छ, जो रगत र रङ्गमा त भारतीय ( हिन्दू ) हुने छ । तर रूचि, विचार, आचार र बुद्धिमा अंग्रेज हुनेछ । हुन पनि ठीक त्यस्तै भई राखेकों छ । ( प्रा० भा गोमांस ए० स० पृ० छ )

पाठ, या कुनै कुरालाई लिएर आपसीमा वैमत्य हुँदै बेग्लिदै गए । शाक्य बंशी महाराजा शुद्धोदनको पालामा पनि अनेक सम्प्रदायहरू१ थिएछन् । त्यो त्रिपिटक भन्ने ग्रन्थबाट बुझिन्छ । त्यसतै जैन भएलो बेलामा पनि वैमत्य भएर नै अनेक मत मतान्तरले गर्दा एक सौ एक करोड़ हिन्दूहरू मध्ये अब सबै भन्दा थोरै संख्यामा बाँचेका छन् । तेति संख्या भएका हिन्दूहरू कहाँ बसथे ? भनेर शङ्का गर्ने मेसो छोडेर आपनो इतिहास खोजनु होस । आफै मिलने छ । फेरि पनि मिलेर हिंडे हाम्रो संख्या बन्न सक्छ । अग्निमीले विश्वको पहिलो साहित्यको, पहिलो ग्रन्थको, पहिलो मण्डलको त्यसमा पनि पहिलो अष्टकको त्यसमा पनि पहिलो सूक्तको, त्यसमा पनि पहिलो मन्त्रको पहिलो शब्दलाई लिएर प्राचीन हिन्दूहरूले विश्वमा जगद्‌गुरू नाम पाए । त्यो नाम र कर्मलाई नबिर्सेर आपनो इतिहासको मूल भित्तासँग मिलने काम सर्वोत्तम हुने छ । ती सबै जैन, बौद्ध, सिक्ख, आर्यसमाज, आज पनि एकै मूलमा विश्वमञ्चमा उब्भिएको प्रष्ट छ । त्यो प्रष्ट चिनिने अभिप्रायलाई धमीलो पार्नको लागि धेरै प्रयत्न गरे । तर अब ती प्रयत्न-हरूबाट सफल हुनुनै हिन्दू मात्र को कर्तव्य हो ।

# ईशा पूर्वको शिलालेखहरूमा पनि 'हिन्दू' शब्दको उल्लेख पाइन्छ ।

कतिपय हाम्रा अधकलचो सज्जनहरूले 'हिन्दू' लाई शब्द अत्यन्त आधुनिक हो भन्छन् । प्रसङ्गवश आज पनि भन्ने नै गरेका छन् । तर मुखमा वुजाहाल्ने सामर्थ्य कसैको हुँदैन । आंग पछाडी भए पछि मुखमा जे आयो त्यही नै भनी हाल्छन् । तर अध्ययन नगरी भनी हाल्ने मानिसहरूको मुख प्रमाणिक कुनै हालतमा पनि हुन सक्दैन । उनीहरूको मुख सही हो भने तलका प्रमाणहरूले के भन्छ ?

जेम्स हेस्टिंस कृत 'इन साइकोलोपीडिया ओफ रिलिजन्स एण्ड एथिक्स' नामक ग्रन्थको ( पृ. नं. ३८६ ) मा 'हिन्दू' शब्दको प्राचीनता वताउँदै लेखेको छ कि 'ईसा भन्दा पनि ४८६ वर्ष पूर्वको दारा हस्तास्पको स्मारक शिला लेखमा 'हिन्दू' र 'हिन्दुस' दुवैरूपमा उल्लेख पाइएको छ । यो शिला लेख स्मारक ऐले ईरानमा परसीपोलिस नगरको छेऊमा पर्छ । तर माथि लेखेको शिलालेख काल निर्धारण अझ पुरानो ठहरिन्छ । किन भने डेरियस = दारा अथवा दारावश आखनि राजवंशको तृतीय सम्राट् थियो । यसले ई० पू० ५२२ सम्म शासन गरेको हो । उसले भारतमा आक्रमण गरेको उल्लेख उसैको शिलालेख-अभिलेख-हरूमा पाईन्छ । जस्तै बेहिरीन-अभिलेख ई० पू० ५२० देखि ई० पू० ५१८ मानिएको छ । दोस्रो अभिलेख—परसीपोलिस अभिलेख हो । जो कि ई० पू० ५१८ देखि ई० पू० ५१५ सम्म मानिएको छ । तेस्रो अभिलेख—नक्से रुस्तम अभिलेख हो । जो ई० पू० ४१५ सम्मको निर्णय भएको छ । चौथो अभिलेख हमदन् अभिलेख हो । जसको काल निर्णय ऐले सम्म भएको छैन । तर कुनै हालतमा ईसा भन्दा यताको होइन । अपितु ईसा देखि धेरै पूर्वको हो भन्ने प्रमाण अभिलेख ज्ञाता विद्वान्हरूले प्रस्तुत गरेका छन् । अनि यी माथि प्रस्तुत गरिएका शिलालेख-हरूमा 'हिन्दू' शब्दको उल्लेख मजासँग भएको देखिन्छ । यी माथिको एक एक प्रमाणहरूले ईसा भन्दा पछिको 'हिन्दू' शब्द हो भन्नेहरूको मत सर्वथा अप्रामाणिक तथा एकदम सेतो ढाँट ठहरिन्छ । सेतो ढाँटले हामी आपनो गौरवमय राष्ट्रसँग जोडिएको 'हिन्दू' राष्ट्रको इतिहासलाई हत्या गर्न दिन्नौं । यस प्रकारले 'हिन्दू' शब्दको प्राचीनताको प्रमाणहरूलाई जति खोदल्यो उति नै गहिरिँदै जान्छ । यसको जरो अयाह गहोरो भएर फिंजिएको छ । पाठकवृन्दले यतिलाई नै गौरवम

सम्झी बुझो पढिदिए पर्याप्त हुने छ। अरू धेरै आशा म गर्दिन। हिन्दू राष्ट्रको हावा पानी र माटोमा नदेखि उम्रेको पलाएको टुसा भाँचिएर पनि फेरि यत्ति झ्याँगिएर स्याँल पारे छ भने वेश मान्नु होस्। उम्लेर आयो। पोख्दै गएँ। तीतो मीठो पाठकवृन्दसँगै होला। हिन्दुत्व नभएको हिन्दू, हिन्दू होइन। तर हिन्दूमा सङ्कीर्णता छैन। महत्ता र प्राचीन मानवको सर्वस्व इतिहास लुकेको छ। त्यसो भएको हुनाले समस्त आर्यवाङ्मयमा मात्रै होइन, अपितु विश्वको प्राचीन इतिहास, भूगोल, पुरातत्व, शिलालेख आदि प्रसङ्गवश कसैलाई पनि छोडेको छैन। मिश्र, ईरान, ईराक, अरव, आदिदेखि लिएर समस्त विश्वको प्राचीन इतिहास आदिमा 'हिन्दू' शब्दको इतिहास जस्ताको तस्तै छ। तर अनुसन्धानको आवश्यकता छ। त्यो भन्दा पनि ठूलो समर्पित जीवन हो। त्यसै भएको हुनाले त प्राचीन ग्रीक मिश्र आदिको इतिहासमा पनि हिन्दू शब्दको उल्लेख पाइन्छ ( हि० श० उ० और इतिहास पृ० नं० ३५ ) उसैको पृ० नं० ३१ आदिमा राम्ररी अनुसन्धान गरेर राखेको छ। पाठकहरूले त्यहींबाट हेर्नु पर्छ। पाठकहरूलाई यहाँ 'प्राचीन हिन्दू विज्ञान' भन्दा सन्देह नरहोस् भन्नाका निम्ति यसो कोट्याएर राखिदिएको हो। धेरै चाहिने भए स्वयं पटुकाले कमर कसेर मैदानमा उत्रिनु वेश हुने छ। सगरमाथा-को सेप, चेप, छहरा, पहरा टाकूरा, देउराली, मानी, गुम्बा, गुफा, मन्दिर, चियान आदिमा प्रशस्त प्राचीन सामग्री पाउँन सकिन्छ। लामीडाँडाबाट चिउरीवास, हुँदै अखैंले भएर तल्लो निसङ्खे पुगे पछि, त्यहाँबाट गाँवँ गाँवको बाटो हलेसी महादेव पुगिन्छ। तर ग्रो के भनौ खाली गोरेटो मात्रै छ। त्यै पनि उता गयो, उता हराउँछ। उता गयो उतै हराउँछ। यता र उता गर्दै एउटा ठूलो पहरामा पुगियो। मैले सोचें आज संसारबाट सदाको लागि विदा भइएछ। तर तल, उता, यता नहेरी वांदरे पाराले झुण्डिएर केही खुट्टा टेक्ने ठाउमा पुगियो। फेरि त्यहाँबाट उता भयङ्कर पहिरो थियो। त्यो पहिरोको फेदबाट जाँदा एउटा लगभग ३ फुट चाकलो ढुङ्गा माथि निकलेको बाँकी माटोले छोपिएको थियो। तर त्यस ढुङ्गामा लेखिएको ( सं० १ हिन्दु यो ) इत्यादि कुरा लेखिएका थिए। मैले दिक्तेलमा आएर सी. डी. ओ. परशु प्रधानसँग पनि भने। तर हाम्रो विभागको काम होइन भन्नु भयो। यहाँ भन्नु यो छ कि यो कुन चाँहि सं. को १ हो। त्यसमा पनि 'हिन्दू' शब्द देखियो। के पता सृष्टि सम्वत्को ( १ ) हो कि देव-सम्वत्को ( १ ) हो कि ब्राह्मसम्वत्को ( १ ) हो कि सप्तर्षिसम्वत्को ( १ ) हो कि कुन चाँहि सम्वत्को ( १ ) हो। तर लेखेको शिला लेख छ। त्यस्ता कैयौं होलान्। कसले खोजी गर्ने र? अतः यो कुरालाई आजको खोजले नढाँटीकन भन्न सकिन्छ कि 'हिन्दू' शब्दको प्रयोग ईसा भन्दा लाखौं वर्ष पूर्व

नै भइसकेको थियो। यी प्रमाण झूठा हुन सक्दैनन्। नेपाल हिन्दू राष्ट्र भएको हुनाले, उसैको धरतीमा प्राचीन भन्दा प्राचीन 'हिन्दू' हरूको प्रमाण पाउँनु सकिन्छ। तर दुर्गम स्थल, आदिमा अनुसन्धान गर्नु आवश्य छ। गरेको खण्डमा उसैलाई गौरवश्रीले विभूषित गर्ने छ।

## प्राचीन हिन्दूको संख्या र सैन्यबल

### अक्षौहिणीसेना

| | रथ | हाथी | घोडा | पैदल |
|---|---|---|---|---|
| पत्ति | १ | १० | १,००० | १,००,००० |
| सेनामुख | ३ | ३० | ३,००० | ३,००,००० |
| गुल्म | ९ | ९० | ९,००० | ९,००,००० |
| गण | २७ | २७० | २७,००० | २७,००,००० |
| वाहिनी | ८१ | ८१० | ८१,००० | ८१,००,००० |
| पृतना | २४३ | २,४३० | २,४३,००० | २४३,००,००० |
| चमू | ७२६ | ७,२९० | ७,२९,००० | २,२९,००,००० |
| अनीकिनी | २,१८७ | २१,८७० | २१,८७,००० | २१,८७,००,००० |
| अक्षौहिणी | २१,८७० | २१८,७०० | २,१,८,७०,००० | २,१८,७०,००,००० |

यस प्रकारले एक अक्षौहिणी सेनामा यति संख्या थिए भने १८ अक्षौहिणीमा कति होलान् ? महाभारतको उद्योग पर्वमा विभाग गरिएको अक्षौहिणी सेनामा त दुर्योधनले नियमको विरुद्ध सबैलाई दोबर तेबर पारेर पाण्डवहरूसँग लडन कुरुक्षेत्रको मैदानमा भेला भएका थिए। यो अवश्य छ कि शुक्रनीतिको सैन्य व्यवस्था र महाभारतको सैन्यव्यवस्थामा केही अन्तर देखिन्छ। त्यस्तै कौटिल्यको र वैशम्पायन तथा नीतिसार को सैन्यव्यवस्थामा पनि केहो तल माथि भएको देखिन्छ। यस प्रकारले जहाँ सेना मात्रै पनि यत्रो विघ्न हुन्थे, भने त्यति खेरका जनसंख्या कति थिए होलान् ? नबुझीकन पहिले जनसंख्या कम थिए। अब जनसंख्या बढदै गए भन्नु त इतिहास नबुझीकन मूर्खता प्रकट गर्नु मात्रै हो। स्वयं ऋग्वेदकालमा पनि 'ये पञ्च पञ्चाशतः शतञ्च सहस्रञ्च नियुतञ्चार्बुदञ्च' ( ऋ. प. पृ. नं. ४८८ ) नियुत र अबुद सम्मको संख्यामा गनाएको छ। वर्चिन् आदि सवा-सवा लाख सेनाहरू मारिए। यो संख्या राम रावणको युद्धमा पनि कम थिएन। रामायणमा दिएको संख्याले हुन त अवश्य पनि आश्चर्यमा पार्छ। तर सहे रूपैया भन्दा बउता रुपैया नदेखनेलाई सहे देखाई दियो भने हार्टफेल भएर मरी हाल्छ। या त बौलाहा पागल भई हाल्छ। प्राचीन हिन्दूहरूको जनसंख्या र सैन्य संख्या पनि ठीक त्यस्तै थियो। एकलै अङ्गदको सेनामा मात्रै 'एक सहस्र पक्ष एक शत शङ्ख' सैनिक थिए। कसै कसैको भनाई अनुसार एक पक्ष १०,००० करोड र

एक शङ्ख १०० करोड हुन्थे । आजको मान्छेलाई त सोच्नु पनि एक समस्या छ । कहाँ बस्थे । कहाँ खान्थे । कहाँ अभ्यास गर्थे आदि शङ्का भई राखेको हुन्छ । तर सानो भन्दा सानो सोच्नु पनि नसक्ने गिदी भएकोलाई मात्रै हो । अनि एउटा यस्तो पनि छ कि आफुले समाधान गर्न नसकेर अतिशयोक्ति, र असम्भव मात्रै भन्दै हिड्छ । त्यो पनि बुद्धिको कुरा होइन । महाभारत काल सम्म पनि ५६ करोड त यदुवंशीहरू मात्रै थिए । आजको युगमा एकलै कुनै जाति पनि यत्रो संख्यामा पुगेको छैन । उतिखेर यदुवंशीहरूको मात्रै त्यत्रो संख्या थियो भने बाँदर, भालु, गिद्ध, नाग, राक्षस, निषाद, कोल, भील, किरात, ब्राह्मणादिका कति कति संख्या थिए । यसको इतिहास शोध खोज गर्नु बाँकी नै छ । सादर र सप्रमाण प्राचीन इतिहासमा लेखिएका जनसंख्या र सैनिक संख्यालाई झूठो गफ, कपोल कल्पना मात्रै भनेर काम चल्दैन । हाम्रो इतिहास नै साक्षी छ । हाम्रो प्राचीन र नवीन कडीलाई जोड्ने इतिहास हाम्रै हुनु पर्छ । त्यही नै प्रामाणिक हुन सक्छ । यो प्रामाणिकता हाम्रो इतिहासमा खँदिलो पाराले भरिएको छ ।

तर यत्रो औधि जनसंख्या र सैन्यबल नै 'प्राचीन हिन्दू विज्ञान' को नाशको कारण थियो । यत्रो ठूलो सैन्यबलमा एक भन्दा एक वैज्ञानिकहरू थिए । आज १९ शताब्दी र वीसवां शताब्दीको वैज्ञानिक अविष्कारले नभेट्ने शस्त्रास्त्रहरूले लडे । अन्त्यमा यस रूपमा पुऱ्याएर छोडे । आज आफैंले आफुलाई नचिन्ने भएका छौं । प्रस्तुत पुस्तक 'प्राचीन हिन्दू विज्ञान' मा उल्लिखित विमान, यान, हत्यार, आदि र त्यसको साधन 'विज्ञान' र वैज्ञानिक यस्तै सैन्यबलको युद्धमा स्वाहा भए । यस विषयलाई अगाडिको पाठमा पनि चर्चा गरिने छ । यहाँ नीरक्षीरविवेकी पाठक वर्गले यति मात्रै बुझिदिनु आवश्यक छ कि आज भन्दा प्राचीन आर्यावर्त देशमा जन संख्या कम थिएन । जब सैनिक संख्या नै त्यत्रो थियो भने जनसंख्याको अनुमान स्वतै लागि हाल्छ । त्यसो हुँदा प्राचीन कालमा जनसंख्या थोरै थियो भनेर मूर्ख या उल्लू बनाउनेहरूसँग सावधान रहनुपर्छ अथवा आत्मबल घटाउने र हीन भावना उब्जाएर आफ्नो राष्ट्र र समाजलाई लुते ल्याङ्ग्रे पारेर पाश्चात्य चश्माले हेर्नेहरूसित माथिको संख्या र सुदृढ इतिहासको प्रमाण दरीलोसँग राखेर आत्मत्वको जागृतिमा आउन सक्नु पर्छ । प्राचीन हिन्दूहरूले जति सैन्यबल तैयार पारेका थिए आज विश्वको तीन अरब जनता भन्दा कता हो कता अधिक थिए । अनि आजको सेना त बिल्कुल नगण्य छ । अनि के होड गर्ने ? के पौंठे सुर्काउँने ? शस्त्रास्त्र यन्त्रहरूको बारे छुट्टै एउटा ग्रन्थ तैयार हुन सक्छ । तोप, बन्दूक, पेस्तोल, बारूद आदिबाट लिएर मशीनगन, परमाणुबम आदि सबै थिए । उक्त युद्धमा ती शस्त्रास्त्रका प्रयोग भएका थिए । नाम मात्रै भिन्न थिए । तर धनुष बाणले लड्थे । अरू हत्यार थिएन भन्ने कुरा सरासर झूठो कुरा हो ।

# पहिले विज्ञान थियो भने खै कहाँ गए त ?

यो प्रश्न जिज्ञासुजनले होइन। अपितु जित्न खोज्ने वज्रस्वाँठेहरूले मुखमा बुजा हालेर उकुस मुकुस पार्नका लागि मिलिक्क परेर सामु राख्द छन्। यिनीहरू जस्तै कैले काँही राम्रा विद्वान्हरूका मुखमा पनि थुरिन पुगेको हुन्छ। तर विद्वान् पनि निर्मत्सर भए त तत्काल दुवै तर्फबाट बुझि बुझाई भई हाल्छ। परन्तु समत्सर विद्वान् र वज्रस्वाँठे त एकै तुलामा जोखिन पुगेको हुन्छ। 'खै कहाँ गयो त ?' भन्ने बित्तिकै, उसैलाई 'खै तिम्रो बाजेको बाजे थियो भने कहाँ गयो त ?' भन्ने साथ बुझ्ने खाले छ भने वास्तविक कुरा बुझ्न र सम्झन तिर लागि हाल्छ। खोष्टे कुराले जित्ने खाले छ भने, भन्किन्छ। फन्किन्छ। तन्किन्छ। अनि दाह्रा कीट्छ। भरिसक पौठेमा पनि तैयार होला। हो, यस्तै खालेले चाँहि 'खै कहाँ गयो त ?' भनेर नबुझीकन हान्थाप्छ। जान्ने जान्नेसँग शास्त्रार्थ हुन्छ। केही निष्कर्ष पनि अवश्य निक्लन्छ। तर स्वांठे, खोष्टा मात्रै बटुल्ने, कुरै नबुझ्ने कागले कान लग्यो भन्दा काग तिर बौलाह जस्तो दगुर्नेहरूसँग शास्त्रार्थ पनि हुन बेर छैन। तर बुद्धिलाई बुजा हाल्दा रोकिदैंन। विचारलाई शास्त्रार्थले रोक्न कुनै हालतमा सक्दैन। किन भने शस्त्रार्थ हाईब्लडप्रेसर या रक्सी, अफीम, भोग अविवेकको नसा हो। तर बुद्धि र विचार भनेको गहिरिएको भास हो।

त्यसो भएको हुनाले बुद्धिपूर्वक विचार गरौं त ? तपाईंको बाजेको बाजे थिए भने कहाँ गए ? भन्न सक्नुहुन्छ ? तपाईंको पासमा 'मरे' 'छैन' देखि बाहेक अरू कुनै उत्तर छैन। बाजेको बाजे थिएन। छैनन्। पछि पनि हुने छैन, त भन्न सकिंदैन। 'थिएन' भन्ने हो भने 'बाजे' कहाँबाट आए ? बाजे पनि थिएन भन्ने हो भने बाबु कहाँबाट आए ? यसको उत्तर दिन कर लाग्छ। बाजे नभई बाऊ हुँदै हुँदैन। बाऊ नभाई तिमी हामी कसैको पनि सत्ता सिद्ध हुँदैन। त्यसो हुँदा जसरी बाजेबाट बाऊ जन्मेर फेरि ठूला भए। त्यस्तै बाजेको बाजे पनि कसैबाट जन्मे। फेरि काखमा खेले। फेरि आमा बाऊको प्यारा भए। फेरि ठूलो हुँदै गएर, एक दिन विश्वमा मानिएका व्यक्ति भए। विद्वत्ता, वा राष्ट्रपति, प्रधानमन्त्री अथवा महाराजाधिराज जे हुनु पर्ने थियो। ती

भए । अयेस आराम जे गर्नु पर्ने थियो । ती सबै गरेर सिध्याए । अनि-कालको गति त छँदै छ । जुन दिन जन्म लियो । त्यसै दिन त्यो मर्‍यो । जुन दिन बढेर मस्त तन्देरी भएको देख्छौं । त्यसै दिन त्यसले घटेर कंकाल हुने लक्षण देखाएको हो । तर दुनियाका मान्छे पुरा पागल छन् । पुराका पुरा बौलाह छन् । त्यसै भएको हुनाले त जन्मेको बीस वर्ष पछि 'मेरो छोरो बढेर बीस वर्षको तन्देरो भयो' अब बुद्धि लगाएर हेर्नु होस् । विचार गर्नु होस् । त्यस छोराले जम्मा १०० वर्ष बांच्ने आयु लिएर आएको थियो । अब २० वर्ष बिताइसक्यो । शेष ८० वर्ष मात्रै बाँकी छ । अब भन्नु होस् । छोरा बढ्यो कि घट्यो ? साँच्चै भन्ने हो भने छोराको आयु २० वर्ष कम भयो । अनि कसरी छोरा बीस वर्षको तन्देरी भयो ? कसरी छोरा बढ्यो ? संसार उल्टा चल्छ । संसारमा बस्ने मान्छे पनि उल्टै चल्छ । तै पनि एक दिन त्यस मान्छेको इतिहास मात्रै शेष रहन्छ । कुनै इतिहासको पानामा लेखिएको, उसको यश वा अपयशको 'नाम' मात्रै शेष रहन्छ । अरु केही रहँदैन । त्यसको बाल्यकालको लावण्य रहदैन । त्यसको जवानीको जोश र सौंदर्य पनि देख्न पाइदैन । त्यसले राष्ट्रपति आदि पदमा के के गरे । कसरी बसे आदि केही पनि हाम्रो सामुमा हुँदैन । केवल जन्म भए पछि लेखिएको जन्मपत्र र कुनै इतिहासमा कोरिएको 'नाम' मात्रै साक्षी भने पनि प्रमाण भने पनि, जे भने पनि त्यही नै रहन्छ ।

तर ध्यान राख्नु पर्ने कुरा यो कि 'वच्चा' न जन्मीकन नाम राख्न पाइँदैन । कुनै पदार्थ नभईकन अथवा कुनै पदार्थको सत्ता सिद्ध नभईकन 'नाम' हुँदै हुँदैन । अनि जस्को नामले निषेध गरिन्छ । त्यसले निश्चितै त्यसको पूर्वसत्तालाई सिद्ध गर्छ । घडा अथवा घइँटो छैन भन्ने वित्तिकै 'घइँटो' थिए छ भन्ने ज्ञान भइहाल्छ । नभएको वस्तुको निषेध हुनै सक्तैन । निषेध भयो कि त्यसको सत्ता सिद्ध छ । तीनै कालमा नभएको वस्तुको निषेध्र कसरी हुन्छ र ? आमा छैन । बावु छैन । बाजे छैन । बोजु छैन । यस वाक्यमा 'छैन' क्रियापदले सामान्यतः दुइ प्रकारको निषेध बताउँछ । एक 'छैन'ले यो बताउँछ कि 'बुवा मुमा' ऐले घरमा हुनु हुन्न । दाहिर कतै जानु भएको छ । भन्ने स्पष्टीकरण हुन्छ । अर्को चाँहि प्रसङ्ग अनुसार 'मरिसके' स्वर्ग भइसके भन्ने अर्थ बुझिन्छ । अब पनि भन्नु होस् 'बुवा मुमा' नभईकन 'छैन' भन्न सकिन्छ ? ईश्वर छैन । धर्म छैन । कर्म छैन । त्यो छैन । यो छैन । ईश्वर, धर्म, कर्म, त्यो, यो,

नभई कसरी 'छैन' भन्न सकिन्छ ? 'छैन' भन्ने क्रियापदले कुनै कर्ता, या वस्तुविशेषसँग लागे पछि मात्रै अर्थ बुझाउँछ। अनि 'छैन' 'होइन' क्रियापद सार्थक हुन्छन्। नभएत आफुले भनेको शब्द या 'क्रियापद'को अर्थ नबुझी फतफताउँने त पागल मात्रै हुन्छ। पागललाई आफुले भनेको शब्दको ज्ञान हुँदैन। ठीक त्यसै रीतिले राम्ररी विचार गरेर हेर्नु होस्। आज भन्दा लाखौं वर्ष पूर्व विज्ञान थिएन भने। यति खेर किन 'थिएन' भन्नु हुन्छ त? माथिको पंक्ति बुझ्नु भयो भने यहाँ प्रश्नोत्तरको आवश्यकतै छैन। नत्र वकबादले वकबाद मात्रै हुन्छ। त्यसले केही लाभ छैन। कुनै हालतमा शिर फोडेर भए पनि 'कहाँ गए त?' 'थिए भने देखा?' भन्ने साथ, बाजेको बाजे कहाँ गए? बाजेको बाजे थिए भने देखा? हामी पनि भनी हाल्छौं। नत्यसले बाजेको बाजे देखाउँन सक्छ। 'कहाँ गए त?' को उत्तर उसले 'मरे' 'छैनन्'। जो उत्तर दिन्छ। त्यै उत्तर हाम्रो पनि छ। गरेर देखाउँनु होस् भने, बाजेको बाजेलाई पनि देखाउँनु होस् भनी हाल्छौं। अनि उसले पनि बाजेको बाजे त कुनै हालतमा पनि देखाउँन सक्तैन। सकेन पनि। सक्ने पनि छैन। अब देखाउँन नसके पछि, उसैको कुराले उसको बाजेको बाजे थिएन भन्ने सिद्ध हुन्छ र? देखाउँन नसकेता पनि थिए छ, भन्ने कुरा नै सिद्ध हुन्छ। किन भने केही वंश परम्परा, केही पौवा, पाटीको लेख, केही चौताराको लेख, केही मसान, चियान, मानी, गुम्बाको लेख, केही नभए वंशावली र इतिहास-सम्बन्धी ग्रन्थहरूमा त अवश्य नाम लेखिएको होला। त्यसैले बुझाउँछ।

ठीक 'प्राचीन हिन्दु विज्ञान' त्यस्तै हो। त्यस्तै छ। त्यस्तै थियो। यसमा दुइ मतको कुरा छैन। प्राचीन कालमा 'हिन्दू विज्ञान' नभए किन ग्रन्थहरूमा लेखिन्थ्योर? लेखिए भने निश्चितै थियो। उन्नतिको पर्यवसान विनाशमा हुन्छ। बाजे बूढा भए। काल गतिले मरे। आज नाम मात्रै छ। प्राचीन विज्ञान पनि उन्नतिको टाकूरामा पुगेको थियो। समयले गर्दा विध्वंस भयो। पहिलो सं० १९१४ देखि १८ संम र दोस्रो सं० १९३९ देखि ४५ संम विश्व युद्धका असर यत्रो पऱ्यो कि जर्मन ऐलेसम्म पनि राम्ररी उठ्न सकेको छैन। डेढ़ घण्टे पाडो झैं ऐले सम्म पनि धर्फरिंदैछ। त्यस्तो विश्वयुद्ध भन्दा कैयौं ठूलो युद्ध ऋग्वेद कालमा दास राज्ञ युद्ध भयो। फेरि रामायणको राम रावण युद्ध त जगत्प्रसिद्धै छ। देवासुर र तारकासुर आदिका युद्ध पनि आधुनिक विश्वयुद्ध भन्दा कुनै

हालतमा कम थिएन। अन्तिम युद्ध भयो महाभारतको युद्ध। जसमा १८ अक्षौहिणी सेना समाप्त भए। ठूला ठूला वैज्ञानिक वीरहरू मारिए। द्रोण, एकलव्य, बर्बरी, घटोत्कच, कर्ण, बभ्रुवान, अर्जुन आदि अनेकौं वैज्ञानिक वीर यस आर्यावर्तमा सोत्तर भएर सदाको लागि सुते। सदाको लागि विदा लिए। तर उनीको यश र हस्तिलाई ती इतिहासको पाना-बाट कसै गरे हटाउँन सक्ने छैन। मेटाउँन सक्ने छैन। धूलो हालेर पुर्ने कसैको सामर्थ्य छैन। जब सम्म हिन्दु इतिहास अर्थात् आर्यवाङ्मय यस पृथिवीमा रहन्छ। तब सम्म प्राचीन हिन्दू विज्ञानको सत्ता छँदै छ। आधुनिक विज्ञान प्राचीन हिन्दू विज्ञानको चौथो हिस्साको अधकल्चो नकल मात्रै हो। यसले पनि पूर्ण उन्नति गरेको छ भने 'प्राचीन हिन्दू विज्ञान' जस्तै नाम मात्रै रहने छ। अनि यो भन्दा पछि काले 'खै थियो भने काँ गयो ?' 'देखाउँन त ?' भन्न सक्छन्। तर यस्ता कुरा गिदी भरिएकाले गर्दैनन्। कस्ले गर्दछ भन्दा, गिदीमा लिदी भरिएर-विचार शून्य भएकाले मात्रै यसरी भनेर आफ्नो बुद्धिको हत्या गर्छन्। गिदी भए-काले त अवश्य सोच्छ। मैले ऐले नदेखे ता पनि त्यो वस्तु हुन सक्छ। थियो होला। थिए छ। भविष्यमा पनि हुनसक्छ। आँखाले नदेखेको चीज पनि हुनसक्छ। जस्तै मन, बुद्धि, आत्मा, ईश्वर दर्द आदिलाई आँखाले देख्न सक्दैन। तै पनि कसैले छैन या होइन भन्न सक्दैन। आफूले नजाने ता पनि कसैलाई प्रमाण मान्नै पर्छ र जस्को वर्तमानमा सत्ता छ। त्यस्को पूर्व सत्ता अवश्य सिद्ध छ। घडा देख्न वितिकै कुमालेको अनुमान सिद्ध छ। बच्चालाई देख्न वित्तिकै बाबु बाजेको पूर्व सत्ता सिद्ध छ। जन्मेको देख्न वित्तिकै अब यो मर्‍यो भन्ने कुरा पूर्ण सिद्ध छ। बन्न वित्तिकै यसले बिग्रिन्छ भन्ने कुरा बज्रस्वांठेलाई पनि भई हाल्छ। त्यसो भएको हुँनाले गिदी हुने विचारशील सज्जनहरूले त राम्ररी बुझेर उदाङ्ग उघारी हाल्छन्। सही यो छ कि प्राचीन हिन्दू वैज्ञानिकहरूले राम्ररी सित मनग्य चिन्तन गरेर विज्ञानको एक एक नसा छामेर राखिदिएका छन्। तर लाजमर्नु कुरा त यो छ कि दिउँसो उल्लूले देखेन भने कस्को दोष ? उल्लूको कि सूर्यको ? लाखौं करोड़ौं प्राणीहरूको लागि सूर्य तपेकै छ। तर उल्लूको लागि सूर्य छैन। त्यस्तै कतिपयले प्राचीन कालमा विज्ञान थिंदै थिएन भनुन्। तर त्यसैको लागि छैन होला। वस्तुतः जुन विज्ञान-बाट हुर्किए। जुन विज्ञानमा पालिए। पहलमान बाबुको झींगामार छोरा जन्मे जस्तै जुन विज्ञानको नकल आजको अधकल्चो विज्ञान छ। भन्ने

कुरालाई निश्चितरूपले जानेका छन् । तिनीहरूको लागि त आजको भन्दा धेरै उन्नतिशील प्राचीन हिन्दू विज्ञान थियो भन्ने कुरामा सन्देह छैन । त्यसैको सामान्य परिचय गौरवशाली पाठकहरूको सामुमा टक्र्याएको छ । निश्चित सुझाव छ कि यस्ता तर्क या कुराबाट लहमुते भएर भाग्ने बानो छोडेर दरोलो शोध खोजमा लाग्नु हामीलाई आवश्यक छ । हिन्दू विज्ञानले यसैमा आत्मा विश्वास गराउँछ ।

# विज्ञानको परिभाषा

प्राचीन हिन्दू वाङ्मयमा 'विज्ञान' शब्दको अनेक अर्थ छ। रूढि र यौगिक दुइ प्रकारका शब्द मानिएका छन्। यहाँ केही विषय प्रष्ट गर्नुलाई होइन अपितु 'विज्ञान' प्रकृत विषयलाई अँगालेर कोरिंदै छ। यहाँ आचार्य अमरसिंहको सङ्कलन वाक्यलाई पाठकहरूको सामु पारे अत्युक्ति हुने छैन होला। अमरसिंहजीले 'मोक्षे धीर्ज्ञानमन्यत्र विज्ञानं शिल्पशास्त्रयोः' भन्नु भयो। 'विज्ञानं ब्रह्म' आदि मन्त्रहरूमा आएका 'विज्ञान' शब्दले साक्षात्ब्रह्मलाई बुझाउँछ। विज्ञानशब्दले मोक्षलाई पनि निर्देश गर्छ। विज्ञानले-विशिष्ट ज्ञानको बोध पनि गराउँछ। तर यहाँ विशेष ध्यान दिने कुरा 'विज्ञानं शिल्पशास्त्रयोः' यो छ। विज्ञान शब्दको प्रयोग ब्रह्म, मोक्ष, विशिष्ट ज्ञान आदिमा मात्रै नभएर घडी, जहाज, कल, मोटर, रेल भूगोल, खगोल आदिलाई बोध गराउँने अर्थात् 'साईन्स' अर्थमा पनि प्रयोग भएको देखिन्छ। स्वयं ऋग्वेदमा पनि चमच, पानी जहाज, हवाई जहाज, पण्डुवी, आदिका उल्लेख भएको देखिन्छ। त्यसो हुँदा आध्यात्मिक विज्ञानको साथ लौकिक विज्ञानको आविष्कार अति प्राचीन कालदेखि नै भइसकेको थियो भन्ने कुरा दोहऱ्याइरहनु पर्ने कुरा छैन।

यहाँ यतिनै जान्न आवश्यक छ कि लौकिक विज्ञानको चरम सीमामा नपुगे सम्म आध्यात्मिक विज्ञानको उन्नति हुन सक्दैन। किन भने भौतिक विज्ञानबाट वाक्क दिक्क लागे पछि मात्रै सूक्ष्म आध्यात्मिक विज्ञान तिर लम्कन्छ। ज्ञानले हाँसेर मर्छ। विज्ञानले रोएर मर्छ। यतिनै फरक छ कि एउटाले हाँसेर मर्छ। अर्काले रोएर मर्छ। तर यी दुइको परिपाक मर्नुमा छैन। अपितु हाँस्नु र रूनुमा छ। यस रीतिले विज्ञानको परिभाषा घुरेनको भित्ताले बारिए जस्तो बारिएको देखिदैन। आधुनिक पाश्चात्यहरूको मतमा बारिएको भए, त्यो हामीलाई कसै गरे पनि स्वीकार्य छैन। हिन्दु इतिहासमा त विज्ञानको धेरै नै फराकिलो अर्थ छ। धेरै नै फराकिलो ठाउँ 'विज्ञान' शब्दले ओगटेको देखिन्छ। अध्यात्मिक, आदिदैविक, आदिभौतिक शब्दको अर्थ पनि यसै विज्ञान शब्दले ओगटेको देखिन्छ। प्रसङ्ग-अनुसार भौतिक विज्ञान पनि दुई प्रकारको हुन पुगेको छ। अर्थात् भूगोल विज्ञान र खगोल विज्ञानको भेदले दुई प्रकारका छन्।

यसलाई खुलस्त पार्दा जीव विज्ञान-वनस्पति विज्ञान तथा खनिज विज्ञान भेदले तीन प्रकारका हुन्छन् । यसै प्रकारले खगोल विज्ञान पनि ग्रह, नक्षत्र, तारा आदि भेदले अनेक प्रकारका छन् । यस रीतिले अध्यात्म विज्ञान देखि बाहेक पनि साइक्लोजी बाइलोजी आदि भेदले व्यवहार गरिएको छ । त्यसो भएको हुनाले 'विज्ञान' भन्ने शब्दले प्रत्येक वस्तु र प्रत्येक व्यक्तिसँग सम्बन्ध राख्द छ । त्यसो हुँदा यो निश्चलरूपले भन्न सकिन्छ कि विज्ञानले अनेक रूपता प्राप्त गरेको छ । अत: विज्ञानले प्रत्येक वस्तु र प्रत्येक व्यक्तिको सानो भन्दा सानो स्वरूपलाई पता लगाउँछ । यसलाई पनि अरू खुलस्त गरौं, भने हरेक क्रमले देश, काल, घनत्व, दूरत्व, लम्बाई, चौड़ाई, साना भन्दा साना, प्रत्येक वस्तुको गुण तथा अवगुण आदिलाई जसले विश्लेषण गरेर बताई दिन्छ । अर्थात-एक एक गरेर छुट्याइदिन्छ त्यसलाई विज्ञान भनिन्छ । अति-आधुनिक वैज्ञानिक-हरूले साइक्लोजी, वाइलोजी, फिजिक्स, केमेस्ट्री, हाईड्रोजन, एक्सिजन, आदि नाम राखेका छन् । तर यी विज्ञान पनि आधुनिक आविष्कार होइनन् । किन भने ईसा भन्दा हजारौं तथा लाखौं वर्ष पहिलेको ग्रन्थ-हरूमा नलुकीकन बसेका छन् । यसैको सत्प्रयास 'प्राचीन' शब्दलाई अंगालेर 'हिन्दू' शब्दको प्राचीनता देखाउँने अथक प्रयास भएको छ । 'हिन्दू' शब्दको प्रयोग भए पछि ग्रन्थको नाममा परेको 'विज्ञान' शब्दको परिभाषा देखाउँन आवश्यक थियो । त्यसो भएको हुनाले सामान्य परि-भाषा गरेर पूर्वापररूपमा, घटाइयो पनि । तर यहाँ मैले आध्यात्मिक विज्ञानको परिभाषा गरेको छैन । भौतिक विज्ञानको मात्र सामान्य परि-भाषा गरेको छ । जो परिभाषा गरिएको छ । त्यो प्राचीन कालिक परि-भाषाको अलि कति झलक मात्रै देखाइएको छ । आध्यात्मिक विज्ञानको परिभाषा गर्न लाग्दा अप्रासङ्गिक दोष आउँनु सक्छ । अरू विशेष गोरेटो, घोरेटो, र कतै मूल बाटो देखाई दिएको छ । हेर्दै, घोरिंदै, बुझ्दै, सम्झदै, विचार गर्दै जानुहोस् । आफैं छिमेकिएर बाटो पाउँनु हुने छ । यै विज्ञा-नको परिभाषा हो ।

# विना शब्दको घडी

विश्व प्रसिद्ध ऋग्वेदलाई हेर्दा विज्ञानको झलक मात्रै होइन अपितु अथाह विज्ञान र कला कौशलले भरिएको पाउँछौं। ती विज्ञान र कला-कौशलको पहिलो धनी 'ऋभु' भन्ने देवशिल्पी थिए। यी ऋग्वेद कालिक विज्ञान वेत्ताहरूमा प्रधान थिए। यहाँ यो कुरालाई लिएर हराउने या भरमाउने आवश्यकता छैन। किन भने अमरकोष आदिले "विज्ञानं शिल्प शास्त्रयोः" भनेर प्रष्ट बुझाई दिएकोछ। विज्ञान शब्दको शिल्पकला नै अर्थ बुझिन्छ।

त्यसो हुँदा 'ऋभु'को शिल्पकला, आजको साइन्सको पहिलो मुहान हुन स्वभाविकै ठहर्न आउँछ। विज्ञानको कलामा देवशिल्पी ऋभुले आफ्ना अनेक प्रकारका कल विज्ञानबाट प्राचीन हिन्दू जगतमा प्रशस्त यश अर्जेका थिए। सबै भन्दा ठूलो कुरा केहो भने आजको घडोको युगमा आश्चर्य पार्ने शब्द रहित "घडी" बनाएर ऋभुले देवगणलाई चकित पारे। आज पाइने घडीमा शब्द हुन्छ। अनि मशिन पुर्जा जोडे पछि चलाउनु पर्छ। चलाउँदा शब्द[1] आकाशको गुण भएको हुनाले जहाँ भए पनि शब्द हुनु अथवा आवाज हुनु स्वाभाविकै सिद्धान्त छ। त्यसो हुँदा हामो हवाई जहाज, रेल, मोटर, आदिमा बसेर यात्रा गर्दा खेरि पूर्णमात्रामा शब्द सुन्दछौं। तर ऋभुले-कुन चाहिं कलालाई अपनाएर ती घडी बनाए होलान्। जसमा आवाज थिएन। अनि घडी चाहि चलि रहन्थ्यो। "ध्यानं घटिका षष्टिमेव च" [ यो० त० उ० १०४ ] पनि घडीको नाम प्रष्ट छ। आजको वैज्ञानिकहरूले पनि शब्द तत्त्वलाई शब्द रहित पार्ने पारा जाने जस्तो लाग्दैन। कतै हावा निकाले पछि शब्द हुँदैन भन्ने सिद्धान्त प्राचीन हिन्दू सिद्धान्तको अधकल्चो नकल मात्रै बुझिन्छ। ऋभुले बनाएको घडोमा वायुलाई निकालेका थिए भने वायुमा त्यो शब्द कहाँबाट आयो ? यसलाई आर्यहरूले सिद्धान्तले आकाशको स्वाभाविक गुण मानेका छन्। त्यसो हुँदा

---

१. 'शब्दगुणकमाकाशम्' [ पृ० ३ ] शब्द नै छ गुण जसको त्यसलाई आकाश भनिन्छ। यो परिभाषाले यो सिद्धान्तलाई प्रष्ट गरिदियो कि जहाँ जहाँबाट 'शब्द' उत्पन्न हुन्छ तो तो ठाउँ र वस्तुहरूमा आकाश छ भनि जान्नु पर्छ। तर यसमा ऋभुको कला विलक्षण छ।

आकाशको सूक्ष्म अंशलाई पनि छुट्याउँन सक्ने यन्त्र ऋभुसँग रहेछ भन्ने कुरा प्रष्ट हुन्छ। आकाशबाट अलग भए पछि फेरि शब्दको गुण अन्यत्र नफैलनु पर्ने हो। तर ऋभुको विज्ञान कला धेरै माथि पुगि सकेको थियो।

यसै रीतिले ऋभुले हवाई जहाज पनि बनाए। त्यो इतिहास हामीलाई ऋग्वेदबाट मिल्छ ऋग्वेदमा केवल सूत्ररूपमा यो विमान कला पाइने होइन। अपितु धेरै ठाउँमा पाइन्छ। यति अवश्य छ कि 'विमान' शब्दको प्रयोग नभएर "रथ[१]" शब्दको प्रयोग भएको देखिन्छ। ऋभुको अलौकिक विमान कलाबाट हर्षित—भएर त्यतिखेरका देवगणहरूले प्रसन्नता व्यक्त गर्नको लागि ऋभुको प्रशंसा पनि गरे। ऋभु निश्चयनै विश्वको विमान बनाउँने वैज्ञानिक हो। यसमा केही सन्देह छैन। नत्र मन्त्रमा 'अनश्वजातो रथः' (ऋ० वे ४/३६/१) मा आएको रथ शब्दको सङ्गतीकरण हुन सक्दैन। घोडा नभएको रथ, फेरि त्यो पनि अबाध गतिले आकाश, पाताल, पृथिवीमा हिड्न सक्ने, उड्न सक्ने दगुर्न सक्ने, क्षमता भएको रथ नाम गरेको अलौकिक विमानै हो। जसबाट प्राचीन पूर्खा हिन्दूहरूको वैज्ञानिक इतिहास र क्रियात्मक-कला पनि प्रष्ट बुझिन्छ। यस प्रकार ऋभुले बनाएको घडीको वर्णन द्वापरमा पनि प्रचलित थियो। त्यो हुँदा गरुड़पुराणमा "घटीयन्त्रं तथा मर्त्या भ्रमन्ति मम मायया" भन्ने प्रमाण पनि सिद्ध छ। घड़ी नभए "घटीयन्त्रं" शब्दको प्रयोग कसरी हुन्थ्यो र? आज भन्दा लाखौं वर्ष पहिले नै हिन्दूहरूले घडी बनाएर उपयोगमा ल्याउँन जानेका थिए। आजको घडी त्यसैको अधकल्चो नकल मात्रै हो। त्यसो हुँदा आधुनिक वैज्ञानिकहरूले हामीलाई घडीको उपयोग गर्न सिकाए भनेर फुरुक्क हुने आवश्यकता छैन। हाम्रै पूर्खाहरूको बुद्धिको नकल हो। नभए आजको वैज्ञानिकको १५ शताब्दी[२] देखि लिएर १९ शताब्दी सम्मको मात्रै इतिहास छ। अनि यता लाखौं वर्ष पुरानो ग्रन्थहरूमा किन लेखिन्थे, अवश्य पनि प्राचीन हिन्दूहरूको बुद्धिलाई मान्नै पर्छ। त्यो पनि आश्चर्यको साथमा।

---

१. 'अनश्वोजात अनभीशुरुक्थ्यो रथस्त्रिचक्रः' यहाँ हामीले बुझ्नु पर्ने कुरा यो छ कि 'रथ' शब्दले आधुनिक [ ऋ० ४/३६/१ ] घोड़ा आदिले तान्ने रथ होइन। अपितु इन्जिन या मशीनले चल्ने 'विमान' नै थियो। यसलाई ग्रन्थ भित्र प्रष्ट्याएको छ। वहीं हेर्नु होला।

२. आधुनिक विज्ञानको इतिहास पादरी रोजर्स बेकनको लेखाइले केही आभास मात्रै बुझिन्छ। तर खास चहल पहल चाहिं १७ र १८ पुरा गरेर १९ शताब्दीमा भएको हो। तर यो पनि पूर्ण छैन।

# वैज्ञानिक त्वष्ट्राको चमच

ऋभु जस्तै 'त्वष्ट्रा' भन्ने वैज्ञानिक कलाकार पनि आर्यहरूको समयमा कम थिएन। ज्ञान र विज्ञानले त्यति खेर आर्यावर्तलाई भरपुर पार्ने वैज्ञानिकहरूमा 'त्वष्ट्रा' पनि विश्वमा अमर भए। विशेष गरेर त्यति खेर घरको काम आउँने विज्ञान [ साइंस ] को काम, सवै त्वष्ट्राकै हातमा थियो। त्यो कुरा अथवा त्यो इतिहास ऋग्वेदको अध्ययनले बुझाउँछ। त्यसोहुँदा मन्त्रमा 'एकं विचक्र चमसं चतुर्वयं' [ऋ० वे० ४/३६/४] त्वष्ट्राले बनाएको चमचको उल्लेख प्रष्ट छ। आधुनिक युगमा विज्ञानको पराकाष्ठामा पुगेकाहरूले भन्छन् कि के जङ्गली युगमा चमचले खान जान्दथिए र ? तर सीधा उत्तर यो छ। खान नजाने बनाउँने कुरै के आयो। फेरि नबनाए किन लेखिन्थे। मन्त्रमा आएको 'चतुर्वयम्' शब्दको अर्थ गर्दा सायणले भन्नुभो 'हे ऋभवः एकं चमसं = एकमेव सन्तं पानसाधनं चमसं चतुर्वयम्'। वय = शाखा = चतुःशाखं चतुरवयवं विचक्र = व्यकुरुत' यो चमच एकै थियो। तर खांदा, प्युंदा अरू काममा ल्याउंदा यस्तो विज्ञानले बनाएका थिए कि तत्काल जे चिन्तना गरेर कामगरे त्यस वेला चार विभाग भएर काम गर्थ्यो। फेरि काम सकिए पछि आफ्नै स्थितिमा भइहाल्थ्यो। त्यस्ता ढंगका चसच आर्यहरूले कैयौं चलाए होलान्[1]। तर आज उनै हिन्दूको सन्तानले कल्पना भन्छ भने निश्चयनै पहिले भन्दा वर्तमान विज्ञान निम्नकोटिको भएको ठहरिन्छ। तर त्वष्ट्राको चमचको नकल त आजको युगको चमच स्वभावैले हुन आउँछ। किन भने कुनै कारण नभै कार्य हुनै सक्दैन। यो सिद्धान्त प्राचीन हिन्दूहरूको हो र वर्तमान वैज्ञानिक युगले पनि मान्नै परेको छ। त्यसो हुँदा चमचले खाने विज्ञान पनि नया आविष्कार हैन। उसैको नकल मात्रै हो। यसमा क्यै सन्देह मान्नु पर्ने आवश्यकता पनि छैन। जुन मान्छेलाई आफ्नो घरको थाहाछैन त्यसले नमाने हामीले मनाईदिने जिम्मा लिएको पनि छैन। हाम्रो इतिहासले राखेको कुराको स्मरणमा हामीहरूको इतिहासबाट निकालेर राखेको रहेछ भनेर जनाएको मात्रै हो।

---

१. यस प्रकारको 'चमचा' ऐले सम्म देखिएको छैन। जब कि आजको विज्ञान नै सर्वोत्तम छ ? भन्नेहरूको मुखमा बुजा हाल्ने अकाट्य प्रमाण छ। यद्यपि आज पनि निरन्तर शोध खोजको आवश्यकता छ।

# वैज्ञानिक रैभको जहाज

केवल ऋभु मात्रै एकलै वैज्ञानिक[1] थिएनन्। उनका सन्तान राम्रा भन्दा राम्रा गहकीला वैज्ञानिक थिए। ऋग्वेदको कतिपय मन्त्रहरूबाट प्रष्ट बुझिन्छ। ऋग्वेदको चौथो मण्डलको छत्तीस सूक्तको पहिलो [ ऋ० वे० ४। ३६। १ ] मन्त्रमा रैभको रथको सारै प्रशंसा गरेको छ। यो प्रशंसा झूठो हुन सक्दैन। किन भने सनातन वेदहरूमा झूठा वाक्यको कल्पना नै हुँदैन। अनि वेद शब्दको अर्थ पनि 'विज्ञान' हो। माथिको मन्त्रमा प्रशंसा गर्दा भने, हे रैभ ! तिमीले जो रथ [ विमान ] बनायौ त्यसमा अस्त्रहरूको आवश्यकता छैन त्यसमा धुरीको खाँवाको पनि आवश्यक छैन। यो रथ तीन पहियाले बनेको छ। अनि विशेषता यो छ कि त्यसले वायुमण्डलमा विचरण गर्छ। निश्चयनै तिम्रो आविष्कार महान् छ। यो प्रशंसा देवगण आदि बाट भइराखेको छ। यहाँ ध्यान दिनु पर्ने कुरा के छ भने वायुमण्डलमा विचरण गर्ने रथ हुन सक्दैन। रथ भए वायुमण्डलमा घुम्न, उड्न, सक्दैन। त्यसो भएको हुनाले आजको युगमा हामीले जसलाई हवाईजहाज भन्दछौं, त्यसैलाई ऋग्वेद कालमा 'रथ' भन्दा रहेछन्। अनि वर्तमान युगअनुसार बुद्धि लगाउँदा पनि रथले आकाशमा उड्नेकाम देखिदैन। अनि बुद्धिले सोच्न नसक्ने मान्छेले कल्पना मात्रै हो भनेर उडाउँन पनि सक्छ। अथवा झूठो कल्पना मात्रै हो पनि भन्न सक्छ। अनि यस्ता खाले-साले पाश्चात्यहरूका चेलाहरू धेरै छन्। उनीहरूले पोखेको कुरा साँचो भए हाम्रो प्राचीन इतिहासको के महत्त्व हुने भयो। निश्चयनै रैभहरूले यत्रो शक्तिशाली आकाशमा उड्ने जहाज बनाएका थिए।

फेरि यता पनि तुलना गरेर हेर्नु होस्। वर्तमान जहाजको उडान १६ शताब्दी देखि प्रष्ट छ। अनि उ भन्दा पहिले १३—१४ शताब्दीमा ऋग्वेद

---

१. 'व्योमयानं विमान वा पूर्वमासीतमहीभुजां' [ युक्तिकल्पतरू यान प्रकरण ५० ]

यो ग्रन्थ अति प्राचीन हो। यसको काल निर्णय ऐले सम्म भ्रमात्मकै छ। तर यस्ता ग्रन्थहरूले दिएका साक्षी पूर्णरूपले हिन्दू विज्ञानको मूल इतिहास सिद्ध भएको छ।

भाष्यकार भएको हो। त्यसको नाम सायण[1] थियो। सायणले पनि आफ्नो भाष्यमा पर्याप्त मात्रामा मन्त्रहरूको व्याख्या विज्ञान परक नै गरेको छ। यी भन्दा पूर्वका भाष्यकारहरूले पनि कैयौं मन्त्रहरूका विज्ञान [साइंस] परक अर्थ प्रष्ट गरेका छन्। त्यसो हुँदा ऋग्वेददेखि ऐले सम्मको हवाई उडानको इतिहास काल्पनिक कसै गरे पनि हुन सक्दैन। फेरि मन्त्रमा तीन पहियाले बनेको प्रष्ट वर्णन छ। त्यसो हुँदा प्राचीन हिन्दूहरूको विमान कला अद्वितीय थियो भन्ने इतिहास प्रष्ट छ।

दोस्रो कुरा के छ भने [ ऋ० ४। ३६। २ ] यसै मण्डलको छत्तिस सूक्तको दोस्रो मन्त्रमा रैभको अरू झन विशेषज्ञ कुरा झल्किन्छ। प्रखर बुद्धिमान् रैभले एउटा सुन्दर रथ बनाएको थियो। त्यो रथ पहिलेको जस्तो वायुमण्डलमा उड्ने मात्रै हैन। अपितु त्यस रथको विशेषता थियो चारैतिर चक्र जस्तै घुम्नु। त्यसमा पनि त्यो रथले घुम्नुमा कैलै पनि गल्ती गर्दैन थियो। के यो कुरा मशिन नभई संभव छ ? त्यसो हुँदा मशीनको कल्पना गर्नु पर्‍यो। मशीन, कल, पुर्जा, र कारखाना त आजको युगमा वैज्ञानिकहरूले आविष्कार गरेको हो। अनि त्यतिखेर मशीन आदि थिएन भने यी रथहरू कसरी बने ? अनि जो बने त्यसमा पनि गल्ती नगरीकन रात-दिन आफ्ना कार्यमा लागेका रथ घुम्थे भने पछि यो कुरा विना मशीन संभव नहुनाले, त्यतिखेर पनि मशीन पुर्जा, कल, कारखाना, आज भन्दा पनि विशेष महत्त्वपूर्ण थिएछ भन्ने कुरामा विश्वास हुन आउँछ। त्यसो हुँदा 'हे रैभ तिम्रो महत्ता र बुद्धिमत्ताको प्रशंसा सबै बुद्धिमान्हरूले माने भनेर [ऋ०४।३६१] रैभको प्रशंसा गरिएको छ। यी विमान केवल प्रशंसाको धोक्रो मात्रै न भएर आज भन्दा लाखौं वर्ष पहिले यी विमानहरूले तहल्का मच्चाइदिएका थिए। यी हिन्दू वैज्ञानिकहरूका एक समय विश्वमा प्रशंसक र जगद्गुरूको भावनामा पूज्य थिए।

यी वायुयानका कैयौं विशेषताहरू मध्ये एउटा विशेषता यो पनि थियो कि आजको वायुयान उड्दा भुई फुट्ला जस्तो आवाज या शब्द गरेर भुई छोड्छ। त्यस पछि आधामाइलदेखि दुई माईल माथि आकाशमा उड्दा पनि भुईमा शब्द भयङ्कर थुरिएको हुन्छ। तर रैभले बनाएको

---

१. अत्याधुनिक वैज्ञानिकहरू भन्दा पूर्वकाले पनि यत्रो विघ्न आधुनिक सिद्धान्त या क्रियाकलापसँग मिल्ने कुरा लेख्छन् भने, उनीहरूको मूल अति प्राचीन छ भन्ने कुरामा दुइमत पर्ने ठाउँछैन। सायण आदिको इतिहासले यसै कुरालाई प्रष्ट्याउँछ।

जहाज-रथ यस्तो थियो कि विना आवाज विना शोरगुल भुई छोडेर आकाशमा उड्द थियो । आजको युगमा बनेको सानो भन्दा सानो मशीन या कल आदिले पनि कान खान्छ भने त्यत्रो ठूलो जहाजको शब्द नहुनु वैज्ञानिकहरूको चरम उन्नति नै हो । यसमा क्यै अत्युक्ति छैन । फेरि वायुमण्डलमा पनि ठेगानामा विचरण गरेर, यता उता नगैकन सीधै पुग्ने ठाऊँमा पुग्थे । फेरि ती रथहरूमा घोडा आदि जोडिदैन थिए। घोडा नभै सञ्चालित हुन्थे । त्यो इतिहास [ ऋ० वे० १।११२।१२ ] मा 'याभी रसां क्षोदसोद्रः पिपिन्वथु रनश्वम्' भन्ने मन्त्रहरूमा प्रष्ट गरिदिएको छ। केवल यति मात्रै होइन । अपितु ठाऊँ-ठाऊँमा स्वर्ण निर्मित जहाजको पनि वर्णन आएको छ। आजको युगमा वैज्ञानिकहरूले जुन पुगेर पनि सुनको जहाज बनाउँने क्षमता राख्दैनन्, भने त्यतिखेरका हिन्दूहरूलाई मान्नै पर्छ कि गहनाको लागि मात्रै सुन जोह नगरेर रथ 'जहाज' आदि बनाउँनको लागि पनि पर्याप्त मात्रामा सुन उब्जाउन सक्दा रहेछन् । त्यो सुनलै[1] बनाएको 'जहाज' कस्तो थियो भने तीन कुना भएको थिए। त्यसमा तीनवटा खाँवा थिए। त्यसको गति पनि अबाधै थियो। उतिखेर यस जहाजको अलौकिक गतिको साथै देवगणहरूले प्रशंसा गरेर उपहार पनि दिए। सुनको जहाजको नाम सुन्ने बित्तिकै 'गफ' सम्झने मान्छेहरूको दिमागमा यो कुरा अवश्यनै राख्ने योग्य छ कि यो कल्पना होइन। गफ पनि होइन । साँचो कुरा यो हो कि प्राचीन आर्य वैज्ञानिकहरू त्यस कला सम्म आरामै संग पुगेका थिए। यो कुरा जादू पनि होइन । वस्तु सत्य थियो ।

ऋभुहरूको विमान कला यति मात्रै होइन। विश्वको सबै भन्दा गतिशील रथहरूको पनि वर्णन ऋग्वेदको अनेकौं सूक्तहरूमा वर्णित छ। त्यसो हुँदा 'तक्षन् नासत्त्याभ्यां परिज्मानं सुखं रथम्' [ ऋ० १।२०।३ ] सूक्तमा विमान कलाको वर्णन प्रष्ट गरेर राखिदिएको बुझिन्छ । यी वैज्ञानिक कला वर्णनलाई केवल गफ हो भनेर आफ्नो हत्या गर्नु भन्दा पौरस्त्य र पाश्चात्य दुवैको तुलनात्मक अध्ययन र शोध खोज गर्नु परम-आवश्यक छ। तर आधुनिक विज्ञानको परिप्रेक्षमा पलिएका पालुवाहरू-बाट यी कुरा बुझ्नु आवश्यक छ । जब सम्म विज्ञानको अभिप्राय बुझ्ने प्रयास हुँदैन । तब सम्म निष्पक्ष निर्णय निक्लँदैन ।

---

१. सुनले बनेको सुन्ने वित्तिकै तर्सिएर गफ भन्ने मान्छेहरूका बुद्धि ठाक छैन भनि जन्नु पर्छ । या सनकाहा दिमाग भएको हुनाले तर्सेको हुनु पर्छ । त्यसो होइन भने अवश्य सोचेर विचार गरेर निष्कर्षमा पुग्ने मान्छे विकेको होइन ।

# मनभन्दा पनि छिटो हिंडने विमान

ऋग्वेदको विलक्षणता यो छ कि अत्यन्त पुरानो पुर्खा साहित्य भएर पनि अलौकिक साइंसको गहिरामा चुर्लुम्म पारेर देखाइन्छ दिन्छ। कतै आश्चर्यमा परिदिन्छ। कतै त सोच्ने र समझ्ने गोरेटो पनि हराइदिन्छ। त्यसो भएको हुनाले धेरै जस्तो पाश्चात्यहरूले यसको छेउ र भेऊ पाउँन सकेनन्। अनि अन्तिमा भेडा-बाख्रा चराउने गोठालाको गीत या गफ हो भनेर कैयौं ठाऊँमा लेखेका छन्। तर उनीहरूका लेखाइ र सोचाइ दुवै सत्य छैनन्। वरू मिथ्या कल्पनामा आधारित छन्। किन भने सीखेको र जातले पाएकोमा अन्तर हुनु स्वाभाविकै कुरा छ। त्यसै रीतिले पाश्चात्य-हरूले कैयौं वर्ष घोर परिश्रम गरेर संस्कृत जान्ने प्रयत्न गरे। त्यस पछि वेदार्थमा पनि पौरस्त्यहरूसँग दाँजिएर अर्थ गर्नुमा तुलिएको त हो। तर वंश परम्परामा आएको बाटोमा दाँजिन गारै पर्‍यो। त्यसो हुँदा धेरै ठाउँमा अर्थको अनर्थ गरेर राखिदिएका छन्। प्रकृतमा मन भन्दा पनि चाँडो बेगले हिंडने विमानको गति कति हुनुपर्छ। त्यो कसरी हुन सम्भव छ? आदि तर्क स्वयं हिन्दू विज्ञानमा डुवेर हेरे छर्लङ्ग थाह हुनेछ। मन्त्रले भन्छ—'आ तेन यातं मनसो जवीयसा रथम्' [ ऋ० १०।३९।१२ ] यस रथको सञ्चालन अश्विनीकुमारहरूको हातमा थियो। यस प्रकारको रथमा बसेर देववैद्य ( डाक्टर ) अश्विनीकुमारहरू देवता र मानवहरूको ओखती गर्न घुम्द थिए। यो रथ पनि आकाश, पाताल, पानी आदि सबै ठाउँमा अबाध गतिले हिंड्थ्यो। यहाँ मन्त्रमा परेको 'मनसो' जवीयसा' शब्दको अर्थ हामीले लगाएको होइन। अपितु वंश परम्परा प्राप्त स्वयं सायणाचार्यले पनि यै अर्थ गरेको छ। ऋग्वेद सायणभाष्य हेर्नु होस्। भाष्यमा 'मनसोऽपि जवीयसा वेगवत्तरेण रथेन यातम्' [ऋ० १०।३९।१२] प्रष्टरूपमा देखिन्छ। अब यो रथको गतिलाई जान्नु भन्दा पहिले आफ्नै मनको गति संग विचार गर्नुहोस्। घर बसी बसी र गोठ बसी घर कति

---

१ मलाई पनि आश्चर्य लाग्यो। आश्चर्य लागि राखेकै छ। तर युद्धमा लड्ने विमान तैयार भए पछि यो आश्चर्य निकै हलुङ्गो भइराखेको छ। अमेरिका, रूस, फ्रास, इंगलैंड आदिले केही स्वप्न सम्मको कुरा पक्रने काम गरेका छन्। यी आविष्कारहरूले ऋग्वेदमा लिखित वस्तुको सत्ता सिद्ध गर्छ।

चाँडो पुग्छ। एक सेकेण्ड पनि लाग्दैन। अनि कुनै काठमाण्डौ देखि कलकत्ता, बम्बई, मद्रास गएको छ। अनि त्याहाँबाट काठमाण्डौमा खाएको पिएको चिआएको कुरालाई साथी संग कुरा गर्दा गर्दै भियाई पनि सक्छ। तर शरीर वहींको वहीं हुन्छ। कुनै काठमाण्डौबाट इगलैंड, अमेरिका, स्वीजर्लेण्ड आदि देशहरूमा पुगेको छ भने उही एक सेकेण्डमा मन काठमाण्डौ पुग्छ। यो गति मनको छ भने अब विचार गर्नुहोस् कि यस रथको गति त झन् धेरै भन्यो। 'मनसो ऽपि वेगवत्तरेण' मन भन्दा पनि वेगले हिंडने कुरा स्वयं मूल मन्त्रमा पनि आयो त्यसो हुँदा यो कल्पनातीत आजको वैज्ञानिकहरूको दिमागमा नपुग्ने कुरा ठहर्न पुग्छ। तर हाम्रो बुद्धिले पुगेन भनेर फेल गर्ने कुरा छैन। हामीले गर्न नसकेको काम उसले गर्न सक्दैन भन्नु आफ्नो मूर्खता देखाउँनु मात्रै हो। त्यसो हुँदा आर्य वैज्ञानिकहरूको दाँजामा आजको विज्ञान उभिन सकेको छैन। केवल अधकल्चो नकलमात्रै गरेर राखेको देखिन्छ। ऋग्वेदको "रथं ये चक्रुः सुवृतं सुचेतसो अविह्वरन्तं मनसस्परि[1] ध्यया" [ऋ० ४।३६।२] मन्त्रमा पनि मन भन्दा छिटो हिंडने रथको चर्चा छ।

१. सायण-'सुचेतसः शोभनचित्ताः ये ऋभवः सुवृतं सुवर्तनं चक्रम् अविह्वरन्तं = अकुटिलं रथं मनसः परिध्यया मनसो ध्यानेनाप्रयत्नेन नुक्षिप्रं चक्रुः" यसलाई विचार गर्नुहोस्।

# रथमा वायुलाई जोडेर चलाउँथे

वर्तमान युगको कैयौं आश्चर्यजनक आविष्कारहरूलाई हेर्दा मानवले नै आश्चर्य मानिदिनु अथवा नपत्याई दिनु या हाँसो गरिदिनु स्वाभाविकै कुरा हो। ती साधारण अबुझ मान्छेका कुरा हुन्। विचारको घेरामा बारिएका मान्छेमा ओझेल पारे पनि आफूले ओझलेको कारण पैल्याउँछ। पाला टुंग्याएपछि आफ्नो मन्तव्यलाई मानेर फेरि आफ्नो सिद्धान्तमा हिंडदछ। त्यस्तै रीतिले जब सम्म हामीले प्राचीन हिन्दूहरूको स्थिति, रीति, विज्ञान, कला, कौशल, आदिको निधि खोजी र अध्ययन गरिदैन तब सम्म अर्कालि गरेको काममा या त उपहास गर्ने छौं। या त आश्चर्यको सागरमा डूबी रहने छौं। अनि आफ्नो जरो नपात पनि निधै हुने छ। ऋग्वेद प्राचीनताको एउटा चाबी हो। त्यसमा सूत्ररूपमा वर्णन गरिएको विमान कला जहाँ आजको विज्ञान भन्दा धेरै माथि पुगेका थिए। त्यहीं आजको विज्ञानले गर्न नसक्ने रथ [ विमान ] हरूको उल्लेख पनि पाइन्छ। त्यो मन्त्र यो छ—'प्र वो वायु रथयुजं कृणुध्वं'' [ऋ० ५।४१।६] यस मन्त्रमा प्रष्ट भनेको छ कि वायुलाई तिमीले आफ्नो रथमा जोडेर रथको सञ्चालन गर। त्यसको मुख्य तात्पर्य यो हो कि वायुले चल्ने 'रथ' को आविष्कार भइसकेको रहेछ। आज सम्म यस प्रकारको आविष्कार भएको छैन। भविष्यमा के हुने हो यो भन्ने कुरा हैन। तर प्राचीन आर्यहरूले वायुलाई आफ्नो रथमा [ विमान ] मा जोड्न जानेका थिए भन्ने इतिहास निश्चत भयो। अनि १४ शताब्दीदेखि लिएर १९ शताब्दीसम्म त आधुनिक विमान कलाको इतिहास छ। यस इतिहास र कला कौशलको भित्र वायुलाई जोड्ने कुनै मशीन, कल, काटा, आदिको आविष्कार भएको कुरा पढ्नमा आएको छैन। अनि फेरि बनेका मशीनहरू पनि देखा परेका छैनन्। यो इतिहास त ऋग्वेदमा मात्रै छ। यसको कतै भापान्तरमा उल्लेख भए अर्कै कुरा हो। तै पनि वायुलाई जोड्ने कुरा त टाढै छ। अनेकौं वर्ष हैन अपितु सयकडौं वर्षसम्म निरन्तर खोज गरेर बल्ल प्राचीन हिन्दू विज्ञानको समर्थन गर्न अलि अली दाँजामा उब्भिदैछन्। अब यो कुरा अवश्यनै जान्नु पर्ने छ कि त्यो वायुलाई रथमा= विमानमा जोड्ने यन्त्र के थियो ? फेरि त्यो यन्त्रलाई कसरी बनाए

होलान्। वायुलाई जोड्ने, छोड्ने, यन्त्र अथवा मशीन नबनाए सम्म रथमा जोडिने कुरै आउँदैन। त्यसो हुँदा उतिखेर पनि हिन्दू वैज्ञानिक-हरूले कैयौं यन्त्र आविष्कार गरेका थिए। त्यसै भएको हुनाले त वायुलाई रथमा जोड्ने इतिहासको उल्लेख भयो। त्यसै निराधार कहीं कसैको उल्लेख हुँदैन। यो कुरा निश्चित छ। त्यसो हुँदा हिन्दू वैज्ञानिकहरूको खोजको तुलना त के घत पर्दो चर्चा पनि बराबरमा आउँन सक्दैन। उति-खेर पनि समस्त देश-विदेशहरूमा यिनै रथहरूबाट प्राचीन हिन्दूहरू याता-यात गर्दथिए। यो इतिहासले यो बुझाउँ छ कि आज भन्दा कुनै हालतमा त्यतिखेरको विज्ञान कम थिएन। त्यसो हुँदा हामीले सभ्य हुँदै आएर १९ शताब्दीमा कोट, पैंट लगाएर हवाई जहाज चढ्न सिकेको हो भन्ने धारणा निर्मूल छ। आज भन्दा लाखौं वर्ष पूर्व पनि हामी आज भन्दा अझ सभ्य र वैज्ञानिक थियौं। हामीहरूको आपसी फुटानामले हाम्रो दुर्दशा भएको मात्रै हो। १६ शताब्दीको पाश्चात्यहरूले हाम्रो हात मुख बनाएको हैन। बरू हाम्रा पुर्खाहरूको इतिहास धमिल्याउन सके सम्म जोहो पारेका छन्। हाम्रो वैज्ञानिक हिन्दूहरूले उडन खटोला विज्ञान मात्रै हैन अपितु अलौकिक आविष्कार गरेका थिए। ती आविष्कारहरूमा एउटा वायुलाई रथमा जोड्ने आविष्कार पनि सानो हैन। आजको वैज्ञा-निकहरूको सामुमा एउटा ठूलो चुनौती छ। यसमा केही आश्चर्य छैन। यो आविष्कार अत्रि र विश्वदेवहरूबाट भएको थियो। विज्ञानको मूलमा केही परिवर्तन या साटो गर्नाले मात्रै नयाँ वस्तु या नयाँ विज्ञानको आवि-ष्कार हुन सक्दैन। त्यसको जरो पैलाउँदा कहाँ सम्म पुगेको छ। त्यसको जरोमा कुन इतिहास लुकेको छ। त्यसको जन्मथात कहाँ छ। मुहान कुन चाँहि हो भनेर हेर्चाहिर गर्दा ऋग्वेदीय आविष्कार अत्यन्त वैज्ञानिक खोज देखिन आउँछ। ठूला ठूला वैज्ञानिक ऋषिमुनिहरूले गरेका आविष्कार आज भन्दा लाखौं वर्ष अगाडी नै दिउँसोको घाम जस्तो तपेर, अनि अन्तिम महाभारतको ज्वालामा जले। यस इतिहासलाई दोहऱ्याउँदा महाभारतको भीष्मपर्वमा आएको 'यन्त्रारुढानि मायया' आदि प्रमाणहरूले पुष्ट गरेको छ। त्यसो हुँदा 'यन्त्र' शब्दको प्रयोग आजको कल, काँटा, मशीन, इन्जिन आदिको प्रयोग विलक्षण ढङ्गसँग गरेको बुझिन्छ। यता मुख न फेर्नेहरूले त यस इतिहासलाई कुनै हालतमा जान्न सक्दैनन्। यो हिन्दूविज्ञानको उत्कर्षलाई हेर्दा आजको विज्ञानको आविष्कारको के दाँजा ? त्यसको महत्त्वलाई नजाने पछि हुँदो र नहुँदो दुवैलाई मूर्खले वास्ता न

गरे जतिकै हुन्छ । माथिको मन्त्रले भनेको 'रथयुजम्' शब्द र 'वायुम्' यी दुवै शब्दले वायुलाई रथमा जोडने इतिहास बताएको छ । त्यसो भएको हुनाले निश्चयनै 'रथ' शब्दको अर्थ विमान हो र विमानले उडदा वायुको वेग हुन्छ । यो कुरा आज पनि सर्व विदित छ ।

# तीनतले विमान

आजको युगमा जो विमान[1] विश्व भ्रमण गर्दैछ । त्यो विमान एकै
तले बनेको देखिन्छ । तो विमानहरूमा ऐले सम्म दुइतला बनेको पनि
देखिएको छैन । तर ऋग्वेदका पृष्ठहरूमा खोजी गर्दा हामीलाई त्यो इति-
हास पनि मिल्छ । जसबाट आश्चर्य हुनु पर्छ । ऋग्वेदको 'तं त्रिपृष्ठे
त्रिबन्धुरे रथे युञ्जन्ति यातवे' [ ऋ० ९।६२।१७ ] मन्त्रमा तीन तला
भएको विमान = रथको उल्लेख छ । ऐले सम्म कलकत्ता, बम्बई, दिल्ली
आदिमा दुइ तले बस सम्म त बनेको देखियो । तर बस पनि तीन तला भएको
त बनेको छैन । त्यो पनि भुइमा दुगुर्ने जस्तो बस । भुइमा र पानीमा चल्ने
बस र नौकाहरू पनि दुइ तले भन्दा बढ़ता आजको युगमा पनि बन्न सकेको
छैन भने आकाशमा उडने जहाजको त कुरै छैन । तर प्राचीनहिन्दूहरूले
आकाशमा उडने विमान नै तीनतले बनाएका थिए । मन्त्रमा 'त्रिपृष्ठ'
शब्द प्रष्ट छ । त्यसको अर्थ तीनतला । मुख्य तीनै खाँवा पनि जस्मा
लागेको छ । सात ऋषिहरूले आफ्नो-आफ्नो बुद्धिले जोडेर चलाए । दुइ-
तले मोटर पनि यस लोकमा राम्ररी सफल भएको छैन भने तीनतले विमान
बनाएर आकाशमा उडाउन निक्कै ठूलो महत्त्वको कुरा मात्र हैन, अपितु
आश्चर्य जनक पनि छ । तर प्राचीन वैज्ञानिक[2] ऋषिहरूले वायुतत्त्व
नियन्त्रणमा राख्ने यन्त्र बनाएका हुनाले यो काम सहजै हुन्थ्यो । यो कर्मठ काम
जमदग्नि, भार्गव, ऋषिहरूको खोज थियो । यिनी केवल ऋषि भएर दाढ़ि
पालेर जङ्गलमा तप गरेर बसी रहने ऋषि मात्रै हैनन् । यिनी त आध्या-
त्मिक तपः साधन सम्पन्न भएर पनि विज्ञानका जन्मदाताहरू थिए ।
साइंसको लागि पनि त्यागी र, तपस्वी, वैरागी, नभै कन वैज्ञानिक हुनै
सक्दैन । त्यसो हुँदा यी ऋषिहरूका वैज्ञानिक खोज माथि आजका मान्छेले
राम्ररी ध्यान दिएर खोज गर्नु पर्ने छ । नभए आज पनि तीन तले विमान
सहजै हुनु पर्छ । तर देखिएको छैन । स्वयं तुलना गरेर हेर्नु होस् ।
आकाशमा उड्ने तीनतले विमानको आविष्कार गर्न आजका वैज्ञानिकहरू-

१. विमान एष दिवो मध्येऽऽस्त [ य० वे० १७।५९ ]

२. ऋ० वे० १।९२।२८ । ऋ० वे० १२९।४,५ । ऋ० वे० ७५ ।

लाई निकै परिश्रम लाग्ने छ। पानी जाहाज, मोटर आदि त तीनतले देखिन थाले। तर आकाशमा उडने त पूर्ण सफल छैन। काठमाण्डौंबाट लुकला, नामचे जानु पऱ्यो भने, कताबाट हावा बगेको छ भनेर हेर्नु पर्छ। अनि त्यसै आधारमा उडान गरिन्छ। फेरि दिशा बोध गराउँने यन्त्र पनि धेरै माथि कुइरो भएकोमा पुग्यो भने फेल हुन्छ। यस्ता कैयौं कमी आधुनिक विमानहरूमा छन्। तीनतले विमानले त भुइ छोडनु नै असम्भव हुन्छ। कसरी तीनतले विमान हुन सक्छ र? नहुँदो बकवास मात्र हो भन्छन्। तर माथि मन्त्रमा आएका पदहरूले त निश्चितै यस कुरालाई राखि दिएको बुझिन्छ। अनि कसरी भन्ने कि यो कुरा हुन सक्दैन? वस्तुतः यस प्रकारका विमानहरू अनेक थिए। मसँग छैन। त्यसो हुँदा त्योसँग पनि थिएन या छैन भन्नु बुद्धिमत्ता होइन। पहिले थिएन। युगान्तरमा पनि हुने छैन। भनी तीनै कालमा निषेध गर्ने अबूझ बानीले अब पनि विचार नगरे आफ्नै अस्तित्व खतरामा पर्ने छ। आज यसलाई एउटा सुझावको रूपमा प्रस्तुत गरिंदै छ। यसलाई हामीले आफ्नो पाराले खोज गरेर देखाउँनु परेको छ। हामीलाई पूर्ण विश्वास छ कि ऋग्वेदमा लेखिएको वैमानिक कलाले एक फेर फेरि भविष्यलाई उज्वल पार्ने छ। सीधा सगरमाथा नै आविष्कारको केन्द्र बन्ने छ।

---

३. ऋ० ७७.३, ८५।२६। ऋ० १।३४।२। ऋ० ११८।१-२। आदि सूक्त, मन्त्रहरूमा विज्ञानको प्रष्ट वर्णन छ। हेर्नुहोस्।

# बिजुलीले चल्ने विमान

वर्तमान युगमा विश्वलाई झिली मिली पार्ने बिजुलीको प्रकाशबाट का प्रभावित छैन ? विश्वको कुन यस्तो मानव होला। जसले बिजुलीको प्रभावलाई स्वीकार नगरोस्। तर सारै आत्तिने कुरा छैन। वर्तमान समयमा प्रत्यक्ष आँखाले देखिने 'बिजुली' प्रकाशको इतिहास सारै पुरानो हैन। यद्यपि यसले विश्वमा आफ्नो साम्राज्य जमाएको छ। तै पनि यस बिजुलीको प्रचलनको अथवा आविर्भावको कथा तीन चार शताब्दी भन्दा पुरानो हैन। हाम्रा पाश्चात्यहरूका शिष्यले पाश्चात्यहरूको कुरालाई अगि नसारीकन प्रमाण मान्दैनन्। त्यसो हुँदा सबैभन्दा पहिले पाश्चात्य-हरूकै कुरा राखिन्छ।

पाश्चात्य देशहरूमा माइलेटस देश निवासी 'थेल्स' नाम गरेको व्यक्तिले ई० पू० ६२४–५४७ मा बिजुलीको क्यै पता लगाए। यी मान्छेका गणना ग्रीस देशको सात सन्तहरू मध्यमा छ। यिनले सबै भन्दा पहिले 'एम्बर' भन्ने तृणमणि [ घास ] लाई रगडदा साना-साना र हलुङ्गा वस्तुहरूलाई आफू तिर तान्ने शक्तिको पता लगाए। तर लापरवाही अथवा उपेक्षाले गर्दा यो खोज यहीं सम्ममात्रै रह्यो। 'थेल्स' विचरा बचेरा जस्तै भएर बसे। तर उनले पनि कतै कोरेर राखेको हुँदो होला। त्यसो हुँदा क्रमैले पत्ता लाग्यो। फेरि यो खोजले अलिकति जिज्ञासा या जान्ने इच्छा बढाई दियो। अनि फेरि उस ग्रीस देश निवासी 'थे ओफ्रस्टस' भन्ने वैज्ञानिकले केही पता लगायो। तर यो इतिहास ई० पू० चौथो शताब्दीको चिनी वैज्ञानिक 'कु आ फो' का ग्रन्थहरूमा पनि केही चर्चा गरेको पाइन्छ। तर यो कुरा चर्चाको विषय मात्रै भएर बस्यो। केही विशेष अत्तो पत्तो भएन। बीचैमा यो विषय आकाशमा गूँजी पनि रहन्थ्यो। अब बिस्तारै यो खोज अगाडि बढ्दै गयो। अनि एक दिन त्यो पनि समय आयो कि [ ई० १५४०-१६०३ ] 'महारानी एलिजावेथको' राजवैद्य 'बिलियम गिल्वट' ले विशेष अनुसन्धान गरे। यो भन्दा पहिले शोध खोज गर्नेहरू भन्दा यिनमा यो विशेषता थियो कि घर्षण गरे पछि आकर्षण शक्ति केवल 'एम्बर' तृणमा मात्रै हैन अपितु हीरा, नीलम, ओपल, नून, फिटकिरो

आदि जस्ता द्रव्यहरूमा पनि आकर्षण शक्ति पाइन्छ भनेर पता लगाए। गिल्वटको खोजाईमा चुम्बकले फलामलाई सोझै तान्छ। तर घर्षणबाट पैदा गरेको बिजुलीले हलुङ्गो सबै द्रव्यहरूलाई तान्न सक्छ। यो सिद्धान्त निश्चित विशेष महत्त्वको थियो। गिल्वटको खोजाइको गहकिलो तह निकै राम्रो पर्न गयो। यसरीतिले गिल्वटले चुम्बक र बिजुलीको छुट्टै भेद पनि गरेर देखाए। अनि यस खोजले मानिसहरूलाई धेरै आकर्षित पनि गरे। त्यसको यो परिणाम निक्ल्यो कि सबैले खोजी गर्न थाले। उसैको फलस्वरूप [ ई० १६०२–१६८६ ] मा 'वान गैरिक' नाम गरेको व्यक्तिले बिजुली यन्त्रको आबिष्कार गरेर देखाए। यद्यपि यसको पनि सारै ठूलो आविष्कार थिएन। तै पनि आधुनिक युगको पहिलो आविष्कार हुनाले निक्कै ठूलो महत्त्व बढ्यो। अर्कोतिर [ ई० १६९६–१७३६ ] मा 'स्टीफेन ग्रेने' भन्ने व्यक्तिले आफ्नो खोजबाट यो पता लगायो कि रबडमा बिजुलीको शक्ति [ क्रेण्ट ] पस्न सक्दैन। ग्रेनेले यो पनि खोजको साटो अरु बस्तुहरूवाट पनि बिजुलीलाई अर्को ठाउँमा लैजान सकिने खोज गरेर देखाए। तर एकै मान्छे र एकै रीतिले हैन। परन्तु बेग्ला बेग्लै मान्छेहरूले दाउ, पेच, पैंतरा बदले र नै आविष्कार गर्दै गए। यो बिजुलीको आविष्कार पूरा गर्नको लगि [ ई० १८९६ ] मा 'लारेज' र 'मैक्स वेलेक' जस्ता वैज्ञानिकहरू पनि आफ्नो विलक्षण प्रयोगहरूबाट मानवलाई चकाचौंध पार्न तिर लागे। त्यसको अन्तिम परिणाम यो भो कि आजको दुनियाँमा एक मिनट पनि बिजुली नभए विश्वको आँखा बिजुलीवालाको हातमा निकालेर राखिदिए जस्तै हुन्छ। म लेख्दा खेरी बिजुली गइदियो भने त के भनौं, के गरौं, जस्तो हुन्छु। यहाँ सम्मको पराधीन पार्ने बिजुलीको आधुनिक इतिहासलाई हेरेर मान्छे तर्सिन्छन्। तर ई० पू० ६२४ भन्दा पुरानो त यसको इतिहास छैन। धेरै भन्दा धेरै तीन हजार वर्ष भन्दा पर जान सक्दैन। यता १७ शताब्दी देखिन् यसले केही चमत्कार देखाउन थालेको हो। हुन पनि हो 'यसको यत्तिको चमत्कारलाई मान्नै पर्छ। तर तीन हजार वर्षदेखि उताका मान्छे जङ्गली थिए। केही पनि जान्दैन थिए। झुण्डमा घुम्थे। पछि सभ्य भएका हुन्। हामीलाई पाश्चात्यहरूले सभ्य पारेको हो। अनि खान, लाउन सिकाएको हो, भन्ने कुरालाई अंगालो हालेर आफूलाई भुल्नु नै ठूलो भूल हो। यहाँ त लाखौं वर्ष पूर्वको इतिहास छ। त्यसमा पनि बिजुलीले नै जहाज = रथ चलाउँदथिए। यसमा ऋग्वेदको मन्त्र मनन गर्ने योग्य छ। मन्त्र यो छ—[ ऋ० ३।१४।१ ]

'स होता मन्द्रो..........कवितमस वेधा: विद्युद्रथ:'..........बिजुली-[1] को आविष्कार नयाँ हो भने यो मन्त्रमा आएको 'विद्युद्रथ:' भन्ने शब्दले के बुझाउँछ। अवश्य पनि यो बिजुलीले चल्ने वा 'स्टार्ट' हुने रथ थियो। आजको भनाइ अनुसार त्यो विमान नै थियो। पाठकहरूले यो शब्द माथि दिक्क मान्ने केही हेतु छैन। मैले पछाडि पनि उद्धरण दिएर छोडेकोछु। किन भने 'रथ' शब्दको अर्थ 'विमान' नभए हावाले चल्नु बिजुलीले चल्नु बिना घोडा नै रथले चल्नु आदि कुराको अर्थ लाग्ने छैन। अनि पशुहरूले तान्ने रथसँग यो मन्त्रहरूमा कुनै मतलबै छैन। त्यसो भएको हुनाले यस कुरामाथि तर्क नगरीकन यी स्थानहरूमा वर्णन गरिएका 'रथ' शब्दका अर्थ विमान अथवा हवाई जहाज नै प्रष्ट हुन्छ। यो भन्न सकिन्छ कि उतिखेरको पुकार्ने शब्द यही थियो होला। अब जहाँसम्म शब्द-हरूले विमानै अर्थ बुझायो भने ऋग्वैदिक कालमा अर्थात् आजभन्दा लाखौं वर्ष पहिले पनि हिन्दू पुर्खाहरूले धेरै कलाको साथमा विमान उडाएका रहेछन् भन्ने इतिहास प्रष्ट भयो। अब कुरा यो छ कि विमान उडाए। त्यो विमान उडाउनको लागि अनेक किसिमका यन्त्रहरू अवश्य पनि बनाए। तर त्यो भन्दा ठूलो कुरो अर्थात् विचित्र कुरा यो छ कि बिजुलीले[2] विमान-को सञ्चालन गरे। ऐलेको विज्ञानमा त काठमाण्डौं अधित्यका भित्र सिंहदरबारको छेऊ छाऊबाट भक्तपुर, सम्म मात्रै बिजुलीले चलाचल गर्ने मोटर छ। त्यस्तै बम्बई, कलकत्ता, मद्रास, दिल्ली आदि भारतका ठूला शहर अथवा राजधानीमा मात्रै बिजुली द्वारा सञ्चालित रेल गाडी छन्। त्यो पनि सबै ठाऊँमा अबाध गतिले जाने शक्ति छैन। तर प्राचीन हिन्दू वैज्ञानिकहरूले यो आश्चर्य गरेर देखाए कि विमान पनि बिजुलीले चलाएर देखाए। अब आकाशमा ती विमान उडाउनको लागि बिजुलीको सञ्चार कसरी गरे होलान्? अथवा आकाशैमा हुने बिजुलीलाई नियन्त्रण गर्ने कस्तो अद्भुत यन्त्र बनाएका थिए होलान्। जसबाट तेतिखेर समस्त हवाई जहाज या विमानहरूको सञ्चालन हुन्थ्यो। त्यसो हुँदा सौर शक्ति र बिजुली जस्ता विज्ञानको चमत्कार पूर्णकलाबाट 'कृण्वन्तो विश्वमार्यम्'

---

१. 'विद्युता ज्योति: [ ऋ० ७ ३३।१० ]
'विद्युद्धस्ता अभिद्यव:' [ ऋ० ८।७।२५ ]
'विद्युन्महसो नर:' [ ऋ० ५।५४।३ ]

२. 'विद्युद्रथा: मरुत:' [ ऋ० ३।५४।१३ ]
'विद्युन्नया पतन्तो' [ ऋ० १०।९५।१ ] [ नि. ११।३६ ]

को सिद्धान्त सबै देश विदेशहरूमा त्यै विमानहरूबाट गएर आर्य अर्थात् हिन्दू बनाउँद थिए। आज विज्ञानको सारै ठूलो चमत्कार देखिन्छ। तर प्राचीन हिन्दूहरूको बिजुलीले चल्ने विमान कलामा आजका वैज्ञानिक पुगेका छैनन्। आजको विमान, हेलीकप्टर, जेट आदि त तारटिग, डिजल, आदि तेलबाट मात्रै सञ्चालित हुन्छ। त्यसो हुँदा सौर शक्ति र विद्युत् शक्ति नियन्त्रणको क्षेत्रमा आधुनिक विज्ञानले अझ सयकडौं वर्ष सम्म खोज गर्नु पर्छ होला जस्तो लाग्छ। यस प्रकारले बिजुलीको आविष्कार भए पछि, अनेक प्रकारको विमानको आविष्कार भए। ती विमान विजुलीले नै चल्दथिए। यो पुष्टि, यो इतिहास, हामीलाई ऋग्वेदबाट प्राप्त भएको छ। तर यसको अध्ययन नभईकन विमानहरूको अर्थात् विज्ञान त्यतिखेर थियो कि थिएन भन्ने इतिहास ऋग्वेद-आदि वैदिक वाङ्मयबाट जान्न सहजै सकिन्छ। तर यसको लागि सर्मपित जोवन आवश्यक छ। यो कुरा-लाई ‘विद्युद्रथः’ आदि शब्दले प्रष्ट्याएको छ। यो ऋग्वेदको एक विशे-षता हो। यसै गरिमामय वाङ्मयको देन आजको—विज्ञान हो।

# सुनले बनेको पण्डुवी

दिन प्रतिदिन विज्ञानको सुनौले आभामा निखारिएर निस्केको वैज्ञानिक आविष्कार दृष्टिगोचर हुँदा जन साधारणलाई त के कैयौं बुद्धिजीवी वर्गलाई पनि स्वाभावैले आश्चर्य पार्छ। आधुनिक विश्वमा जुन दिन पण्डुवी बन्यो होला, त्यस दिन उस्तै भयो होला जस्तै काठमाण्डौमा विमान उड़ेको थियो। काठमाण्डौमा पहिलो दिन हवाइ जहाज उड्दा वरि परिका मान्छे छक्क पर्थे। तर जसले काठमाण्डौमा जहाज पु-याए। उसलाई त्यस्तो आश्चर्य थिएन। यति हो कि मेरो देशमा हवाइ जहाज पुग्यो भन्ने सन्तोष भयो। तर नस्वयम् बनाउन जान्दछ, न त चलाउन जान्दछ। तै पनि जहाजको मालिक छ। यसरीतिले जहाँ समुद्र छ त्यहाँ पानी जहाज, नौका, पण्डुवी आदिको आवश्यकता हुन्छ। त्यसो हुँदा क्रमैले यी आवश्यक वस्तुहरूको आविष्कार गरेर काममा ल्याउँदै छन्। ती आविष्कारहरूको मध्ये पण्डुवी पनि एउटा महत्त्वपूर्ण आविष्कार छ। किन भने समुद्रमा पानीको भित्र भित्रै आफ्नो आफ्नो काम सच्याउनको लागि पण्डुवीमा बसेर यात्रा गर्छन्। अनि समय समयमा उबाट हुने लाभ र हानि दुवै छुट्याई आफ्नो राष्ट्र र समाजको रक्षा गर्छन्। यस प्रकारले आधुनिक पण्डुवीको ठूलो काम छ। ठूलो महत्त्व पनि छ। यस्ता पण्डुवीको आविष्कारले गर्दा विश्वका महादेशहरूमा आज होड़ लागि राखेको देखिन्छ। अनि नाभकीय अस्त्रहरूलाई पण्डुवीमा राखेर हिंडदछन्। यस आविष्कारले जहाँ एक तिर आफूलाई सुदृढ बनायो, त्यहीं विश्वमा तहलका पनि मच्चियो। अनि विश्वको मानवमा असुरक्षाको भावना पनि बढ्यो।

यस्तो भयङ्कर आविष्कार आजको युगमा भएको हुनाले प्राचीन इतिहासलाई विर्सनु स्वाभाविकै कुरा हो।

तर मानवले कार्य कारण भावलाई पनि विर्सनु हुँदेन। किन भने वर्तमान पण्डुवीको पनि कतै कुनै कारण लुकेको हुनु पर्छ। कारण थियो पनि। त्यसैले त आजको पण्डुवी बन्यो। तर यो पण्डुवी पनि प्राचीन हिन्दू विज्ञानको अवकल्चो नकल मात्रै हो। यस पण्डुवीको पूर्वरूप स्वयं

ऋग्वेदमा विद्यमान छ। 'यास्तेपूषन्नावो अन्तः समुद्रे हिरण्यमयीरन्तरिक्षे चरन्ति' [ ऋ० ६।५८।३ ] यो मन्त्रमा पहिलो शब्द 'नावः' छ। जस्तै 'रथ' शब्दको अर्थ सामान्य घोडा पशु आदिले तान्ने 'रथ' हैन, त्यस्तै 'नावः' शब्दको अर्थ पनि सामान्य माझी, मल्लाहहरूले पाटाले खियाउने 'नाव' हैन। अपितु ठूला ठूला शक्तिशाली यन्त्र, मशीन, फिट गरेको जहाजहरूको नाम पनि 'नावः' नै भनेर वेद विज्ञानमा लेखिएको पाइन्छ। त्यसो हुँदा बुद्धिजीवीहरूले यो विचार गर्नु आवश्यक छ कि यस्ता जहाज-हरू हुन सम्भव छ। तर निश्चितरूपले भन्न साकिन्छ कि आज भन्दा लाखौं वर्ष पूर्व ऋग्वेदमा लेखेको इतिहासले बताउँछ कि उतिखेरका हिन्दूहरूले कस्तो विचित्र साइंसको आविष्कार गरेका थिए। पहिले ऋभु-हरूको चर्चामा सुनको जहाजको चर्चा भई सकेको छ। त्यसै मन्त्रको प्रसङ्गमा यो मन्त्र उद्धृत भएको हो। माथिको मन्त्रमा 'नावः' शब्दको विशेषणमा 'हिरण्यमयी' शब्द जोडिएको छ। 'हिरण्य' शब्दको प्रचलित अर्थ सुन हो। त्यसो हुँदा सुनले बनेको नाव थिएछ भन्ने इतिहास छर्लङ्ग बुझिन्छ। अनि ऋग्वेद कालमा आर्यावर्तमा सबैभन्दा धेरै सुन पाइन्थे। कैयौं सूक्तहरूमा सुनको चर्चा बेसरी आएको छ। जहाँ यत्रो कल, काँटा, मशीन, जहाज, आदिको आविष्कार भयो, त्यहाँ त्यो जावो सुन आर्यहरू-लाई कति ठूलो कुरा थियो र। त्यसै भएको हुनाले त सुनको जहाज पनि बनाउन सक्थे। यसमा सन्देह गर्ने आवश्यकता छैन। त्यसो हुँदा 'हिरण्य-मयी नावः' शब्दको अर्थ सुनले बनेको जहाज हो। आजको युगमा सुन पाइदैन अथवा महँगो छ भनेर आश्चर्यमान्नु या नहुने कल्पना मात्रै हो भनेर बस्नु त बुद्धिलाई भिखारी बनाउनु मात्रै हो। अब यी सुनले बनेको विमान या जहाजले कहाँ सम्म जाने शक्ति राख्दथिए, भन्दा, यहाँ दुइटा विशेषण आएको छ। एउटा 'अन्तः समुद्रे' अर्थात् यो जहाज पानीमा हिड्दो रहेछ भन्ने कुरा प्रष्ट हुन्छ। अर्को 'समुद्रे' शब्द भन्दा पूर्वमा 'अन्तः' शब्द जोडिएको छ। यो 'अन्तः' शब्दले पानीभित्र अर्थ बुझाउँछ। दोस्रो विशेषण शब्द छ 'अन्तरिक्षे'। अन्तरिक्षको अर्थ आकाश हो। यो सुनले बनेको विमान पानीमा हिडदो रहेछ! पानीको भित्र पनि पण्डवीको काम गरेर हिंडदो रहेछ। आकाशमा पनि उड़दो रहेछ। अब पृथिवीमा त त्यसै पनि दगुरी हाल्ने भो। यस मन्त्रमा एउटा अर्को शब्द छ। त्यो शब्द हो 'चरन्ति' यसको अर्थ सवै तिर जानु हो। यस प्रकारको विमान कलाको आविष्कार वार्हस्पत्य भरद्वाजले गरेका थिए। यस

मन्त्रमा वर्णित शब्दहरूले यो इतिहास बताए कि प्राचीन हिन्दूहरूको विमान कलामा आजको विमान कला कुनै हालतमा पनि दाँजिन सक्दैन ।

अर्को इतिहास यो बताइ दिन्छ कि त्यति खेरका हिन्दूहरूले पनि जहाज हवाइ जहाज र पण्डूवीको कला पनि राम्ररी जानेका थिए । त्यो भन्दा पनि विचित्र त्यो इतिहास बताउछ कि एउटै विमानजहाज पानी भित्र पानी माथि पृथिवीमाथि आकाशमा चल्ने, उड़ने, तर्ने डूब्ने शक्ति राख्द थियो । त्यो भन्दा पनि विचित्र आश्चर्यको इतिहास सुनले बनेको हुनु हो । आजको विज्ञान यस स्थितिमा पुगेका छैनन् । जुन कलालाई भारद्वाजले बनाएर विश्वलाई चकित पारेर राखिदिए । तर यस हिन्दूहरूको परम उज्वल इतिहासलाई कैयौं मान्छेहरूले धमिल्याउने पारा गरेका छन् । कैयौंले निर्वीज पार्न खोजेका छन् । वर्तमान हिन्दू मोहको निद्रामा खरारिएर सुतेका छन् । निद्रा खुलेन भने ओछ्यानैमा बित्न बेर लाग्ने छैन । हामीलाई यो विमान बनाउने अवसर मिलोस् । हामीलाई फेरि हाम्रा पूर्वजहरूको विश्व गुरुत्वलाई अक्षुण्य राख्ने अवसर मिलोस् । ऋषिवर वैज्ञानिक शिरोमणि भारद्वाज शतशः तिमीलाई प्रणाम छ । जसले एक बार विश्वमा आफ्नो अस्तित्वलाई अमेट पारेर राखे । आज सम्मको इतिहासमा पाइने प्राचीन भन्दा प्राचीन इतिहास र त्यसमा पाइने प्राचीन भन्दा प्राचीन सामग्री यसैको उपलब्धि छ । त्यसैलाई अँगालेर वहाँ सम्म पुऱ्याइदिए । जहाँ पुगेर फेरि एक फेर इतिहासको पाना र सूचीहरूमा मात्र देखिन पुगे । त्यो अमर गणले स्तुति गरिने वैज्ञानिक ऋषिगणहरूको आविष्कारले फेरि पनि झकझक्याउने छ । तर लगन भए । छैनको उत्तर 'छ' हो ।

# विश्वमा पहिलो सात पहियाको विमान

यस प्रसङ्गमा महर्षि शौनकको पनि आधुनिक युगको पथ प्रदर्शनको लागि कम सहयोग मान्नु हुँदैन। मार्ग निर्देशन अथवा औल्याएर बाटो देखाउँने पनि ठूलो गुरु हुन्छ र मानव मस्तिष्क भएकाले मान्छन्, भने जुन वैज्ञानिकहरूले यति गरेर देखाए, ती अवश्य पनि विश्वमा माननीय हुन्। महर्षि शौनकले आफ्नो आविष्कार कालमा सात पहियाले जोडिएको विमान या रथ उडाएका थिए। यी विमान सबै तीनै लोकमा भ्रमण गर्न सक्ने क्षमता भएका थिए। यो मन्त्रमा गवेषण पूर्वक ध्यान दिएर हेर्नु होस्। मन्त्र यो छ—"सोमा पूषणा रजसो विमानं सप्तचक्रं रथमविश्व मिन्वम्" [ ऋ० २। ४०। ३ ] यस मन्त्रमा वर्णित जहाजको वर्णन अरु जहाज अथवा विमानको जस्तो छैन। अपितु यो सात चक्र भएको विमानको सञ्चालन विचित्र शक्तिले हुन्थ्यो। ती शक्ति कुन थिए त, भन्दा सूर्य शक्ति र सोम=अर्थात् चन्द्रशक्ति नाम गरेका शक्तिले ती विमान सञ्चालित हुन्थे। यो कुरा आश्चर्यजनक छ कि आजको युगमा पनि सूर्य र चन्द्रको शक्तिको पता लगाउँन सकेकै छैनन्। अनि ती शक्तिहरू-बाट विमानको सञ्चालन गर्ने इतिहास कायम गर्नु त आजको वैज्ञानिकहरूलाई हजारौं वर्षको समय दिए पनि वैदिक विमान कलामा पुग्ने हो कि हैन। यो कुरा भन्नु गारो छ। ऋग्वेदको साक्षीले, यो कुरा हामी डरीलो आँटले विश्वको सामुमा राख्न सक्छौं कि सूर्य शक्ति र चन्द्र शक्ति दुवैले त्यति खेरको आर्यहरूले विमान=रथमा जोडेर चलाउन जानेका रहेछन्। पाठकहरूलाई अरू फराकिलो पाराले सम्झाइदिनु वेस होला। मन्त्रमा आएको 'सोमा' शब्दले यो बुझाउछ कि चन्द्रमाको किरणलाई केन्द्रित पारेर ती चन्द्रमाबाट उत्पन्न गरेको किरण शक्तिले विमानको सञ्चालन प्राचीन हिन्दूहरूले गर्थे। त्यसै रीतिले दिउसो सूर्यको किरण शक्तिलाई एकत्रित पारेर अनि त्यस शक्तिले पनि विमान चलाउँथे। अब यहाँ तिखारिएका बुद्धिले यो विचार गर्नु पर्‍योकि सूर्य र चन्द्रको किरण शक्तिलाई कसरी एकत्रित पारे होलान्। कुन चाहीं यन्त्र कसरी बनाए होलान्। अनि कुन युक्तिले जोडेर फेरि सबै भन्दा पहिले केमा

उपयोग गर्दा कुन पाराले गरे होलान् । यो सबै काम धामी, झाँक्री, लामा फेदांवा, बिजुवाहरूको 'हुँफट्' मन्त्रले भएको हैन । यी कार्यहरू माथि असंख्य यन्त्रहरूले काम गरीराखेका थिए । त्यस्ता यन्त्र आज पनि बन्न सकेका छैनन् । बनेको भए त आज पनि ती शक्तिहरूबाट विमान सञ्चालित हुनु पर्ने हो । तर देखा परेको छैन । यो विमान राति चन्द्र किरणको शक्तिले सञ्चालित हुने कुरा बुझिन्छ । दिनमा सूर्य किरणको शक्तिबाट सञ्चालित भएको कुरा बुझिन्छ । यस मन्त्रमा वर्णित विशेषता यो पनि छ कि यहाँ आधुनिक युग जस्तै 'विमान' शब्दको पनि शौनकले प्रयोग गरेको छ । 'सप्त चक्र' शब्द 'विमान' र 'रथ' दुवैको विशेषण भएको देखिन्छ । यस आविष्कारको अधकल्चो नकल आज भोलि कतै-कतै 'सौर शक्ति' भनेर अखवार या समाचार पत्रहरूमा मात्रै देखिन्छ । आजका वैज्ञानिकहरूले सौर शक्तिलाई विमानहरूमा जोडेर उपयोगमा ल्याएको देखिएको छैन । तर प्राचीन हिन्दू वैज्ञानिकहरूले विमान देखि बाहेक हरक्षेत्रमा सौर चन्द्रशक्तिका प्रयोग गर्न जानेका थिए । यन्त्र सर्वस्वको वैमानिक प्रकरणलाई हेर्दा यो प्रमाण प्रष्ट हुन्छ । यी शक्तिहरू-लाई हामीले फेरि दुनियाको सामुमा राखेर देखाउँन सक्ने शक्ति हरायो । यसमा पनि ठूलो इतिहास छ ।

वस्तुतः ज्ञान र विज्ञान दुवैको क्षेत्र उन्नतिशील भए पछि नाश तिरै ढल्किएर् जाँदो रहे छ । यो केही प्राकृतिक नियम छ । तर हाम्रो प्राचीन हिन्दू विज्ञानको नाश हुनुमा कैयौं कारण छन् । एक क्षेत्रबाट उन्नतिमा पुगेर अर्का क्षेत्रबाट तल तिर खस्नु । जन्मिएर बढनु । बढे पछि मर्नु । यो के हो ? आज मात्रै होइन । प्राचीन कालमा पनि प्रश्न चिह्नै थियो । तत्त्वदर्शी वैज्ञानिक ऋषिहरूले जहाँ अनेकौं विज्ञान र त्यसको साधनको आविष्कार गरे । त्यहीं प्रश्न चिह्न मात्रै हुँदै गए । सात पहिया भएको विमान पनि विश्वमा पहिलो विमान थियो । नभए त उल्लेख हुने नै थिएन होला । थियो, अनि त लेखे । लेखिए, अनि त इतिहास बन्यो । त्यसो भएको हुनाले 'त' आज हामीले केही खोजेर जान्न सक्यौं । नभए त सात पहियाको विमानको चर्चा नै किन आउँथ्यो र ? चर्चामा आयो कि त्यसको इतिहास बनी सकेको रहेछ भनी जान्नु पऱ्यो । यसै रूपमा ऋग्वेद उपस्थित छ । ऋग्वेदको जुन रूपमा अध्ययन गर्न सक्छौं । जुन दृष्टिले हेर्छौं । उसै दृष्टिमा झल्किन्छ ।

आधुनिक विज्ञानको गन्ध मात्रै सुँघ्ने, वर पर नहेर्नेहरूले त, जे भने पनि क्षम्य छ। तर गौरवको तत्त्वलाई बुझ्नेहरूले त यस कुरालाई सुन्ने वित्तिकै आफ्नो विचारको कसौटीमा कसी हाल्छ। यो 'सात पहिया' भएको विमान पनि प्राचीन विज्ञानको धारामा उम्रेर पलाएर बढीकन आज यस रूपमा आएको हो।

# सूर्यशक्तिले चल्ने विमान

ऋग्वेदलाई उठाएर हेर्दा एक भन्दा एक विलक्षण वैज्ञानिक आविष्कारहरूको संकेत हामीलाई मिल्दछ। प्रत्येक मन्त्रबाट विचार गर्दा यो कुरा प्रष्ट भएर आउँछ। यो भन्दा पहिलो मन्त्रमा जस्तै यस मन्त्रमा पनि दुइटा शक्तिले आकाशमा उडने विमानको वर्णन राम्रो तहले गरेर राखेको छ। त्यो मन्त्र यो छ—'अस्माकं मित्रावरुणावतं रथमादित्यै रुद्रैर्वसुभिः सचा भुवा' [ ऋ० २। ३१। १ ] यस विज्ञानको आविष्कार पनि भार्गव शौनकले गरेका थिए। मन्त्रमा प्रस्तुत 'मित्रा वरुणौ' शब्दको अर्थ दुइटा शक्ति। जसबाट रथ विमानको सञ्चालन हुन्थ्यो। अर्थात् जुन साधनबाट विमानलाई चालन गरेर आकाशमा उडाइन्थ्यो। ती दुई शक्ति = मशीनको नाम मित्रावरुण हो। जसबाट सञ्चालन, उद्बोधन, संयमन आदि सबै काम हुन्थे। ती दुवै मशीन कस्ता थिए भने आदित्य, रुद्र, वसु नाम गरेका सूर्य किरणहरूलाई पक्रेर संयमन गरीकन फेरि विमान अर्थात् जहाजभित्र भएका मशीन, कल, काँटाहरूमा हालेर आनन्द र निर्भयसँग सञ्चालित हुन्थ्यो। यसले पनि यै बुझाउँ छ कि सूर्यको किरण देखि बाहेक बिजुली, चुम्बक, आदि शक्तिहरूको धेरै मात्रामा प्रचलन रहेछ। यी शक्तिहरूको प्रचलन नभए, यो काम कसरी हुन सक्थ्यो र। फेरि बनाउनु नै जान्दैन थिए भने प्रयोग कसरी गर्थे ? आधुनिक युगमा यो प्रश्न प्रश्नै रहेको छ। जब ऋग्वेदले बिजुली, चुम्बक, सूर्य किरणहरूबाट विमान = रथको सञ्चालनको कुरा प्रष्ट गरेर राखेको छ, भने हामीलाई तिम्रा जुजू बाजे जङ्गली असभ्य थिए। हामीले सभ्य बनाएको भन्ने कल्पना नै गलत छ। अनि स्वीकार गर्ने मान्छेले पनि हो त, नी, हाम्रा पुर्खाहरूका पुच्छर उम्रेका थिए। अब हाम्रो पुच्छर घिसिएर यस्ता सभ्य भयौं भन्ने कल्पना कहाँ सम्म सही हो। ती कुराहरूको छेऊ भेऊ पाउनको लागि ऋग्वेदलाई हेर्नु पर्छ। प्रकृतमा कुरा यो थियो कि, ती पुर्खा आर्यहरूको वैमानिक आविष्कारहरूमा यो सूर्य किरणले चल्ने विमानको आविष्कार आज सम्म भएको छैन। लोक-लोकान्तर सम्म जाने कुराको सम्बन्धमा अमेरिकाले छोडेको ११ अपोलो र रसियाले

छोडेको 'लूना' नाम गरेको राकेट भर्खरै चन्द्र, मंगल, शुक्र सम्म पुग्न थालेका छन्। तर ती पनि सौर शक्ति सञ्चालित छैनन्। ऐले सम्म सञ्चालित भएका विमान राकेटआदि जति पनि आधुनिक आविष्कार छन्। ती कुनै पनि सौरशक्ति सञ्चालित छैनन्। बिस्तारै सौर शक्ति सञ्चालित भए छ भने पनि ऋग्वेदकालिक विज्ञानको नकल अवश्य मानिनेछ। यो अवश्य छ कि पूरा नकल उत्रने हो कि अधकल्चो उत्रने हो। पछिल्लो पानामा वर्णन गरेको चन्द्र र सूर्य शक्ति[1] भन्दा यो सूर्य शक्तिको आविष्कार बेग्लै किसीमको बुझिन्छ। माथि मन्त्रमा भनिएको 'वसु' नाम गरेको संकेतित शब्द किरणको वाचक छ। यो सूर्यकै किरण हो ता पनि यस किरणमा रसायन शक्ति छ। अर्थात् रसायन परिणामलाई उत्पन्न गर्ने क्षमता छ। अनि त्यसै रासायनिक शक्तिको प्रक्रियाबाट बिजुलीको रूपमा बदलन सकिन्छ। त्यस्तै प्रकारले 'रूद्र' नाम गरेको किरणले दुइटा धातुहरूको संयुक्त स्थलमा आग्नेय दर्पणसँग मेल गरियो भने विद्युतत्प्रवाहको सञ्चार हुन्छ। यो त कतै-कतै आधुनिक वैज्ञानिकहरूले पनि कोटट्याउन थालेको थाहा पाइँदै छ। यिनी विद्युत्तरङ्गहरूबाट परस्परमा सम्बन्ध जोरेर सञ्चालित गर्ने यन्त्र शक्तिलाई 'मित्रा वरुण' नाम वेदमा वैदिक वैज्ञानिकहरूले सञ्ज्ञा दिए। त्यसो हुँदा यस्तो यन्त्रशक्तिले सञ्चालित हाम्रो विमान सर्वत्र गति भएको होस् भन्ने परम आशयलाई प्रकट गरेका छन्। यस प्रकार सूर्य किरणले चल्ने विमानहरूको वर्णन यथार्थ यथावसर गरिने छ। गरेको पनि छ। तर आज सूर्यशक्तिले चल्ने कुनै यस्तो यन्त्र खास बनेको छैन। कतै-कतै गर्मी, तापमान, आदिको आविष्कार त भएको छ। यस प्रकारको आविष्कारलाई सारै आश्चर्य मान्ने कुरा पनि छैन। किन भने मन्त्रहरूमा वर्णित आविष्कारको एक छेउमा पनि पुगेको देखिदैन। त्यसो हुँदा ऋग्वेदमा वर्णित सूर्य शक्तिको प्रयोग अद्वितीय थियो भन्ने कुरा प्रष्ट हुन्छ। यसमा हामीले आजको युगमा पनि सूर्य शक्तिको लागि शोध, खोज गर्ने आवश्यकता छ। शोध खोज आधुनिक युगमा मात्रै होइन, अपितु प्राचीन कालमा पनि निरन्तर जारी थियो। माथि लेखिएका पंक्तिहरूले यो कुरालाई प्रष्ट गरेर देखाएको छ। १७ शताब्दीको विज्ञानको चमत्कार भन्दा कैयौं विलक्षण चमत्कार ऋग्वेद कालमा थियो। यी सबै कुरालाई हामीले कल्पना गरेर राख्ने आवश्यकता नै छैन। ती सबै मण्डल, अध्याय, अष्टक, सूक्त, ऋचा,

१. 'अतो रथेन सुवृत्ता न आगतं सूर्यस्य रश्मिभिः' [ ऋ० १।४७।७। ]

मन्त्रहरूमा उदाङ्गो पाराले प्रस्ट्याएको छ। अनेक मन्त्रहरूले शब्दमा पनि ढाँटेको छैन। अनि हामीले किन आफ्नो छोडेर अर्काकै घरमा ओतिन जाने ? फेरि आज सम्म पनि सौर शक्तिको आविष्कार र सञ्चालन नै भएको छैन भने, उ भन्दा पूर्वकोलाई नै मानेर अगाडि किन न बढने ? त्यसो हुँदा ऋग्वेदीय सौर शक्तिले लाखौं वर्ष पहिले नै जन्मिएर बाटो देखी सकेको थियो।

# तीन पहिया भएको विमान

अब यो कुरात प्रसिद्धै भई सक्यो कि हवाई जहाज, हेलीकप्टर कैयौं विमानहरू तीन चक्रे छन्। त्यसो हुँदा उहिलेकाले ईश्वर मानी रहन्थे। अब त मान्छे नै ईश्वर भए, पनि भन्छन्, हुनु पनि हो। तर कुनै अंशमा नर पनि नारायण हुन सक्छ। सवै ठाउँमा हैन। आधुनिक तीन चक्रे विमान रथ आदि आधुनिक आविष्कार हैन, अपितु प्राचीन हिन्दूहरूको नकलमात्रै हो भन्ने कुरा, यस प्रकरणमा पनि प्रष्ट हुँदैछ। आर्यहरूको मूल जेथा ऋग्वेदै हो। त्यसमा यो इतिहास प्रष्ट गरेर देखाएको छ। मन्त्र यो छ— अनश्वो जातो अनभीशुरूक्थ्यो रथस्त्रिचक्रः परिवर्तते रजः' [ ऋ० ४। ३६।१ ] यो मन्त्र माथि प्रसिद्ध भाष्यकार सायणको भाष्य पनि मनन गर्ने योग्य छ। त्यसो हुँदा पहिले जग वसालीकन फेरि भित्ता उबभ्याएर अनि खाँबो बलो, आदि हाल्ने मेसो राम्रो हुने छ। सायणाचार्यले त्यो माथिको मन्त्रमा व्याख्या अथवा भाष्य गर्दा यसो भने 'हे ऋभवः अश्विनोः सम्बन्धी युष्मद् दत्तः रथः अनश्वोजातः वाहनाश्वनिरपेक्षः सम्पन्नः। अनभीशुः प्रग्रहरहितः उक्थ्यः स्तुत्यः त्रिचक्रः चक्रत्रययुक्तः सन् रजः अन्तरिक्षं परिवर्तते = परिभ्रमति। महत् प्रभूतं तत् रथनिर्माणाख्यं कर्म वः युष्माकम्" [ ऋ० ४।४।३६।१ ] यिनै भाष्यकारहरूको भाष्यको आधारमा मैले 'रथ' शब्दको अर्थ विमान = हवाई जहाज भनि लेखेको हो। अब विचार गर्नु होस् मूल मन्त्र माथि। मूलमा सवै भन्दा पहिले 'अनश्वो जातः' भन्ने शब्दको प्रयोग भएको देखिन्छ। त्यस शब्दको अर्थ घोडा नभएको। त्यसको पनि अर्थ कसरी निस्क्यो ? भन्दा 'अश्व' घोडालाई भनिन्छ। न विद्यते यस्मिन् अश्वो इति अनश्व = भन्दा नञ् समासले यो अर्थ बुझायो कि घोडा नभएको रथ। फेरि अर्को शब्द छ 'अनभीशुः' संस्कृतमा 'अभीशुः' शब्दको अर्थ करेली, लगाम, लाई भनिन्छ। घोडाको मुखमा हालेर घोडालाई सधाएर हिंडाउने डोरीलाई करेली भनिन्छ। त्यसो हुँदा मूलमा यो अर्थ निक्लने भयो कि 'न विद्यते अभीशुः यस्य सः इति अनभीशुः, अर्थात् जसमा करीले = डेरी छैन। अनि जुन रथमा तीन पहिया पनि लागेको छ। अर्थात् जुन रथमा घोडा जोडि-

एको छैन । त्यसो हुँदा करेली पनि छैन । त्यो रथ आकाशमा चारै तिर घुमी राखेको छ । ऋभु हो ! तिमोहरूको यस्तो प्रशंसा गर्न योग्य रथ छ । यो के भनेको हो । फेरि मूलमन्त्रैमा 'परिवर्तते रजः' भन्ने शब्द पनि छ । 'रजः' शब्दको अर्थ सायणादि कैयौं आचार्यहरूले अन्तरिक्षलोकनै मानेका छन् । त्यसो हुँदा यो रथ साधारण भुईंमा हिडने रथ नभएर ऋभु जस्ता वैज्ञानिकले आविष्कार गरेको अलौकिक विमान हुन आउँछ । जसले उसवेला देखि लिएर आज सम्मको वैज्ञानिकहरूलाई ठूलो देन दिएको इतिहास बुझिन्छ । यसमा जयपुर राजदरवारका राजगुरु पं० मधुसूदन ओझा विद्या वाचस्पति द्वारा लिखित 'इन्द्र विजय' ग्रन्थलाई मनग्य सपारेर हेर्नुहोस् । यद्यपि सायण र ओझा दुवैको अर्थमा वैमत्य छैन । तै पनि निकै राम्ररी गहकीलो पाराले लेखिएको ग्रन्थ छ । दुर्भाग्य यो छ कि, त्यो ग्रन्थ पनि-संस्कृतमा नै लेखिएको छ । त्यसमा पनि श्लोकवद्ध छ । त्यसो हुँदा संस्कृतमा जति नै राम्रो जे लेखिए पनि नाक चेपार्ने विषय भइहाल्छ । त्यसमा पनि स्वयं संस्कृत पढनेहरूले नै संस्कृतलाई मारी फेकि किरिया पनि गर्छन् भने अरू संस्कृत नजान्नेहरूसँग के आशा गर्ने ? संस्कृत भनेको वाहुनले पूजा गरिखाने भाषा हो भन्छन् । कैयौंले मरेको मुर्दा भाषा हो पनि भन्छन् । तर भुमण्डलको समस्त ज्ञान-विज्ञान यसै संस्कृतमा लेखेको देख्दा छक्कै पनि पर्छु । हुन्छ, प्रसङ्गवश व्याख्या गरौंला । यहाँ हामीले यो कुरालाई भुल्नु हुँदैन । उहिलेका हिन्दूपुर्खाहरूले यस प्रकारका कैयौं थरी विमान बनाएका थिए भन्ने इतिहास माथिका मन्त्रहरूबाट थाह परिसके पछि यसको असली जरो के हो भने, वर्तमान शिक्षापद्धतिले हामीलाई गलत बाटोमा हिंडन बाध्य गर्दछ । हाम्रो असली इतिहास माथि कुइरोपारि पाश्चात्य इतिहासलाई धुवाँसो पार्ने मेसो देखिदैछ । देशको कलिलो अथवा मृदुमुनाकाहरूलाई बाउ-आमा नभएका टुहुरा पारिदै छ । देश र राष्ट्र नभएको भतुवा पार्नेकाम त कोशिस गरेर पनि भइराखेकै छ । यो भविष्यमा इतिहासले बताउला । ऋग्वेदमा वर्णित रथ=विमान कलाको सम्झनाले यो कुरा लेख्न लायो । जोवन भरी संस्कृत पढ़ी, पढाई ठूलो अपराध गर्ने, म अपराधी मान्छे । फेरि जीवन भरी मंगन्ते भएर पनि, यी पूर्वज पुर्खाहरूको कला कौशललाई मनन गरेर अथवा घोरिएर हेर्दा भेडाहरूकै बथानमा हुर्के पनि शेरकै बच्चा रहेछु भन्ने स्वाभिमानमा डूबी राखेको छु । त्यसो हुँदा वैज्ञानिक ऋभुगणहरूले आविष्कार गरेको विमान कला माथि आज विश्वको यान्त्रिक विमान कलाकारहरू अधमर्ण छन् ।

यस प्रकार विश्व व्यापी सामर्थ्यशाली विमान बनाउने हिन्दूहरूको इतिहासले अथाह विज्ञानको राशि संकेत गरेर राखी दिएको छ। यस्ता संकेत या इतिहास अन्यत्र ग्रन्थहरूमा धेरै छरपष्टिएको छ। सङ्ग्रह र शोध खोजको नितान्त आवश्यक छ। यो भन्दा पूर्वकालमा नजाने कति हो कति तीन पाङ्ग्रे, सात पाङ्ग्रे आदि विमानहरू बनेका थिए। यसको विकासको लागि हजारौं वर्षको समय लाग्यो होला। अनि त यस्तो अलौकिक निखार आयो। यस प्रकारको निखार आउनु नै विज्ञानको परिपक्वता हो। फेरि त्यत्रो परिपक्व अथवा परिमार्जित हुनको लागि समय सापेक्ष्य छ। दिउँसो बिऊ छरेर बेलुका काट्न जाने काम होइन। किन भने जुन कुनै काम सिद्ध गर्दा पनि आफ्नो देश, काल, परिस्थितिको अनुसार समय या कालकै महत्त्व धेरै जसो हुन्छ। यस्तो पाङ्ग्रा आविर्भाव गर्दा केही समय अवश्य नै लाग्यो। फेरि त्यसलाई प्रयोग गर्दा पनि समय लाग्यो होला। अनि कुन कुन वस्तुहरूमा जोडियो होला। फेरि पछि विमान आदिमा जोडेर सफल भए। पाङ्ग्रा कुन कुन उपकरणहरूले बन्दथिए। यी कुराहरूको उल्लेख अरू ग्रन्थहरूमा अन्वेषणीय छ। स्वयं ऋग्वेदमा उल्लेख गरेको पाइएन। त्यस्मा उपकरणको उल्लेख नभएको हुनाले तीन पाङ्ग्रा भएको विमान नै थिएन भन्नु, गलत हुने छ। मन्त्रहरूमा यसको उल्लेख प्रष्ट आएको छ। ती मन्त्रहरूमा वर्णित वस्तुहरूको अपलाप हामी गर्न सक्तैनौं। अपलाप गर्ने सामर्थ्य पनि कसैको छैन। त्यसो हुँदा यो ऋग्वेदको विशेषता हो भनेर मान्नु पर्छ।

# त्रिपुर शहर

माथि लेखिएका विमानहरू मध्ये नै यो त्रिपुर विमान पनि छ। तर पुराण सुन्ने श्रोता गणहरूमा यस विमानको धेरै प्रसिद्धि छ। त्यसैं भएको हुनाले त यसको चर्चा वा कुराकानि हुँदा पुराणहरूमा लेखिएको छ, भनेर सुनाउँछन्। तर साँचो कुरा त्यो हैन। त्यो कुरा अथवा इतिहास के हो भने आपसीमा मत भेद हुन थाले पछि वेदको कथा सुनाउनु बन्द भए। त्यस पछि पुराणहरूको मात्रै सर्वत्र चर्चा हुन थाले। कारण जे होस्। त्यसो हुँदा हुँदै त्यै कथा पनि लुप्त हुँदै गए। तर 'त्रिपुर' विमान[1] मूल ऋग्वेद-कालिक हो। त्यो इतिहास ऋग्वेदबाट तैत्तिरीय संहिता ३।२।६।१ मा आयो। अर्थात् त्यै ऋग्वेदमा वर्णित त्रिपुर विमानको वर्णन तैत्तिरीय संहितामा पनि भएको छ। त्यस पछि ऐतरेय ब्राह्मण २।११ मा पनि यस इतिहासलाई जस्ताको तस्तै राखेको देखिन्छ। त्यस पछि महाभारत कर्ण पर्व ३३।३४ आदिमा यो इतिहासलाई दुरूस्तै उतारियो। त्यस पछि पनि लिङ्गपुराण, स्कन्दपुराण, शिवपुराण, पद्मपुराणको ४।५। आदिमा यस साइंसको वर्णन प्रष्ट छ। तारकासुर नाम गरेको एउटा ठूलो वैज्ञानिक थियो भन्ने कथा सुनाउँछन्। त्यो कथा मात्रैं हैन। त्यसमा एउटा ठूलो इतिहास लुकेको छ। गंजेडीहरूको भाँग भरिएका मस्तिष्कमा त्यो कपोल कल्पित कथा हुन सक्छ। तर हिन्दू इतिहासमा यी कथाहरूमा ठूला ठूला इतिहास र विज्ञान लुकेको छ। यो तारकासुर स्वयं एउटा ठूलो वैज्ञानिक र बलशाली थियो। यसका तीन जना सहयोगी छोरा आफु जस्तै वैज्ञानिक र बलशाली थिए। तीनै छोराहरूका नाऊँ यस प्रकार थिए। जेठो ताराक्ष र माइलो कमलाक्ष अनि कान्छाको नाऊँ विद्युन्माली थियो। ती मध्ये कान्छा विद्युन्मालीको काम खाली बिजुलीको आविष्कार गर्नु थियो। आज भन्दा लाखौं वर्ष पूर्व पनि जस्तो गुण उस्तै नाऊँ थिएछ। यो इतिहास नामैले बताउँछ। विजुलीले हुन सक्ने जति आविष्कार थिए, ती सबै विद्युन्मालीको हातमा थियो। अथवा छोटकरीमा यो बुझ्नु होस् कि त्यति-खेर विश्वको सबै भन्दा ठूलो विद्युत् वैज्ञानिक थियो। यसै रीतिले तीनै

---

१. स निर्माय पुरस्त्रिस्त्र [ भा० पु० ७।१०।५४,५५ ]

भाईले एकमतो गरेर 'त्रिपुर' अर्थात् तीनवटा=शहर बनाए र स्थापना गरे। तीनोटा पुर=भनेको नगर अर्थात् शहर हो। शहर पनि साना साना हैन, अपितु ठूला-ठूला बनाएका थिए। त्यसै शहरको नाम 'त्रिपुर' राखिए। माथि आकाशको त्रिपुरशहर सुनले बनेको थियो। अन्तरिक्षमा जो शहर बसाइएको थियो, त्यो चाँदीले बनेको थियो। सबै भन्दा तल पृथिवीमा बसाएको शहर चाहिं फलामले बनेको थियो। त्यसमा पनि विचित्रता यो थियो कि यी शहरहरू आफ्नो इच्छानुसार जता चाह्यो उतै जान सक्थे। इच्छानुसार घुम्नु[1], फिर्नु, उडनु, युद्धगर्नु, आदि सबै काममा इच्छानुसार जाने भएको हुनाले देवगण थर-थर काँप्दथिए। विद्युन्माली, ताराक्ष, कमलाक्ष, तीनै वैज्ञानिकहरूको अथाह परिश्रमले बनेको माया निर्मित अर्थात् अलौकिक चमत्कारपूर्ण विज्ञानले बनाएको 'त्रिपुर' आफ्नो जमा-नामा तीनै लोकको अलौकिक जहाज थियो। आकाश, पाताल, पानी, खोला, नाला, डाँडा, काँडा वन, पर्वत, आदि कुनै चीजबाद रोकिदैंन थियो। त्यसो हुँदा जित्न नसकिने थियो। भाँच्न, तोडन, फुटाउँन पोल्न, आगो लाउन क्यै गरे पनि नसकिने थियो। यस त्रिपुरको भित्र तीनोटा अमृतको कुँवा पनि थियो। त्यसो हुँदा ती नगर भित्र बस्ने मान्छेहरूले लडाईं या युद्धमा मर्नु पर्‍यो भने, तिनलाई उठाएर ल्याईकन तुरन्त ती अमृतको कुवामा फाली दिन्थे। तत्काल ती सेना जस्ताको तस्तै शूर-बीर घाव रहित भएर फेरि युद्धमा जान्थे। त्यसो हुँदा त्रिपुर भित्र बसेर लड्ने मान्छे अजेय रहन्थे। आज विश्वमा ठूला ठूला भयानक मानव विनाश-कारी मशीन बनायौं भनेर दागा धर्छन्। तर यो अमृतको कुण्ड अथवा अमृतको कुवा के थियो ? आज पनि रहस्य कै विषय छ। आजको वैज्ञानिक युगमा पनि गफ या कथा, कहानि मात्रै छ। तर ती प्राचीन हिन्दूवैज्ञानि-कहरूको वैज्ञानिक शोध खोजलाई झूठयाउन सकिदैंन। यी अमृतका कुवाहरू कथा वा पौराणिक हैन, अपितु यसमा सही सत्य र तथ्य छ। आजको वैज्ञानिकहरूले खेज्न नसकेर कथा हुने हैन। यो आजको वैज्ञा-निकहरूलाई चुनौति नै छ। अनि त्रिपुर जस्ता जहाज पनि चुनौति नै हो। त्यो अमृतकुण्ड कुनै यस्तो रासायनिक अलौकिक वस्तु थियो। ती त्यति-खेरका युद्धमा समाप्त भए। त्यस्तो अलौकिक अभेद्य, दुर्जेय, त्रिपुरलाई भस्म पार्न सक्ने साइंस त्यतिखेर केवल शङ्करको पासमा थियो। यो इति-

---

१. आरुरुक्षन्ति मायाभि [ भा० पु० ७।११।५ ]

हासले यो बुझाउँछ कि आजको विज्ञान पूर्ण विज्ञानको उन्नतिमा नपुगी-कन नै मानव विनाशको भयङ्कर साधन मात्रै बनेको देखिन्छ। किन भने 'त्रिपुर' जस्ता विमान बनेर जो विज्ञानको चरम उन्नति भयो। फेरि पनि मानव विनाशको लागि कुनै खतरा थिएन। बरू बाँच्ने अनेकौं उपायहरू विद्यमान थिए। आज विश्वमा साइंसको अधकल्चो उन्नतिले जहाँ मान-वको यातायातको साधन हवाई जहाज, पानी जहाज, रेल, मोटर, आदि अनेक साधनहरू त उपलब्ध छन्। तर ती भन्दा बढ्ता ठूलो खतराको इतिहास मानव विनाशकारी नाभकीय अस्त्रहरू बनी सकेका छन्। एक नाभकीय अस्त्र छोडदा सत्तरि करोड मान्छे मर्छन्। त्यसबाट उठेको गेसले पनि चार करोड मान्छे मर्छन्। त्यसबाट बाँचेका पनि जीवन भरि बिरामी भएर तोखैं, भोकै, मर्ने अरे। यस्ता आविष्कार गरेका अस्त्र अमेरिका, रूस, चीन, र इंग्लेण्डले चालिस-चालिसवटा राखेका छन् अरे। त्यसो हुँदा विज्ञपाठकहरूले आफै तुलना गरेर हेर्नुहोस् कि कुन वेलाको विज्ञान मानवको लागि उपयुक्त हुन सक्छ। के विज्ञानले मानवलाई बचाउन सक्छ ? के मानवकै आविष्कार हैन र ? म सम्झन्छु आधुनिक विज्ञानले पनि अब चन्द्रलोक र मङ्गललोकमा मात्रै हैन, अपितु सातै लोकहरूमा त्रिपुरले जसरी पूरा अधिकार जमाएका थिए, त्यस्तै प्रकारले कैयौं वर्ष सम्म अधिकार जमाउन सकोस् त मानिने छ। तलतिरको अतल, वितल, सुतल, आदि सात लोकको त आजका वैज्ञानिकहरू चर्चै गर्दैनन्। किन हो। यस्ता कैयौं चर्चा मात्रैका विषय बनाएर छोडेको पनि देखिन्छ। प्राचीन वैज्ञानिकहरूको दाँजामा पुग्ने कोशिष गर्ने पर्ने छ। प्रयत्न नगरी-कन हुँदैन।

अव त्रिपुरको निर्माण कसरि गरे होलान्। यसो ध्यानले विचार गर्नु-होस्। पृथिवीतलमा बसेको शहरमा त कुनै किसीमको आश्चर्य छैन। तर आकाश र अन्तरिक्ष यी दुई ठाउँमा बसाएको शहरले चकित पार्नु स्वभाविकै कुरा हो। फेरि समान गतिले चलने कुरा पनि आश्चर्य जनकै छ। अवश्य नै यसमा ठूला-ठूला मशीन, कल, कांटा, इन्जीन आदिको प्रयोग भएको थियो भन्ने इतिहास यस तत्त्वमा भरिएको देखिन्छ। फेरि त्यसमा अनेक प्रकारका शस्त्र-अस्त्रहरू ज्योतिरूपमा जोडिनु पनि महा वैज्ञानिकपना नै प्रतीत हुन्छ। त्यसमा पनि युद्धमा मर्ने मारिने योद्धा सैनिकहरूका लाश ल्याएर अमृतकुण्डमा हाल्ने वित्तिकै जस्ताको तस्तै ज्युँदो भएर युद्धस्थलमा

लड़न पुगी हाल्थे। त्यो त्रिपुरमा यो अमृत कुण्ड फिट गर्ने अर्थात् स्थापना गर्ने काम पनि विज्ञानकै हुनु पर्छ। त्यसो हुँदा ती अमृत कुण्ड के थिए ? त्यसमा कुन कुन द्रव्य अथवा रसायन मिलेका थिए ? यो अवश्यनै पनि गफ हाँक्ने कुरा हैन। यसमा क्यै रहस्य थियो र अवश्यनै यसमा क्यै रहस्य हुनु पर्छ। तर आज सम्म यहाँ सम्मको शोधखोज र निर्माण अथवा आविष्कार भएको छ। त्रिपुर अवश्य पनि यति ठूलो जहाज थियो। कैयौं वर्ष सम्म खाने 'राशन-अन्न आदि र युद्ध लड़ने लाखौं सैनिक राखिन्थे। अनि कैयौं वर्ष सम्म आकाशैमा बस्ने वैज्ञानिक यन्त्र र वैज्ञानिक सामर्थ्यले बनेको थियो। त्यो त्रिपुर जस्तो आविष्कार हुने होकि हैन। भए यो पनि धैर्य धारण गरेर पर्खनु पर्ला। यस्तो आविष्कार गर्ने हिन्दूहरूका छोरा नातिहरूलाई भुल भुलैयामा पारेर तिम्रो पुर्खाहरू त बाँदर थिए। बिस्तारै पुच्छर घिसिएर तिमी मान्छे भयौं। अनि बल्ल अब विज्ञान पुऱ्याउँदै छौं, भन्ने शिक्षा, मानव जन्माउने जन्मभूमिको इतिहासको हत्या गर्नु मात्रै हो। हुन्छ, फेरि यसै प्रकारको भएको देखियोस् तै पनि हिन्दूहरूकै गौरव हुनेछ। तर यत्रो ठूलो आविष्कारलाई स्वयं शङ्करले नै नष्ट पारे। यो पनि हिन्दू इतिहास विचित्रै छ। अर्को कुरा शङ्कर पनि महावैज्ञानिक थिए। यो खोज यतिकैमा टुङ्गिएको छैन। भविष्यको पर्खाईमा बेस्सरी आड लिएर बसेको छ। तर आजको दृष्टिमा त्रिपुर विमान अवश्य पनि आश्चर्यजनक र रहस्यमय आविष्कार थियो। यो हिन्दू इतिहासको पानाले बुझाउँछ। वस्तुतः कुनै पनि व्यक्तिले, कुनै पदार्थ वा कुनै वस्तुको गुण-अवगुण र छेउँ भेउँ पाएको छैन भने, त्यस मान्छेले अवश्य पनि आश्चर्य मान्छ। ठूलो र सूक्ष्म विज्ञानको कुरा त के गरौं। नजान्ने तानिने वानी भएको मान्छेलाई 'भलायो उच्छ्रन्छ' भन्यो भने आश्चर्य मान्छ। त्यो कुरा गर्नेलाई बौलाहा पागल, दिमाग नभएको आदि ए के के हो के के भन्छ। दैवसंयोगले 'भलायो' संग चिनारो भयो भने, अनि अइया, अत्था बाबैको स्वर निकाल्छ। बम्बई, कलकत्ता, दिल्ली, आदिमा बस्नेहरूले 'सिस्नोले पोल्छ' भन्यो भने मान्दैनन्।

एक फेर कलकत्तामा मारवाडी ॱँग मेरो विवाद भयो। उसले आधुनिक ज्ञान, विज्ञानको चमत्कार र अविष्कार आदि त मान्दथिए। तर सिस्नोले पोल्छ भन्दा नमान्ने गर्थ्यो। एक दिन मैले कालेम्बुङ्गमा झरोलो सिस्नोको बुटामा लगेर उभ्याएँ। अनि उही चर्चा सुरु गरें। अनि एक क्षण पछि हामीले त यसको तिहुन बनाएर खान्छौं, भने। उसले उखाड्नुको लागि

झ्वाम्म पऱ्यो। अनि आत्तिएर आ ता ता गर्दै मूर्च्छा परे जस्तो भयो। पछि मैले भने के भो ? तेस दिनबाट त्यो सज्जनले कैले पनि व्यर्थको तर्क गर्नुं छोड्यो। उसैले भन्यो, जब यस संसारमा भएको साधारण घास, पात, रुख, बुटाहरूको ज्ञान नै छैन भने, लाखौं वर्ष पूर्वको ज्ञान जान्नुलाई आवश्यक छ। तर व्यर्थको जिद्द र बकबासले हुँने कुरा छैन। सम्झन सक्ने आवश्यकता छ। लाखौं वर्ष पूर्वको त्रिपुर विमान यसै नियममा छ।

# वैदिक कार

आश्चर्यको ठाऊँ हुँदैन। नजानेको अथवा नसुनेको कुराहरू एकाएक कानमा परे भने, आश्चर्यले त्यहीं जन्म लिन्छ। त्यसो हुँदा आश्चर्यको जन्म कहाँ हुन्छ भनेर कसैले सोद्धा नसुनेको र नजानेको खण्डमा एक्कासी कानमा पर्न विक्तिकै आश्चर्यले र ढुक-ढुकिले जन्म ली हाल्छ। यहाँ प्रसंगमा वैदिक वैज्ञानिकहरूले गरेको आविष्कारहरूको सम्बन्धमा पनि कैयौं त्यस्ता आश्चर्यले जन्म लिन सक्छ। यहाँ प्राचीन हिन्दूहरूले ऋग्वेद-को प्रमाण अनुसार 'कार' पनि बनाएका रहेछन् भन्ने सहजै पता लाग्छ। यो तल लेखिएको मन्त्रमाथि घोरिएर हेर्नुहोस्। 'परि प्रासिष्यदत् कविः सिन्धोरूर्मावधिश्रितः। कारं बिभ्रत् पुरुस्पृहम्' [९। १४। १। ६] यो मन्त्र नदी र समुद्रको तरंगमा स्थित क्रान्तदर्शी वैदिक हिन्दू वैज्ञानिकहरूले अत्यन्त प्रशंसा गर्ने खालको 'कार' बनाए। जो कार नदी र समुद्र आदिको माझधारमा पनि केही दिक्क नमानिकन हिंडदथ्यो। यसको गति चारै तिर थियो। माथि मन्त्रमा आएको 'सिन्धोःऊर्मि' भन्ने शब्दले यो बुझाउँछकि त्यो कार पानी माथि हिंडन सक्ने थिए[1] छ। हुन सक्छ त्यो कार समुद्र देखि लिएर आकासको अथाह बाटोलाई अनि आफ्नो लक्ष्य बनाउँथ्यो होला। मन्त्रमा आएको 'कार' शब्दको अर्थ ठाउँ-ठाउँमा आचार्य भाष्यकार तथा टीकाकार विद्वान्हरूले अत्यन्त उड्ने, हिंड्ने, गतिशील यान्त्रिक पदार्थ नै मानेका छन्। यो आविष्कार वैज्ञानिक कश्यपले गरेका थिए। त्यसो हुँदा आधुनिक 'कार' वायुशकट, हवागाडि, मोटर, प्राचीन हिन्दू वैज्ञानिकहरूको नकल हो, अवश्य भन्न सकिन्छ। तर आधुनिक अथवा आजभोलिको कारसँग तुलना गरेर हेर्नुहोस् आधुनिक 'कार' को त्यो क्षमता वा शक्ति छैन। खनेको सड़कदेखि बाहेक यता उता जान सक्दैन। गयो भने दुर्घटना भईहाल्छ। तर प्राचीन कालिक 'कार' त्यस्तो थिएन। चारै तिर अबाध गतिले जान्थ्यो। त्यस कारको विकृतिनै आधुनिक कार हो भन्न सकिन्छ। यति अवश्य मान्नु परेको छ कि सम्प्रदाय

१. जयदेव शर्मा विद्यालङ्कारको [ऋग्वेद संहिता भाषा-भाष्य छैटौं खण्ड प्रथम आवृत्तिको पृष्ठ सं० ४३ मा हेर्नु होला।]

विच्छिन्न भएर गएको हुनाले कतिपय कुराको उत्तर दिन कसै कसैलाई गारो पर्छ। तर वसिवियालोमा लेख्ने छु। तर यो कार पनि प्राचीनताको नकल हो।

जब हामीले आधुनिक साधारण कारलाई हेर्छौं। यस कारको आविष्कारको क्षमतालाई देखेर मान्छेले हुनै सक्दैन त भन्न सक्छ। तर यो के वस्तु हो ? कसरी भयो ? कुन कुन साधनले बनेको थियो भन्ने सिद्धान्तलाई आज सम्म पनि राम्ररी सित केलाउँन सकेका छैनन्। तर माथि लेखिएका ऋग्वेद मन्त्रहरूले आफ्नो विशेषतालाई बताएको छ। यो निश्चित भन्न सकिन्छ कि सामान्य पाठकहरू भन्दा विद्वान् भनाउँदाहरूलाई आश्चर्यमा पार्ने छ। कतै अप्ठ्यारोमा पनि पार्ने छ। अधकल्चोहरूलाई त झन् सारो सन्निपात पार्ने छ। फतफताउँने छन्। तर यसै विरामीको ओखती यो हो। आजको 'कार' र उहिलेको कारमा अवश्य अन्तर थियो होला। तर थिंदै थिएन भन्ने ठोकुवा कुरा गर्नु व्यर्थ छ। प्राचीन उल्लेखलाई कल्पनाको खाइरोमा पुर्ने काम पनि आफैलाई घोर अन्यायमा पार्नु हो। १८ शताब्दी देखिका हिन्दूहरूले मात्रै आफुलाई अन्यायमा पारेर पनि, अन्यायमा परेको सम्झदैन। तर ऋग्वेदादिले प्राचीन हिन्दू विज्ञानको इतिहास सुरक्षित राखेको हुनाले आज हामी गौरवले छाती फुलाएर हिन्दू हौं, आर्य हौं, भन्न पाएका छौं। यो गौरवको पुरस्कार ती पुर्खाहरू माथि छ। जुनको मस्तिष्कबाट त्यो 'कार' जन्म्यो।

# मेघको जस्तो गर्जना गर्ने रथ

ऐले सम्म ऋग्वेदमा आएको 'रथ' शब्दको अर्थ विमान अथवा हवाई जहाज कसरी हुन सक्छ भन्ने कतिपय शङ्कालुहरूको जानकारीको लागी क्यै उदाहरण अरू पनि दिइन्छ। तर यो अवश्य नै छ कि प्राचीन हिन्दू पुर्खाहरूले चलाएको विमानलाई रथ शब्दले पुकार्दथिए, भन्ने कुरा प्रष्ट बुझिन्छ। यसै इतिहासले यो पनि बुझ्नु आवश्यक छ कि ऋग्वेद देखि लिएर रामायण, महाभारत, पुराण, उपनिषद्, संहिता, ब्राह्मण, आरण्यक आदि ग्रन्थहरूमा 'रथ' शब्द[१] मात्रै धेरैजसो आएको छ भनेको होइन। अपितु 'विमान' शब्द पनि कैयौं ठाउँ-ठाउँमा आएको छ। त्यसलाई पछाडि पनि देखाइएको छ र अगाडि पनि प्रसंग अनुसार राखिने छ। प्रकृतमा वेदमा आएको 'रथ' शब्द विमानै हो भन्ने शक्तिशाली महर्षि वाल्मीकिको रामायणबाट प्रमाण उद्धृत गरिदै छ। जिज्ञासु पाठक वाचक वृन्दले पैल्याउँदै हेर्नु होस्। महर्षि वाल्मीकिले यस्तो रथको चर्चा गरेको छ कि महावैज्ञानिक र विद्वान् बली लङ्कापति रावणको अधीनमा यस्तो रथ थियो कि भुईमा हिंडदा, आकाशमा उड़दा मेघको जस्तो आवाज गर्थ्यो। त्यो ऋषिवर वाल्मीकिको पवित्र शब्दबाट सुन्नु होस्। अनि मनन पनि गर्नु होस्। त्यो वाक्य यो छ—"सहस्रखरसंयुक्तो रथो मेघ समस्वनः" [ वा० रा० पु० ६९। ९ ] यहाँ तर्क गर्ने कुरा यो छ कि साधारणै रथ हो भने मेघको समान शब्द गर्ने के मतलव ? त्यसको तात्पर्य यै हो कि त्यस रथमा अनेक प्रकारका वैज्ञानिक मशीन, कल, काँटाहरू लागेका-थिए [ फिटिंग ] थिए। त्यसो हुँदा शब्द हुनु स्वाभाविक थियो। तर ऋग्वेदको अरू विचित्र थियो शब्दै नगर्ने पनि 'रथ' जहाज बनाएका थिए। त्यसो हुँदा यो कुरा प्रष्ट छ कि पूर्वकालमा विमानको नाम 'रथ' र विमान दुवै थिए। तर माथि आएको श्लोकमा अरू पनि विचार गर्ने

---

१. यो रथको वर्णन रघुवंश प्रथम सर्गमा दिलीपले मार्गमा कामधेनुको अवहलना गरेको प्रसंगमा पनि आएको छ। अनि रघुवंश ५ सर्ग श्लोक २७ मा 'वसिष्ठमन्त्र' आदिमा पनि उल्लेख छ। यसको अर्थ यै हो कि ई० पू० कालिदास सम्मलाई पनि विज्ञानको जानकारी थियो।

कुरा छ। कि भने "सहस्रखरः संयुक्तः रथः¹" शब्दको अर्थ हज्जारौं गधा जोडिएको रथ, यस्तो अर्थ गर्ने हो भने 'मेघसमस्वनः' मेघ जस्तो शब्द गर्ने, भन्ने अर्थ व्यर्थ हुनेछ। मेघजस्तो शब्द रथकै विशेषण हो। त्यसो भएको हुनाले 'खर' शब्दको अर्थ के गर्ने ? यस्तो शंका पिशाची, डाकिनीले घेरेको वेलामा संस्कृतमा 'खर' शब्द गधाको वाचक भए पनि यहाँ 'खर' शब्दको अर्थ इञ्जीन, मशीन, कल, काँटा, आदिले फिट गरेको विमानै अर्थ सिद्ध छ। सन्देहको बाटो छैन। अर्को कुरा वाल्मीकिले स्वयं विज्ञान माथि 'स्वतसिद्धिन्याय' नामको पुस्तक लेखनु भएको छ। यस प्रकारको विज्ञानको परिभाषा गर्नुं सक्ने वैज्ञानिक ऋषिको 'खर' शब्द प्रयोग पारिभाषिक हुन सक्छ। जस्तै यन्त्र, मन्त्र, तन्त्र, आदि शब्द पनि वैज्ञानिक ऋषिवर भारद्वाजकृत 'अंशुबोधनी' ग्रन्थको टीकाकार बाधायन आदिले पारिभाषिक अर्थ गरेका छन्। त्यसो त तन्त्र, मन्त्र, आदिका आफना-आफना अर्थं अनेकों छन्। यसलाई अगाडी निर्देश गरिने छ। यहाँ वाल्मीकिको 'खरः' शब्दको तात्पर्य इञ्जिन, मशीन, आदि वैज्ञानिक यन्त्रहरूमा नै छ। यो अर्थलाई स्वीकार नगरे 'मेघसमस्वनः' शब्दको अर्थ कसैले गर्नुं सक्नै छैनन्। जब 'खरः' शब्दको अर्थ मशीन, इञ्जिन, हो भने 'रथः' शब्द पनि सामान्य 'रथः' नभएर मशीन आदिले चलने विमान नै सिद्ध हुन्छ। यै युक्ति युक्त पनि छ।

१. यस्तै रथले दुष्यन्त इन्द्रलोक पुगेर फर्केको इतिहास पनि अभिज्ञान शाकुन्तल नाटकको ७ ६ को श्लोकले बुझाउ छ। त्यसो भएको हुनाले रथ शब्दको अर्थ विमानै बुझिन्छ।

# पुष्पक विमान

यहाँ सम्म ऋग्वेदमा मात्रै भएको विमान कलालाई सूत्ररूपमा राखिएको छ। यो विमान कला अथवा यो विज्ञान [ साइंस ] नमासीकन क्यैन क्यै रूपमा महाभारतमा तथा रामायण, पुराण, आदिमा पनि प्रष्ट भएको देखिन्छ। त्यसमा सवै भन्दा पहिले जेठो प्रमाण ऋग्वेदको विमान कला पछि रामायणमा वर्णित विमानको चर्चा गरिंदै छ। रावण जस्ता बलशाली वेद विद्यालाई जान्ने वीर पुरुषले कैलास पर्वमा गएर 'पुष्पक' नाम गरेको विमानलाई ल्याए, भनी विमान कलाको इतिहासलाई प्रष्ट तुल्याएर राखेको बुझीन्छ। त्यो प्रमाण वाल्मीकिको शब्दमा लिनु होस् त्यो श्लोक यो छ—

कैलासपर्वतं गत्वा विजित्य नरवाहनम्।
विमानं पुष्पकं तस्य कामगं वै जहार यः॥

[ वा० रा० अ० ३१। १४ ] यहाँ यो प्रसङ्गले प्रष्ट पारि दिन्छ कि पुष्पकको साथमा विमान शब्द पनि जस्ताको तस्तै छ। यसमा पनि कुनै अर्थलाई बंगाउँने सोझ्याउँने आवश्यकता देखिदैन। बरु 'कामगः' शब्दले यो बुझाउँछकि यो पनि अत्यन्त वेगशाली विमान रहेछ, र जता चाह्यो, उतै उतिखैर पुर्‍याइदिहाल्थ्यो। त्यस्तो विमानलाई रावणले 'नरवाहन' कुवेरलाई जितेर कैलासबाट लङ्का पुग्यो। निश्चित यो विज्ञान परम्परा धेरै पुरानो हो र एक्कासि लुप्त हुन गएको पनि हैन। हिन्दूहरूको विज्ञानले उन्नति गर्दा पनि लाखौं वर्ष वित्योहोला र हिन्दूहरूबाट मासिदा पनि लाखौं वर्ष नै लाग्यो होला। अनि फेरि विस्तारै हामीले पश्चिमबाट घाम झुल्केको हो भन्न थाल्यौं। तर यो धारणा सारै भ्रममा पार्ने धारणा हो। यस रीतिले आदिकवि वाल्मीकिको शब्द हेर्नुहोस्। रावणले यो शब्द गर्वको साथमा सीताजीसँग भनेका बुझिन्छ। तर यस कथनमा पनि वैज्ञानिक विमानकै बलपूर्पक इतिहास पाइन्छ। श्लोक यो छ—

यस्य तत्पुष्पकं[1] नाम विमानं कामगं शुभम्।
वीर्यादावर्जितं भद्रे येन यामि विहायसम्॥

---

१. ब्रह्मणोऽर्थे कृतं दिव्यं दिवि यद्विश्वकर्मणा।
विमानं पुष्पकं नाम सर्वरत्नविभूषितम्॥ [ वा० रा० :

[वा० आ० ४८ । ६] यसको भनाई अनुसार पुष्पक विमान सर्वशक्तिमान रहेछ । यहाँ 'विहायसम्' पद आकाश हो र जुन जहाजबाट म आकाशमार्ग भएर जादैंछु भने । विचित्र लीलामय पुष्पक विमानको वर्णन सुन्दर काण्डमा पनि छ । यसलाई गफ भन्न सकिन्न । कवि कल्पना मात्रै हो भन्न पनि मूर्खता मात्रै हुनेछ । जो वस्तु छैन । त्यसको सजीवचित्रण हुनै, सक्दैन । वाल्मीकि पनि जङ्गलमा माला फेर्ने ऋषिमात्रै हैन, अपितु समाजको सम्माननीय प्रतिनिधित्व गर्ने वैज्ञानिक ऋषि हुन् । त्यो वर्णन वहाँको वचन बिन्यासबाट लिनुहोस् र विचार गर्नुहोस् ।

दिवं गते वायुपथे प्रतिष्ठितं व्यराजतादित्यपथस्य लक्ष्मवत् ।
स पुष्पकं तत्र विमानमुत्तमं ददर्श तद्वानरवीरसत्तमः ॥

[वा० रा० सु० ८ । १-२, ८] यो पुष्पक विमानको कला पनि ऋग्वेदको विमान कला जस्तै विचित्रताले भरिएको देखिन्छ । आकाशमा उड्दा माथि हावामा नै बसी रहन सक्ने मशीन फिट गरेको कुरा प्रष्ट छ । नभए वायुमा कसरी बसी रहन्थे र ? उडदाखेरि उडी रहने र नउड्दा भुइँमा उत्रेर बस्ने विमान मात्रै ऐले सम्म बनेको छ । तर पुष्पकको जस्तो विमान ऐले पनि बनेको छैन । फेरि सूर्यको किरणमा केवल चिह्न जस्तो मात्रै देखाई दिन्थे । त्यो कुन कला थियो होला ? आजको विमान त आकाशमा उडे पनि त्यत्रो सूक्ष्म देखिदैन । धेरै माथि पुग्दा नदेखिनु अर्कै कुरा हो । तर यसको विलक्षणता यो थियो कि भुइँ छोडे पछि अथवा भुइँमा दुगुर्दा मात्रै पनि त्यसरी देखिदैन थियो । त्यो कुनै नकुनै कला थियो । ऐले त्यो कला विलायो । अब फेरि त्यो कलाले जन्म लिन्छ कि लिंदैन । यो भन्न सारो छ । गारो पनि छ । एउटा विशेषता अरु विचित्र देखिन्छ । त्यो के हो भने 'जालवातायनै युक्तं काञ्चनैः स्फटिकैरपि' [ वा० रा० सु० ९ । १६ ] त्यो पुष्पक विमानको जाली, झ्याल, ढोका, आदि जम्मै सुनले बनेको बुझिन्छ । अझ ऋग्वेद कालमात सुनैले बनेको विमान, नगर आदि हुन्थे । त्यो कुरा पछि लेखि सकियो । त्यसो हुँदा सुनले बनेको झ्याल, ढोकाहरूमाथि पनि स्फटिक मणिले जड़ि कुँदी गरेको रहेछ भन्ने इतिहास प्रष्ट हुन्छ । यस इतिहासले यो पनि बुझाउँछकि दिन दिनै सुन, चाँदी, स्फटिक मणि, सूर्यकान्त, चन्द्रकान्त, मणि जस्ता अमूल्य रत्नहरू हराउँदै, विलाउँदै गये । त्यसै हुँदा त्यतिखेर सुनले जहाज आदि बनाउँथे ऐले सोलह सौ रुपैया तोला पनि मिल्न गारो छ । पाइँदैन ।

अनि ती मणिहरूको त जौहरीहरू देखि बाहेक आजका मान्छेहरूले धेरैले त नाउँ पनि सुनेका छैनन् होला जस्तो लाग्छ। त्यतिखेर आम बजारु सौदा थियो। त्यसो हुँदा विज्ञानले खसदै गएको हो। एउटा अरू पनि विचार गर्नु पर्ने कुरा छ। हामीले वा, मैले नै कसैले तपाई नभनि, आफै 'मपाइ' हुँन खोजेको हैन। यो पनि भन्न खेजेको छैन कि मेरो बाउँ, बाजे, ठूला-ठूला पहलमान् या वैज्ञानिक थिए। कुरा केहो भने वास्तविक हाम्रो इतिहासले यै कुरालाई पुष्टयाएको देखिन्छ। त्यसो हुँदा यो कुरा हामी छर्लङ्ग पारेर राख्दछौं भनेको पनि हैन। तर स्वयं यो इतिहासलाई बाल्मीकिले यसरी राखेको छ—

काञ्चनस्तम्भसंवीतं वैदूर्यमणितोरणम्।
मुक्ताजालप्रतिच्छन्नं सर्वकालफलद्रुमम्॥
मनोजवं कामगमं कामरूपं विहङ्गमम्।
देवोपवाह्यमक्षय्यं सदा दृष्टिमतः सुखम्॥
बह्वाश्चर्यं भक्तिचित्रं ब्रह्मणा परिनिर्मितम्।
न तु शीतं न चोष्णञ्च सर्वर्तु सुखदं शुभम्॥

सबै भन्दा पहिले संस्कृत न पढने इतिहासेले यताको इतिहासको छेउ भेउ कसरी पाठन सक्छ र? त्यसमा पनि श्रद्धा भक्ति विहीन भई, मुटु जली ढलेर जानेहरूमा त्यो कुराको आस्थानै हुँदैन। तेरो बाउ 'पाजी' भनि दिए भने हैं मेरो बाउ बाजे 'पाजी' थिए भनेर मान्न तिर लाग्छ। पाजीको अर्थ बुझ्नु तिर लाग्दैन। पाजीको अर्थ बुझेत त्यो बाहिरको नकली इतिहासलाई त्यसै फीका पारी हाल्छ। प्रसङ्गमा, यो इतिहास कति राम्रो गरी राखेको छ। त्यसलाई हेरौं। बुझौं। अनि केही चेतना लिएर फेरि फर्कौं भन्ने मेसो पारेको छु। यस ग्रन्थले हिन्दू गौरव सुरक्षित रही आत्मा विस्मृतिबाट हटी आफैलाई चिन्न सकलान् भन्ने विश्वास छ। 'पुष्पक' विमान छ, यसलाई होइन भन्ने कसैको सहास छैन। अनि आधुनिक होइन, अपितु रामायण कालिक हो। यसले तात्कालिक विज्ञान-को कुरा देखि बाहेक पनि सबै कुरालाई ओगटेको छ।

# वातानुकूल विमान

१८ र १९ शताब्दीको भित्र जति विज्ञानले उन्नति गऱ्यो। त्यो उन्नति भन्दा लाखौं वर्ष पहिले पनि विचित्र ढंगको वातानुकूल [एयर कण्डिसन] थियो भन्ने इतिहास माथिको 'सर्वर्तु सुखदम्' पंक्तिले बुझाउँछ। त्यो जहाज[1] ब्रह्मालाई शिल्पिवर विश्वकर्माले बनाएको थियो। विचित्रता यो थियो कि सुनको खामा, जहाँ सुन लागेको थिएन, त्यहाँ सुनको तारले वैदूर्यमणि संग जोडेर बेलबुट्टा बनाएका थिए। वैदूर्यमणिकै तोरण पनि बनाएका थिए। ढोकाको जालिहरूमा सुनको तारले मुक्तामणि जडीदिएका थिए। सबै ऋतुमा मनोवाञ्छित फल दिन्थे। अर्थात् मनले जे चितायो उहि उहि पुरा हुन्थ्यो। मनको समान बेग थियो। जता चाह्यो उतै जान सक्थ्यो। त्यसमा यस्तो यन्त्र अर्थात् मशीन फिट गरेको थियो कि अर्काको मनको कुरा पनि जानि हाल्थे। त्यसो हुँदा अपराधी या विराम गर्ने मान्छे झट्टै पकडी जान्थे अपराध गर्न पाउँदैन थिए। यस्तो आश्चर्यमय विमान विश्वकर्माले पितामह ब्रह्माको लागि बनाएका थिए। जसको विशेषता यो थियो कि सबै ऋतुहरूमा वातानुकूल भएर बस्थ्यो। त्यसदृष्टिले हेर्दा आजको वातानुकूल या 'एयर कण्डिसन' अधकल्चो नकल मात्रै हो र, त्यो पनि ठीक छैन। आजको युगमा रेल, जहाजहरूमा लागेको वातानुकूल पूर्णरूपले विकसित छैन र बिरामी पनि पार्छ। त्यसो हुँदा अधकल्चो नै मान्नु पर्छ। विश्वकर्माको कलाकारितामा त्यो कुरा थिएन। वहाँ विरामी मान्छेलाई वरू निको पार्थे। त्यसो हुँदा 'न तु शीतं न चोष्णं च सर्वर्तु सुखदं शुभम्' भने। यस क्रिया कलापमा पुग्नलाई आजको विज्ञानले हजारौं वर्ष सम्म तप्नु पर्छ। अनि पनि कोनि, कनि कुथि हुने होकि हैन। त्यो त भविष्यले नै बताउँला। अनि प्राचीन हिन्दूहरूसँग यस्ता हजारौं पुष्पक विमान थिए। सबै भन्दा ठूलो आश्चर्य यो छ कि ऋग्वेदमा उल्लेख गरेको 'मनसापि जवीयसा' जस्तै रामायणमा पनि 'मनोजवम्' पद विचार

१. खगतेन विमानेन हंसयुक्तेन भास्वता।
प्रहृष्टश्च प्रतीतश्च बभौ राम कुवेरवत्॥
[ वा० रा० यु० स० १२४।१२५ ] मा हेर्नु होस्।

गर्न योग्य कुरा छ। यस पदको अर्थले ठूलो महत्त्व राखेको देखिन्छ। मनको बेग जस्तै होइन, अपितु मन जति छिटो हिंड्छ। उतिनै छिटो इसा भन्दा पूर्वका जहाजहरू हिंड्थे। ती सबैमा एयर कण्डिसन अर्थात् वातानुकूलता हुन्थे। तर मनको गति भन्दा पनि छिटो भने पछि त निश्चयनै आश्चर्यको कुरा भइहाल्यो। किन भने जो मान्छे न्यूयार्क, स्वीजर्लैण्ड, बेलायत, फ्रांस, अमेरिका आदि देशमा पुगे। ती मान्छे काठ-माण्डौं फर्के पनि। अब संयोगवश ती देशहरूको कुरा सुन्नु विक्तिकै ती ती देशका ठाउँ या ठूला शहर, रमिते घर, आदिमा मन पुगेर फर्किन्छ। यस्तो करामती मन भन्दा छिटो हिंड्ने र त्यसमा वातानुकूलता पनि थियो भने पछि निश्चितै खोज गर्ने विषय हो। किन कि सामान्य जहाजको गति पनि आज भन्दा कैयौं गुना धेरै बताइएको छ। त्यसो हुँदा प्राचीन काल-मा विमान थिएन भन्ने कुराको जरो काटियो। नभएको वस्तुको जस्तै निषेध हुँदैन। ठीक त्यस्तै संसारमा नभएको वस्तुको कल्पना वा अति-शयोक्ति पनि हुन सक्दैन। जस्तै सगरमाथादेखि तल नेपालको सबै पहाड़, पर्वत, समुद्रले ढाकिएको थियो भन्दा निकै बुद्धिमान् हूँ भन्नेले पनि पत्याउँदैन। साधारण समुद्र नै नदेख्ने मान्छेको त कुरै के गरौं? तर भूगर्भ शास्त्री र रिसर्च गर्नेहरूले त समुद्रले एक फेर पाहाड पर्वत सबै ढाकेको थियो भनेर जानै कै हुन्छ। अब नसुन्ने नजान्नेलाई आश्चर्य हुनु केही ठूलो कुरो होइन। तर अनुसन्धातामा यो कुरो आउँनु हुँदैन। उक्त विमान पनि ठीक त्यस्तै छ।

# भ्राजिष्णु विमानको पराक्रम

हामी जब वैदिक विज्ञानको चासोमा डूब्छौं, तत्काल अनेकौं प्रकारका विमानहरू धुइरो लागेर सामु पर्न आउँछन्। अनि यो कुनै कपोल कल्पना हैन, अपितु हिन्दू विज्ञानको प्रत्येक पानाले बुझाउँछ। यो कुरा महर्षि कर्दमको यात्रा गर्ने विमानले पनि बुझाउँछ। महर्षि कर्दम कस्ता विमानमा बसेर लोक लोकान्तरको यात्रा गर्थे भन्ने कुरामा यो तलको इतिहास पैल्याउन आवश्यक छ। ऋग्वेदको विमानहरू जस्तै भ्राजिष्णु पनि शक्तिशाली विमान थियो भन्ने कुरामा दुई मत नहोला जस्तो लाग्छ।

प्रियायाः प्रियमन्विच्छन् कर्दमो योगमास्थितः।
विमानं कामगं क्षत्तर्ह्येवाविरचीकरत्॥
सर्वकामदुधं दिव्यं सर्वरत्नसमन्वितम्।
सर्वद्ध्युपचयोदकं मणिस्तम्भैरूपस्कृतम्॥
दिव्योपकरणोपेतं सर्वकालसुखावहम्।
पट्टिकाभिः पताकाभिर्विचित्राभिरलंकृतम्॥
विहारस्थानविश्राम संवेशप्राङ्गणाजिरैः।
यथोपजोषं रचितैः विस्मापनमिवात्मनः॥
भ्राजिष्णुना विमानेन कामगेन महीयसा।
वैमानिकान्नपश्येत चरँल्लोकान् यथाऽनिलः॥

[ भा० पु० ३।२३।१२; १३, १४, २१, ४१ ]

यो इतिहासले यो बताउँ छ कि कर्दम ऋषि यस्तो विमानमा सवारी भएर लोक लोकान्तरहरूमा महिनौं हैन, अपितु वर्षौं सम्म यात्रा गर्थे। भुइंमा उत्रने आवश्यकता पनि थिएन। त्यो कुरा 'सर्वकामग' शब्दले बुझाउँछ। आजको युगमा यस्तो वर्षौं लोकान्तरहरूमा भ्रमण गर्ने विमान बनेको छैन। यस प्रकार मानव पहिलेको युगमा पनि विमान आदि भयङ्कर विज्ञान कलामा अति चतुर थिए भन्ने, हामी आफ्नो इतिहासको मोहडामा हेर्न पाउछौं। भ्राजिष्णु विमानको विशेषता यो थियो कि त्यस विमानमा अनेक प्रकारका ध्वजाहरू सजिएका थिए। त्यसै विमान भित्र विहार गर्ने स्थान पनि थियो। विश्राम गर्ने स्थान पनि बनाएका थिए। आँगन पनि

थिए। यो वर्णनले सिद्ध गर्छ कि त्यो विमान कति ठूलो थियो होला ? आजको विमान जहाजहरूसँग तुलना गरेर हेर्दा, ऐले सम्म पानीजहाज पनि त्यत्रो ठूलो बनेको छैन। निश्चयनै अमेरिकी रूसी बेडा निकै ठूलो बनेको छ। तर त्यसको भित्र विहार गर्ने स्थान बनेको छैन। अनि फेरि त्यो 'बेडा' पानीमा मात्रै हिडछ। तर भ्राजिष्णु लोक लकान्तरमा अबाध गतिले जान्थ्यो। यस प्रकारको कैयौं तुलनाहरूबाट हामी प्राचीन विज्ञान-को उत्कर्ष पाउँछौं। जसले निष्पक्ष भएर शोध खोज र अध्ययन गर्छ। त्यो व्यक्तिले तुलनात्मक अध्ययनबाट यो सत्यलाई मिथ्या पार्न सक्दैन। भ्राजिष्णुको आफ्नो विशेषता यही हो। पुरा चतुरङ्गी सेनालाई राखेर भुई छोडन सक्थ्यो होला। आज अनेकौं प्रकारका विमान बनेका छन्। तर वैदिक कालिक विमानहरूसँग दाँजामा आउँनु निकै परिश्रम पर्ने छ। कुइरो परेको बेलामा लुकला, नामचे जान सक्दैन। तर भ्राजिष्णु-को गति सर्वत्र अबाध थियो। फेरि भ्राजिष्णुको युग आउला। प्राचीन हिन्दूहरूको युग फर्केला।

# मय दानवले बनाएको सौभ विमान

यो विमान पनि कुनै हालतमा कम थिएन। यसमा पनि कैयौं विचित्र सञ्चालन गर्ने मशीन, कल, काँटा, इञ्जनहरू जोड़ेका थिए। मय रावण-को ससुरा थियो भन्छन्। तर हिन्दू विज्ञानको इतिहासमा 'मय' वैज्ञानिक-को सारै ठूलो महत्त्व छ। यिनैले बनाएको विमान सञ्चालन गरेर महा-राजाधिराज शाल्व द्वारिका गएका थिए। त्यो इतिहास यी पंक्तिहरूमा छ—

स लब्ध्वा कामगं यानं तमोधामदुरासदम्।
ययौ द्वारवतीं शाल्वो वैरं वृष्णिकृतं स्मरन्॥
बहुरुपैकरुपं तद् दृश्यते न च दृश्यते।
मायामयं मयकृतं दुर्विभाव्यं परैरभूत्॥
क्वचिद्भूमौ क्वचिद् व्योम्नि गिरिमूर्ध्नि जले क्वचित्।
अलात चक्रवद्भ्राम्यन् सौभंत द्दुरवस्थितम्॥

[भा० पु० १०।७६।८, २१, २२]

यी माथिल्लो प्रत्येक पंक्तिको प्रत्येक शब्द माथि विचार गर्नुहोस्, के भन्छ? बहुरूप, अनेक प्रकारका रूपहरू धारण गर्दै उडदथियो। हेर्दा हेर्दै कतै चलेकै देखाई दिने, कतै त त्यो पनि नदेखिने। लोप=अदृश्य भइहाल्थे। यहाँ सबै भन्दा ठूलो गहकीलो पाराले ध्यान दिने कुरा यो छ कि कतै भुइँमा, त कतै आकाशमा, कतै भयङ्कर सगरमाथाहरूजस्ता पर्वत मालाहरूको टाकुरामा देखिन्थे। त्यै विमान फेरि पानीमा पनि देखिन्थे। यहाँ यो प्रकरणलाई बिर्सिने आवश्यकता छैन। किन कि महाराज शाल्व यो विमानबाट द्वारिका जाँदै हुनुहुन्छ। अनि द्वारिकामा समुद्र आज पनि विद्यमान छ। त्यसो हुँदा यस 'सौभ' नाम गरेको विमानले समुद्रमा के गर्थ्यो होला भन्ने शंका 'कतै पानीमा' भन्ने पदले निर्मूल पारिदिन्छ। फेरि एक कुरा अरू गहकिलो छ। त्यो हो 'अलातचक्र' यसको अर्थ हो राँके ज्वाला। ठीक त्यस रीतिले घुमदै, उडदै, दगुर्दै, गर्थे। यस प्रकार मय नामका वैज्ञानिकले बनाएको सौभलाई अनेक प्रकारका मशीन-हरूले जोडेर बनाएका हुनाले शत्रुहरूले कुनै हालतमा पनि तोड, फोड, आगो, पानी, कुनै हालतले पनि बिगार्न सक्दैन थिए। त्यो पनि अत्यन्त

अन्धकारमा पनि जान सक्ने थियो। आज कतै घेरै कुहिरो या बादल घेरियो भने अथवा हिँऊ, आँधिहरूको प्रकोप भयो भने विमान उडाउँदैनन्। उडाई हाले पनि खतराबाट खाली हुँदैन। तर 'सौभ' यो सबै स्थितिमा समानरूपले अबाध गतिले हिँडोहाल्थ्यो। यो विमानकला आज देखिएको छैन। यद्यपि नहुनु भन्दा क्यैन क्यै 'शाकाय वा स्यात्, लवणाय वा स्यात्' त भइराखेको छ। तै पनि प्राचीन हिन्दूहरू विमान कलामा जति सिपालु थिए। आजका वैज्ञानिकहरूले हजारौं वर्ष सम्म शोध खोज गरे पनि त्यहाँ पुग्ने हो कि हैन। यो निश्चित छैन।

# भृगु ऋषिको विमान यात्रा

भागवद् गुणगानले परिपूर्ण भृगुऋषिले पनि 'जहाज' अथवा विमानमा बसेर पनि यात्रा गरे भन्दा मान्छे अचम्ममा पर्छन्। त्यतिखेर पनि जहाज या विमान थिए र ? तर पद्म पुराणको उत्तर खण्डमा भृगुजीको विमान यात्रा वर्णन मजासँग हामीले पाउछौं। त्यो श्लोक यो छ—

एवमुक्तो भृगुस्तूर्णं कैलासं मुनिसत्तमः।
जगाम वायुमार्गेण यत्रास्ते वृषभध्वजः॥

यहाँ विशेष ध्यान दिने योग्य कुरा यो छ कि जहाँ वृषभध्वज = भगवान् शङ्कर बस्थे त्यहाँ वायुको बाटो भृगु ऋषि गए भने अब यहाँ विचार गर्ने कुरा यो छ कि वायुलाई बाटो कसरी बनायो होला त निश्चितै सूत, सौभ, हर्यक्ष, शीलासन्तरण आदि नाम गरेका विमानहरूमा कुनै एउटा विमानबाट भृगुजी कैलाशमा शङ्करसँग मिल्न जानु भयो होला। त्यसो हुँदा 'वायुमार्गेण' को अर्थ हो हवाइ जहाजबाट यस रीतिले 'बभासे नभसो मध्ये' भनेर हरिवंश आदि पुराणहरूमा पनि विमानको वर्णन पाइन्छ। ऋग्वेदमा गनिएका विमान पुराणहरूले पनि जस्ताको तस्तै राखेका छन्। तर यसले यो पनि सम्झनु गल्ती हुने छ कि पुराणहरू पछिको हो। स्वयं पुराणहरूको पनि अनादित्व सिद्ध छ। त्यसो हुँदा पौराणिक विमान कला ऋग्वैदिक विमान कला भन्दा नया हुन सक्दैन। अब यो छुट्याउँनु आवश्यक छ कि कति अंशमा नया छ। अनि कति अंशमा चाहिं पुरानो छ। यहाँ माथि वर्णनमा आएको भृगु ऋषिको विमान कला त अवश्य नै महत्त्वको छ। `स्वयं 'वायुमार्गेण' आदि शब्दले यसको स्पष्टीकरण गर्छ। यथासम्भव प्राचीन आर्यहरूको विमान कला बारेमा यो आफ्नो ढंगको प्रमाणलाई राखेको छ। यस कला माथि समग्र हिन्दू वाङ्मय उब्भिएको छ। तर यै हो कि एक फेर पाश्चात्यरूपी चश्मा उतारेर आफ्नो चश्माले हेर्नु पर्छ। जे भए पनि पुराणकालका होइन अपितु वैदिक कालिक ऋषि भृगुको विमान यात्रालाई धमिल्याउँन सकिन्न।

●

# परमाणुको पत्ता कसरी लाग्यो होला

वर्तमान युगमा हामो जब कैले कांहीं साग, नून, तेल, आदि लिन बजार वा हाटतिर छेकारो हान्छौं, त त्यतिखेर आजका पढेका अप्टुडेट-हरूसँग भेट हुने वित्तिकै न प्रणाम, न त नमस्कार झट 'न्यूटन' उनीहरू-को टाउकामा आएर बसी हाल्छ। त्यो पनि पढेकासँग दाँजा लगाउँदा त केही आपत्ति छैन। तर नपढेका विचरा बचेराहरू माथि पनि गुरुत्वा-कर्षण र परमाणु बम कुराले फेकदा त अन्याय नै भएको बुझिन्छ। मलाई पनि यो परमाणु बमले दिन दिनै घाइते पारी दिन्थ्यो। धेरै जसो विराट-नगर दर्जिलिङ्, सौरेनि, पुट्टुङ्ग कमान, भद्रपुर, झापा, आदिमा यो कुरा चलिरहन्थ्यो। काठमाण्डौमा त एक दिन शरीरले पनि झण्डै घाइते भइ-सकेको थिएँ। यो परमाणु भनेको के रहेछ ? भनेर बेसरी घोरिने बेला पनि पाउँथे। १९५२ देखि मलाई परमाणु बारे बताइ दिए। आज म उनीको कृपाले कृतकृत्य छु। नाम र ठाउँ सोद्धन भुलिएछ ? तै पनि यो किताब प्रकाशित भएर मान्छेले पढुन्जेल सम्ममा वहाँको आत्मालाई सन्तोष अवश्य हुनेछ। अब विचारणीय विषय यो छ कि के परमाणुको आविष्कार १६४२-१७२७ मा जन्मने न्यूटनले नै गरेको हो। इंगलेण्डमा जन्मेर एक फेर विश्वमा गुरुत्वाकर्षणको स्थापना गर्ने न्यूटनलाई केही अंशमा बुद्धिको लागि पुरस्कार दिन सकिन्छ। तर न्यूटनले नै हामीलाई बाटो देखाएर यहाँ पुऱ्याएको हो भनेर मान्न सकिन्न। किन कि परमाणु र आकर्षण दुवै सिद्धान्त प्राचीन हिन्दूहरूको इतिहासहरूमा रेलो देलो गरी पाइन्छ। उदाहरणको लागि पहिले यस मन्त्र माथि विचार गर्नुहोस्—

> उदन्वती द्यौखमा पीलुमतीति[1] मध्यमा।
> तृतीया ह प्रद्यौरिति यस्यां पितर आसते ॥

---

१. यसैबाट वैशेषिक दर्शनको पिलुपाकवाद यसै मन्त्रमा आधारित छ। पीलु शब्दको परमाणु अर्थ हो। त्यसो हुँदा कारणमा नै पीत, रक्तादि, वर्णमान्दछ छ। तर त्यसको विपरीत पिठरपाकवादी नैयायिकहरूले कार्यरूप घटमात्रै रक्तादि वर्ण मानेको छ।

[अ० वे० १८ । २ २] यो मन्त्र अथर्ववेदको हो । वेदको काल सम्बन्धमा ( वेदमा के छ ? ) भन्ने पुस्तकमा दर्शाइएको छ । उतैबाट जानी, बुझि, कनी, कुथी लिनु । यहाँ वैज्ञानिक ऋषिले आकाशको तीन भाग गरेको कुरा प्रष्ट बुझिन्छ । पहिलो भाग जहाँ सम्म पृथिवी, जल, वायु, तेज, को कण गएर मजाले घुम्न सक्छ । त्यस आकाशलाई 'उदन्वती द्यौः' भनिन्छ । अर्थात् जल आदिको स्थूलकण जहाँ सम्म पुगेर घुम्छ, त्यसको नाम हिन्दू वैज्ञानिकहरूले 'उदन्वती' नाम राखे । त्यस देखि मास्तिर 'पीलुमती द्यौः' छ । अर्थात् जुन आकाशमा पानी आदिको स्थूल कण पनि हुँदैन । त्यस आकाशको नाम 'पीलुमती द्यौः' भनेका छन् । यहाँ मन्त्रमा आएको 'पीलु'[१] शब्दको अर्थ परमाणु हो र पृथिवी, जल, तेज, र वायु यी चारका अनित्य र अनित्य भेद गरिएका हुनाले नित्यरूप परमाणु हो । त्यसो भएको हुनाले हाम्रा प्राचीन हिन्दू पुर्खाहरूले परमाणुलाई मात्र जानेका थिएनन्, अपितु त्यस्तो सूक्ष्म आकाशलाई पनि आफ्नो सूक्ष्मतम विज्ञानले तीन भागमा विभक्त गरिसकेका रहेछन् भन्ने कुरा प्रष्ट बुझिन्छ । फेरि तेस्रो शब्द अरू वैज्ञानिक महत्त्वले भरिएको बुझिन्छ । त्यो शब्द हो 'प्रद्यौः' 'यस्यां पितर आसते' जस्मा पितृहरू बस्छन् भनी आँखा खोली दिए । यो इतिहासले यो कुरालाई प्रष्ट्याउँछ कि प्राचीन आर्यहरूले आकाशको विभाग मात्रै नगरेर, परमाणुको पता पनि लगाई सकेका थिए । त्यसमा पनि पितृहरूले बस्ने ठाऊँ पनि देखेर आइसकेका थिए । नभए पीलु पाकवाद र पिठरपाक वादको आविर्भाव कसरी हुन्थ्यो र ? यहाँ यो पनि भनि दिंदा अत्युक्ति हुने छैन कि संस्कृत शून्य वैज्ञानिकहरूको लागि एकदम सुक्खा विषय हुनेछ । अब यै वैदिक परमाणुवाद लाखौं वर्ष पछि महर्षि गौतमको न्याय दर्शनमा प्रष्ट भएको देखिन्छ। त्यो सिद्धान्त लाई परम वैज्ञानिक ऋषिवर गौतमले यस सूत्रमा गूँथेर राखी दिए 'न प्रलयोऽणुसद्भावात्' [न्या० द० अ० ४ । आ० २ । सू० १६] यस सूत्रको व्याख्या गर्दा भाष्यकार वात्स्यायनले पनि भाष्यमा 'यस्मान्नाल्पतरमस्ति, यः परमोऽल्पस्तत्र निवर्तते, यतश्च नाल्पोयोऽस्ति तं परमाणुं प्रचक्ष्महे' भन्नु भयो । अर्थात् पृथिवी, जल, तेज, र वायुको सबै भन्दा सूक्ष्म अंशलाई परमाणु भन्दछौं भनि व्याख्या गर्नु भयो । त्यसको असली लक्षण त 'परं वा त्रुटेः' भन्ने सूत्रमा स्वयं ऋषिवरले गर्नु भयो । यहाँ

१. 'आर्यसमाजकी मौत' नामक पुस्तक पृ० नं० २९१ द्रष्टव्या ।

सूत्रमा आएको 'त्रुटिः' शब्दको अर्थ त्रसरेणुक हो। त्रसरेणुकको विभाग गर्न नसकिने अंशलाई परमाणु भनिन्छ। अर्थात् यस परमाणुलाई अर्को पाराले सम्झनु होस्। पुराणहरूमा परमाणु सम्बन्धी प्रसंगमा श्लोक आएको छ हेर्नुहोस्—

जालसूर्य मरीच्यस्ति यत्सूक्ष्मं दृश्यते रजः।
तस्य षष्ठितमो[1] भाग परमाणुः स उच्यते॥

यस श्लोकको भाव बुझ्नु भन्दा पहिले यो दृष्टान्तलाई बुझ्नुहोस्। जस्तै बिहान आठ नौ बजे बिहान दैलो, झयालढोका लगाएको वेलामा झ्याल या ढोकाको छिद्रबाट सूर्यको किरण भित्र पस्दा त्यो सूर्य किरणमा एकदम मसीना या साना साना रज कण उडेको देखिन्छ। ती पनि थोरै हैन, अपितु करोडौंको संख्यामा उडी रहेका हुन्छन्। ती मध्ये एउटा कणलाई पक्रेर साठीवटा हिस्सा पार्दा अन्तिम जो शेष रहन्छ, त्यसलाई परमाणु भनिन्छ। त्यसैको सूत्र हो 'परं वा त्रुटेः'। माथि श्लोकमा आएको 'षष्ठितम' शब्दमा आफ्नै विद्वान्हरूमा छैटवाँ हिस्सा र साठवां हिस्सा भन्ने कुरामा विवाद देखिएता पनि 'परमाणु' वाद प्राचीन भन्ने कुरामा विवाद छैन। त्यस्तै रितीले उत्तिनै पुरानो वैज्ञानिक परमाणुवेत्ता कणाद ऋषिले पनि परमाणुको परिभाषा गरेका छन्। उनीको सूत्र माथि भाष्यकार प्रसस्तपाचार्यले सृष्टि प्रकरणमा वेशरी परमाणुको खोइरो खनेको छ। यस प्रकरणले अद्भुत रीतिले परमाणुको छेउ र भेऊ पाउने, तथा तत्त्वलाई बुझेर लक्षण बनाउने, अनि लक्षण गरेर यो परमाणुलाई कार्यक्षेत्रमा उतार्ने वैज्ञानिकहरूको नकलमात्र आधुनिक-परमाणुको रेलो हो। त्यसो हुँदा इग्लेण्डवासी १९३९ मा जन्मने 'आटोहन' को एटमबमबाट पनि आश्चर्य मानी राख्ने आवश्यकता छैन। आटोहन भन्दा लाखौं वर्ष पहिले नै परमाणुको आविष्कार हाम्रा पुर्खाहरूले गरिसकेका थिए। हिंग नभए पनि हिंगको टालो त छदै छौं। हिंग सकिएछ भइहाल्यो। त्यसो हुंदा माथि लेखिएको मन्त्रहरू जस्तै ऋग्वेद आदिमा अनेकौं छन्। जसमा परमाणु सम्बन्धी चर्चा त्यति खेरको शब्दमा भएकोछ। अनि उपयोगमा पनि ल्याउन जानेका थिए। अब एउटा कुरा यो छ कि-आधुनिक परमाणु वैज्ञानिकहरूले माथि वर्णन गरिएको असली परमाणुको पता लगाएका छैनन्। किन भने परमाणुका विभाजन पनि गरिसक्यो भन्छन्। हाम्रो

१ 'षष्ठतम' इति पाठान्तरम्।

परिभाषा [ डिफनेशन् ] मा जब सम्म विभाग हुँदै रहन्छ । तब सम्म त्यो परमाणु हुनै सक्दैन । किन भने 'यत् यत् विभागवत्त्वं, न तत् परमाणुः' जहाँ सम्म विभाग हुन्छ त्यो परमाणु हैन। त्यसो हुँदा 'विभागशून्यत्वे सति क्रिया शून्यत्वं परमाणुत्वम्' अर्थात् जसको विभाग हुन नसकोस् त्यसलाई परमाणु भनिन्छ । जस्तै-मन, आत्मा, मनको विभाग कसरी हुन्छ र ?' जति सूक्ष्म मन छ त्यस्तै सूक्ष्म परमाणु पनि छ । त्यसो हुँदा आजका वैज्ञानिकहरू परमाणुमा नपुगेर केवल त्रसरेणुक सम्म मात्रै पुगेको बुझिन्छ । त्रसरेणुको विभाजन स्वभावैले भई रहन्छ । यो विवेचना समयानुसार अरू फराकिलो पारेर गरिने छ । त्यसो हुँदा विजुली जस्तै 'परमाणु' पनि आज भन्दा लाखौं वर्ष पुरानो हिन्दूवैज्ञानिकहरूकै देन हो । यसमा केही आश्चर्यको कुरा छैन । न्यूटन र आटोहटनले आफ्नो एक खाले पाराले आबिष्कार गरे ठीक छ । तर उसैले खुट्टा चलाउँन सिक्राएको हैन । आजका विज्ञान जुन दिन परमाणुसंग भेट गर्न पुग्लान् । उसै दिन हामी पनि स्वागत गरौंला । यस प्रकारले प्राचीन वैज्ञानिकहरूले परमाणुको कल्पना मात्रै गरेका छैनन् । अपितु भूमि देखि माथि कति टाढा सम्म के चीज रहन्छ, त्यसको पनि आर्य साहित्यमा राम्ररी वर्णन गरेको छ । जस्तै—'भूमेर्बहिर्द्वादशयोजनानि भूवायुरम्बाम्बुदविद्युताद्यम्' अर्थात् यसको अर्थ यो हो कि मेघ,—विजुली वायु आदि पृथिवी देखि बारह योजन माथि अर्थात् ऊँचाईमा रहन्छ । अब एक योजनमा कति हुन्छ, त्यो हिसाबले बारह योजनको हिसाब लगाउँनु होस् । यस रीतिले एक एक खगोलको दूरीलाई पनि हिन्दू वैज्ञानिकहरूले छानेर परमाणुको पता लगाएका थिए ।

# पृथिवीको आकर्षशक्ति

यस सम्बन्धमा पनि न्यूटनको मुन्तिर परेर चेप्पिदै-खार्प्चिदै हिंडने ज्ञानी सारै घत पर्दो छैन। किन भने आकर्षण सिद्धान्तले न्यूटनलाई बाउ पारेको हैन। यो त सोझो र लाटे मेसोले पनि बुझिन्छ। उदाहरणको लागि मान्नु होस् कुनै केटाले गेंद खेल्दा माथि आकाशतिर गेंद फेंक्यो। त्यो गेंद एक छिन माथि पुगे पछि तुरुन्त तल पृथिवीमा खस्यो। त्यो किन त्यसो भयो भन्दा, पृथिवीमा आकर्षणशक्ति भएको हुनाले त्यो बोल भुईंमा खस्यो। अब आधुनिकहरूको भनाई छ कि गेंद अथवा फुटबोल खेल्ने चलन आधुनिक आविष्कार हो। त्यसो हुँदा आकाशतिर फेंकेको बोल या गेंद पृथिवीमा खस्यो भने पृथिवीको आकर्षणले तान्दा भुइँमा खसेको हो भन्छन्। तर यै नै सिद्धान्त सही हो भने पनि मान्नु हो कि आज भन्दा लाखौं वर्ष पूर्व बोल खेल्नेहरूलाई के थाहा थिएन ? कि आकाशमा फेंकेको बोल भुइँमा खस्छ भने त्यो पृथिवीको आकर्षण हो ? थाहा मनग्य-सित थियो। त्यसै भएको हुनाले त 'कन्दुका इव हस्तेन मृत्युनाऽविरतं हताः' [ महोपनिषद् १४३ ] मा बोल खेलाईको दृष्टान्तले मृत्युलाई सम्झाएको बुझिन्छ। त्यसो हुँदा आकर्षण सिद्धान्त न्यूटनको नभएर आज भन्दा धेरै पुराना हिन्दूहरूको बुद्धिमा पनि विशद रूपमा थियो। त्यस हुनाले त प्रष्ट रूपले आर्यवाङ्मयको इतिहासले प्रष्ट्याई दिएको छ। त्यसो हुँदा पाइथोगोरस या फैप्लर अथवा न्यूटन आदिको भू-भ्रमण आकर्षण सिद्धान्त नभएर भारतीय वैज्ञानिक आर्यभट्ट आदिका सिद्धान्त हो। पृथिवीको आकर्षण शक्तिको बारेमा न्यूटन भन्दा हजारौं वर्ष पूर्वका वैज्ञानि भास्कराचार्यजीले भन्नु भयो—

आकृष्टशक्तिश्च महीतया यत् खस्थं गुरुस्वाभिमुखं स्वशक्त्या।
आकृष्यते तत् पततीव भाति, समे समन्तात् क्व पतत्वियं खे॥

नीर क्षीर विवेकी जनहरूले एकपाटे नपारी हेर्नु होस्। यस श्लोकमा आकर्षण सिद्धान्त स्थापित छ कि छैन। अर्थात् यस माथि धेरै अरू प्रमाण छन्। तर यसबाट पनि राम्ररी बुझिन्छ कि आकर्षण सिद्धान्तलाई हामीले भीख मागेर ल्याएको होइन। अपितु

आफ्नै पूर्वजहरूको सम्पत्ति हो । अनि, तो कलीला गिदी भएका बालक बालिकाहरूलाई गलत इतिहास पढाएर किन बरबाद पार्ने मेसो गर्नु । ती भविष्यका कर्णधारलाई असली सहीमानेका इतिहासलाई किन न पढाउने ? यो दोष या गुण जे होस् हाम्रो हिन्दू वैज्ञानिकहरूमा पनि छ । तै पनि घर त घरै हो । ग्रेगोरी न्यूटन आदिको होइन । किन्तु पूर्णरूपले प्राचीन हिन्दू विज्ञानले पता लगाएको 'आकर्षण' सिद्धान्त हो । पछि यो सिद्धान्त पूर्वेली तिर हराउँदै गयो । पाश्चात्यहरूमा फुटेर निस्क्यो । अनि त अबको युगमा न्यूटनले पता लगाएको हो भन्छन् । तर न्यूटन भन्दा कैयौं सय वर्ष पहिले नै भास्कराचार्य आदिले पता लगाइसकेका थिए । गणितको बारेमा पनि यही भ्रम छ । किन्तु रेखागणित,[1] अङ्कगणित र बीजगणित, तीनै प्रकारका गणित न्यूटनको आविष्कार होइन । यसबारे विद्वद्वर पं० नयराज पन्तजीले राम्ररी केलाएर सेलाइदिनु भएको छ । अर्थात् माथिका गणित भास्कराचार्यको फराकीलो पारा मात्रै हो । न्यूटनको आविष्कार होइन । त्यसो हुँदा गणित र आकर्षण शक्ति दुवैको आविष्कार प्राचीन हिन्दूहरूको देन हो । यसमा दुई राय हुने ठाउँ छैन ।

१. वेदमा के छ ? को पृ० नं० को गणित शीर्षक हेर्नु होस् ।

# चीरफाड र रासायनिक विज्ञान

अव रासायनिक चिकित्सा विज्ञानमा पनि यसो चूचो गाडनुहोस्। हाम्रा रासायनिक वैज्ञानिकहरू रसायनमा कहाँ सम्म पुगेका थिए। एक छिनको लागि विचार गरौं। आधुनिक चिकित्साले हामीलाई के दियो। अरू के दिने छ। यस माथि पनि निगाहा हाल्नु आवश्यक छ। यस्ता अनन्त विषय संस्कृतमा भएका हुनाले छोटकरीमा यो विषय राखिंदै छ। आधुनिक चीड्फाड् या आप्रेसन शल्य चिकित्सालाई देखेर आश्चर्य पर्नु पनि स्वाभाविकै कुरा हो। तर आत्तेस खाएर हरेस मानेर निडरिएर, घोरिएर जे गरेर भए पनि, यसो चियाएर हेर्दा, यो पनि नयाँ आविष्कार हो जस्तो लाग्दैन। नाच्नेले नचाईको पारामात्रै बदलिएको देखिन्छ। खुट्टा उही हो। त्यसो हुँदा एक फेर हलुङ्गो साहस लिएर यता चियाएर हेर्नु होस्। यो इतिहासले के भन्छ। नहुँदो लेखिंदैन। नहुँदो देखिंदैन। नहुँदो सुनिदैन। सवैको सत्ता पूर्वमा छ। यति हो कि कसैको दृष्टिमा चाँहिदो हुन्छ। कसैको दृष्टिमा नचाँहिदो हुन सक्छ। तर शब्दले नचाँहिदो छ भन्दैमा त्यस वस्तुको पूर्व सत्ता निषेध हुने होइन। यसै प्रकारले प्राचीन हिन्दू विज्ञान सुश्रुत आदि ग्रन्थहरूले र पुराणहरूले धेरै पहिले यो विषयलाई उब्भ्याइदिएको छ। झन ऋग्वेदमा अझ विलक्षण पाराले वर्णन गरिएको छ। त्यसो भएको हुनाले सर्जरी या चीरफाडको आविष्कार आधुनिक युगमा भएको हो भन्नु ठीक छैन। यहाँ तल केही प्रसङ्ग दिइँदैछ। घोरिएर विचार पूर्वक हेर्नुहोस्। नभए यस्ता उल्लेख किन भए ? यही आश्चर्यको कुरा छ।

# दध्यङ्ग ऋषिको शिर काटियो

ऋग्वेद मन्त्रहरूमा चाहारदा यो विज्ञान सहजै सित पाइन्छ। त्यो इतिहास यस रूपमा प्रष्ट भएको देखिन्छ। एक फेर मधुविद्या पढ़ने जिज्ञासा लिएर अश्विनीकुमारहरू दध्यङ्ग=अथर्वा ऋषिको सामुमा गए। ऋषिवर दध्यङ्ग ऋषिको सामुपरे पछि अश्विनी कुमारहरूले साष्टाङ्ग प्रणाम गरेर मधुविद्या पढ़ने जिज्ञासा प्रकट गरे। त्यसमा ऋषिले अधिकारी सम्झेर बचन दिए। तर अश्विनी कुमारहरू गए पछि झट निहूँ खोज्दै इन्द्र दध्यङ्ग ऋषि भएको ठाउँमा पुग्यो। त्यस पछि इन्द्रले दध्यङ्ग ऋषिलाई ताडना र चेतावनीको सूचना दियो। हे दध्यङ्ग तिमीले अश्विनी कुमारहरूलाई पढायौ भने तिम्रो शिर काटि दिने छु भने। ऋषिले इन्द्रको मूर्खता देखेर तुरन्त अश्विनी कुमारहरू कहाँ यो समाचार पठाइदिए। यो समाचार सुन्ने वित्तिकै अश्विनी कुमारहरू ऋषि कहाँ पुगे। कुरा बुझे पछि अश्विनी कुमारहरूले भने, तपाईंको असली शिर काटेर असली ठाउँमा सुरक्षित राख्ने छौं। त्यसको साटोमा हामी घोडाको शिर जोडिदिने छौं। त्यसै अश्व मुखबाट तपाईंले हामीलाई मधुविद्या पढाईदिनुहोला। कुनै किसीमबाट इन्द्रले यो अश्वशिर छेदन गरे भने हामी तपाईंको असली शिर जोडाइदिने छौं, भने। गर्न पनि त्यसै गरे। पहिलो सकली शिर काटेर अश्विनी कुमारहरूले सुरक्षित राखेर घोडाको शिर जोडिदिए। तर त्यो घोडाको शिर जोडनाले ऋषिको बोलाई, पढाई, लेखाई, र स्वर वर्णोच्चारण, ध्वनि, बुद्धि आदिमा कुनै प्रकारको फरक परेन। मजाले उसै प्रकार पढाई रहन्थे। एक दिन इन्द्रले आएर ऋषिवर दध्यङ्गको शिर काट्दी हाले। ऋषिको शिरको टुकडा गरे पछि इन्द्र प्रसन्न भएर फर्के। उता अश्विनी कुमारहरूले पहिलो असली शिर ल्याएर जोडिदिए। अनि फेरि जस्ताको तस्तै भएर दध्यङ्ग ऋषिले अश्विनीकुमारहरूलाई मधुविद्या पढ़ाइदिए। यो त इतिहास अंशमात्र हो।

अब विवेचनामा पनि दृष्टिपात गर्नु होस्। पहिलो कुरा यो छ कि के कसैको शिर काटेर, कसैको मुन्टोमा जोडाउन सक्ने कला आजको युगमा देखियो र? त्यसमा पनि मानव शरीरमा घोडा जस्तो पशुको शिर जोड्दा पनि कुनै किसिमको विकृति न आउनु कत्रो आश्चर्यको कुरा हो। तर यो माथिको घटना हजारौं वर्ष नभएर लाखौं वर्ष पुरानो हो। आजको विज्ञान

चरम उन्नतिमा पुगे पनि अर्काको शिर काटेर जोड्नु त के, अप्रेसनमा पनि त्यति सारो सफल भएको देखिदैन। यस चिकित्सालाई स्वयं अश्विनी कुमारहरूले गरेको बुझिन्छ। ऋग्वेदको १।८०।१६, मन्त्रमा दध्यङ्गको शिर छेदन गरेको इतिहास हामीले सहजैसँग पाउछौं। यस्तै प्रकारले ऋग्वेदको १।८४।१४ मन्त्रमा 'इच्छन्नश्वस्य यच्छिरः' भनेर 'सर्जरी' अर्थात् शल्य चिकित्साको बाटो देखाइएको प्रष्ट छ। यो कुरालाई ऋग्वेद को १।११६।१२ मन्त्रमा त अरू प्रष्ट गरेर राखेको देखिन्छ। त्यो मन्त्र यो छ—'दध्यङ्ग ह यन्मध्वाथर्वणो वामश्वस्य शीर्ष्णा प्र यदीमुवाच' यस मन्त्रमा घोडाको शिरले दुवै अश्विनी कुमारहरूलाई प्रष्ट सम्झाएको बुझिन्छ। यह रीतिले ऋग्वेदको १।१७।२२, ऋग्वेदको १।१२९।९। मा पनि शल्य चिकित्साको रेले पाइन्छ। अनि ऋग्वेद ६।१६।४, मा पनि यसैको साक्षी प्रष्ट्याएको कुरा छ। यो शल्य [ सर्जरी ] ऋग्वेद कालैमा खतम भएको छैन। त्यो परम्परा सुरक्षित भएर ब्राह्मणकालमा पनि उस्तरी नै फैलिएको इतिहास बुझिन्छ। शतपथ ब्राह्मणको चौदह १।१।१८।२५। तथा श० ब्रा० को ४।१।५।१८। फेरि उसै शत ब्रा० को ६।४।२।३।२ श० ब्रा० को १४।१।१।१।८।२६ प्रकरणहरूलाई गोडी नेली हेर्नु आवश्यक छ। फेरि यो इतिहास सामवेद-को ताण्डय ब्राह्मणमा पनि उसै रीतिले प्रष्टिएर आएको छ। उदाहरणको लागि ताण्डच ब्राह्मणको १२।८।६। प्रकरणलाई आफाल्न सकिन्न। यस इतिहासले अथर्ववेदको गोपथ ब्राह्मणलाई पनि छोडेन। त्यसो हुँदा गोपथ ब्राह्मणको १।५।२१ प्रकरण आदिलाई अंगाल्न सकिन्छ। अनि शौनक महर्षिको बृहद्देवताको ३।१८।२७। प्रकरण पनि अत्यन्त मनन गर्न योग्य छ। फेरि पुराण आदिमा अर्थात् ब्रह्म वैवर्त पुराण आदिमा गणेशको शिर काटेर हात्तीको शिर जोडेको इतिहास त धेरै प्रसिद्ध छ। यस्तै प्रकारले वीरभद्रले दक्षको यज्ञ ध्वंस पारि उसको शिर काटेर बोकाको शिर जोडेको कुरा पुराण सुन्नेहरूको मस्तिष्कमा आज पनि छंदै छ। आश्चर्य छ कि यत्रो ठूलो फराकिलो सुकीलो इतिहासलाई आफैले कल्पना र गफ भनेर उडाउने कोशिश गर्दछन्। तर म सम्झन्छु फेरि फर्केर आउनै पर्छ। यस रीतिले ऋग्वेदको १०।४८।२ मन्त्र आदिमा पनि अप्रेसन क्रिया प्रष्ट गरे। अनि आधुनिक आविष्कार भन्ने कुरा के रह्यो? यस रीतिले पूर्वजहरू रासायनिक विज्ञानमा पनि अति चतुर थिए।

५

# फलामको खुट्टा जोडीदिए

ऋग्वेदमा पाइने शल्य चिकित्साहरूमा 'विश्पाला'[१] नामक खुट्टा भाँचिएकी महिला थी। उनीको खुट्टा जोडदा अश्विनी कुमारहरूले फलामको खुट्टा जोडी दिए। यो एउटा विचारणीय विषय छ। प्राचीन आर्यहरूको प्रत्येक इतिहास आश्चर्यले भरिएको छ। त्यसमा पनि वैदिक साहित्यको चासोले खोजी गर्दा विचित्रतामा भरिएको इतिहास सामुमा झलझली झल्किन्छ। त्यसो हुँदा प्राचीन हिन्दूहरूले सिउन जान्दैन थिए, भनेर पढाईने इतिहास अशुद्ध हो। ऋग्वेदको यो मन्त्रले के भन्छ ? 'वर्मसीव्यध्वं सूच्ययाच्छिद्यमाना' यस मन्त्रमा सुई र सिउन लगाएको इतिहास प्रष्ट छ। अनि अथर्ववेदमा त पूरा सर्जरी अर्थात शल्य चिकित्साको शब्दनै जस्ताको तस्तै राखेर भनेको बुझिन्छ। हुन सक्छ कसैको शिरमा क्यै भयङ्कर रोग लाग्यो होला। त्यसो हुँदा धेरै प्रष्ट शब्दमा 'मूर्द्धानमस्य संसीव्य' भने। के फाटेर गएको शिर सिलाई कटाई गरेर ठीक पार्ने ती वैज्ञानिक आजको भन्दा कमसल थिए ? इलाहाबादमा कम्पनी बागको संग्रहालयमा एउटा माटोको मूर्ति सुरक्षित छ। यहाँका पुरातत्वविद्हरूले ईसाको दोस्रो शताब्दीमा बनेको मूर्ति हो भन्दछन्। तर कैयौं कारणले म भन्छु त्यो मूर्ति ईसा भन्दा हजारौं वर्ष पुरानो हुनु पर्छ। ईसा भन्दा यताको हैन। यस मूर्तिमा चीर, फाड, गरेर आन्द्रा, कलेजा, नसा आदि अलग अलग छुट्याएर देखाएको छ। यो मूर्तिलाई रूसमा भएको डाक्टरहरूको प्रतियोगिता सम्मेलनमा पठाएका थिए। यो मूर्तिलाई हेर्दा डाक्टरहरू छक्क परे चीर, फाडको उत्पत्ति त आज भन्दा हजारौं लाखौ वर्ष पहिलेनै भइसकेको रहेछ भने। आयुर्वेदको प्रसिद्ध ग्रन्थ सुश्रुत संहितामा चीर, फाड, शल्य चिकित्सा, र चीड, फाड गर्ने हतियारहरूको उल्लेख मनग्य भएको छ। तर सुश्रुताचार्यलाई दुई चार दिनको नानी भन्न पाइंदैन। यो धेरै पुरानो छ। अनि सुश्रुताचार्यले यो शल्य परम्परालाई कहाँबाट बटुलेहोलान् ? यसको सोझो उत्तर छ। वेदहरूबाट। त्यसो हुँदा चीरफाड़को मूलबाटो पाश्चात्यहरूले खनेको हैन। यताबाट उता लागेको हो।

---

१. 'सद्यो जङ्घामायसीं विश्पलायै' [ऋ १।११६।१५]

# कायाकल्प विज्ञान

शरीर नीरोग नभैकन संसारमा कुनै काम हुन गारो छ। त्यसो हुँदा सबै भन्दा पहिले शरीरको रक्षा आवश्यक छ,भनि साक्षात् विचार गरेको हुनाले आर्यहरूले शरीर रक्षा सम्बन्धी कायाकल्प विज्ञानलाई पनि राम्ररी जानेका थिए। यो प्रसङ्ग ऋग्वेद चाहार्दा यत्र-तत्र पाउँछौं। सबै भन्दा ठूलो कुरा यो थियो कि हरेक वृद्ध शरीरलाई नयाँ फुलफुलाउँदा तन्नेरी पार्ने कायाकल्प विचित्र विज्ञान हिन्दुहरूले जान्दथिए। आज दुर्भाग्यले गर्दा त्यो विद्या मासिन गयो। अब त बिऊ पनि देखिन छाड़े। कतै कतै मात्रै सुनिन्छ कि योगीहरूले कायाकल्प गरे अरे। तर कायाकल्प गरेको देखिएको छैन। तर त्यसको तात्पर्य यो हैन कि कल्पना, या गफ, अपितु साँचो इतिहास हो। नत्र बुद्ध नभए पनि बुद्धको इतिहास लेखिएला। त्यसो हुँदा नभएको इतिहास लेखिदैन। ढाँटेको कुरा काटे पनि मिल्दैन। त्यसो भएको हुनाले कायाकल्प विज्ञानको बारेमा यी स्थल हेर्ने योग्य छ। ऋग्वेदको १।११२।६—१०। मन्त्रमा यसको विशद वर्णन भएको छ। यसै रीतिले [ऋग्वेद १।११६।१०] मा उबभ्याएको कायाकल्प विज्ञानको चित्र सारै राम्रो छ। यसमा एक अरू विचित्र भन्दा पनि विचित्र ढंगले गरेको वर्णन यो छ कि बूढापाले जर्जर भएको च्यवन ऋषिको शरीरलाई विश्वको प्रथम डाक्टर अश्विनीकुमारहरूले एकदम नयाँ युवा बनाई दिए। त्यो मन्त्र यो हो—'युवं च्यवानमश्विना जरन्तं पुनर्युवानं चक्रथुः' [ऋ० १।११७। १३] यस मन्त्रमा आएको 'जरन्तं' पुनः=फेरि युवानं=युवा जवान अथवा तन्नेरी बनाई दिए। यो विचित्रै विज्ञान हो। कसले बूढ़ा हुन चाहन्छन्। तर बूढ़ा भए पनि तन्नेरी बनाउँने विज्ञान छ भने, त्यस युगलाई— अत्यन्त उन्नतिशील विज्ञानको युग भन्नु पर्छ। यसै प्रकारले [ऋ० १। ११८।६] मन्त्रमा पनि 'पुनश्च्यवानं चक्रथुर्युवानम्' भनेको छ। यस्तो लाग्छ कि च्यवनले कति हो कति वृद्धावस्थाबाट युवापनलाई ग्रहण गर्‍यो होला। यसको अर्को साक्षी [ऋ ५।७४।५] को मन्त्रमा पनि आएको छ। युवा-अवस्थाको कामना र वृद्ध शरीरको अनास्था दुवै प्रष्ट छ। अझ [ऋ० ७।६८।१।५] सूक्तको मन्त्रमा त 'युवं च्यवानं जरसोऽमुमुक्तम्' भनेर प्रष्टयाइदिएको छ। अव त च्यवान जराबाट मुक्त भएको बुझिन्छ। यो

इतिहास [ऋ० ८।२१।४—१०—१७] मा पनि छ। यस प्रकार [ऋ० १०। ३९।४] मा पनि च्यवान एकदम नयाँ रथको जस्तै शरीर धारण गरेर बसेको देखिन्छ। 'युवं च्यवानं स नवं यथा रथं पुनर्युवानम्' भनेर च्यवानको प्रशंसा गरेको बुझिन्छ। यस प्रकार [ऋ० १०।६१।१—३] [ऋ० १० १२७।१३] आदिमा कायाकल्प विज्ञानको वर्णन पाइन्छ। यो रासायनिक विज्ञान परम्पराबाट सल्केर शतपथ ब्राह्मणको ४।१।५।१३ मा पनि अक्षुण्णरूपले पुग्यो। अनि ताण्डयब्राह्मण १६।६।११ मा पनि देखापर्न गयो। यो विज्ञानले पञ्चविंशब्राह्मको ११।८।११ तथा १३।५।१२। र।१४।६।१० अनि १०।३।६ सम्म नछोडिकन दुगुरेको देखिन्छ। यसले गोपथब्राह्मणको १।१।१४। अनि ऐतरेय ब्राह्मणको ८।२१।४ मा पनि पोखिन गयो। यस रीतिले यस्ता अनेकौं ग्रन्थहरूमा यो विज्ञान भरिएको छ। तर ऋग्वेदमा वर्णित राजकन्या सुकन्या राजकुमारी भएर पनि जराजीर्ण च्यवान ऋषिलाई पति स्वीकार गरेर अनि रासायनिक विज्ञानद्वारा युवा बनाए। अश्विनीकुमारहरूले सुकन्याको—प्रार्थना सुनेर च्यवानलाई यौवन र सौन्दर्यले परिपूर्ण युवा बनाई दिए। यसै रीतिले अश्विनीकुमारहरूले घोषा नाम गरेको विदुषी महिलालाई पनि वृद्धावस्था हटाएर युवति बनाइदिएका थिए। तर आजको रासायनिक विज्ञान यसको एक छेउमा पनि पुगेको देखिन्न। यस इतिहासले यै बुझाउँछ कि प्राचीन हिन्दूविज्ञानको अधकल्चो नकल मात्रै उत्रेको हो। पूर्ण विज्ञान हैन। नभए आज पनि कायाकल्प हुनु पर्ने हो। तर देखिंदैन। त्यसको एकमात्र कारण यो छ कि पुरानो मासिए, हराए, नयाँ त्यस कोटिमा उब्भिन पुगेकै छैन।

# मरेको मान्छेलाई जिउँदो पार्थे

प्राचीन हिन्दूहरूले मरेको या प्राण निक्लेर गएको मुर्दा शरीरमा प्राणको सञ्चार गर्न जान्दथिए भन्ने कुरा पनि हामी स्वतः ऋग्वेदको अनुशीलनबाट पाउँछौं। तर यो निक्कैनै आश्चर्यको बाटो लिएको जस्तो लाग्छ। किन भने मार्नुत सबैले जानेकै हुन्छ। मारी दिनु पनि सबैले चिताउँछन्। तर मरेकोलाई जिउँदो पार्ने विज्ञान प्राचीन आर्यहरूको पासमा थियो। आजका वैज्ञानिकहरूले एटमबम देखि लिएर ठूला भन्दा ठूला र साना भन्दा साना हत्यार बनाएका छन्। तर मान्छेलाई दुरुस्तै जिउँदो पार्ने विज्ञान जानेका छैनन्। त्यसो हुँदा आजको विज्ञान मानव विनाशकारी छ। तर प्राचीन हिन्दू विज्ञान मानव रक्षक र सबै हालतमा मानव पोशक थियो। यस प्रकारको विज्ञानका वर्णन यी स्थलहरूमा आएका छन्। ऋग्वेदको १०।६०।७मन्त्र 'अयं मातायं पितायं जीवातुरागतम्' मा मरेर गए पछि फेरि जिउँदो गराउँदा यो तिम्रो आमा, यो तिम्रो बूवा भनेर प्राण सञ्चारित भएको मान्छेलाई बताएको कुरा बुझिन्छ। यस्तै रीतिले ऋग्वेदको अन्य स्थलहरूमा पनि विद्यमान छ। अनि पञ्चविंश ब्राह्मणको १३।१२।५ र शतपथब्राह्मणको १।१।४।१४ मा पनि यस विज्ञानको प्रचार छ। त्यसै रीतिले जैमिनि ब्राह्मणको ३।१६।७ र बृहद्देवताको ७८२।८८ मा पनि यो विषय निकै गहकिलो पारामा दाँजिएर बसेको छ। मरेको मान्छेलाई जिउँदो पार्ने विज्ञान अवश्य नै गहकिलो हो। तर यो विद्या पनि काल गतिले हरायो। अब फेरि कतैबाट निक्लेछ भने वेस हुने छ। किन भने हिन्दू सिद्धान्तमा कैले पनि बीजको नाश हुँदैन। त्यसै विज्ञानको एक शाखा वा हाँगा 'परकायप्रवेश' थियो। त्यो ऋग्वेदबाट लिएर आठौं शताब्दीसम्म आद्य जगद्गुरू श्री शङ्कराचार्यको पासमा थियो। त्यस पछि आज-भन्दा ६० वर्ष अघी जम्मू कास्मीरमा चम्पानाथ भन्ने योगीले पनि एउटा मुसलमान नव युवकको मृतशरीमा प्रवेश गरी आफ्नो बूढो शरीरलाई त्यहीं छोड़ेर गए। यो घटना गोरखपुर कल्याण आदिमा छापिएका छन्। त्यसो हुँदा गएको प्राणलाई अथवा मनलाई फर्काएर ल्याउने तथा परकायप्रवेश गर्ने विज्ञानको आज खोज गर्नुं आवश्यक भएको बुझिन्छ। यो आश्चर्यको विषय हैन अपितु नितान्त शोध खोजको विषय छ।

# शरीरमा मनको प्रवेश

ऋग्वेदमा प्राणसञ्चार विज्ञानको साथै मनः प्रवेश गराउँने विज्ञानको पनि भाउ ताउ नगरीकन उल्लेख भएको छ। तर काउँछोले फतफताए जस्तो नगरी सुस्तरी स्वाध्याय र मननको आवश्यकता छ। आज सम्मका विज्ञानहरूमा यो पनि अनौठो विज्ञान छ। तर लेखेकोलाई मेटाउन गारै हुन्छ। त्यो मन प्रवेश भएको उल्लेख यो मन्त्रमा हेर्नु होस्—

यत्ते यमं वैवस्वतं मनो जगाम दूरकम्।
तत्त आ वर्तयामसी ह क्षयाय जीवसे॥ [ऋ०१०।५८।१-३]

यमराजकोमा पुगेर आइकन शरीरमा प्रवेश गर्ने मनको वर्णन अरू मन्त्रहरूमा पनि छ। तर यहाँ 'आवर्तयामसी' पद ध्यान दिने योग्य छ। एक शरीरबाट निक्लिसके पछि फेरि उसै शरीरमा मनको प्रवेश हुनु, फर्काएर न ल्याए सम्म हुन सक्दैन। त्यसो हुँदा यो मनलाई अत्यन्त प्रेमी या अनुरागीहरूले कुनै वैज्ञानिक मशीनको तहबाट फर्काएर ल्याएको प्रष्ट बुझिन्छ। यस्ता हृदय परिवर्तन, मस्तिष्क परिवर्तन, प्राणलाई फर्काएर ल्याउन, परकायाप्रवेश आदि विज्ञान प्राचीन हिन्दू वैज्ञानिकहरूसँग कति हो कति थिए। आज पो हामी पुर्खौली जेथा बिना टुहुरा भइराखेका छौं। टुहुरा हुनको साथ साथै आत्मविश्वास पनि बेचियो। त्यसो हुँदा अब यी विज्ञान कल्पना र गफ मात्रै हुन थाले। बरु पाश्चात्यहरूले कुनै मेसो वा तह पारेर अनुसन्धान गर्नु तिर लाग्छन्। यताकाले त आफ्नो बनेको घरमा आगो लगाएर ताप छ। नभए रमिता हेर्छ। तर आत्मविस्मृतिबाट व्युंझिऊँ भने, यो विज्ञान सत्य छ। सत्य थियो। सत्य हुनेछ। हिन्दू विज्ञान कल्पनामा हैन अपितु सत्यतामा आधारित छ। तर सत्य तीतो हुन्छ।

# सूर्यको प्रकाशबाट ओखती गर्थे

यस विज्ञानमा पनि मनग्य आश्चर्यजनक इतिहास प्रष्टिएको छ। नजानेको, अथवा नदेखेको या नसुनेको विषय वा प्रसंग सामुमा पऱ्यो भने आश्चर्य हुनु स्वाभाविकै हो। तर केलाएर फेला पऱ्यो भने आश्चर्य त्यसै बिलाई हाल्छ। यस प्रसंगमा पनि त्यस्तै प्रसंग राखिदै छ। उहिलेका हिन्दूहरूले सूर्यको ताप अथवा किरणलाई बसमा राख्ने एक किसिमको यन्त्र बनाएका थिए। ती यन्त्रहरूमा पनि बेग्ला बेग्लै यन्त्रहरू जोडी वा फिट गरेर सूर्यको किरणलाई बाँध्दथिए। अनि त्यसबाट विशेषरूपले हृदयरोग [हार्ल्ट] को चिकित्सा गर्थे। त्यसमा पनि यन्त्र वा मशीन विशेष घुमाएर उसै सूर्यकिरणले मानस रोगको ओखती गरिन्थ्यो। फेरि पाण्डु-रोग [पिलिया] आदिको पनि ओखती यसै सूर्य किरणबाट हुन्थ्यो। यस रीतिले समस्त रोगहरूको निदान सूर्यकिरणबाटै गर्दथिए। आज त्यो मशीन कहाँ गयो ? ती वैज्ञानिक कहाँ गए ? ती सूर्य किरणबाट सञ्चा-लित ओखती कहाँ गए ? आश्चर्य यो छ कि हार्ल्ट फेलको रोग त्यतिखेर पनि थियो। तर त्यस रोगले मरेको लेख पाइएको छैन। वर्तमान युगमा त हृदयरोग लागिसके पछि बाँच्दै बांच्दैन। बाँचे भने पनि बेकामे भएर बाँचेका हुन्छन्। तुलना गर्नु होस्। डाक्टर उतिखेर पनि थिए आज पनि छन्। हृदयरोग उतिखेर पनि थियो। आजको युगमा त बेसरी फैलेको देखिन्छ। प्राचीन इतिहासमा हृदयगतिले मरेको उल्लेख पाइएको छैन। तर आजको युगमा दिनको सैकड़ौं मानिसहरूलाई यसै रोगले शिकार भएको पाउँछौं। यो के हो त ? यो चिह्न, चिह्नैको रूपमा रहनेछ। आउनु-होस् यो मन्त्रमाथि दृष्टिपात गर्नु होस्।

उद्यन्नद्य मित्रमह आरोहन्नुत्तरां दिवम्।
हृद्रोगं मम सूर्य हरिमाणं च नाशय॥ [ऋ०१।५०।११]

यस मन्त्रमा विशेषरूपले बिहानी पखमा उदाएको सूर्यको किरणले हृदय रोगको चिकित्सा गरेको बुझिन्छ। फेरि मध्यान्होत्तरकाल अर्थात् तीन बजे देखि सूर्य नअस्ताए सम्मको किरणले ओखती गर्दथिए। मेरो हृदय रोगलाई नाश गरी देउँ भन्ने शब्द त प्रष्ट छँदै छ। यहाँ यो कुतर्कको

अवसर पनि छैन कि 'प्रार्थना या स्तुति मात्रै हो'। बिहान र बेलुकाको सूर्यकिरणले आज पनि प्राकृतिक चिकित्सालयहरूमा उपचार भइराखेको छ। यति हो कि उनीहरूको हातमा मशीन वा यन्त्रहरू छैनन्। त्यसो हुँदा प्राचीन रसायन विज्ञानको चिकित्सा चमत्कारलाई हामीले अवश्य नै शोध खोज गर्नुपर्छ। यसको अभिप्राय यो हैन कि नयाँ पारेर, नया पाराले खोजौं। वस्तुतः सुकरातको शब्दलाई अंगाल्ने हो भने नयाँ नामको वस्तु वा पदार्थँ छैन। उही पुरानोको सार फेर मात्रै हो। त्यसो हुँदा प्राचीन चिकित्सा विज्ञानमा भएको सूर्यकिरण नियन्त्रण गर्ने यन्त्रको खोज फेरि हुनु पर्छ। अनि मात्रै आधुनिक चिकित्सा विज्ञान क्यै अंशमा सफल मानिने छ। आधुनिक मेडिशनले ओखती भन्दा बर्ता नशीला गोली, टेव-लेट, सुई आदि तैयार पारेको हुनाले लाखौं करोडौंको संख्यामा नव युवक र युवतिहरू एकदम नशावाज भएर बेकामे भइराखेकाछन्। कैयौं निरूद्देश्य र पागल भइराखेका छन्। कुनै हालतमा पनि नछोड़ेर आफ्नो जीवन लीलालाई समाप्त गरी राखेको छ। यसले राष्ट्र र समाज दुवैको दूरगामी सहयोग दिएको छैन। अर्को कुरा वर्तमान अंग्रेजी चिकित्सा कुनै पनि रोगको लागि स्थायी छैन। पन्जावि उखान जस्तै 'झट मंगनी पट व्या' भएको देखिन्छ। अरू मधुमेह, हृदय, स्वास आदि रोगहरूको यथो-चित खोज र चिकित्सा भएको देखिन्न। एक छिनको लागि रोकथाम मात्र गरेको देखिन्छ। तर प्राचीन चिकित्सा विज्ञानले रोग पैल्याएर अनि पछि ओखती द्वारा निरोग पारिदिन्थ्यो। यीं देखि बाहेक धातु सम्बन्धी ओखतीको पनि भ्रमार छ। अथर्ववेदको कुनै काण्ड प्राय ओखती देखि छुटेको छैन। यत्रो पुरानो समयको रासायनिक विज्ञानले आज यो रूप लिदा घोरिनु पर्ने भएको छ। त्यसमा पनि आफ्नै दाँतले आफ्नै जिभ्रोलाई टोक्दा त, झन् ओझालाई काउछोले-फत्फताए जस्तै हुन्छ। दांत अर्काको भए फुकाल्नु हुन्थ्यो। तर ती पनि आफ्नै, अनि के लाग्छ र? यै परि-स्थिति हाम्रो प्राचीन विज्ञान, कला, कौशल र चिकित्सा विज्ञान आदिमा पनि भइराखेको छ। तर सधैं रात रहने छैन, दिन पनि आउला। यो सूर्यकिरणको चिकित्सा विज्ञानले बताइराखेको छ। यस्ता अनेकौं चिकित्सा सूत्र रूपमा वेदहरूमा छन्।

वास्तु विज्ञान

# एक हजार तले घर

हिन्दू वैज्ञानिकहरूको वास्तु विज्ञान पनि आज भन्दा कुनै हालतमा कम थिएन। ठूला ठूला नगर, शहर, किला, भवन, र पुल, आदि अनेक प्रमाण ऋग्वेदको अनुशीलनबाट प्रष्ट गरी पाउँछौं। ऋग्वेदको महत्त्वपूर्ण विज्ञानांशमा वास्तु विज्ञान पनि ठाऊँ-ठाउँमा सारै राम्रो गरी गाभिएको छ। यद्यपि यो विषय स्वतन्त्ररूपमा छैन। तर प्रसङ्ग अनुसार छ र पष्टिएर देखा परेको छ। त्यसो हुँदा ऋग्वेदमा दृष्टिगात गर्नु भन्दा पहिले मनोयोगको आवश्यकता छ। ऋग्वैदिक वास्तु कलाको उदाहरण यो छ कि—'राजानावनभिद्रुहा ध्रुवे सदस्युत्तमे सहस्रस्थूण आसाते' [ ऋ० २। ४१। ५ ] हजार हजार खांमा भएका सुन्दर धनिक र राजा महाराजा-हरूले वस्ने अट्टालिका र भवन-घर आदि बनेका हुन्थे। यहाँ मन्त्रमा भएको 'सहस्रस्थूण' शब्दले यो भवन, जस्मा हजार खांमा लागेका थिए। ती कति अल्गा थिए होला त। कल्पना गर्नु होस् कति तले सम्म हुन सक्छ। कति झ्याल ढोका थिए होलान्। कुन पाराले त्यो महल बन्यो होला। यी सबै कुरा वास्तुकलाको एक एक विचित्रताले भरिएको इति-हास सामुमा झल्किन्छ। अवश्य पनि केवल काठ या वाँसको खांवा मात्रै ठड्याएनन् होला। यी महलहरू बनाउँदा, आज भन्दा कता हो कता ठूला-ठूला मशीन उभ्याएर ठूला ठूला विश्वकर्मा जस्ता बास्तु विज्ञान तत्वज्ञ [ इन्जिनीयर ] हरू लागेर ती भवन उभ्याइएका थिए। आज दिल्लीको अशोक होटेल र बम्बई, मद्रास, आदिका कतिपय भवनलाई हेर्दा आश्चर्यमा पर्छन्। जब कि ती भवनहरूमा हजार खांवाको नाममा पचास पनि छैनन्। तै पनि बीस देखि पच्चीस तले सम्मका भवनहरू बनेका छन्। तर भारत आदिदेखि बाहिर न्यूयार्कमा व्यापारी सङ्घको भवन एक सये पच्चीस तले बनेको देखेर, सुनेर, मान्छे हैरान परेको देखिन्छ। तर एक हजार खांवा उभ्याएर बनाएको भवन एक हजार तले भन्दा तल तिरको हुन सक्दैन। बरु अझ माथिके हुनु पर्छ। किन भने भवनलाई जतिमाथि भवनको ऊँचाई अथवा अल्क्याउँन या अग्ल्याउँन परेको छ। त्यसै आधार-मा भवनका जग दरो पार्नको लागि धेरै खांवाहरूको आवश्यकता हुन्छ।

त्यसो हुँदा आज पनि फलामको सिरका अथवा सरिया दुवैलाई जोडी फेरि सीमन्टले बलीयो पाराको जग दरीलो पार्ने खांवा वनाए पछि लेण्टर हालेर-बल्ल त्यो माथि अर्को तला बनाउँन सुरु गर्छन्। जब आजको घर-हरूको त यो हाल छ भने, त्यतिखेरको घरबनाईमा अझ ठूलो विशेषता थियो। जर्मन, रूस, अमेरिका आदिमा प्रायः चालीस पचासतले घरहरू हुन्छन्। ती घरका घरेडी पनि उस ढंगको हुन्छ। इन्जिनीयरी पनि उसै प्रकारको हुन्छ, भने प्राचीन हिन्दूहरूको घर या वास्तुकला धेरै उन्नत थियो भन्ने इतिहास बुझिन्छ। नभए व्यर्थमा हजार खांवा उभ्याउँने कुरै छैन। त्यो पनि उति खेरको मसालाले जोडेर बनाएका थिए। अनि देव-शिल्पी विश्वकर्माहरू जस्ता इन्जिनीयरहरूले तयार पारेका घर अवश्य नै दर्शनीय र हजार तला देखि माथिको थियो होला। यो घर बनाउँने शिल्पकला पुराणकाल सम्म पनि नमासी, नमेटी जस्ताको तस्तै थियो। त्यसो हुँदा घटोचकले प्राक्ज्योतिषपुर नाम गरेको नगरमा आकाश मार्ग-बाट जाँदा एक हजारतले घरमा बास बसेको थियो। त्यो घर यति सुन्दर थियो भन्ने साँदो थिए। यस्तै वर्णनले त मान्छेहरूले सहन गर्न नसकेर इतिहासैलाई जरो नपात गर्ने पारा गर्छन्। या श्लोकलाई गोडेर हेर्नु-होस्। के इतिहासको पाना माथि साइंसको चहकिलो भरिलो र सुकीलो मोहड़ा देखिदैन ? अवश्य पनि देखिन्छ। हेर्नुहोस्—

सोऽथ प्राग्ज्योतिषाद्बाह्ये महोपवनसंस्थितम्।
सहस्रभूमिकं गेहमपश्यत हिरण्मयम् ॥

सवै भन्दा ठूलो आश्चर्यको कुरा यो छ कि, यो घर सुनले बनेको थियो। त्यो कुरा 'हिरण्मयम्' भन्ने पदले या शब्दले प्रष्ट गरिदिएको छ। विश्व प्रसिद्ध गुरुद्वारा पञ्जाव, अमृतसरमा बनेको छ। जसलाई विदेशीहरूले [ गोल्डन टेम्पिल ] अर्थात् सुनको मन्दिर भन्दछन्। तर त्यो मन्दिर पनि पुरा सुनले बनेको छैन। सुनको पाटा ठोक्दै जांदैछन्। अनि मन्दिर पनि सानै छ। परन्तु यो घर त एक हजार तले थियो। त्यसको लागि कति कति टन, कति मन सुनको आवश्यकता पर्छ स्वयं विचार गर्नुहोस्। तर यो सुनको एक हजार तले घर एकले हैन, अपितु पछि लेखि सकियो कि त्रिपुरको आकाशस्थ नगर पुरा सुनको थियो। सुनले बनेको जहाज या विमान आदि पनि थुप्रै थिए। यहाँ यो पनि जान्नु आवश्यक छ कि जगत्प्रसिद्ध रावणको लङ्का राजधानी सुनैको थियो अरे। तर सवै सुनको हुन न

सक्ने हुनाले लङ्कामा सुन धेरै हुन्थ्यो र सुनको लङ्का भनेको हो, भनि समाधान गर्छन् । तर त्रिपुर त आकाशमा थियो । त्यसो भएको हुनाले आकाशमा सुन कहाँबाट पाउँनु ? यस्ता विचित्र प्रश्नले भरिएको, आजको बुद्धिले सोची नसक्ने आविष्कार प्राचीन हिन्दूहरूले गरेका थिए । यस प्रकारको अर्थात् सुनको हजार तले घर बनाउँन नसके पनि आजकाले घर, कोठी, बंगला आदिको चारैतिर अथवा आंगन, सिकुवातिर या दलान वरि परी वाटिका बगैंचा र गमला आदिले सुहाउँदिलो पारेर सजाउँने परम्परा पनि प्राचीन हिन्दूहरूकै अधकल्चो नकल मात्र हो । माथिको एक हजार तले घरको चारैतिर सधै वसन्त बोलाउँने ठूला ठूला वगैंचा थिए । ती बगैंचा भित्र पनि उपवाटिका थिए । जसमा नाना थरीका फूलहरू लागेका हुन्थे । साना-ठूला पोखरी, तालावहरू पनि हुन्थे । आजको साहबहरूको कोठी या राजदरबार जसरी सिंगारी राखेका हुन्छन् । ती भन्दा बढ्ता पाराले सिंगार पटार भई विज्ञानको पराकाष्टाले बनाएका भवनहरू हुन्थे । यसको तात्पर्य यै हो कि सुनको घर जहाज, पण्डूवी, रथ, त्रिपुर आदि सुनै सुनको हुनु आश्चर्यको कुरा हैन । कल्पना पनि हैन । सत्य हो । त्यति सुन आर्जन सक्ने आर्यवैज्ञानिकहरू तेतिखेर विद्यमान थिए । जसको सत्ता छैन अनि त्यसको कल्पनै हुँदैन । नभए गर्भवती महिलाको पेटमा भएको बच्चाको कति के नाम हुन्छ ? कस्तो अनुहार हुन्छ ? आदिको पनि कल्पनाबाट टुंग्याउँन पर्ने हो । तर त्यसो भएको देखिन्न । त्यसो हुँदा हाम्रो इतिहास र विज्ञानलाई कल्पना र गफ भनेर उडाउँने अधिकारै छैन । बुद्धिवादले सोचेर विचार गर्नको लागि मूलबाटो छ । तर यो निश्चित छ, प्राचीन हिन्दू वैज्ञानिक वास्तु कलामा पनि निपुण थिए । यो उनीकै इतिहास र कार्यकलापले बताउँछ । 'गिरिकूटनिभास्तत्र प्रासादाः रत्न शोभिताः' यस्ता यस्ता भवन पर्वताकार सुन र अनेकौं प्रकारका रत्नहरूले शोभित प्रासाद, भवन, घर, बनाएर हाम्रा पूर्वजहरू बस्दथिए । 'इन्जिनियरी' को यो सवै भन्दा ठूलो प्रमाण छ । त्यसो हुँदा हामीले आफ्नो गौरवलाई सच्चाएर राख्ने मेसो गर्नु पर्छ ।

# फलामले बनेको सयेवटा नगर

जहाँ सुनको कमी थिएन । त्यहाँ फलामको के कमी हुन्थ्यो र । विज्ञान शब्दको अर्थ कर्ममा कुशल हुनु हो । अनि शिल्प शास्त्र पनि हो । ती पूर्वज पुर्खाहरू यी सबै कार्यमा दक्ष थिए । जहाँ सुनै सुनको रथ, विमान, पण्डूवी आदिलाई शिल्पकलाले अर्थात् विज्ञानले तह पारेर बनाउथें भने, फलामको घर या नगर बन्न कति ठूलो कुरा हो र ? आजको युगमा जति सस्तो फलाम पाइन्छ । त्यो भन्दा अझ सस्तो उतिखेर सुन पाइन्थ्यो । त्यसो हुँदा स्तूप आदि पनि सुनैले बनेका हुन्थे । अनि फलामको उत्पादन त असाध्य थियो । त्यसैले त पुल, कारखाना, ठूला ठूला मशीन, कल, काँटा आदि बनाएर अरबौं मान्छेहरूलाई पुऱ्याउँदा पनि नसकिएर फलामै फलामले नगर पनि वनाइदिए । आजको युगमा ऐले सम्म सुन चाँदीको त के फलामको पनि घर देख्नुमा आएको छैन । कतै कतै सीसाको एकाध घर देखा परेको छ । ती पनि साना साना बनेका छन् । तर फलामको घर बनाउँन निकै महत्त्वको इतिहास छ । त्यसमा पनि पूराको पूरा फलामको नगरै बनाउनु अरू ठूलो महत्त्वको कुरा छ । त्यसमा पनि फलामले बनेको सौ सौ नगर हुनु त परमबुद्धिवादको कुरा छ । यस्ता उन्नतिशील पूर्वज हिन्दूहरू थिए भन्ने गौरवको पानालाई कुनामा मिल्क्याइदिएर बाँदरको पुच्छर घिसिएर मान्छे बनेको इतिहास हाम्रो हैन । डार्विनको या एनकजिमेण्डरको देशको इतिहास या विकासवाद हुन सक्छ । हिन्दूविकासवाद त बुद्धिगम्य र विज्ञानसम्मत छ । अब आउनुहोस् जहाँ फलामे सौ नगरको उल्लेख भएको छ । त्यो स्थलसँग पनि अलिकति चिनारी गर्नु होस् । त्यो मन्त्र यो छ—'अधा महो न आयस्य नाधृष्टो नृपीतये, पूर्भवा शत भुजिः' [ ऋ० ७ । १५ । १४ ] यस मन्त्रमा धेरै कुराहरू भएता पनि 'आयस्य' शब्दमा ध्यान दिनु पर्छ । यहाँ आयस शब्दको अर्थ फलाम हो । अनि 'पूः' शब्दको अर्थ नगर हो । त्यस पछि 'शतभुजिः' शब्द आयो । यसको अर्थ सहेवटा । अर्थात् फलामले बनेको सहेवटा नगरको वर्णन प्रष्ट छ । शतभुजि शब्दमा पनि 'शत' शब्द र 'भुजि' शब्द अलग अलगै छ । शत शब्द सहेको वाचक हो । 'भुजि' शब्दको अर्थ सुरक्षित हो । किन कि 'भुज्' धातुको अर्थ पालन पनि छ । त्यसो हुँदा फलामले बनेको नगर त थिदै थियो ॥

साथै अत्यन्त वैज्ञानिक रीतिले बनाएको बुझिन्छ। कतै चुम्बक पनि फिट गरेको बुझिन्छ। किन कि देवासुर, दास, राज्ञ आदि भयङ्कर युद्ध उतिखेरै भएको हो। त्यसो हुँदा, ती युद्धबाट सुरक्षित रहनुको लागिनै यो नगर बनाएको हुनुपर्छ। अथवा अरूनै कुनै कारणले बनेको होस्। वैदिककाल आदि काल हो। त्यतिखेरका हिन्दू पुर्खाहरू जङ्गली थिएन भन्ने प्रष्ट प्रमाण त छँदैछ। बरू अत्यन्त उन्नतिशील वैज्ञानिक थिए, भन्ने साक्षी प्रत्यक्ष हुन आयो। यो पनि ऋग्वेदको एक विशेषतानै हो। अलि कति अन्तर यो छ कि विद्युन्मालीले बनाएको त्रिपुरको फलामको नगर जता ततै चल्थ्यो। यी माथि उल्लेखमा आएको नगर चाहिं वैज्ञानिक यन्त्रहरूले पूर्ण भए पनि चल थिएन। अर्थात् अचलरूपले बनाएका थिए। यी वैलक्षण्य आर्य पुर्खाहरूमा नै थिए। अब फेरि यस विज्ञानको एक एक छान बीन भएछ भने वेश हुने छ। मेरो भनाई छ कि प्राचीन हिन्दूविज्ञानमा रिसर्च-शोध-खोज गहकीलो पाराले गरेको खण्डमा सफलता पाउन सकिन्छ। तर पाश्चात्य गन्धमा रंगिएको इतिहासबाट यो सम्भव छैन। अनि फलामे नगर ऋग्वेदको पानामानै रहने छ।

# पानी जहाज

प्राचीन हिन्दूहरूको शिल्पकला अर्थात् विज्ञान मध्ये पानी जहाजको इतिहास पनि एकदमै अनौठो लाग्दो छ। यो कुरा अवश्य छ कि आजको जस्तो पानीजहाज नामले पुकारिंदै न थिए। नाव, नौ, पोत, आदि शब्द-बाट व्यवहृत हुन्थ्यो। तर नावको अर्थ यो हैन कि आजकल सानो सानो नदीहरूमा चलाइने सानो खाले नाव, अपितु उतिखेर कैयौं हजार मान्छे र उनीहरूको ओछ्यान, बिछ्यान, खान, पान आदि साधन पूरा लिएर हिड्ने पानीजहाज थिए। त्यो पानीजहाज आज भन्दा पनि गतिलो पारा-को कल, इञ्जिन, मशीन, आदिले चलाइन्थे। आजको सात महासागरहरू मध्ये हिन्दमहासागरको क्षेत्रफल[1] साड़े सात करोड़ वर्ग किलोमीटर छ। यो हिसाब त ऐलेको वैज्ञानिकहरूले लगाएको हो। तर यो भन्दा पनि लाखौं वर्ष अगाडि हिन्दूहरूको पानीजहाज दिन-रात घुमिरहन्थे। नभए यस सागर अर्थात् समुद्रको नाम देखि पूर्व 'हिन्दू' शब्द कैले जोडियो ? हिन्दू शब्द धेरैं आधुनिक हो भन्नेहरूको मुखमा यस सागरको नाम र 'हिन्दूकुस' पर्वतको नामले बुजो हाली दिन्छ। होस्, जे भए पनि यो कुरा माथि 'वेदमा के छ ?' ग्रन्थमा विवेचना पर्याप्त भइसकेको छ। यहाँ त हिन्दूहरूको पनि जहाजको इतिहास यसो कोट्याउने मेसो गरिएको हो। हिन्दमहासागर, प्रशान्तमहासागर, अन्धमहासागर आदिमा हिन्दूहरूको ठूल ठूला पानीजहाज र नौकाहरू पनि एक फेर विश्वलाई सभ्यता र ज्ञान सिखाउँनको लागि घुम्दथिए। अनि यी पोतहरूले पनि केवल पानीमा मात्रै हैन, अपितु आकाशमा पनि अबाध गतिले उड़ने क्षमता राख्थे। फेरि पानी र आकाशमा मात्र हैन, किन्तु भुइमा पनि उस्तै गतिले दगुर्थे। त्यसै पानीजहाजको वर्णन यस मन्त्रमा भएको छ—

'वेदा यो वीनां पदमन्तरिक्षेण पततां। वेद नावः समुद्रियाः' [ऋ० १।२५।७] यो एकै मन्त्रमा आकाशबाट तलतिर उत्रने पक्षी अर्थात् चरो जस्तै भएर भुईमा उत्रने र समुद्रमा तर्ने पानीजहाज दुवै किसिमको

---

१. दैनिक ट्रीव्यून रविवार अङ्क १९८० ला० २५।५ मा हेर्नु होस्।

वर्णन छ। 'वी' भनेको चरोलाई भनिन्छ। त्यो आकाशबाट भुइमा ओर्लिदा जस्तो आकार प्रकार चाल चलनले उत्रिन्छ। त्यसै पाराले ती जहाज पनि पृथिवीमा उत्रिन्थे। कुनै कुनैले त 'वी' नाम गरेको हवाइ-जहाजनै हो भनेका छन्। अनि अन्तरिक्षबाट तलतिर ओर्लिने शब्दलाई पढदा यो कुरा जच्छ पनि। 'वी' नाम गरेको जहाज नै हुनु पर्छ। 'समुद्रियाः नावः' आदि शब्दमा त विवादै छैन। किन भने समुद्रीय जहाज उतिखेर प्रसिद्धै थियो। त्यसै भएको हुनाले त पणिहरू ठूला ठूला पानीजहाज र हवाइजहाज दुवैमा बसेर वर्षौं सम्म धेरै टाढा अनेक प्रकारको व्यापार गर्न जान्थे। आज भन्दा लाखौं वर्ष पहिलेको प्रसिद्ध व्यापारी पणिहरू नै थिए। पाणिनि व्याकरणको रचयिता पाणिनि यसै गोत्रमा उत्पन्न भएको हुनाले पाणिनि नाम परेको हो। यस रीतिले पानीजहाजको[१] वर्णन अरू ठाऊमा पनि विचित्र ढंगले गरेको छ। 'चतस्रो नावो जठलस्य जुष्टा, उदश्विभ्यामिषिताः पारयन्ति' [ ऋ० १। १८१। ६ ] एक एक ठाऊँमा चार चार जहाज जोडिराखेका हुन्थे। यसै प्रकारले 'भुज्यु' नाम गरेका व्यापारीहरू पनि पानीजहाजबाट व्यापार गर्न जान्थे। 'तुग्रोह भुज्युमश्विन' [ ऋ० १। ८। १-२-३ ] मन्त्रहरूमा पनि यसको इतिहास प्रचुर-मात्रामा पाइन्छ। 'ऊह थुर्भुज्युमस्तं शतारित्रां नावमातस्थिवांसम्' [ ऋ० १। ८। ८९। मं० ५। १ ] यस मन्त्रमा 'शतरित्रां' शब्दले यो बुझाउँछकि 'अरित्रा' भनेको चलाउने डण्डा हैन, किन्तु फलाम आदिले बनेको सैकडौं मशीन फीट गरेको जहाज थिए। सहेवटा डण्डाले नै चलाउँथे भन्ने आग्रहमा अर्थ गर्ने हो भने त्यो सम्भव छैन। यस प्रकारले [ ऋ० १। ३। ७ ] मन्त्र आदिमा पनि पर्याप्त मात्रामा पानी जहाज अर्थात् पोतको वर्णन छ। यस रीतिले प्राचीन आर्य-हिन्दूहरू जलस्थल र आकाश आदि कुनैमा पनि नरोकिने विमान, पानीजहाज, चलाउँथे। अनि उतिखेरका ती यन्त्र बनाउने कारीगर पनि अलौकिक दिव्य शक्ति सम्पन्न थिए। विश्वकर्मा, ऋभु, त्वष्टा, आदि वैज्ञानिकहरूका कला विज्ञानमा आजका वैज्ञानिकहरूले मनन गरी शोधी, खोजी, त्यहाँ सम्म पुग्ने आवश्यकता परेको बुझिन्छ। ऐलेको विज्ञान त मानव विनाशमा मात्रै आधारित छ।

---

१. वर्तमान पानी जहाज सन् १७३६ मा आविष्कार गरिएको हो। आविष्कार गर्ने मान्छेको नाम 'ओनाथन होल्सले' थियो। यो मान्छे बेलाइत निवासी थियो।

यत्रो ठूलो र व्यापक विज्ञान कलाको आविष्कार गरेर पनि प्राचीन हिन्दू-हरूको विज्ञानको यो पनि विशेषता थियो कि दुर्घटनाबाट बच्ने उपाय पहिले नै गरी राखेका हुन्थे। आजको विज्ञानमा त हरेक पाइलामा दुर्घटना अथवा [ एक्सिडेण्ड ] बाट खाली भएको देखिंदैन। यो प्राचीन विज्ञानको अलौकिक आविष्कार थियो। यस्ता रीतिले प्राचीन हिन्दूहरूले पानीजहाज चलाउँथे।

# पाँचै दिनमा सौ योजन लामो पुल तैयार

आज पनि विश्वमा पुल बनाउने होड़बाजी विश्वको हरेक राष्ट्रमा लागि राखेको देखिन्छ। के ठूलो, के सानो, सबै राष्ट्रले आफ्ना आफ्ना एकै नाशे पुल बनाउने उन्नति गरेर बाटो खुला गरिदिने मेसो गर्छन्। त्यस्ता अमेरिका, रूस, चीन, जर्मन, जापान, इंलेण्ड, आष्ट्रेलिया, फ्रांस, आदि कति हो कति ठूलो राष्ट्र भएर होडाहोडमा लागेका छन्। होड़ र इखले उन्नति त अवश्यने गराउँछ। तर मेसो नपरे बिलाउँछ पनि। आधुनिक विज्ञानमा पहिलो नम्बरमा उन्नति गरेकोले छिट्टै उन्नतिको शिखरमा पुग्न आँटदा आँटदै धराशायी पनि हुनु पर्‍यो। त्यस पछि अरू राष्ट्रले चम्कने अवसर पाएको हो। तर ऐले पनि यी राष्ट्रहरूले मनग्य विज्ञानको साधनहरूबाट पुल, बाँध, देवाल, पर्खाल आदि बनाई राखेका छन्। चीनको पर्खाल, अमेरिकाको नहर, मिश्रको पिरामीड, कलकत्ताको- हावड़ापुल, आगराको ताजमहल, दिल्ली तुकलकावादको किला, आदि होड़, जोड़ र तोड़को झोंकमा बनेका इमारत हुन्। संसारको सात आश्चर्य पनि त्यस्तै किसिमको छ। तर प्राचीन हिन्दूहरूको सत्यघटनालाई हिन्दू- हरूकै दिमागले वा बुद्धिले मानेन भने के गर्ने? अरू देशकाले नमाने आफ्नो हैन भन्छन्। तर हिन्दूले चाहिं के भन्ने? यो प्रश्नको उत्तर नसोची आज हाम्रा इतिहासकार पनि भयङ्कर भुलमा परीकन अल्मलिएका देखिन्छन्। वस्तुतः हाम्रो इतिहास बाहिर छैन। हामी संगै छ। तर बाहिर अर्काको पोल्टामा या गोजीमा हात हाल्नु जाने बानी नराम्रो भएको छ। हाम्रो इतिहासले के भन्छ आउनु होस् विचार गरौं—

हस्तिमात्रान्महाकायाः पाषाणाश्च महाबलाः।
पर्वतांश्च समुत्पाट्य यन्त्रैः परिवहन्ति च ॥५६॥
सूत्राण्यन्ये प्रगृह्णन्ति ह्यायतं शतयोजनम्।
नलश्चक्रे महासेतुं मध्ये नदनदीपतेः ॥५९॥
डण्डानन्ये प्रगृह्णन्ति विचिन्वन्ति तथापरे।
वानरैः[1] शतशस्तत्र रामस्याज्ञा पुरः सरैः ॥६०॥

---

१. वानर पशु थिएन। अपितु बीर वानर जातिको क्षेत्रीय थिए। हेर्नु होस् 'वाल्मीकि के हनुमान्' भन्ने शीर्षक 'देशिकशुधा' पत्रिका दारागन्ज प्रयाग, वैष्णव प्रेसबाट प्रकाशित।

[वा० रा० यु० सं० २] यहाँ श्लोकको अर्थ गरी रहने आवश्यकता छैन। यो इतिहासले के भन्छ ? कल्पनाले बनाएको हो कि, यस पुललाई यन्त्रहरूले बनाएको हो ? यहाँ त ठूला ठूला पर्वतहरूलाई पनि मशीनले टोड़ेर ल्याएको कुरा बुझिन्छ। यन्त्रैः समुत्पाट्य' भन्ने शब्दले यो कुरा प्रष्ट हुन जान्छ। साइंसको युग थिएन भने यन्त्रहरूको प्रयोग कसरी हुन्थ्यो ? हुँदैन थिए भने ठूला ठूला पर्वतहरूको चट्टानलाई काटेर समुद्रमा कसरी पुऱ्याए ? फेरि समुद्र माथि पुल, आजको वैज्ञानिकहरूले बनाउने आंट पनि गरेको छैन। केवल पानीजहाज र पण्डुवीहरूसँग मात्रै काम ली राखेका छन्। यहाँ जो इतिहासले पता गरेर बताएकोमा त नल र नील दुवैले क्षेत्रीय वानर वीरहरूको सहायताले पाँचै दिनमा त्यत्रो ठूलो समुद्रमा पुल बनाएर पार गरिदिए। अनि त्यो पुल कति लम्बाई र कति चौड़ाईको थियो। त्यो पनि प्रष्ट गरिदिएको छ। हेर्नु होस् श्लोक यो छ—'दश योजन विस्तोर्णं शतयोजनमायतम्' [वा० रा० यु० स० ३२।७२] अब यहाँ हेर्नु होस्। विचार गर्नु होस्। पहिले त एक योजन कतिलाई भनिन्छ। दश-योजन, कति मील हुन्छ। त्यस्ता दश योजन चौड़ाईमा फैलिएको फैलाऊ मात्र थियो अनि शययोजन लम्बाई थियो, भने पछि, त्यो पुलको आकार-प्रकार के होला ? यस्तो पुल बनाउँदा केवल पाँच दिनको भित्र समाप्त भएको छ। केवल गफ भनेर इतिहासको हत्या गरेर हुँदैन। त्यसमा क्यै बुद्धि लागेको होला। विचार गर्नु आवश्यक छ। कोरा कल्पना मात्र हो भनेर पनि सुख पाइँदैन। वाल्मीकिरामायणमा त्यो पुल [सेतु] निर्माणको प्रक्रिया विस्तार-पूर्वक लेखिएको छ। त्यसको आरम्भ, समाप्ति, नाप, जोख सबै माथि रामायणमा प्रकाश परेको छ। वाल्मोकि रामायण युद्ध काण्डको २२ सर्गको ५० देखि ७२ श्लोकसंम दिनै पिछे कति निर्माण भयो, कति दिनमा बनेर तैयार भयो। यसको दैनिक हिसाब पनि लेखिएको छ। पहिलो दिनमा १४ योजन बन्यो। दोस्रो दिनमा २० योजन तैयार भयो, तेस्रो दिनमा—२१ योजन बन्यो। चौथो दिनमा २३ योजनको अनुपातले पाँचै दिनमा १० योजन चौडा र १०० योजन लम्बा पुल बनेर तैयार भएको थियो। आजको युगमा जे जति बने पनि २० साल भन्दा कम लागेको देखिएन। आगराको ताजमहल बनाउँदा २० हजार मान्छे लगाएर पनि २० सालमा तैयार भएको हो। आजको वैज्ञानिक युगमा फूलेकाले पाँच दिनमा कुनै कुरा बनाएर देखाउँन सकेका छैनन्। वोसौं सालमा पनि त्रुटिपूर्ण बनाएका हुन्छन्। तर नल र नीलको इञ्जिनीयरी पाँच दिन-

भित्र बनेको पुलमा पनि फेल नभैकन सिद्ध भए। त्यसो हुंदा प्राचीन हिन्दूहरूको वास्तुविज्ञान कति उन्नतिशील थिया। यो अत्यन्त विचारणीय छ। यस्ता वास्तु विज्ञान ऋग्वेददेखि लिएर रामायण महभारत काल सम्म पनि निर्वाध गतिले चली आएको थियो। यो विज्ञानहरूको नाश हुनुमा राम रावणको युद्ध र कौरव पाण्डवको युद्ध पनि जिमादार छ। यी दुवै युद्धमा योद्धा त मारिए मारिए, तर विज्ञानवेत्ताहरू पनि खोजी खोजी मारिए। ती ग्रन्थ र मशीनहरू पनि समाप्त भए। त्यसै कारणले अबशेष रहेको ग्रन्थहरूमा उल्लेख वा उद्धरणको रूपमा हाम्रो इतिहास विशेष गरेर हाम्रो विज्ञानको इतिहास लुकेको देखिन्छ। त्यसमा पनि मूल संस्कृत भाषा भएको हुनाले, संस्कृतको द्वेषीहरूले जताभावो गरेर हिन्दू इतिहासलाई बिगार्ने भरिसक प्रयत्न गरे। हाम्रा भनाउँदाले चाहिं संस्कृतलाई वेकाम भास नदिने भाषा मानेर हेला गरि उतैतिर फर्केको हुनाले हाम्रो अनुहारमा माईको दाग निक्ल्यो। तर जे भए पनि मूल हिन्दू विज्ञानै हो।

# एक बालको सहेवटा हिस्सा

ऋग्वेदबाट सूक्ष्म भन्दा सूक्ष्म विज्ञान चली आएको हुनाले उपनिषद् कालमा पनि विज्ञानको छायाले छोड़ेन। त्यो ठांउँ ठाँउँमा प्रसङ्गवस उल्लेख भएर आएको देखिन्छ। यै कुराको इतिहास जनाउनको लागि प्राचीन श्वेताश्वतर भन्ने ऋषिको मनमा पनि यो विज्ञान समाएको हुनाले प्रष्ट गरेर लेखिदिए। हुनत प्रसङ्ग के छ भने परमात्मा र जीवात्माको सूक्ष्म भेद देखाउँनको लागि ऋषिले वर्णन गर्नु भएको देखिन्छ। तै पनि हरेकको हरेकसँग सङ्गतीकरण रहन्छ। त्यसो हुँदा जीवात्माको स्वरूप बताउँदा बालको उदाहरण दिएर सम्झाएको छ। तर मन्त्र अत्यन्त गम्भीररूपले सम्झने खालको छ। त्यो मन्त्र यो छ—

वालाग्रसतभागस्य शतधा कल्पितस्य च।
भागो जीवः स विज्ञेयः स चानन्त्याय कल्पते ॥

[श्वे० उ० ५।९] यस मन्त्रमा विचारणीय विषय यो छ कि बाललाई सौ हिस्सामा नचीरेको या नफाड़ेको भए उपमा या उदाहरण अथवा दृष्टान्त कसरी दिन्थे र ? नजानेको वस्तु वा पदार्थको दृष्टान्त उदाहरण आदि दिनै सकिदैन। यहाँ बालको सौवाँ हिस्साको बरावर जीवको स्वरूप बताएको बुझिन्छ। त्यसो हुँदा ऋषिले दर्शन सम्झाउँदा विज्ञानलाई पनि प्रष्ट गरेर सम्झाएको बुझिन्छ। अनि विज्ञानको ज्ञान नभई त्यो कुरा आउनै सक्दैन। त्यसो हुँदा निश्चितै फुर्फुरिएर कुरा बुझिन्छ कि ऋषिले बाल चीरेको देखेको हुँदो होला। अब यता पनि विचारणीय छ। आजको युगमा विज्ञान धेरै माथि पुगेको मानिन्छ। तर वाल चीर्ने मशीन, देखेको सुनेकै छैन। यसको सूक्ष्म उदाहरण ऋग्वेद आदिबाट पनि हेर्नु सकिन्छ। किन भने श्वेताश्वतर ऋषिको वेलामा वाल चीर्ने मशीन बनेको हैन। अपितु त्यो भन्दा पनि पूर्व यस्ता मशीनहरू बनिसकेका थिए। त्यस्ता कति हो कति बाल चीर फाड़ गरोसकेका थिए। आज छैन, देखिन्न, भनेर टालो हाल्न सकिन्न। प्रत्यक्षरूपमा त्यसको इतिहास, लेखाजोखा छ भने त्यसलाई फेल पार्ने कसको हक छ ? त्यसो हुँदा प्राचीन हिन्दूहरूसंग सानो भन्दा सानो बाल चीर्ने हत्यार वा मशीनहरू थिए। ठाउँ ठाउँमा यसको उल्लेख भएको देखिन्छ। सूत्रैमा सम्झे हुन्छ। कलेबर बढाउँन आवश्यक छैन। ●

# विचित्र वाण

विज्ञानको खोज जब सुरु भयो । त्यस वेला मानव अवश्य नैं जिज्ञासाले भरिएको थियो होला । यो अनुमान हैन साँचो घटनाहरूबाट प्रष्टिएको छ । ऋग्वेदको कैयौं स्थलहरूमा वाणको नामान्तर व्यक्त भएको छ । तर वाण भन्दा आजकलको सतार, मुसर, थारु आदिले चलाउँने वाण हैन । अपितु ठूलो महत्त्वपूर्ण र शक्तिशाली वैज्ञानिक वाणहरूका प्रयोग हुन्थे । चलाउँने कला पनि धेरै विचित्र थियो । अनि कतै त्यसको विचित्रता र विलक्षणता दुवैले भरिएका हुन्थे । त्यस प्रकारको वाण विद्या ऋग्वेदकालमा भरपूर मात्रामा थिए । त्यो परम्परा संहितादेखि लिएर ब्राह्मणकाल र आरण्यको उपनिषद्, अनि फेरि रामायण, महाभारत, काल सम्म पनि अक्षुण्यरूपले चल्दै आएको बुझिन्छ । स्वयं भगवान् रामको वाण विचित्र शक्तिले भरिएको थियो । नभए एक वाणको प्रहारले समुद्र सुखाउँने कुरा किन लेखिन्थे र ? आज जतिपनि खतरनाक बमहरू छन् । अथवा आविष्कार हुँदै छन् । ती सबैका परीक्षण समुद्रमा गर्छन् । फेरि पनि समुद्र टसमस भएको छैन । तर एकै वाणमा समुद्र सुख्न सक्ने वाणको शक्ति वैज्ञानिक शक्ति थियो । आग्नेयादि अस्त्र यिनैलाई भनिन्थे । सुग्रीवलाई यो विश्वास थिएन कि सप्तवृक्षलाई भेदन गरेर त्यो वाण फेरि फर्केर आओस् । तर छोड़े पछि वाणले त्यो काम गरीकन फेरि फर्केर आइकन आफ्नो स्थानमा बसथ्यो । रामको वाणले सुग्रीवको विश्वास दरीलो पार्नको लागि छोड़ेको वाणले सप्ततास्डको वृक्षहरूलाई भेदन गरी, फेरि फर्केर आए । सीधै आजको जस्तो वाण हो भने त, गएको गएकै हुनु पर्ने ।

फर्केर आउँने के मतलब ? फर्केर आउँथ्यो भने त्यसमा क्यै विश्वास मान्ने वैज्ञानिक प्रयोग भएको वाण थियो । यसै प्रकारले वर्वरीको र घटोत्कचको पासमा पनि वाण थिए । यिनीहरूसँग तीन तीन वाण थिए । यी वाण यस्ता थिए कि आजको वैज्ञानिकहरूको मस्तिष्कलाई पनि खल्वल्याइ दिन्छ । एउटा वाण चाहि यस्तो थिथो । जसको काल आएको छैन । त्यसको काललाई खोजेर ल्याउँथ्यो । दोस्रो वाणले मार्थ्यो । तेस्रो वाणले आफ्नै रक्षा गर्थ्यो। रामायण, महाभारतकाल सम्म पनि यस्ता वाण-

हरूका प्रचुरमा प्रयोग भएका थिए। के यी वैज्ञानिक प्रयोग हैनन् ? आज एक बम छोडदा हजारौं लाखौं निरपराध जनता मारिन्छन्। यी वैज्ञानिक विचित्र वाणहरूका जब प्रयोग हुन्थे त केवल अपराधी प्रतिद्वन्द्वी मात्रै मारिन्थे। निरपराधहरूको क्यै हुँदैन थिए। अपराधीहरूलाई छानवीन गरेर मार्न सक्ने वाण अवश्य पनि वैज्ञानिक मशीनको विशेषताले भरिए-को हुनुपर्छ। अनि वैज्ञानिले गरेको उन्नतिको आवश्यकता आज खास गरी परेको छ। आज त अपराधी बाँच्छ। विचरा निरपराधीहरू मारिन्छन्। यो के विज्ञान हो ? भयङ्कर नरसंहारको साधन मात्रै वनेको देखिन्छ। फेरि कसैलाई नमारीकन आफ्नो काम साधने मात्रै पनि वाण थिए। यो झन् ठूलो आश्चर्यजनक कुरा छ। कसैलाई हानि सके पछि अथवा कसै माथि प्रयोग गरिसके पछि त्यो वाणले लक्ष्य भेदन गर्छ। या त फेल भएर, निशाना चुकेर जान्छ। तर प्राचीन वैज्ञानिक वाण कला त्यस्तो थिएन। लक्ष्य भेदन गरेरै आउँथ्यो। यसमा एकलव्यको क्यै वाण कलाको उदाहरण तल हेर्नुहोस्। हाम्रो इतिहासले के भन्छ। हाम्रो रैथाने इति-हास नै इतिहास हो। किरात कुलमा उत्पन्न एकलव्यले आफ्नो बुवा हिरण्याक्षसँग वाण विद्या सिखे पछि उतिखेरको प्रसिद्ध वाण विद्याचार्य द्रोणाचार्यसँग विद्या पुरा गर्नको लागि गए। तर पक्षपात, जातिवादको कीरा पऱ्योभने कुल-वंश-देश-राष्ट्र सबैमा घून लाग्छ। अनि बेसमयमा नै खतम हुन्छ। द्रोणाचार्य यद्यपि आचार्य र त्यतिखेरका कौरव र पाण्डव दुवै तिरका आचार्य थिए। नामी पनि थिए। एकलव्यले आचार्य स्वीकार गरेर विद्या सिखने इच्छा प्रकट गरे। तर द्रोणाचार्यको मनमा दया आएन। अनधिकारी घोषित गरी दिए। एकलव्यलाई दुःख लाग्यो। दुःख लाग्नु स्वाभाविकै कुरा हो। चोट लागे पछि दुख्छ। तर मानवले ओखती गरेर निको पारी दिन्छ। दानवले नून, चुक, काउँछो हालीदिन्छ। एकलव्यको मनमा पीर पऱ्यो। अब पैतृक सम्पत्ति माथि नै अभ्यास गर्छु भनेर आँटे। तर गुरुको मूर्ति पनि सामुमा राखेर अभ्यास गर्दा अरूवेश हुन्छ होला, भनी द्रोणाचार्यको माटोको मूर्ति बनाएर सामुमा राखी अभ्यास गर्न थाले। त्यो अभ्यास कति सम्म चल्यो। यहाँ त्यसको आवश्यकता छैन। केवल यति हो कि एकलव्य तन्मय भावले आफ्नो लक्ष्यमा लागे। उता गुरु द्रोणाचार्य पनि पाण्डवहरूलाई संग लिएर जङ्गल घुम्न निक्ले। उनोका साथमा एउटा कुकुर पनि थियो। घुम्दै घुम्दै ती त्यसै जङ्गलमा पुगे। जहाँ एकलव्य आफ्नो अभ्यासमा रत थिए। पाण्डव र द्रोणाचार्यलाई त

पता चलेन। तर कुकुरलाई पता चल्यो र भुक्दै भुक्दै एकलव्य भएको ठाउमा पुग्यो। त्यहाँ एकलव्यलाई देखेर कुकुर झनसारो भुक्न थाल्यो। उता उल्लाई बाधा पर्न गयो। घोर जङ्गलमा यो कसको कुकुर हो। क्यै थाह छैन। अन्तिममा एकलव्यले वाण निकालेर कुकुरको मुखमा प्रहार गर्न थाल्यो। यस्तो कलाले कुकुरको मुखमा वाण मान्यो कि कुकुर मर्नु पनि मरेन, वाणले मुख पनि भरिदिए। घाउ चोट पनि लागेन। त्यो कुकुर पुच्छर हल्लाउँदै पाण्डव र द्रोणाचार्यकाँ पुग्यो। सबै भन्दा पहिले अर्जुन आश्चर्यमा पन्यो। आखेरी ती वाण कसै गरे पनि निकाल्न सकेनन्। अनि जङ्गलमा खोजदै एकलव्यकां पुगे। एकलव्यले गुरु द्रोणको स्वागत गरी, के सेवा गरौं ? आज्ञा होस् गुरुमहाराज ? भन्दा गुरु भएर पनि छलकपट पूर्ण बूढि औंलाको दक्षिणा मागेर बेकामे बनाउँने मनसा द्रोणाचार्यले गरे। तर एकलव्य पनि गुरु भक्तिमा हारेन र अँगुठो काटेर गुरु द्रोणाचार्यलाई अर्पण गरि दिए। त्यस पछि गुरु द्रोण र अर्जुनले निकाल्न नसकेको कुकुरको मुखबाट वाणैले वाण निकाल्दै गए। पूरा वाण निकाली सक्दा कुकुर जस्ताको तस्तै थियो। कुकुरको मुखमा एउटा सानो चोट पनि आएको थिएन। यो के हो विलक्षण विज्ञान हैन ? त्यो इतिहास यी पंक्तिहरूमा हेर्नुहोस्—

तेषां विचरतां तत्र तत्तत्कर्म चिकीर्षया।
श्वा चरन् स वने मूढ़ो नैषादिं प्रति जग्मिवान् ॥ ३९ ॥
स कृष्णमलदिग्धाङ्गं कृष्णाजिनजटाधरम्।
नैषादिं श्वा समालक्ष्य भषंस्तस्थौ तदन्तिके ॥ ४० ॥
तदा तस्याऽथ भषतः शुनः सप्तशरान्मुखे।
लाघवं दर्शयनस्त्रे मुमोच युगपद्यथा ॥ ४१ ॥
स तु श्वा शरपूर्णास्यः पाण्डवानां जगाम ह।
स दृष्ट्वा पाण्डवाः वीराः परं विस्मयमागताः ॥ ४२ ॥
लाघवं शब्दबोधित्वं दृष्ट्वा तत्परमं तदा।
प्रेक्ष्य तं व्रीडिताश्चासन्प्रशशंसुश्च सर्वशः ॥ ४३ ॥

[ म० भा० आ० अ० १३४ ] यस प्रकारको विलक्षण वाण आजको युगमा देखिएको छैन। यसको मूल वेदहरू नै हो। यस प्रकार दशरथ आदि राजा महाराजाहरूसँग पनि यो वैज्ञानिक कला थियो। शब्द मात्रै सुन्दा पनि वाण प्रयोग गरे भने लागी हाल्थे। त्यसो हुँदा आर्य हिन्दू-

हरूको धनुर्विज्ञान पनि विलक्षण विज्ञान थियो भन्ने विषय प्रष्टिन आउँछ। यी माथिका कुराहरू विज्ञान न भै सम्भव छैन। अनि ती धनुष-वाण के केको बन्दथिए, भन्ने प्रश्नहरूमा जनकपुर, धनुषामा गएर शिव धनुषको टुकड़ालाई गएर हेर्दा हुन्छ। त्यो धनुष केले बनेको हो। कुन धातु हो कि, ढुङ्गा, मूढ़ा होकि त्यो पनि आजको वैज्ञानिकहरूले पता लगाउँन आवश्यक छ। यस्ता कैयौं विचित्र वैज्ञानिक अस्त्रहरूका आविष्कार भएका थिए। ती अस्त्रहरू मध्ये एक अस्त्र वाण पनि हुन्। यो आर्यहरूको अभिन्न अङ्ग रक्षक थियो। भरत आदिलाई वाणमा बसाएर लङ्का आदि पठाएको इतिहासले अवश्य पनि त्यो बाण कस्तो आकारको थियो होला भन्ने अकमकमा पार्नु स्वाभाविक छ। कल्पना पनि कतिलाई भनेर टार्ने। के समस्त हिन्दूवाङ्मय कल्पना र झूठामा उब्भिएको छ? यो शङ्कै गर्नु पागलपना हो। केवल विचार र शोध-खोज र समीक्षाको कसौटीमा संधै कसिएर हिन्दू विज्ञानले जन्म लिएको बुझिन्छ। यस माथि पनि शुष्क तर्क पनि कम छैन। तै पनि अरू निखारिएर उत्रेको देखिन्छ। त्यसो हुँदा जुन वाणले मान्छेलाई लाग्यो। अनि पछि फेरि उसै वाणमा बसाएर गन्तव्य ठाउँमा पुऱ्याइदिए भने, यसमा पुरा दिमाग लगाएर रिसर्च गर्ने आवश्यकता छ।

# विना पखेटा मान्छे कसरी उड्थे

अनेक प्रकारका वैज्ञानिक साधन बनाएर उड्ने, जाने, आउने काम त प्राचीन हिन्दूहरूको सहज साधारण काम थियो। यो अगाडि लेखिएको पद या लेखहरूबाट प्रष्ट भएको छ। तर त्यो देखि बाहेक अरू अचम्बको कुरा यो छ कि मान्छेहरू पनि आकाश मार्गबाट उडेर अर्का ठाऊमा जान्थे। विमान, जहाज, रथ, वाण, आदिबाट उडने काम त सोझै थियो। तर देवताहरू पनि कुनै साधनले र कुनै देवताहरू आफ्ना आफ्ना अदृश्य शक्ति-ले उडेर जान्थे भन्ने कुरा हिन्दूसाहित्यमा रेलो चेलो भएर परेको छ। तर ती पुराना वैदिक साहित्यलाई छोड़ेर साधारण साहित्य शिशुपाल जस्ता काव्यहरूमा पनि नारदले आकाशबाट पृथिवीतलमा उत्रिदा भगवान् श्रीकृष्णले द्वारिकामा देखेका थिए। यो काव्यको लेखक श्रीवैष्णव कवि माघ हो। त्यसो त कविहरू काल्पनिक हुन्छन्। तर माघको नारद अवतरण प्रसङ्ग कुनै हालतमा काल्पनिक छैन। सत्य इतिहास आधारित भएको प्रष्ट बुझिन्छ। त्यो पनि नारद जस्ता ऋषिको अवतरण, भनि साक्षात् भगवान् कृष्ण देख्ने द्रष्टा। वस्तुतः यो विज्ञान ऋग्वेदहरूबाट रामायण महाभारत सम्म त अबाध गतिले आएको बुझिन्छ। त्यस पछि यस विज्ञानले पनि दुर्भाग्यको सामना गर्नु परेको बुझिन्छ। किन भने पुराणहरूमा देवताहरू आकाशमार्गबाट जाने कुरा देखि बाहेक साधारण मानवमा पनि यो विद्या= या विज्ञान प्रचुर मात्रामा थियो। यो विज्ञानको प्रसङ्ग महाभारत आदि पर्वमा प्रष्ट छ। हिडिम्बा भन्ने महिलाले कुन चाहि साइंस जानेको थियो ? जो भीम जस्ता बलशाली पुरुषलाई आकाशबाट उडाएर लगेकी थी।

यो अवश्य पनि बोक्सीको जादू हैन। नधामी, झाँक्री, फेदांवा, विजुवा, लामा, झोक्मा आदिको 'छु' मन्त्रको प्रभाव हो। यो त उतिखेर-को सामान्यलोक विज्ञान थियो। भीमसेनलाई लैजादा खेरोको वर्णन यो छ—

तथेति तत्प्रतिज्ञाय हिडिम्वा राक्षसी तदा।
भीमसेनमुपादाय सोर्ध्वमाचक्रमे ततः॥
[म० भा० आ० १५७। २१]

कुनै यान अथवा विमान आदिको संकेत छैन। तर माथिबाट स्वतै उडेर जाने विज्ञान थियो। यस प्रकारले हिडिम्वाका छोरा जो भीमसेनको सहवासबाट जन्मेका घटोत्कचले पनि यो उड्ने विज्ञानलाई जानेका थिए। त्यसो हुँदा स्कन्द पुराणमा यो इतिहास प्रष्टिन गएको छ। घटोत्कच आकाशबाट प्राक्ज्योतिष पुर भन्ने ठाउमा गएर एकहजार तले घरमा बसेका थिए। त्यो कुरा पछि लेखि सकियो। यो प्रसङ्ग स्कन्दपुराण माघ-महात्म्य कुमारिका खण्डमा प्रष्ट छ। यति मात्रै हैन। स्वयं रामदूत हनुमान् सीताजीको पता लगाउन लङ्का जाँदा कुनै विमान या कुनै रथ आदिबाट गएको देखिन्न। अपितु आकाशमार्गबाट गएर लङ्का पुगेको इतिहास प्रष्ट छ। अतः यो अवश्य जान्ने कुरा छ कि त्यो कुन विज्ञान हो? नतेलको खटका, न इञ्जिनको खटका, यस्तो सबै भन्दा सजोलो मानव उपकारी विज्ञान त्यतिखेर थिए। अब त्यो लोप भयो। आज पनि त्यस विज्ञानको उल्लेख त पाइन्छ। विज्ञान हरायो। फेरि पनि आधुनिक वैज्ञानिकहरूको लागि त चुनौति नै छ। उषाले अनिरूद्धलाई पनि आकाशमार्गबाटै अपहरण गरेर लगेका थिए। मान्छे बिना पखेटा उडने पनि विज्ञानै थियो। अथवा ती जातिका मान्छे त्यतिखेर थिए। अब मासिएर गए। या त त्यो विज्ञानै लुप्त भयो।

# तीन रात सम्म यम लोकमा

वैदिक साहित्यमा कठोपनिषद् पनि धेरै प्राचीन ग्रन्थ छ। यस ग्रन्थमा ब्रह्म विद्याको प्रसङ्गमा नचिकेता र यमराजको सम्बाद सारै राम्रो र रोचक ढङ्गले वर्णित छ। नचिकेता भर्खरै पाँच वर्षको नानी थियो। उसको बुवा वाजश्रवाले एउटा यज्ञ गर्‍यो। त्यो यज्ञमा पुरानो पुरानो गाई छानेर दान दिन थाल्यो। ती गाई कस्ता थिए भने नबिहाउने, घाँस पनि चबाउन नसक्ने। एकदम बुढी गाई थिए। असली गाई चाहिं लोभमा आएर आफुलाई छानेर राखेको। आफु पछि छेराको हुन्छ। तर नचिकेता चिल्लोपात भएको बिरुवा थियो। उसले सम्झ्योकि मेरा बुवाले दानको नाममा पाप गर्दै हुनुहुन्छ, भन्ने ठानेर नचिकेताले बुवा वाजश्रवासँग सोध्यो बुवा ? मलाई कसको लागि दिनु हुन्छ ? 'ततः माँ कस्मै दास्यसि' यसै प्रकारले दुई फेर सोध्यो। तेस्रो फेरमा बुवालाई रिस उठ्यो, तँलाई मृत्युको मुखमा दिन्छु भने। 'त्वां मृतवे ददामि' वस कुरा पुग्यो। अब नचिकेताले मृत्यु के वस्तु हो, भनि खोज गर्नु निक्ल्यो। खोज्दै खोज्दै यम लोकमा पनि पुगे। तीन रात सम्म यमराजको घरमा बसी अनि फर्किए। प्रश्न यो छ कि नचिकेता यमपुरी केमा गयो होला ? फेरि त्यो यमपुरी आज कहाँ छ ? जसलाई नचिकेता आदिले पता लगाए। यमपुरी जांदा नचिकेताको पासमा वाहन, रथ, अथवा विमान, जहाज, आदिका क्यै संकेत छैन। त्यसो हुँदा नचिकेतासँग पनि आकाशगामी कुनै विज्ञान जन्मसिद्ध अधिकारले पाएको हुनुपर्छ। फेरि यमपुरी गएको मात्रै पनि हैन। फर्केर आफ्नो बुवालाई प्रसन्न पनि पारे। त्यसो हुँदा उति खेरका हिन्दूहरू यमपुरीमा पनि आउने जाने गर्दा रहेछन्। त्यो यमपुरी आजको वैज्ञानिकहरूलाई थाहानै छैन। तर प्राचीन हिन्दूवैज्ञानिकहरूले यमलोकको पनि राम्ररी पता लगाइसकेका थिए। त्यसो हुँदा यमराजले राज गरेको लोक पनि बताइएको छ। 'दक्षिणा तिष्ठन् यमः' [ अ० वे० ९ । ७ । २० ] दक्षिण दिशामा यम रहन्छ, भनेर उल्लेख गरे। 'इदं यमस्य सदनम्' [ ऋ० १० । १३५ । ७ ] यो यमराजको घर हो, भनेर उल्लेख भएको इतिहासलाई कसरी मेटाउन सकिन्छ ? यहाँ सम्म पनि प्रमाण छ कि 'वैवस्वतेन प्रहितान् यमदूतान्' [ अ० वे० ८ । २ । ११ ] यमले पठाएका

यमदूतहरूको पनि वर्णन छ। नपुगी साक्षात्कार नगरी यस्तो सजीव वर्णन कसरी हुन सक्छ र ? त्यसो हुँदा पहिले जमानामा यमलोक आदिमा आनन्दसँग विज्ञानले उडेर पुग्दथिए। विज्ञानले व्यक्तिगत उन्नति पनि गरेको राम्ररी बुझिन्छ। त्यसो हुँदा नचिकेताले यमलोकमा गएर तीन दिन सम्म बसेर यमराजसँग सम्मान पाएर फेरि यसलोकमा फर्कने इतिहास अक्षुण्य छ। अनि हिडिम्बा, हनुमान्, आदि जस्तै आकाश मार्गबाट उडेर नै गए। यो पनि विज्ञानको धुइरो हो। यसमा कुइरो पार्नु हुँदैन।

# यी लोकहरू ऐले कहाँ छन् ?

यमलोक देखि बाहेक देवलोक, गन्धर्वलोक, ब्रह्मलोक, पितृलोक, विष्णुलोक, स्वर्गलोक, नरकलोक, आदिका पनि राम्ररी पता लगाएका थिए । आज हामीहरू जसरी अमेरिका, आष्ट्रेलिया, रूस, चीन, जर्मन, जापान, इंगलेण्ड, थाइलेण्ड, पोलेण्ड, स्वीजर्लेण्ड, न्यूलेण्ड, ग्रीनलेण्ड, आदिमा गएर आउँछौं, त्यसरी नै प्राचीन हिन्दूहरू ती लोकहरूमा पुगेर आउँथे । यो आधुनिक देश त मर्त्यलोकको हो । तर देवादिलोक त मर्त्यलोक देखि बाहेकै छन् । ती आर्यहरूले भूगोल, खगोल आदि नछानेको भए, ती लोकहरूमा कसरी गए ? गएनन् भने कसरी लेखिए ? यो कल्पनाको लेखाई हैन । यो कल्पनाको इतिहास पनि हैन । यो त शाश्वत् वेद राशिको प्रमाण हो । जसमा एक शब्द पनि अनर्थक छैन । हाम्रो बुद्धि अथवा मानव बुद्धि नपुगे के गर्नु त ? शतपथ ब्राह्मणमा १४।७।१।३६। देवलोकको उल्लेख छ । यो ग्रन्थ शुक्ल यजुर्वेदको व्याख्यान भूत ब्राह्मण ग्रन्थ हो । उसैमा ३७ मा गन्धर्वलोक पनि वर्णन छ । [ श० ब्रा० १४ । ७ । १ । १९ ] मा ब्रह्मलोक तथा पितृलोक, र मनुष्यलोकको उल्लेख भएको छ । यहाँ 'मह्यं दत्वा व्रजत ब्रह्मलोकम्' [ १६ । ७१ । १ ] भने । अथर्व वेदमा पनि ब्रह्मलोक र 'विष्णुर्यत् परमं पदम्' शब्दले लोकान्तरलाई बुझाएको छ । यै इतिहास सामवेदको उत्तरार्चिक १८ । २ । १ । ५ मा वर्णित छ । त्यो विष्णुलोक हो । अरू प्रष्ट गर्दै 'उध्र्वो नाकस्याधिरोह विष्टपं स्वर्गे लोक' [ अ० वे० ११ । १ । ७ ] मन्त्रमा स्वर्गलोक पुगेको वर्णन छ । 'पितृणां लोकमपि गच्छन्तु ये मृताः' [अ० वे० १२ । २ । ४५] मरेकालाई पितृलोकमा व्यवस्था गरेको बुझिन्छ । त्यो आजको काशीको नियम जस्तै नियम हुनु पर्छ । अनि खास पितृहरूले बस्ने ठाउँ चाहीं अथर्ववेदमा 'प्रद्यौ' [ अ० वे० १८ । २ । २ ] बताए । अनि निर्णय गरेर भने 'यस्यां पितर आसते' [ अ० १८ । २ । २ ] अनि यस प्रकारले नरकलोक पनि बताए । अनि 'सर्वान् कामान् यमराज्ये' [ अ० १२ । ४ । ३६ ] मा निर्णय गरिएको छ । यो कल्पना हैन । उतिखेरका हिन्दूहरूले गरेका काम हुन् । वेदहरूदेखि जति पुराणादि छन् । तो सबैमा वेदहरूबाटै गएको हो । त्यसो हुँदा आजको विज्ञानले आज झूठो भनेर भोली साँचो हो भन्दै

पैतरा बदलेको देखिन्छ। चन्द्रलोक, शुक्रलोक, मङ्गललोक, शनिलोक आदिलाई पनि पहिले त झूठै हो भन्दथिए। तर अब स्वयमै समर्थन गर्न थाले। हाम्रो वैदिक विज्ञान त जस्ताको तस्तै छ। टस मस क्यै फरक परेको छैन। त्यसो हुँदा लोकान्तरहरूको कल्पना नभएर एक फेर पुगेर गोड़ि नेली गरेको ठाँउ हो। जस्तै चन्द्र आदिलोकको पता लगाएर अब भन्न थाले कि हजारौं वर्ष पहिले पनि मान्छे पुगि सकेका थिए। यसै रीतिले उक्त लोक लोकान्तरहरूमा पनि पुगे छन् भने हिन्दू विज्ञानको एक छेउमा पुगेको मानिने छ।

## कसरी सात रातमा संसार भरीको फोटो बनाए?

अरू विज्ञानको आविष्कार जस्तै फोटो खिच्ने केमरा फोटो बनाउँने कला पनि आधुनिक विज्ञानले नै दिएको हो भन्छन् । तर हाम्रो सकली मोहडा हेर्दा त्यो कुरा नितान्त झूठ ठहरिन जान्छ । किन भने जस्तै अरू विज्ञान हिन्दूहरूबाट बाहिर गए । त्यस्तै रीतिले चित्रकला पनि यताबाटै पाखा लागेको हो । यो कुरालाई 'वेदमा के छ ?' मा ठाऊँ ठाउमा कोट्याएको छ । साँचै भनौं भने आधुनिकताले यति सारो खाई सक्यो कि, वस्तुस्थितिमा हामी आत्मविस्मृत भइसक्यौं । चित्रकलाको वर्णन हिन्दूवाङ्मयमा कति हो कति उन्नत छ, र थिए पनि । यहाँ सबै भन्दा पहिले वाणासुरको काल के हो ? यसकी छोरी उषाले भगवान् कृष्णको नाती अनिरूद्धसँग बिहा गर्नु भन्दा पहिले नै अनिरूद्धलाई सपनामा देखी । अनि उषा मोहित भई । आफ्नो साथी सखी, सहेलीहरूलाई सुनाउँदा सुनाउँदा, उसैको सहेली चित्रलेखाको कानमा यो कुरा पुग्यो । अनि चित्रलेखासँग कुरा हुँदा, उषाले भनी, मैले त सपनामा देखेकी हूँ । त्यो युवा संग जताबाट भए पनि भेट गराइदिनै पर्छ भनेर, उषाले भनी । त्यसमा चित्रलेखाले भनी, म चित्र खिचेर देखाई दिन्छु । त्यसमा जुनलाई तिमीले देखेकी छौ । त्यसलाई ल्याउने प्रयत्न गरौंला भनी । अनि संसारभरीको प्रसिद्ध राजा महाराजा राजकुमार आदिको फोटो चित्र खिचेर सात दिनको भित्र उषालाई देखाई । उषाले त्यो फोटोहरूलाई हेर्दै जाँदा, कसैलाई पनि मन पराईन । अनि फेरि चित्रलेखासँग भनी, यिनी मध्ये मैले सपनामा देखेका कुनै पनि छैनन् । यो उत्तर सुने पछि फेरि चित्रलेखाले प्रद्युम्न, अनिरुद्ध, आदिको फोटो खिचेर देखाई दी । त्यसमा अनिरुद्धको फोटो देखे पछि उषाले सन्तोष मानी । अनि त्यसै फोटोको आधारबाट अनिरुद्धको पनि आकाशमार्गबाट हरण गरेर उषा भएको ठाउमा पुऱ्याइयो । यहाँ त्यो शब्दलाई व्यासजीले यसरी उब्भ्याउनु भएको छ—'सप्त रात्रेण लेख्यं कृत्वा' सात रातमा संसार भरीको मानव, दानव, ऋषि, मुनि, देवता गन्धर्व आदिको फोटो खिच्नु जान्ने चित्रलेखा आफ्नो नामैले प्रसिद्ध छ । अनि स्कन्दपुराण अवन्तिका खण्ड त्रिपुर ध्वंश वर्णनमा 'अट्टहास······कुर्वन्ति लिपिकर्मसु चित्रेष्वालिखिता इव' भनेर फोटो खिच्ने चलन वर्णित छ ।

आलेख्य र चित्र आदि शब्द 'फोटो' को वाचक शब्द हो। तर यो फोटो खिच्ने, चलन पौराणिक हैन। अपितु त्यो भन्दा पुरानो ऋग्वेद आदिमा पनि प्रष्ट छ। अनि त 'चित्रैरञ्जिभिर्वपुषे' [ ऋ० १। ६४। ४ ] आदि मन्त्रहरूमा चित्रकलाको चर्चा भएको देखिन्छ। त्यो चलन नभए कसरी लेखिन्थे। अथर्ववेद तथा ब्राह्मण आदि ग्रन्थहरूमा पनि विधि विधान सहित डंगूर लेखिएका छन्। अनि सिन्धुघाटीको खनाईमा निक्लेको प्रमाण-हरूले पनि यै बुझाउँछ। त्यसो हुँदा संसारमा फोटो खिच्ने चलन पनि सर्वप्रथम हिन्दूहरूबाटै गएको कुरा प्रष्ट बुझिन्छ। यहाँ यो पनि भुल्नु हुँदैन कि चित्रलेखाका पासमा फोटो बनाउँने वैज्ञानिक यन्त्र थियो। त्यो पनि आश्चर्यजनक यन्त्र यो थियो कि त्यो यन्त्रले रातमा फोटो खिंच्ने 'केमरा' बनाउँन सकेको छैन। कतै खिंची पनि हाले भने बिजुलीको प्रकाश न भै खिंच्नै सक्दैन। त्यसो हुँदा देवगण, चित्रलेखा र चित्रलेखा आदि प्राचीन फोटोग्राफरहरूको पासमा फोटो खिच्ने अद्‌भूत केमरा थियो। आजको केमरामेनहरूले संसार भरीको त के एक शहरको फोटो पनि खिंच्नु सक्दैनन्। अनि फोटो खिंच्नु हामीलाई पाश्चात्यहरूले सिखाए भन्नु, फाटेको मुखले भनेको हो। अब रह्यो ती चित्र के केमा खिंच्थे। यो छुट्टै शोधको विषय छ। तै पनि त्यस्तो विचित्र केमरा बनाइसके पछि जस्मा फोटो खिचिन्छ, त्यो सामग्री थिएन भन्नु त अवैज्ञानिक कुरा हुन आउँछ। त्यसो हुँदा विचित्रै रिलको आविष्कार गरेका थिए।

# चलचित्र सेनिमा

जहाँ फोटो खिच्ने चलन प्राचीन हिन्दूहरूले नै आविष्कार गरेको हो, भन्ने प्रमाणले सिद्ध भइसक्यो, त्यहीं आजको सेनिमा प्राचीन हिन्दूहरूले हेर्न जान्दथिए कि थिएनन् भनेर क्यै प्रमाणहरूबाट विचार प्रस्तुत गरिंदै छ। निश्चयनै यो सेनिमा पनि पाश्चात्यहरूको देन हैन। आफ्नै कोठे बारीको खेती हो। तर बारबाट बाहिर निल्केर नौलो जस्तो लागेको मात्रै हो। यो आजको सेनिमाको विऊ त आज भन्दा लाखौं वर्ष पूर्व पनि वैदिक साहित्यहरूमा जस्ताको तस्तै थिए। संहितादेखि लिएर ब्राह्मण-ग्रन्थ सम्म छासमिसिएको छ। तै पनि चित्र लेखा जस्ताले यो आविष्कार गरेको पाइलो पैलाएको छ। तर गोरेटो हैन, मूलबाटोनै हो। त्यो पछि रामायण र महाभारत काल सम्म पनि राम्ररी सिंगारिएको देखिन्छ। सेनिमाको आविष्कार त्यसो हुँदा नयाँ हो भन्नेहरूले आफ्नो ऐनामा आफ्नो मोहड़ा देखेका छैनन्। अर्काको ऐनामा अर्कोकै अनुहार देखेर आत्तिएको मात्रै हो। अब विचार गर्नुहोस् कि रामायणमा यो सेनिमाको उल्लेख प्रष्ट छ। यो अवश्य छ कि 'सेनिमा' शब्दले व्यवहार गरेको छैन। तै पनि भन्दा हजारौं वर्ष हैन लाखवर्ष पहिले पनि चलचित्र र त्यसलाई देखाउँने यन्त्र थियो भन्ने इतिहास हामी रामायण आदिबाट प्रष्ट गरी पाउँछौं। यो प्रमाण हामीलाई पहिले वेदको छत्रच्छायामा फूलीफलेको रामायणबाट मिल्दछ। सबै भन्दा पहिले वाल्मीकि रामायणको लङ्का-काण्ड सर्ग ८० मा हेर्नु होस्। विज्ञानवेत्ता रावणले सीताको यस्तो चल-चित्र बनाएको थियो कि रामको नाम लिंदैरुँदै गर्थी। 'क्रोशन्ती राम रामेति मायया योजितां रथे' [वा० रा० यु० का० स० ८१।१५] असली सीता पनि हैन। सीता पनि हो। रामको नाम पनि लिन्छे। उतिखेरका मान्छेहरूले यो सेनिमालाई प्रष्ट देखेका थिए। फेरि अर्को कुरा के हो भने 'मायमा योजिताम्' भनेको वैज्ञानिक यन्त्रले चलेको सेनिमा हो। [वा० रा० यु० का० स० ८१।१३] श्लोकमा पनि 'तमेवमुक्त्वा रूदतीं सीतां मायामयीं च ताम्' भने। यो रावणले आविष्कार गरेको सेनिमाले अयोध्यादेखि लङ्का सम्म मात्रै हैन, अपितु एक फेर विश्वमा तहल्का मच्चेको थियो। मायामयी सीताले कतै रूने, कतै हाँस्ने, कतै शोक प्रकट

गर्ने, कतै रावणलाई फटकार्ने कतै सुत्ने, कतै के, सबै थोक गर्थी। जस्तै आजकलको एक्टरहरूले गर्छन्। त्यसो हुँदा हिजो आजको सेनीमा ठीक प्राचीन सेनीमाको अधकल्चो नकल मात्रै हो। अब रामायणदेखि बाहेक महाभारतको भीष्म पर्व अर्थात् श्रीमद्भागवत गीताको ग्यारहवां अध्यायको विश्वरूप दर्शन पुराको पुरा सेनीमा नै हो। पहिले अर्जुनले कृष्णलाई पत्याएन। पछि विश्वरूप देखाए पछि, नतमस्तक भएर अर्जुनले कृष्णलाई प्रणाम गरे। त्यो विश्वरूपको वर्णन र सेनीमाको रिलमा विजुलीको प्रकाशले पर्दामाथि आगो लागेको देखिनु। कतै मारामार, कतै हानाहान, कतै रेलगाडी, कतै रिक्सा, टाँगा, साईकिल, आदि देखा पार्नेलाई सेनीमा नाम राखेको हो। यता कृष्णले अर्जुनलाई पनि त्यै देखाए। यति अवश्य छ कि नाममा फरक देखिन्छ। एकरूपले यो सेनीमा आज विश्वको साम्ने सबै भन्दा ठूलो मनोरञ्जक खेल छ। अनि सरकारहरूको देशको ठूलो आयको साधन पनि बनाएको छ। तर यसले विश्वको नव युवक र युवतीहरूलाई चरित्र आदि अमानवीय व्यवहार आवारागिरी, नानाथरीका व्यसन, र चोरी, डाका जस्ता खोइरोमा हालेर पुर्दछ। त्यस्तो कामबाट बचाउँन सकिने कुनै उपाय देखिदैन। तर प्राचीन सेनीमा त्यस खालको थिएन। रावणले बनाएको सेनीमाको उद्देश्य रामसंग लडाई गर्नु मात्र थियो। किनकि रथमा नकली सीताको चलचित्र [सेनीमा] बनाएर दुनियाको मान्छेलाई थाहा पार्ने मेसो थियो। जसबाट रावणले आफ्नो उद्देश्यलाई पुरा गरे। त्यसै रीतिले अर्जुनको मोह भङ्ग गर्नको लागि कृष्णले पनि विश्वरूपको प्रदर्शन गरे। अनि सेनीमामा त एक ठाउँको, या एक शहरको अथवा एक एक मान्छेको जीवन, चरित्र, खवाई, लवाई, व्यवहार आदिको मात्रै चलचित्र हुन्छ। तर कृष्णले देखाएको चलचित्र त विश्वमात्रैको हैन, अपितु समस्त ब्रह्माण्डको सेनीमा थियो। यस ढंगको सेनीमा आजसम्म विश्वमा बनेको छैन। यो आविष्कार पनि प्राचीन हिन्दूहरूको अलौकिक आविष्कार थियो। यो अवश्य भन्न सकिन्छ कि आजको जस्तो व्यापारको साधन बनाएर बजार हाटहरूमा देखाएर दुरूपयोग गर्दैन थियो। प्राचीनकालको सेनीमा केवल वास्तविक काममा मात्रै ल्याइन्थ्यो। यो सेनीमाको परम्परा महाराजा विक्रमादित्यको शासनकाल सम्म पनि अक्षुण्णरूपले चली आएको प्रष्ट बुझिन्छ। किन भने विक्रमादित्यको राजदरवारको सिंहासनमा लागेका पुतलीले हमेशा चल्ने बोल्ने गर्थे। बन्द गर्दा बन्द हुन्थे। चलाउँदा चल्थे। पुरा आधुनिक

सेनीमा नै, थियो । केवल नाम मात्रै बेग्लिएको देखिन्छ । विक्रमादित्यको पुतली भन्ने चलन त आज पनि प्रसिद्धै छ । विक्रमादित्यको समय ईशा भन्दा धेरै पहिले छ । जैनहरूको तीर्थङ्कर महावीर स्वामी, गौतम बुद्ध, सिकन्दर, सम्राट अशोक र विक्रमादित्य सम्म पनि यस सेनीमाको प्रचलन देखिन्छ । तर यो सुरू भएको वैदिक कालदेखि नै हो ।

# वार्लेस=दूरसञ्चारयन्त्र

प्राचीन कालका हिन्दू वैज्ञानिकहरूले दूरसञ्चारयन्त्र [ वार्लेस ] को आविष्कार पनि गरिसकेका थिए। जसलाई आज वार्लेस भन्छन्। त्यो यन्त्र आकाशवाणीको रूपमा आजभन्दा लाखौं वर्ष पहिले भइसकेका थिए। वैदिक कालमा पनि आकाशवाणी हुन्थ्यो। देवगण र असुरगण दुवैमा यो विज्ञान राम्ररी प्रचलित थियो। पुराणहरूमा त प्रष्ट आकाशवाणीको रेलो छेलो भएको देखिन्छ। तर सूक्ष्म दृष्टिले हेर्ने हो भने वेद, संहिता, ब्राह्मण र आरण्यकहरूबाट ओसारिएको कुरा नै रामायण, महाभारत, र पुराणहरूमा सम्म आएको हो। महाभारतको भीष्म पर्वको अर्थात् गीता पहिलो अध्यायलाई नेली गोडी हेर्ने हो भने, त्यहीं हामी वार्लेसको[1] सुन्दर इतिहास पाउँछौं। नेत्रहीन धृतराष्ट्रले कुरुक्षेत्रको रणभूमिमा भएको यथार्थ समाचार सुन्न चाहन्थ्यो। साथ सञ्जयदेखि बाहेक कोई थिएन। कुरुक्षेत्रको युद्धक्षेत्रमा कौरव र पाण्डव दुवै पक्षको सेना र सेनापतिहरू भेला भए। भीष्म, द्रोण, कर्ण आदि र भीम, अर्जुनादि अथाह रणभूमिको मैदानमा आफ्ना आफ्ना सुर लिएर युद्धको योजना र युद्ध गरेको कुरा वा समाचार छर्लङ्ग पारेर सञ्जयले धृतराष्ट्रको छेउमा बसी बसी सुनाए। अनि धृतराष्ट्रलाई पनि हर्ष शोक दुवै भइरहन्थ्यो। कुरुक्षेत्र कहाँ, हस्तिनापुर कहाँ, तेति टाढ़ाका कुरा सञ्जयले धृतराष्ट्रलाई कसरी सुनाए ? बुद्धिमानले यो इतिहासलाई गोड्नु पर्छ। गफ भनेर टाउको जुजाएर हुँदैन। आफ्नो इतिहासको हत्या गर्नु आत्महत्या गर्नु हो। सम्पूर्ण कुरुक्षेत्रको हाल धृतराष्ट्रले सञ्जयबाट सुन्यो। तर सञ्जयले कसरी सुनाए ? या त सञ्जयले युद्धभूमिमा गए पछि मात्रै त्यो समाचार सुनाउँन सक्नु पर्छ। या त वर्तमान युगमा जस्तै 'आँखों देखा हाल' रेडियोहरूमा टेलीविजन आदिमा देखाइन्छ। त्यस्तै अनेक प्रकारका वार्लेस, टेलीविजन, आदि यन्त्र धृतराष्ट्रको बैठकमा सजाई [ फीटींग ] गरी राखेका थिए। आँखा नभएको हुँनाले सञ्जयलाई राखेर कुरुक्षेत्रको हाल समाचार सुनी सुनी हर्ष शोक प्रकट गरी रहन्थ्यो। हर्ष

---

१. आजको वार्लेस त सन् १९०३ मा मार्कोनीले गरेको हो। यो इटलीको निवासी थियो।

पाण्डवहरूको पक्ष घटदा हुन्थ्यो । शोक दुर्योधनको हार हुँदा हुन्थ्यो । यो समाचार बराबर सञ्जयले टेलीविजन र वार्लेसबाट सुनाई रहन्थ्यो । यस-रूपले गीताको प्रथमाध्याय अर्जुन विषादको अध्यायमा गनाइएको छ । गीता अध्यात्म क्षेत्रको किताब मात्रै हैन । अपितु वार्लेस र सेनीमा जस्तो महत्वपूर्ण विज्ञानको प्राचीन इतिहासको ग्रन्थ पनि हो । धृतराष्ट्र जस्तो राजाको राजमहलमा त्यत्रो ठूलो विज्ञानको युगमा वार्लेस, टेलीविजन हुनु आश्चर्यको कुराहैन । ऋग्वेददेखि महाभारत काल सम्म विचित्र विज्ञानको समावेश थियो । देवकीको जन्तीमा कंसलाई आकाशवाणी भएको कुरा पुराण सुन्नेहरूलाई थाहा नै छ । यता विज्ञानको खोज गर्ने-हरूले गरे । तर कतिले चाहीं गफ भनेर उडाए । अनि आफै उडेर धुलोमा मिल्न पुगे । अझ पनि गफ र कल्पना ठाने रहेको पनि खाइरिएर पुरिने छ । आजको टेलीविजन र वार्लिस आदि विज्ञान प्राच्य विज्ञानको अबोध बचेरा मात्रै हो । हामीले आफ्नो घर भत्काएर अर्काको कटेरामा या खोल्मामा टाउको ओत्याउन जान पर्दैन । बरु आफ्नो भत्केको जीर्ण शीर्ण घरलाई बनाई सिहार संभार पार्ने जोहो गरे उत्तम होला । यहाँ मैले हामी डाँडा उठाउंने पहलमानको छोरा नाति हौं भनेको हैन । अपितु हुँदै हौं । यसमा क्यै सन्देह छैन । तर जुजू बाजे पहलमान भए पनि हामी-ले माखा घपाउँन सकेनौ भने पुर्खाहरूको नाममा धुलो पर्‍यो । यै हालत प्राचीन विज्ञान र आधुनिक विज्ञानमा पनि छ । आधुनिक वैज्ञानिकहरूले प्राचीन विज्ञानको मोहडातिर फर्केर चियाउँन पनि चाहन्नन् । अनि प्राचीन विज्ञान लेखिएको भाषासँग पनि चिनारी छैन । अनि भन्छन् आधुनिक विज्ञानले नै यत्रो उन्नति गर्‍यो । अनि फेरि प्राच्य विज्ञानको घुइरो काडनेहरूले चाहीं, आजको युगमा अलपत्रे पारा लिएर चियाउँछन् मात्रै । हुन त यतैको सर्कासर्की उता भएको हो । तर यताकाले यति पनि भन्न छोड़े कि तो सबै यतैबाट ओसारिएको हो । आत्मविश्वास हराएको हुनाले यसो हुन गएको हो । त्यसो हुँदा यो हिन्दू विज्ञानको मुहानमा भाँगहाल्नेउपाय मात्रै हो । फेरि पनि बिना तार, बिना खाँबा, बिना ओपरेटर, त्यस ढंगको टेलीविजन, र वार्लेसको खोज भएछ भने वेश छ । धृतराष्ट्रले सुनेका वार्लिस र टेलीविजन यन्त्र त्यस्तै अलौकिक आविष्कार थियो । आजको युगमा लुप्त भयो । त्यसो हुँदा आज टेलीविजनको लागि घरको छाना माथि तारहरूको जाली बनाएर मात्र देख्नु सुन्नु पाइन्छ । त्यस्तै वार्लिसको पनि आविर्भाव विचित्रको थियो । तर एउटैमा तेतीखेर

देख्ने र सुन्ने काम हुन्थ्यो । सञ्जयले बेग्लाबेग्लै देखी सुनी धृतराष्ट्रलाई सुनाएको हैन । एउटै मशीन या यन्त्रबाट यी सबै देख्ने सुन्ने आदि काम पुरा हुन्थे । आज त टेलीविजनको काम वार्लिसले गर्दैन । अनि वार्लिसले टेलीविजनको काम गर्दैन । त्यसो हुँदा यो आविष्कार पुरानो साइंसको अधकल्चो नकल मात्रै हो । न हुनु भन्दा क्यै हुनु वेश छ । यति नै सन्तोषको कुरा छ । ऐले सम्म संशोधन पनि भएको छैन । भविष्यमा सञ्जयले सुनेको देखेको वार्लिस र टेलिविजनको आविष्कारको प्रतिक्षा गरिन्छ । समयले वताउँनेछ ।

# समाचार पठाउने साधन

डार्विनको विकासवादले मान्छेलाई एकफेर उकुस मुकुस पारेर छाड़े । त्यस संस्कारले के गरो भने पढेका र नपढ़ेका दुवै थरीका मानिसहरूले नजानि, नबुझिकन डार्विन, न्यूटन, पाइथागोरस्, एक्जिमेनिण्डर आदिको कान पकडेर ल्याउँछन् । त्यो पनि विशेषरूपमा कैले त्यसो गर्छन् भने, जब प्राचीन हिन्दू विज्ञान, भूगोल, खगोल, रासायनिक विज्ञान आदिको चर्चा हुन थाल्यो भने, झट्ट पहिले मान्छेको क्यै अस्तित्व थिए। पछि विस्तारै भएको हुनाले अब विज्ञानको युगमा पुगेको हो भन्छन् । तर यो इतिहास कहाँ छ ? कसले लेखेको भन्दा अकमकिन्छन् । कतिले चाहीं दाराकीट्न थाल्छन् । तर मेरो भनाई यो छ कि हाम्रो हिन्दूविज्ञानको इतिहासमा यस्ता कुनै विकास अर्थात् अमीवाबाट वाँदर आदिको विकास लेखिएको छैन । हाम्रो इतिहास धेरै पुरानो हुनाले, त्यसमा धेरै पुरानो कालदेखिनै विज्ञानको परंपरा चली आएको प्रष्ट बुझिन्छ। आज शुक्राचार्यको स्थितिकालको हिसाब गर्ने मान्छे धेरै कम होला। स्वयं देवगुरु बृहस्पतिको प्रतिद्वंद्वी असुरहरूका गुरू थिए । यिनले कैयौं विज्ञान सम्बन्धी ग्रन्थ लेखेका थिए। तर पुराना भन्दा पनि पुराना युग भएको हुनाले कैयौं छिन्न भिन्न भए। एउटा शुक्रनीति मात्रै अवशेष छ। यो ग्रन्थ पनि हाम्रो प्राचीन हिन्दू विज्ञानको इतिहास बताउनमा धेरै उपयोगी छ । यद्यपि यस ग्रन्थकोमुख्य विषय राजनीति हो। तै पनि प्रसङ्गवस वर्णन गरिएको प्रकरणहरूमा विज्ञानको मर्म स्पर्श भएको छ। तर आजको मान्छेको दुर्भाग्यले गर्दा या उतिखेरको भाषा नै संस्कृत भएको हुनाले संस्कृतमा नै लेखिएको ग्रन्थ छ। त्यसो हुँदा संस्कृत नपढेका संग त के साधारण संस्कृत जान्ने संग पनि साइनो लगाउन यी ग्रन्थहरूले चाहेको देखिदैन । यस्ता अनेकौं ग्रन्थ वैदिक साहित्यमा छन् । जो संस्कृत नपढ़ी-कन आफ्नो सकली स्वरूपलाई जान्ने मुष्कील छ । अनि भन्छन् कि पहिले

जमानामा कतै कतै परेवा पालेर सिखाएर समाचार पठाउने गर्थे। तर परेवा मात्रै हैन, अपितु वैज्ञानिक टेलीफोन[१], तार[२], रेड़ियो आदि जस्तै प्राचीन कालमा पनि समाचार पठाउने अत्यन्त सुदृढ़ वैज्ञानिक साधन थिए। परेवा पालेर सिखाएर उडाउन त एक प्रकारको शोख मात्रै हो। आज पनि दिल्ली, कलकत्ता, बम्बई, मद्रास आदि शहरमा परेवा पालेर उडाएको सिखाएको प्रत्यक्ष देखिदै छ। अखबारहरूमा पनि निल्की राखेका हुन्छन् कि, आज फलाना परेवाले चूचोमा एउटा कागज पक्रेर फलाना ठाउको मान्छेको हातमा पुऱ्याई दिए। साँचै पुऱ्याई पनि दिए। त्यसो हुँदा के यो ? १९ शताब्दीमा पनि विज्ञान छैन ? समाचार पठाउने साधन परेवा मात्रै हो ? यत्रो विज्ञानलाई देखि देखि कसैले यो कुरालाई पत्यार गर्दैन। ठीक यसै प्रकारले प्राचीन कालमा अनेक वैज्ञानिक साधनहरू भै कन पनि परेवाको सोखीयाहरूले परेवा पालेर सिखाई कतै कतै समाचार पनि पठाउँथे। कतै नगरा, कतै ढोल, कतै घण्टा पनि समाचार दिनलाई बजाउँथे। तर यो मुख्य समाचारको साधन हैन। नभए कुरुक्षेत्रको समाचार परेवा, घण्टा, नगरा, आदिबाट पुऱ्याउन असम्भव हुन्छ। यो भन्दा पनि विचित्र ऋग्वेदमा वर्णित दास राज्ञ युद्ध अरू विचित्र छ। अनि तैतरीय संहिता आदिमा वर्णित त्रिपुर युद्धमा पनि त्यत्रो वैज्ञानिक समाचारको आवश्यकता पऱ्यो होला। अनि त्रिपुर जस्ता भयङ्कर वैज्ञानिक नगर बनाएर जहाज, विमान आदि उडाएर फेरि परेवाले समाचार पठाउँथे भन्नु त उपहास मात्रै हो। अनि टेलीफोन, तार आदिको वैज्ञानिक साधन थिएन भने बीस-हजार मील टाढ़ाका समाचार एक दिनमा कसरी जान्दथिए ? यो प्रश्न-लाई शुक्रनीतिले यसरी समाधान गरेको छ।

'अयुतं क्रोशजां वार्तां हरेदेकदिनेनवै' [शु० नी० अ० १।३६७] राजाले दिनको दशहजार कोशको समाचारलाई जान्नु पर्छ, अर्थात् वीस हजार मीलको समाचार आदिबाट प्राचीन शासकहरू तथा राजा महाराजाहरू

---

१. सन् १८४४ मा 'मोस' नामक व्यक्तिले टेलीफोनको आविष्कार गरेको हो। यो मान्छे अमेरिका निवासी थियो।

२. सन् १८३६ मा तारको आविष्कार भएको हो। वैज्ञानिकको नाम 'सर फेसिस-रोनालड, थियो। यो मान्छे वेलायत निवासी हो। यसको तार सफल भएन र फेरि सन् १८३८ मा लन्दन शहर निवासी 'कुक्ट लदस्न, नामक दुइटा व्यक्तिहरूको परिश्रमबाट सफल भयो।

परिचित रहन्थे भन्ने कुरा प्रष्ट छ। अनि यति टाढ़ाका समाचार परेवा, नगरा, आदिबाट हुने कुरै के आयो ? यस युगमा मुख्य मुख्य देशहरूको समाचार ल्याउने मशीन बनाएका छन्। तर हिन्दू विज्ञानको पृष्ठ चतुर्दश लोकको समाचार मर्त्यलोकमा बसी बसी जान्दथिए। त्यो कुन यन्त्र थियो ? त्यसो हुँदा प्राचीन आर्यहरूले समाचार लिने र दिने दुवै प्रकारको साधन-लाई राम्ररी व्यवहार गर्न जान्द थिए भन्ने इतिहास प्रष्टसँग बुझिन्छ। यो आध्यात्मिक हैन, अपितु भौतिक विज्ञान हो। यस प्रकारका वैज्ञानिक-हरूले उन्नति गर्दा गर्दै चरम सीमामा पुगेर, फेरि तल खसे। वस्तुतः जति माथि अग्लिएर गएको हुन्छ त्यो तेतिनै न्यूरिन्छ पनि। जो माथि अग्ला भन्दा अग्ला टाकूरामा पुग्छ त्यो त्यतिनै तल खस्छ। भरिसक चकनाचूर पनि हुन्छ। अण्डमानको आदिवासी यसको उदाहरण छ। धन्न हिन्दू विज्ञानको त पृष्ठ मात्रै च्यातिएको छ। ठाँउ ठाँउमा पोतिएको पनि छ। तर अक्षर पनि प्रष्ट देखिदै छ। त्यसै भएको हुनाले यहाँ सम्मको इति-हास प्राप्त छ। करोडौं देखि लाखौं वर्ष पुरानो इतिहासमा यतिपनि पाउनु ती हिन्दू पुर्खाहरूको परिश्रम र आशीर्वादको फल हो। त्यसो हुँदा प्राचीन हिन्दूहरूको समाचार साधन अत्यन्त वैज्ञानिक थियो। पण्डित रघुनन्दन शर्मा साहित्य भूषण रिसर्चस्कालरले 'अमृतबाजार' पत्रिकाको उल्लेख आफ्नो 'वैदिक सम्पत्ति' भन्ने ग्रन्थमा गर्नु भएको छ। दक्षिण हैदराबाद राज्यमा पथरीघारी नामको गाँव छ। त्यस गाँवमा डाक्टर सैयद महम्मद कासिम नामी एक विद्वान् रहन्थ्यो। उसका पुर्खा विजापुर राज्यको राज पुरोहित थियो अरे। तर यिनी एक मुसलमान् भए पनि प्राचीन संस्कृतमा लेखिएका हस्तलिखित ग्रन्थहरूलाई संग्रह गरेर राख्थे। अनि बेला बखत पढ़ी रहन्थे। अनि पुस्तकहरूको संग्रहपनि भने जस्तै सारै राम्रो पाराले गरेका थिए। त्यस पुस्तकालयमा एउटा संस्कृतमा लेखिएका यस्तो पुस्तक पनि फेला परे कि, जस्मा अनेक विज्ञानहरूको उल्लेखको साथ साथै टाढ़ा टाढ़ा समाचार पठाउने यन्त्रहरूको पनि उल्लेख छ। त्यस ग्रन्थमा नै यो पनि लेखेको छ अरे, कि दुइटा ढुङ्गालाई जोडेर जति टाढ़ा भने पनि कुरा गर्न सकिने यन्त्रको उल्लेख भएको छ अरे। त्यसै पुस्तकमा यस्तो मसलाको उल्लेख पनि गरिएको छ कि मरेको मान्छेको शरीरमा लेप पछि हजारौं वर्ष सम्म त्यो मृत शरीर जस्ताको तस्तै अविकृत अवस्थामा रहनु सक्छ अरे। दुर्भाग्यले गर्दा त्यो पुस्तकको ग्रन्थको नाम र लेखकको नाम च्यातिएर गएको छ अरे। ग्रन्थ संस्कृतमा

नै लेखिएको छ भन्छन् । यसका उल्लेख अरूले पनि गरेका छन् । तर हिन्दू समाज मुर्दा भइसकेको हुनाले यस्ता ग्रन्थहरू माथि ध्यान दिनै चाँहदैनन् । निश्चितै यस ग्रन्थमा पनि अलौकिक विज्ञान साधन वर्णन हुँनु पर्छ र कुनै प्राचीन ऋषि-मुनिहरूबाटै लेखिएको हुनु पर्छ । नमासिए बिस्तारै भविष्यले पूर्णरूपले पत्ता लगाउला । यस्ता वैज्ञानिक ग्रन्थहरूको उपयोग भएर फेरि आर्य विज्ञान आफ्नो टुङ्गोमा पुग्ने छ ।

# युद्धमा प्रयोग गरिने हत्यार

कैले काहीं वैज्ञानिक युगको मान्छेहरूको कुरा सुन्दा भित्रबाट किलारी छुटेर आउँछ। आजको वैज्ञानिक युगको मान्छेहरूको बुद्धि हैन। अपितु आजको युगमा तो कलीला मुनाकाहरूको मस्तिष्कमा त्यस्तै पढ़ाई गरिदिएको हुनाले युनिभर्सिटीबाट फस्ट पास गरे पनि त्यसै संस्कारले भन्ने भए। प्राचीनकालमा मान्छेले कसरी लड़ाई गर्थे भन्दा, गुलेलीं र मटयांग्राले हाना हान गर्थे। त्यसले न लागे, छेउ छेउमै परीहाले भने बराङ्ग बुरुङ्गै लापा पनि खेली हाल्थे। अलिक सिपालुले धनुष वाणले लड़ाई गर्थे। यस प्रकारले प्राचीनकालमा युद्ध गर्थे भन्छन्। कठै, ती विचरा बचेराहरूमाथि यो अपराध कसले गर्न लगायो निश्चयनै १६ शताब्दीदेखि यताको गुलामी शिक्षाको परिणाम हो। यो हाम्रो इतिहासमा त पूर्ण आजको वैज्ञानिक हत्यारहरू भन्दा पनि भयंकर हत्यारहरूको प्रयोग हुन्थ्यो। त्यो आफ्नो इतिहासलाई ओझेल पारी अर्काको इतिहास पढ़ाएको हुनाले यो पारा हुन गएको हो। अब प्राचीन युद्ध सम्बन्धी हत्यारको वारेमा पनि क्यै दृष्टिपात गर्नु होस्। पछि वर्णन गरिएको 'विचित्र वाण' भन्ने शीर्षकमा जुन विचित्र वाणहरूको वर्णन गरियो। त्योदेखि बाहेक पनि यस्ता अनेकौं प्रकारका वैज्ञानिक अस्त्रहरूका आविष्कार प्राचीन हिन्दू वैज्ञानिकहरूले गरीसकेका थिए। युद्धमा चलाइने यन्त्र र अस्त्रहरूका नाम यी हुन्। सर्वतोभद्र, जामदग्न्य, बहुमुख, विश्वसंघाति, संघाटक, यानक, पर्जन्यक इत्यादि यन्त्र ठूला भारी स्थिर बनाएर शत्रुवर्गहरूलाई पता नपार्ने गरेर राख्थे। तीदेखि बाहेक पाञ्चलिक, देवदण्ड, सूकरिका, स्फोटिक, कोद्धाटिक, उत्पाटिक, शतघ्नी, त्रिशूल, चक्र, आग्नेयास्त्र, पर्जन्य, वायव्य, पन्नग, गारुड, ब्रह्मास्त्र, पशुपतास्त्र, वैष्णवनारायणास्त्र, शक्ति, तोमर, पाश, ऋष्टि, गदा, मुद्गर, वज्र, शूल, असि, खड्ग, चन्द्रहास, परशु, मुसल, परिघ, भिन्दिपाल, नाराच, कुण्टा, शङ्कु, पट्टिश इत्यादि अस्त्रहरूका आज भन्दा पनि खुला गरेर प्रयोग गरिन्थे। यी अस्त्रहरू मध्ये ब्रह्मास्त्र पाशुपत, नारायण आदि अत्यन्त विध्वंसक थिए। आज परमाणु बम, एटम बम, नाभकीय आदि अस्त्र भन्दापनि बड़ता विध्वंसक थिए। यसै विध्वंसक अस्त्रहरूको प्रयोग गरेको हुनाले त हाम्रा प्राचीन वैज्ञानिक

अत्यन्त उन्नतिको शिखरमा पुगी एकदम तल खसे। आजको विज्ञानको पनि यै परिणाम हुने छ। प्राचीन हिन्दूविज्ञानले त फेरि पनि लाखौं वर्षको आयु पायो। विश्वलाई सिखायो। तर आधुनिक विज्ञानको आयु त हजारौं वर्ष पनि चल्ने खाले देखिदैन। प्रसङ्गमा आउनुहोस्। यो माथि उल्लेख गरिएका अस्त्रहरू बराबर परमाणु, बिजुली र बारुदहरूबाट सञ्चालित गरिन्थे। शतघ्नी भनेको तोपलाई भनिन्छ। सौ भन्दा माथिनै मान्छे मार्थे। त्यो पनि एक फेरमा। यो अस्त्र बराबर बारुदले चल्थ्यो। महाराजा दशरथको किला आदि सैकड़ौं तोपले घेरिएको थियो। 'शतघ्नी शत संकुला' भनेर हरिवंश आदि पुराणहरूमा पनि वर्णन गरिएको छ।

यस प्रकारले प्राचीन भन्दा प्राचीन वैज्ञानिक ग्रन्थहरूमा तोप, बन्दूक, पेश्तोल आदि अस्त्रहरूमा बारुद भरेर चलाउने तथा बनाउने उल्लेख प्रचुर मात्रामा पाइन्छ। हेर्नु होस्। शुक्रनीतिको चौथो अध्यायमा—

नालीक द्विविधं ज्ञेयं बृहत् क्षुद्रविभेदतः।
तिर्यगूर्ध्वयुतं छिद्रं नालं पञ्च वितस्तिकम्॥
मूलाग्रयोर्लक्ष्यभेदि तिलविन्दुयत तदा।
यन्त्रघाताग्निकृद् ग्राव चूर्णधृक् कर्गमूलकम्॥
सुकाष्ठोपाङ्कबुघ्नञ्च मध्याङ्गुलिविलान्तरम्।
स्वान्तोऽग्नि चूर्णसंधातृ सलाकासंयुतं दृढ़म्॥
लघुनालिकमध्येतत् प्रधार्यं पत्तिसादिभिः।
यथा यथातु त्वक्सारं यथास्थूल विलान्तरम्॥
यथा दीर्घवृहद्गोलं दूरभेदि तथा तथा।
मूलकीलतमालक्ष्य समसन्धानभाजि पत्॥
बृहन्नालीक सञ्ज्ञानात्काष्ठबुघ्न विवर्जितम्।
प्रबाह्यं शकटाद्यैस्तु सुयुतं विजय प्रदम्॥ [ शु० नी० ४ ]

यो इतिहासले यो कुरालाई झूठ्याइदिन्छ कि प्राचीन कालमा बारुद बनाउन जान्दैन थिए। नजाने त्यसको वर्णन यी ग्रन्थहरूमा कसरी आए? ये हिटलर, कार्ल, लैनीन, माओ न भईकनै त्यसै उनीहरूको इतिहास लेखिएको होला तं? के यी नेताहरू कल्पनाका पोका मात्रै थिए कि संसारमा आएका पनि थिए? यिनो संसारमा जन्मेका थिएनन् भन्ने सामर्थ्य कसैको छैन। यिनीले दुनियाँमा आएर एक फेर तहल्का मचाइ-दिए। अनि त यिनीका नाम र काम इतिहासको पानामा कोरिए। आज

त्यसलाई सुनको अक्षर भनु, या रगतको अक्षर भनु, त्यसमा क्यै फरक पर्ने छैन। तर संसारमा उत्रेर क्यै तहल्का नमचाए सम्म इतिहासको पाना कोरिनु सारै गारो हुन्छ। त्यसो हुँदा यो माथि लेखिएका प्राचीन हिन्दू विज्ञानको इतिहास कल्पनाको पोको हो भन्नेहरूले त्यसको उत्तर खोजेर मात्रै त्यो शब्दको प्रयोग गर्नु पर्छ। कुनै विक्षिप्त छ भने त्यसको कुरा बेग्लै हो। यस प्रकारले प्राचीन आर्यहरूले अस्त्र विज्ञानमा पनि अलौकिक उन्नति र आविष्कार गरेका थिए। कैयौं अस्त्र त आज पनि बनाउन सकेका छैनन्। हाँ अवश्य यो छ कि प्राचीन हत्यारको नाम र आजको हत्यारको नाम युगानुसार बेग्लिएको छ। तर आजको एक नाभकीय अस्त्रलाई छोड़दा ७० करोड़ मान्छे मर्छन् भन्छन्। माथि लेखिएका पाशुपत, नारायणादि अस्त्र छोडदा विश्व संहार हुन्थ्यो। त्यत्रा शक्तिशाली वैज्ञानिक अस्त्र थिए। यस्ता अस्त्रका आविष्कार भएको छैन। यस्तो विश्व संहारक अस्त्रहरूको रोक थाम गर्ने अरु अस्त्र बनाएका थिए। एक पक्षकाले संहारकारी अस्त्रलाई क्यै बिग्रन नदीकन जस्ताको तस्तै सच्याई हाल्थे। तर आजको अस्त्र छोड़े पछि नाश नपारी छोड्दैन। त्यसको रोकथामको लागि आजका वैज्ञानिकहरूले कुनै त्यस्ता अस्त्र बनाउन सकेका छैनन्। त्यसो हुँदा आजको अस्त्र विज्ञान पनि प्राचीन हिन्दू वैज्ञानिकहरूको अधकल्चो नक्कल्चे मान्नु पर्छ। अब त स्वयं आधुनिक वैज्ञानिकहरूले पनि यो कुरालाई मान्न थाले कि आधुनिक विज्ञान मानवको लागी अभिशाप नै सिद्ध भएको छ। जबकि आर्य विज्ञान मानव रक्षा र मानव उन्नतिको लागी आविष्कार गरिएको थियो। फेरि पनि प्राचीन विज्ञानको तहमा आएमात्रै विश्वले सास फेर्न पाउने छ। नत्र भरपूरमात्रामा विनाशको हत्यार बनी सक्यो। रक्षाको क्यै उपाय देखिन्न। त्यस्तो आविष्कारले मानव विनाश मात्र हुने छ।

## लाखौं वर्ष पहिले सूर्यग्रहणलाई जान्द थिए !

भनौं भने के भनौ। विचित्र मात्र हैन। आश्चर्यजनक इतिहास पुरानोबाट नयाँ हुँदै गएको देखिन्छ। मद्रास घुमेको दिन सूर्यग्रहण परेको थियो। एक भयङ्कर विद्वान तार्किक वकीलसँग कुरा पऱ्यो। आजकल यस्तै डाक्टर, वकील, कालेज र यूनिभरसिटी आदिको जन-समुदायमा यस्ता कुराहरूका चस्का लिएर अगाडि सार्छन्। जान्ने कुरा अर्कै हो। तर न जाने पनि क्यै अवश्य नै बोल्ने मेसो गरेका हुन्छन्। बोलने अधिकार पनि सबैलाई छँदैछ। त्यो सज्जनसँग चारघण्टा पुरा कुराको हान थाप हुँदै रह्यो। पछि उसैको गिदी खलबलियो र उठेर आफ्नो कोठामा पसी आराम गऱ्यो। यहाँ त यति नै भन्नु छ कि ऋग्वेदका हिन्दूहरूले ग्रहण, तारा, नक्षत्र विज्ञानलाई जानेका थिए। त्यो मन्त्र यो छ—

'गूढं सूर्यं तमसापव्रतेन तुरीयेण ब्रह्मणाविन्ददत्रिः' [ ऋ० ५।४०।५-६ ] रेखागणित नजान्नेहरूले अथवा गणितको भेउ नपाउनेहरूले चन्द्र-सूर्यको चालै जान्न सक्दैनन्। अनि अक्षांशको ज्ञान पनि आवश्यक छ। माथिको मन्त्रले त प्रष्ट गरेर बताएको छ कि 'गूढं सूर्यं तमसाच्छन्नम्' अर्थात् सूर्य अन्धकारले ढाकिए। फेरि 'अपव्रतेन तुरीयेण' शब्दले यो बुझाउछ कि ग्रहणले ढाकिएको सूर्यलाई हेर्ने सूक्ष्म यन्त्र पनि बनेको थियो। ऋग्वेदको यो घटना समस्त प्राचीन ग्रन्थहरूमा प्रायः आएको देखिन्छ। 'स्वर्भानुर्ह वाऽसुरः सूर्यं तमसा विव्याध' [ श० ब्रा० ५।३।२।२ ] 'स्वर्भानुर्वा आसुरः आदित्यं तमसाऽविध्यत्' [ ता० ब्रा० ४।५।२ ] 'स्वर्भा नुर्वा आसुरः सूर्यं तमसा विध्यत्' [ गो० ब्रा० ३।१९ ] स्वयं ऋग्वेदमा पनि 'यत्त्वा सूर्य स्वर्भानुस्तमसाविध्वदसुरः' [ ऋ० ५।४०।५ ] यस्को अरु प्रष्ट उदाहरण सहित वाल्मीकिले रामायणमा प्रस्तुत गरे। 'अभ्यधावत काकुत्स्थं स्वर्भानुरिव भास्करम्' [ वा० रा० यु० स० १०२।३ ] कोष आदिको प्रमाणले 'स्वर्भानु' शब्द चन्द्रमाको वाचक छ। चन्द्रको छाया सूर्यमा र पृथिवीको छाया चन्द्रमामा पर्दा चन्द्रग्रहण र सूर्यग्रहण हुने प्रमाण आधुनिक विज्ञानहरूका हैनन्। यो श्रेय त प्राचीन हिन्दू वैज्ञानिक-हरूमाथि आउँछ। त्यसो हुँदा ग्रहण सम्बन्धी ज्ञान ऋग्वेद कालदेखिनै थियो। यसको व्यापक शोध खोज र अध्ययन ज्योतिर्विज्ञानमा भएका छ। त्यसो हुँदा पसारो गर्ने आवश्यकता बुझिएन।

# तुरीय यन्त्र [दूर्वीन]

अब यहाँ यो विचार गर्नु आवश्यक छ कि यत्रो चन्द्र, सूर्य, तारा, ग्रह, नक्षत्र, आदि सूक्ष्म भन्दा पनि सूक्ष्म पदार्थलाई हेर्ने साधन के थियो ? आँखाले त दुई, तीन मील भन्दा टाढ़ा देखिदैन। पाहाडमा हो भने पनि अलि नजीकको वल्लोदेखि पल्लो डाँडासम्म मात्रै मान्छे या अरू क्यै पदार्थ रूख बुटा आदिलाई देखिन्छ। ठूला ठूला पर्वत हो भने, साठी, सत्तरी, सौ मीलसम्म पनि देखिन्छ। तर माथि जे भए पनि साना, साना देखिन्छ। उदाहरणको लागि सगरमाथा, धौलागिरि, माछा-पुछ्रे, अन्नपूर्ण, आदि पर्वतहरूको टाकुरामा कति हो, कति के के छन्। तर दूरत्वले गर्दा देखिदैन। अर्को मानवको आँखाको पुग त्यहाँ सम्म न-पुग्ने भएको हुनाले देख्नु सक्दैन। त्यसो हुँदा ऋग्वेदमा वर्णित साना भन्दा साना नक्षत्रगणको पता कसरी लाग्यो होला ? त्यो पनि आकाश-मण्डलमा अरबौंको संख्यामा हुने नक्षत्रगण, त्यसमा पनि कैयौं नक्षत्र-हरूको किरण ऐलेसम्म पनि पृथिवीमा पुगेकै छैन। त्यस्ता ग्रह, नक्षत्र-हरूको साक्षात्कार गर्ने साधन अवश्यनै हुनु पर्छ। तर कुराले मात्रै भएर, भएन। यसको काहीं क्यै उल्लेख अथवा सूत्र हुनु आवश्यक छ। तर राम्ररी विचार गरेर हेर्दा प्राचीन वैज्ञानिकहरूले 'दूर्वीन'को आविष्कार पनि गरीसकेका रहेछन्। त्यो प्रमाण यी पङ्क्तिहरूबाट बुझिन्छ स्वयं ऋग्वेदको मन्त्रमा पनि 'तुरीय यन्त्र' को उल्लेख भएको देखिन्छ। यो 'तुरीयेण' शब्दको अर्थ अन्तिम सबै भन्दा सूक्ष्म 'दूर्वीन' यन्त्रकै नाम हो। यो तात्पर्य यिनै मन्त्रहरूबाट बुझिन्छ कि प्राचीन हिन्दूहरूले ग्रह, नक्षत्र, आदि सूक्ष्म वस्तु हेर्नका लागि दूर्वीनको आविष्कार पनि गरिसकेका रहेछन्। त्यसै भएको हुनाले त प्राचीन वाङ्मयहरूमा 'दूर्वीन' बनाउने विधान पनि लेखेको देखिन्छ। तलको पङ्क्तिहरूमा ध्यान दिनु होस्—

मनोर्वाक्यं समाधाय तेन शिल्पीन्दुः शाश्वतः।
यन्त्रं चकार सहसा दृष्ट्यर्थे दूरदर्शनम्॥
पलालाग्नौ दग्धमृदा कृत्वा काचमनश्वरम्।
शोधयित्वा तु शिल्पीन्द्रो नैर्मल्यं क्रियते च वै॥
चकार बलवत्स्वच्छं पातनं सूर्यविष्कृतम्।

वंशपर्वसमाकारं धातुदण्डप्रकल्पितम् ॥
तत्पश्चादग्रमध्येषु मुकुरञ्च विवेक सः ।

यो 'दूर्वीन' बनाउने विधान प्राचीन ग्रन्थ शिल्पसंहितामा लेखिएको छ । यसलाई 'वैदिक सम्पत्ति' भन्ने ग्रन्थमा पनि उद्धृत पृष्ठ २९२ मा गरिएको छ । यस ग्रन्थको काल कति भयो ? यो ऐले सम्म दोधारोमा नै छ । तर हाम्रो सिद्धान्तमा अति पुरानो ग्रन्थ हो । यो शिल्पसंहिता भन्दा धेरैपछिको ग्रन्थ भास्कराचार्यको 'सिद्धान्त शिरोमणि' हो । यस प्रकारले प्राचीन वैज्ञानिकहरूले 'वेधशाला' तुरीय यन्त्र अर्थात् दूर्वीन आदि यन्त्रहरूको आविष्कार गरीसकेका थिए, भन्ने इतिहास प्रष्ट भएको छ । भास्कराचार्यले पनि 'सिद्धान्त शिरोमणि' नामक ग्रन्थमा दूर्वीनको उल्लेख गरेको छ ।

दृगुच्चमूलं नलकं निवेश्य वंशद्वयाधारमथास्य रन्ध्रे ।
विलोकयत्खेचरं किलैवं जले विलोमं तदपि प्रवक्ष्ये ॥

यहाँ 'खेचर' आकाशको नक्षत्र गण हेर्ने 'तुरीययन्त्र' को प्रष्ट उल्लेख गरेको छ । तर शिल्पसंहितामा भन्दा पनि धेरै खुला गरेर 'खेचर विज्ञान' गाधी संहिता आदिमा दूर्वीनको वर्णन छ । त्यसो हुँदा दुर्वीनको आविष्कार पनि ईसा भन्दा यताको हैन । अपितु कताहो कता प्राचीनकालमा नै आविष्कार भइसकेको बुझिन्छ । त्यसो हुँदा खेचर, ग्रहण, नक्षत्र विज्ञानमा पनि हिन्दू पूर्ण थिए ।

# ताप मापक यन्त्र [थर्मामीटर]

जहाँ प्राचीन आर्यहरूका आविष्कार वेधचक्र र तुरीय यन्त्र [दूर्वीन] आदि यन्त्र सफलतापूर्वक काम गर्थे। वहीं उनीहरूले 'थर्मामीटर' आदि जस्ता ताप मापक जस्ता यन्त्रहरू पनि आविष्कार गरेर उपयोगमा ल्याएका थिए। ऐले भर्खरै माथि चर्चामा आएको 'शिल्प संहिता' ग्रन्थ यद्यपि हस्त लिखितरूपमा गुजरात प्रान्त अणहिलपुरको जैन पुस्तकालयमा एक प्रति छ भनेर पण्डित रघुनन्दन शर्माले वैदिक सम्पत्तिको पृष्ठ ३०० मा उल्लेख गर्नु भएको छ। तर यस पुस्तकको प्रशंसा चर्चा अन्यत्र पनि धेरै भएको छ। प्रकृतमा भन्नु यो छ कि ध्रुवमत्स्य आदि सूक्ष्मयन्त्रको वर्णनदेखि बाहेक शिल्पसंहिताको भित्र थर्मामीटर बैरोमोटर बनाउने विधान पनि उत्तम रीतिले बताएको छ। उसंको यो प्रमाण हो। 'पारदाम्बुजसूत्राणि शुल्क तैलजलानि च। बीजानि पांसवस्तेषु ..' यसको अभिप्राय यो छ कि पारा, सूत, तेल र जलको संयोगले यो यन्त्र बन्दछ। त्यसै शिल्पसंहितामा यो पनि भनिएको छ कि यी यन्त्रहरूले ग्रीष्म, शिशिर, आदि ऋतुमा हुने गरम र शीतआदिको पता लगाइन्छ। ती यन्त्रहरूबाट यो ज्ञान हुन्छ कि, कति गरम छ, कति चोसो छ। यो बिरामीलाई कति आवश्यकता छ, आदि तापमानको कल विकल वर्णन पनि गरेको छ। यस प्रकारले आधुनिक युगले नै हामीलाई ज्वर नापनु सिखायो भनेर फुरिने कुरा छैन। वरू यी ग्रन्थहरूको शोध खोज गरेर प्राचीन विधिले वर्णन गरेको विज्ञानलाई क्रियाकलापमा उतार्नु राम्रो हुने छ। यस प्रकारका यन्त्र बनाउने कला त सिद्धान्तशिरोमणि नामी ग्रन्थमा भास्कराचार्यले पनि उल्लेख गरेको छ। यस प्रकार ज्योतिष ग्रन्थहरू पनि पुराका पुरै विज्ञानले भरिएका छन्। हेर्नु होस्—

तोययन्त्रकपालाद्यैर्मयूरनरवानरैः।
ससूत्ररेणुगर्भैश्च सम्यक्कालं प्रसाधयेत् ॥

यी ग्रन्थहरूमा लेखिएका जलयन्त्र, मयूराकार, नराकार वानराकार, रेणु, सूत्र, आदिको पारिभाषिक शब्द बुझेर वैदिक वैज्ञानिकहरूले यन्त्र बनाइकन उपयोगमा ल्याउँथे। यस प्रकारले घडी, थर्मामीटर, वेधचक्र, तुरीययन्त्र, आदि अनेकौं प्रकारका वैज्ञानिक यन्त्रहरू उपयोगमा आज

भन्दा लाखौं वर्षं पहिले देखिनै उपयोगमा ल्याई राखेका थिए। यदि प्राचीन हिन्दू वैज्ञानिकहरूले यी यन्त्रहरूका आविष्कार गरेका थिएनन् भने यत्रो इतिहासहरूमा किन लेखिए? आर्य विज्ञानको यो विशेष योगदानतै आज विश्वको कुनाकुनामा पुगेर क्यै अंशमा चमकिएको देखिन्छ।

# स्वयंवह यन्त्र [ ओटोमेटिक ]

हरियाणाको भाग्य प्रतापसिंहको पछि खुल्यो। अनि करनालमा विशेषरूपले पशुपालनको डेरी फारम खुल्यो। त्यहाँ अनेक देश, देशान्तर-को गाई, भैंसी, बाख्रा, भेला गरेर पालेका छन्। त्यो फारम सरकारी हो। त्यहाँ ४० कीलो सम्म दूध दिने अमेरिकन गाई देखियो। तर हातले दुहुन नसकिने थुन सारै सानो। पक्रनमा नआउने। मशीन लगाएर तीन फेर विहान, दिउसो र बेलुका दुहदा जम्मा ४० किलो दूध हुँदो रहेछ। त्यसै फारममा एउटा यस्तो मशीन पनि अमेरिकाबाट ल्याएर राखेको रहेछ। म त्यति खेर प्रवचन गर्न गएको थिएँ। त्यहाँको डाइरेक्टरले सबै घुमाएर देखाउँदा एउटा 'ओटोमेटिक' अर्थात् आफै चल्ने यन्त्रपनि देखाए। तर एक फेर काहीं न काहींबाट बटन त दवाइदिनै पर्थ्यो। अनि आफै चली रहन्थ्यो। यस्ता यन्त्रहरू भारत आदि अनेकौं देशमा चलाइराखिएको छ। तर 'स्वयंवह' भन्ने यन्त्र त 'ओटोमेटिक' भन्दापनि उच्च विलक्षण थियो। यसलाई बनाएर राखे पछि बटन दवाउने अथवा कल, कांटा, मशीन, पुर्जा आदि चलाउने आवश्यकता थिएन। आफै चली रहन्थ्यो। 'स्वयंवह' यन्त्रको बारेमा सिद्धान्त शिरोमणि ग्रन्थमा यस्तो संकेत दिएको छ। हेर्नुहोस्—

तुंगवीज समायुक्तं गोलयन्त्रं प्रसाधयेत्।
गोप्यमेतत् प्रकाशोक्तं सर्वगम्यं भवेदिह ॥

यो यन्त्र आकार प्रकारमा 'गोल' अथवा गोलाकार हुनु पर्छ। किन-भने मूलमा 'गोलयन्त्रं' भनेर लेखिएको छ। यस यन्त्रलाई बनाउँदा 'पारा' पनि उपयोगमा ल्याइन्थ्यो होला। यो स्वयंवह यन्त्र यस्तो रूपमा बनेको थियो कि अलीकति प्राकृतिक हावा आदिको स्पर्शले मात्रै चली रहन्थ्यो। कैले बन्द हुने कुरा थिएन। बिग्रेर गए अर्कै कुरा हो। त्यस यन्त्रबाट हावा, झंझावात, आँधी, असीना, मानसून आदि हेर्नु, जान्नु, जान्नुको लागि बनाइएको थियो। विशेष भूकम्प = भूइचालो र सुखापर्ने सम्बन्धमा जानकारी सारै राम्रो दिन्थ्यो। त्यसो हुँदा त आजको युगमा कहाँ कैले भुइचालो आउने हो र कति नोक्सान हुने हो आजको वैज्ञानिक-हरूलाई थाहानै हुँदैन। अनि यस्तो यन्त्र आजको युगमा बनेकै छैन।

तर यो 'स्वयंवह' यति दिनभित्रैमा भुइचालो आउँ छ । यति यति नोक्सान हुने सम्भावना छ भनी संकेत दिन्थ्यो । त्यसो हुँदा दुई चार दिन पहिले नै सुरक्षाको उपाय प्राचीन हिन्दू वैज्ञानिकहरूले गराउँथे । आजको अटोमेटिक यन्त्रमा त्यो क्षमता आउनुको लागि हजारौं वर्षको अवधि दिइन्छ । तै पनि त्यो क्षमता पुग्ने हो कि हैन । यस स्वयंवह यन्त्रले अर्को पनि महत्वपूर्ण काम गर्थ्यो त्यो हो सुखा पर्नु । मानसूनको ज्ञान नभई यो यन्त्र बन्नै सक्दैन थियो । यस यन्त्रमा त्यो क्षमता थियो कि मानसून भाप आदिको सही सूचना दिन्थ्यो । यति वर्ष या महिना सम्ममा यस प्रदेशमा सुखापर्ने छ । अनिकाल लाग्ने छ । भनी संकेत गर्थ्यो । अनि आर्यहरूले त्यो संकेतलाई बुझेर पहिले नै त्यस संकटबाट बच्ने भरपूर उपाय गर्थे । त्यो घटना भएपनि नोक्सान हुन दिदैनथे । तर आज त लाखौं, करोड़ौंको नोक्सान भएकोमा हेरी रहन्छन् । यद्यपि पता लगाउनको लागि क्यै न क्यै उपाय आजको वैज्ञानिकहरूले पनि गरेको देखिन्छ । तर 'स्वयंवह' यन्त्रको मुकाबलामा अविष्कार भएपछि सन्तोष हुने छ । राष्ट्रको नक्सान हुने छैन । जनजीवन सुखी रहने छ । स्वयंवह यन्त्रको उपयोग यति मात्रै हैन । अपितु यज्ञविज्ञान र वनस्पति विज्ञान, भैषज्य विज्ञान आदिमा पनि प्रयोग हुन्थ्यो । के विचित्र आविष्कार थियो । वैदिक विज्ञानहरूले आफ्नो आवश्यकता पूर्तिको पूर्ण विज्ञानको खोज गरी, आविष्कार गरी, उपयोग-मा पनि ल्याएका थिए । तर यो यन्त्र भास्कराचार्य आदिबाट शुरु भएको हैन । यो अनादि वैदिक कालदेखि नै चली आएको विद्या हो । यस यन्त्रको काल अर्थात् आयु ऋग्वेददेखि लिएर सिद्धान्त शिरोमणिको कालसम्म क्यै उल्लेखित रूपमा रह्यो । वैदिक कालमा यसको उपयोग राम्ररी भयो होला ।

# चुम्बक विज्ञान

आजको वैज्ञानिकहरूले यो पनि ओझेल पार्ने कुरा छैन कि चुम्बक पनि प्राचीन आविष्कार हो। यो आविष्कार यत्रो विलक्षण अवस्थामा पुग्यो कि ठाउठाउमा चुम्बकीय विज्ञानको खुब चर्चा छ। तर यो चुम्बक विज्ञानले फलामलाई मात्रै नचाउँदैन थिए। अपितु आकाशीय बिजुलीलाई स्थिररूपमा पक्रे र काममा ल्याउन पनि जान्दथिए। तर साक्षात् देखा पर्ने खाले पनि हैन। सुई एउटा साना फलामको टुकराले बनेको हुन्छ। त्यस्तै उसमा चुम्बक न भए, चुम्बक सँग टाँसिन मिल्न जान्छ। अर्थात् क्रिया न भएको फलाममा पनि चुम्बकले क्रिया उत्पन्न गराएर आफुतिर खिच्छ। हुन त चुम्बकमा पनि क्रिया त छैन। तै पनि यस्तो अदृश्य शक्ति चुम्बकमा हुन्छ। त्यसले अदृश्यशक्तिबाट आफुतिर तान्छ। यहाँ यो कुरालाई प्रष्ट्याउँदै वैशेषिक दर्शनकार कणाद मुनिले सूत्रमा दृष्टान्त दिएको छ। सूत्र यो छ—'मणिगमनं सूच्यभिसर्पणमदृष्टकारणम्' [ वै० द० ५।१।१५ ] यहाँ भन्नु यति नै छ कि सूत्रकारले वैज्ञानिक उदाहरणबाट प्रसङ्गमा मान्छेको कर्म गतिलाई सम्झाएको छ। तर सुई र चुम्बक मणिको ज्ञान न भए यस्ता अनेकौं उदाहरण कसरी प्रस्तुत गर्थे र। आज उनै प्राचीन हिन्दू वैज्ञानिकहरूको आविष्कारले जर्मन, जापान, इङ्गलैण्ड, अमेरिका, रूश आदि देशहरू विज्ञानमा कहलाएका छन्। आधुनिक युगमा विज्ञानमा जर्मनले जति छिटो चमत्कारपूर्ण उन्नति गरेर देखायो त्यस्तो उन्नति अरू कसैले गरेनन्। तर जति छिटो माथि पुग्यो उतिनै छिटो, तल पनि खस्यो। रूस र अमेरिकाको वैज्ञानिक उन्नति त जर्मनको पतन भएपछि सुरु भएको हो। जर्मनको पतन भए-पछि त्यहाँ कैयौं वैज्ञानिकहरूलाई रूसमा पुऱ्याइए। कैयौं अमेरिकामा लगेर बसाइए। नजानेहरूलाई सुताइदिए। तर आधुनिक युगको जर्मनले पनि विज्ञान आफ्नै प्राचीन पुर्ख्यौली हिन्दू विज्ञानबाट सिकेको प्रष्ट छ। मणिगमन र सूच्यभिसर्पण आदि वैज्ञानिक साधनको उपयोग प्राचीन वैज्ञानिकहरूले राम्ररी सँग गर्न जान्द थिए। अनि यी वैज्ञानिक आविष्कार लाखौं वर्ष अगाडि देखी चलो आएको बुझिन्छ।

# मान्छे विनै चल्ने पंखा

जहाँ यस्ता सूक्ष्म विज्ञानको लहरीमा लहरिन्छौं। त्यहीं संस्कृत भाषामा लेखिएका यस्ता अनेक ग्रन्थहरूमा अनेक प्रकारका विज्ञान उल्लेख गरेको पाउछौं। ढाँटेको भनौ भने पनि कति ढाट्ने। तीनफेर ढाँटे पछि पक्राउमा आइहाल्छ। यो इतिहास त्यस्तो कमसल छैन। कल्पना भनौं भने त्यो पनि न चाहिंदो कति गरी रहने। यसको अभिप्राय यै हो कि विज्ञानको साँचो रूप रेखालाई ओझेल पार्न सकिंदैन रहेछ। सत्य कैले पनि झूठो हुन सक्दैन र ढाँटेको काटे पनि मिल्दैन। अनि प्राचीन हिन्दू-वैज्ञानिकहरूले ढाँटी रहनु पर्ने अथवा कल्पना गरिरहनु पर्ने कुनै कारण पनि देखिन्न। जो जस्तो थियो। जो जस्तो भयो। जो जस्तो देखियो। उस्तै लेखिए। त्यस्तै रीतिले जब हामो भोज प्रबन्ध जस्तो ग्रन्थलाई उठाएर हेर्छौं त त्यहाँ पनि विज्ञानकै मुहान पाउछौं। त्यसलाई यहाँ हेर्नु होस्—

घटयैकया क्रोशदशैकमश्वः सुकृतिमो गच्छति चारुगत्या।
वायुं ददाति व्यजनं सुपुष्कलं विना मनुष्येण चलत्यजस्त्र[१]म् ॥

यो प्रसिद्ध भोज प्रबन्धको श्लोक हो। राजा भोजको पासमा यस्तो कृत्रिम घोडा थियो। जो एक घण्टामा दशकोश राम्रो गतिले जान्थ्यो। यो घोड़ा काठको थियो। आखिरी वैदिक कालदेखि धेरै पछि भए पनि आधुनिक विज्ञान भन्दा त धेरै पुरानो हो। त्यस्तो काठको घोड़ामा कुन विज्ञानले कुन कुन मशीनलाई जोडे अथवा बनाए होला। फेरि दशकोश भनेको कम हुँदैन। फेरि घोड़ाकै चालमा हिंड़ने मशीन जोडनु निकै गहकोलो विज्ञान हो। अनि विना मान्छे त्यो घोडाले हिंडनु, दगुर्नु, फर्कनु, आदि सबै थोक गरेर फेरि फर्केर आफ्ना ठुङ्गा पुग्नु क्रियाहरूबाट यो बुझिन्छ कि यस घोडामा पूर्ण वैज्ञानिक यन्त्र जोडिएका थिए। यो कुरालाई रहन दिऊ, त्यसको अर्को पङ्क्तिमाथि विचार गर्नु होस्। मान्छे

---

१. लघु दारुमयं विहङ्गं दृढ़ सुश्लिष्टतनुं विधाय तस्य। उदरे रसयन्त्रमादधीत ज्वलनाधारमधोऽस्य चाग्निचूर्णम्। समराङ्गणसूत्रधार यन्त्र विवरण ३१।९५ मा हेर्नुहोस्।

विनै निरन्तर घुमेर हावा गरी रहने पङ्खा पनि आजको वैज्ञानिक आविष्कार हैन रहेछ। त्यसै भनेको हैन। अपितु विचार्नु परेको छ। के यो पङ्खा कुनै मशीन वा यन्त्रले घुम्थ्यो कि बिजुली घुम्थ्यो? केले निरन्तर घुमी रहने गर्थ्यो? यसले प्रश्न चिन्है बनेर रहनु हुँदैन। यस माथि क्यै तथ्य छ। त्यो काठको घोडा चले जस्तै यो पङ्खामा पनि कुनै वैज्ञानिक यन्त्र लागेको थियो होला। या त बिजुलीको पावरले नै चलेको हुनु पर्छ। न भए विना मान्छे निरन्तर चलिरहनु पर्ने कुनै कारण देखिदैन। ओटोमेटिकको लक्षण प्रष्ट गरेर बुझिन्छ। तर पङ्खा ओटोमेटिकरूपले चलिरहनु आवश्यक छैन। राजा र राजपरिवारलाई आवश्यक परेको वेलामा न त्यो उपयोगमा आउने हो। त्यस्तो हुँदा पङ्खाले आज घर घरमा पुगेर मान्छेलाई हावा गरी राखेको इतिहास र आविष्कार हाम्रा पूर्वज वा पुर्खाहरूको अक्षुण्य देन रहेछ। हामीले यति मात्रै हैन यसको लागि अरू हेर्नु खोज्नु परेको छ। आधुनिक पाश्चात्य वैज्ञानिक इतिहासको जन्म १२ सौ देखि यतै मानिएको छ। त्यसो हुँदा पङ्खालाई हामीले पैंचो मागेर ल्याउनु पर्ने आवश्यकता ब्रुझिदैन। यसै प्रकार धम्मपादको कथा 'वासुलदत्ता वत्थु' पृष्ठ ६८ मा चण्डद्योतले उज्जैनीको महाराजा उदयनलाई धोखाले पक्रनको लागि एउटा सेतो रङ्गको हात्ती बनाएको थियो। त्यस हात्ती भित्र साठी जना सम्म सेना वस्थे। यो हात्ती थिएन। यो त हस्तीयन्त्र थियो। अनि यन्त्रले नै चल्थ्यो। यो भन्दा पनि अझ पुरानो महाभारतको आदिपर्वमा उत्तङ्कको घोडाको वर्णन छ। त्यो घोड़ा पनि यन्त्रले नै चल्थ्यो। विष्णुशर्माले लेखेको भाग्यमानी संस्कृतको ग्रन्थहरूमा म पञ्चतन्त्रलाई मान्दछु। जसको अनुवाद विदेशी एक सहे अठ्ठार भाषामा भएको कुरा सुनिन्छ। तर वर्तमान जानकारीको अनुसार संस्कृतको अनुवादित ग्रन्थहरूमा पञ्चतन्त्रलाई सबै भन्दा भाग्यमानो मानेर अगाडि सार्न सकिन्छ। त्यसै पञ्चतन्त्रमा एउटा धूर्तमान्छेले भगवान विष्णुको रूप धारण गरेर आउँथ्यो। उसको वाहन पनि दुरुस्तै गरुड़ बनाएर ल्याएको हुन्थ्यो। हुन त त्यो धूर्त मान्छे हो। तर त्यसले गरुड़ बाहन बनाएर, त्यसै माथि सवार भएर आकाशवाट उडेर आउनु एउटा ठूलो वैज्ञानिक रहस्य छ। एउटा इतिहास लुकेको छ। त्यसको धूर्त बुद्धिले त्यस गरुड बाहनमा कुनै यन्त्र बनाएर फिट गरेको थियो। अनि त आफुलाई मर्ने डर नभई खुरु खुरु गरुड़बाहनमा उड़ेर सवार हुन्थ्यो। अनि गरुडको जस्तो आकृति बनाउन पनि वैज्ञानिक र

कला विना सम्भव छैन । तर त्यो धूर्तले गरुड़को कल्पना गऱ्यो भन्नु व्यर्थ छ। 'गया चिन्तामणि' ग्रन्थमा मयूर, गरुड़, आदि पक्षीको आकार भएको विमानहरूको प्रष्ट वर्णन पाइन्छ। धम्मपादको बोधि राजकुमार वत्थु पृष्ठ ४१० मा एउटा कुनै वैज्ञानिकको दशा वर्णन छ। त्यो के बनाएको थियो । त्यो महललाई कारीगरले यति राम्रो अलौकिक बनाइ-दियो कि राजाको मनमा संधै भय रहन्थ्यो । कतै अन्यत्र पनि गएर यसले त्यस्तो महल नबनाओस् भन्नाका लागि उसको हात काटिदिने विचार भयो । तर ऊ मान्छे वैज्ञानिक थियो । उसले बाँच्ने उपाय सोच्यो । अनि गरुड़यन्त्रमा बसेर नेपाल काठमाण्डौमा बसोवास गर्न पुगे । यो इतिहास वैदिक सम्पत्तिको पृष्ठ ३१५ मा पनि उद्धृत छ। यी प्रमाणहरूले यो बुझिन्छ कि शुद्धोदन र बुद्धको काल अथवा नेपालको 'राजा यलम्बर हाँ' देखि 'जितेदस्ति हाँ' हरूको पालासम्म पनि बराबर विमान बनाउने चलन थियो । तर वैदिक काल भन्दा घटियारूपमा पुगेको थियो ।

# रेलगाड़ीको आविष्कार

यो रेलगाड़ीको आविष्कार पनि नयाँ आविष्कार हैन जस्तो लाग्छ। किनभने १८२५ मा इङ्गलेण्डमा जन्मलिने जेम्सबाट भन्ने केटाले खेलाची गर्दा अथवा चिया पकाउँदा कितलीको विर्को चिया उमलिदा खेरी भुत भुत गरेर मास्तिर आयो। उसले दबाई दिंदा झन सारो जोरले मास्तिर उछिटिएको देखेर त्यसैबाट जेम्सवाटले भापको इन्जिन तैयार पारेको हो तर त्यसको परिश्रम थालनी मात्रै थियो। त्यो पनि आधुनिक युगको लागि। त्यो भन्दा अरू बढ्ता परिश्रमले शोध खोज गरिकन 'जार्ज स्टीफेन्सन' नामी व्यक्तिले प्रथमवार रेलको इन्जिन तैयार पायो। अनिक्यै चलाउदै गर्दै, आधाफर्लांग, एक फर्लांग, आधामील, एकमील देखि अव धेरै टाढ़ा सम्मको पनि हांक हुँदै गयो। अनि १८५० भारतमा पनि रेल चलाइने विचार भयो र सबै भन्दा पहिले 'लार्ड फाकलेंण्ड' ले रेलगाडी चलाउने उद्घाटन गरेको हो। त्यसो हुँदा त्यस रेलको इन्जिनको नाम पनि 'फाकलेण्ड' नै राखिएको थियो। आज कुनै यस्तो देश छैन। जहाँ रेल नहोस्। विश्वको सरकारहरूको सबै भन्दा ठूलो अर्थशास्त्र सम्ब्रन्धी आज पनि यसै विभागमा निहित छ। तर आश्चर्यको विषय यो छकि यो रेल त १८२५ मा आविष्कार भएको हो। यसमा दुई राय छैन। तर पेशावरमा [ शहबाज गढी ] भन्ने ठाउँमा एउटा चाक्लो लामो ढुङ्गामा रेलको इसारा परेको छ। त्यो ढुङ्गामा भएको अथवा कोरिएको चिह्न रेलैको हो भनेर भन्छन्।

अनि पुरातत्वलाई जान्नेहरूले त्यो ढुङ्गामा भएको रेलको चिह्नलाई हजारौं वर्ष पुरानो हो भनेका छन् अरे। यस रेल चिह्नको चर्चा पण्डित रघुनन्दन शर्माले पनि 'वैदिक सम्पत्ति' को ३१४ पृष्ठमा गर्नु भएको छ। यो पुरातत्व साँचो हो भने त हवाई जहाजहरू जस्तै 'रेल' पनि नयाँ आविष्कार हैन रहेछ, भन्नु पऱ्यो। अनि नयाँ आविष्कार गरेको भनेर जेम्सवाटलाई सेवासी दीरहनु पर्ने औसत पनि छैन होला मानव बुद्धिले आविष्कार गऱ्यो। प्राचीन आर्यहरूको नकल मात्रै हो।

# गहनामा पनि विज्ञान थियो

ऋग्वेदको अनेक मन्त्रहरूमा विचित्रा भरिएको छ। रत्नमय गहनाहरूको कतै वर्णन छ, त कतै सुनै सुनले बनेको गहनाको चर्चा छ। 'ते नो रत्नानि धत्त' [ऋ० १।२०।७] यस्ता अनेक प्रकारका गहना धारण गर्थे। यो चर्चा मैले पूर्व भागमा आर्यहरूको गहना शीर्षकमा गरो सकें। यहाँ त विज्ञान सम्बन्धी गहनाको चर्चा हुँदै छ। उन हिन्दू विज्ञानले सिंगारिएको ऋग्वेदमा त अवश्य पनि वैज्ञानिक आभूषण या गहना लगाउँथे नै, तर त्यस्तो गहना बनाउने चलन बुद्धको समय सम्म पनि थियो। यो इतिहास बौद्ध ग्रन्थ धम्मपादको विसाखवत्थु पृष्ठ १९५ मा पाइन्छ। आजकै इतिहासको गनाईमा पनि ढाईहजार वर्ष पहिलेको घटना हो। त्यो इतिहास यस्तो छ कि विशाखाको लागि 'महालता' नाम गरेको एउटा आभूषण बनाएका थिए। त्यस गहनाको विशेषता यो थियो कि शिरदेखि लिएर खुट्टा सम्म थियो। त्यसलाई बनाउँदा जम्मा चार महिनामा ५०० सुतार मात्रै बनाउन सकेका थिए। उसको दाम उस समयको सिक्काको हिसाबले नौ करोड़ थियो अरे। त्यस गहनामा एउटा मयूर लागेको थियो। त्यो मयूर विशाखाले लगाएको वेलामा शिर माथि हमेशा नाचो रहन्थ्यो। त्यो गहना पहिले त कसरी जडे होला। त्यस जड़ाईमा पनि मयूर फिटिंग गर्ने विज्ञान धेरै महत्वको छ। तर झन् ठूलो विज्ञान यो छ कि त्यो नाचिरहने कला के हो ? कुनै यन्त्र, कुनै मशीन, आदिले फिटिंग न गरे, नाँच्नै सक्दैन। अनि कति ठूलो यन्त्र फिट गरे होलान्। त्यो मयूर कत्रो थियो होला। जो आभूषण माथि जड़ाउ गरिएको थियो। यस्ता विचित्र वैज्ञानिक गहनाहरूको वर्णन पुराणादि साहित्यहरूमा पनि आउँछ। त्यसो हुँदा वैदिककालदेखिनै वैज्ञानिक आभूषण निर्माणको चलन थियो भन्ने कुरा बुझिन्छ। जुन आर्य = हिन्दूहरूको गहना पनि वैज्ञानिक थिए भने उनीहरूको अरू विज्ञान पछि लेखिआइयो र अरू पछि लेखिने छ। यो शोध खोजको संकेत शिक्षा मात्र हो। बढ़ता भविष्यमा होला।

# चन्द्रकान्तमणि विज्ञान

यो विज्ञान पनि आज कनी कुथी कथा कहानी मात्रै बनेको देखिन्छ। कतै उपहास या हाँसो ठट्टामात्रै गरेको देखिन्छ। तर समयको कुरा सबै भन्दा बलबान् हुँदो रहेछ। तन्देरीमा लल्कारेर हिमालचुली नाग्न खोज्ने बाँकुरे वैंसो भएको वीर जवानले ८० वर्षको उमेरमा माखा पनि हटाउन सकेन। उसै बीचमा एउटाले आफुले देखेको पराक्रम या वीरताको कुरा सुनाउन थाल्यो। तर सुन्ने मान्छेहरूले भन्छन् गफ किन हाँक्छस्? त्यो मान्छे यै हो? माखा पनि धपाउन सक्दैन? किन? पाठकवृन्दले यो न्याय गर्नु आवश्यक छ कि त्यो बूढ़ाको पराक्रमलाई, जसले देख्यो सुन्यो र भन्दै छ, त्यो मान्छे सही हो कि अट्टहास उडाउने मान्छे सही हो। त्यो पराक्रम देखाउने मान्छे पनि छँदै छ। अनि त्यै बुढ़ा संग गएर भन्न थाले कि, तिमीले वीरता र पराक्रमको काम गरेको थियौ भने, लु गरेर देखाउँन? त्यो बुढ़ाले धैर्यको सांस लिएर भने, पहिले देखाएता पनि ऐले त्यो समय छैन। बृद्ध अवस्था आयो। शरीर रोगी भयो। कमजोर भयो। हात्त खुट्टाले काम गर्न छोड्यो। आँखाले पनि देख्न छोडी सक्यो। भरसक बुद्धि र स्मरणशक्तिले पनि बाटो दिन छाडे। अब सांस मात्रै फेरि राखेको छु। मेरो समयमा म पल्टनको सबै भन्दा ठूलो बाहादुर लडाका अफिसर थिएँ। तर ऐले यो हालतमा पुगें। बढ्नुको मतलव हो, अन्तेमा घट्नु। आर्यावर्तको हिन्दू वैज्ञानिकहरूले विज्ञानको अन्तिम टाकूराबाट चियाउँदा खेरी आफ्नो परिश्रमले सूर्यकान्तमणिलाई पाएर भौतिक उन्नतिको एक खुडकीला माथि पाइला राख्ने वित्तिकै अर्को खुड़किलामा चन्द्रकान्तको आविष्कार गरे। जहाँ एउटामा उत्तेजक शक्ति थियो। त्यहीं शान्त गर्ने या शमन गर्ने शक्ति चन्द्रकान्त पनि थियो। यो वैज्ञानिकमणिहरूका कार्य के के हो के के विलक्षण थिए। तर तो कार्यहरू मध्ये चन्द्रकान्तको कार्यको सम्बन्धमा सुश्रुताचार्यले यसरी लेखेको छ। हेर्नु होस्-खोज्नु होस्।

रक्षोघ्नं शीतलं हलादिज्वरदाहविषापहम्।
चन्द्रकान्तोद्भवं वारि पित्तघ्नं विमलं स्मृतम्॥

[सु० सू० स्था० ४५।२७] चन्द्रकान्त जहाँ भयङ्कर आगोलाई शान्त गर्दथ्यो। त्यहीं नाना प्रकारको रोगमा ओखतीको काम पनि आउँथ्यो।

आजको अग्नि शामक यन्त्रहरू चन्द्रकान्तको सामने क्यै चीज हैन । चन्द्रकान्तको पालामा भयङ्कर अग्निकाण्ड भएको देखिंदैन । किन भने यसको प्रचार शक्ति अद्भुत थियो । त्यस चन्द्रकान्तबाट पानी पनि बन्दो रहेछ । त्यो चन्द्रकान्तबाट बनेको पानीले पित्तको ओखती हुन्थ्यो । ज्वरको शमन गर्ने ओखती हुन्थ्यो । महा भयङ्कर विषलाई पनि शमन गर्थ्यो । अनुपम वैज्ञानिक मणिको परम्परा वैदिक कालदेखि लिएर अकब्बर बादशाहको समय सम्म पनि देखिन्छ । यो इतिहास 'आईन अकबरो' भन्ने ग्रन्थमा उल्लेख छ । यति मात्रै हैन प्राचोन हिन्दूवैज्ञानिकहरूले सूर्यकान्त मणि विज्ञानको साथमा 'सप्ताश्व' वेदमा आएको शब्दानुसार सूर्यको सात किरणको पता लगाइसकेका थिए । यस प्रकारले प्राचीन वैज्ञानिकहरूको खोज सूर्यमा लागेको कालो धब्बा सम्म पनि पुगेका थिए । रामले लक्ष्मण संग भन्नु हुन्छ—

ह्रस्वो रूक्षो ऽ प्रशस्तश्च परिवेषस्तु लोहितः ।
आदित्ये विमले नीलं लक्ष्म लक्ष्मण दृश्यते ॥

[वा० रा० यु० २३।९] यस इतिहासले पनि यो बताउँछ कि त्यतिखेरको विज्ञान सारै माथि पुगेको थियो । या त दूर्विनले हेरेर उनीहरूले पता लगाए सूर्यको चिन्हलाई या त कुनै यस्तो विमानबाट सूर्यलोक सम्म पनि पुगेर त्यो धब्बालाई हेरेर आए । मेरो विचारमा चन्द्रकान्तमणि लागेको आकाशमा उडने विमान लिएर सूर्यलोकमा पुगे होलान् । किनकि आजको वैज्ञानिकहरूले भन्छन्कि सूर्यमा पुग्ने वित्तिकै डढ़ेर खरानी भइहाल्छ भन्छन् । किनकि सूर्य आगोको गोला हो । त्यसो हुँदा सूर्यलोकमा पुग्ने साधन पनि चन्द्रकान्त नै हुनु पर्छ । यस चन्द्रकान्त विज्ञानको खोज आज पनि आवश्यक छ । यस रीतिले आर्यवैज्ञानिकहरूले भूगोल र खगोललाई छानेका थिए । यो माथिका प्रमाणहरूले प्रष्ट बुझाएको छ । यी चन्द्रकान्त र सूर्यकान्तमणि विज्ञानबाट विमानको सञ्चालन पनि गजबसित हुन्थ्यो । यो अघिल्लो प्रसङ्गमा हेर्नुहोस् । हिन्दूविज्ञानको चरम उन्नति यसरी भएको थियो ।

# मणिले चल्ने जहाज

विश्वमा प्राचीन हिन्दूहरूको विज्ञान सम्बन्धी ठूलो उपकारलाई हामीले साँचो तहले भुल्नु हुँदैन। ती हिन्दूवैज्ञानिकहरू मध्ये ऋषिवर भरद्वाज मुख्य हुन्। अनि यो वैदिक र बहुचर्चित वैज्ञानिक ऋषि हुन्। यहाँ यो प्रसङ्ग यसो भएको हुनाले थालिंदै छ कि, यो भन्दा पहिले साना भन्दा साना जति विज्ञान र वैज्ञानिक कल, काँटा, मशीन, यन्त्र, आदिको वर्णन गरियो र अब अगाडि पनि जो वर्णन हुने छ, ती सबैका आधार प्राचीन अर्थात् आज भन्दा दुई हजार पूर्वबाट थालेर लाखौं वर्ष पुरानो ग्रन्थहरूको प्रमाण या साक्षी दिएर लेखेको छ। अनि यहाँ पाश्चात्य आधारमा निर्णय गरेको कालसँग हामीलाई क्यै साइनो छैन। हामीले पृथिवी सम्वत्, देवसम्बत्, आदि सप्तर्षि सम्वत्, हुण, शक, विक्रम, सम्मको सम्वत्हरूलाई मुख्यरूपले अंगालेका छौं। त्यसमा पनि भारद्वाज आदि वैज्ञानिक ऋषिहरू त पूर्ण वैदिक कालिक ऋषि हुन्। ऋग्वेदमा नै कैयौं भारद्वाजहरूको उल्लेख भएको छ। उनीहरूमा एक भारद्वाजले विमान अर्थात् हवाइ जहाज बनाउने, सञ्चालन गर्ने मशीन बनाउँने, त्यसलाई फिटिंग गर्ने आदि सामग्रीको वर्णनलाई लिएर एउटा विज्ञानको महत्त्वपूर्ण 'मन्त्रसर्वस्व' भन्ने ग्रन्थ लेखेका थिए। अर्को ग्रन्थ 'अंशुबोधिनी' हो। यहाँ 'मन्त्रसर्वस्व' ग्रन्थको नाममा जोडिएको 'मन्त्र' शब्दको अर्थ झाड़ फुक गर्ने मन्त्र हैन। अपितु यहाँ 'मन्त्र' शब्द पारिभाषिकरूपमा प्रयुक्त छ। अवसर पाएको खण्डमा बसिवियालो गरौंला। 'अंशुबोधिनी' शब्दमा 'अंशु' शब्द सूर्यको किरण हो। त्यो सूर्यको किरणलाई जुन रीतिले जुन विज्ञानले पक्रेर जहाजहरूमा जोडथे। त्यसको मशीन कल, काँटा, पुर्जा, अर्थात् नाना थरीका यन्त्रहरू बनाउने साधनको वर्णन जुन ग्रन्थमा लेखिएका थिए। त्यस ग्रन्थको नाम 'अंशुबोधिनी' राखेका थिए। यो अर्थको कल्पना मैले गरेको छैन। अपितु उसै ग्रन्थको प्राप्त अंशमा टीका गर्ने टीकाकारको अनुसार यो अर्थ गरिएको छ। यद्यपि भारद्वाजले लेखेका ग्रन्थहरू उपलब्ध छैनन्। तै पनि कतै कतै खण्ड, खण्ड भएको अवस्थामा सूत्रहरू पाइन्छन्। वरोडा पुस्तकालय आदिमा सूचीको रूपमा पाइएको छ। त्यसै भारद्वाजको 'अंशुबोधिनी' ग्रन्थको 'शक्त्युद्गमोद्यष्टौ' भन्ने सूत्र माथि बोधायन ऋषिले वृति लेखेको छ। यो बोधायन पनि आजको हैन।

व्यासको साक्षात् शिष्य थियो। यिनले नै त, भन्न गारो छ। तै पनि व्यासकृत ब्रह्मसूत्रमा पनि 'वृति' लेखेका थिए। उसै वृतिको आधारमा आचार्य रामानुजले श्रीभाष्य लेखेको हूँ भन्ने प्रतिज्ञा वेदार्थसंग्रह, श्री भाष्य आदिमा उल्लेख छ। तर यो 'वोधायन' ऋषि बौद्धायन सूत्रकार भन्दा भिन्नै हो। त्यो माथिको सूत्रमाथि 'वृति' लेख्दा बोधायन ऋषिले यसरी प्रष्ट्याई दिनु भयो। हेर्नु होस्। राम्ररी विचार गर्नु होस्

शक्त्युद्गमो भूतवाहो धूमयानशिखोद्गमः।
अंशुवाहस्तारामुखो मणिवाहो मरूत्सखः॥
इत्यष्टकाधिकरणे वर्गाण्युक्तानि शास्त्रतः।

यस श्लोकमा लेखिएको 'शक्त्युद्गम' शब्दको अर्थ विजुलीले चल्ने विमान र यन्त्र दुवैको ग्रहण गरिएको छ। 'भूतवाह' शब्दको अर्थ हो आगो पानी र हावाले चल्ने विमान। 'धूमयान' को अर्थ हो धुँवा अर्थात् वाष्पले चल्ने यन्त्र। 'रेल शोर्षक' संग तुलना गरेर हेर्नुहोस्। मलाई त एकै जस्तो लाग्छ। यति हो कि ऐलेको 'रेल' भुईमा मात्रै दगुर्छ। उति-खेरको 'धूमयान' आकाश र पृथिवी आदि सबै चाहर्थ्यो होला। लक्षणले यो कुरा प्रष्ट बुझिन्छ। त्यसो हुँदा शाहाबादगढी पेशावरको ढुङ्गामा रेलको इशारा हुनु अत्युक्तिको कुरा छैन। अनि 'शिखोद्गम' शब्दको अर्थ विद्वान्हरूले पञ्चशिखीतेल' गरे। तर तेलको आविर्भाव पनि नया हैन। त्यसो हुँदा तेलले चल्ने विमान पनि थियो। जस्तै आजका जहाज हेलीकप्टर आदि तेलकै आधारमा चलेको देखिन्छ। यो उही पुरानो रुढिको अधकल्चो नकल मात्रै देखिन्छ। 'अंशुवाह' शब्दको अर्थ हो सूर्यको किर-णले चल्ने विमान। 'तारामुख' शब्दको अर्थ चुम्बकले चल्ने विमान। उसै तारामुखको अर्थ अयस्कान्त र उल्कारस पनि हो। 'मणिवाह' को अर्थ हो सूर्यकान्तमणि र चन्द्रकान्तमणिबाट चल्ने विमान। यसै चन्द्रकान्तले सूर्य जस्तो लोकमा प्रवेश गराए। किनकि यस चन्द्रकान्तमा अद्भुत गुण यो थियो कि आगोको माझमा राख्दा पनि आगोले उसको क्यै विगाडन सक्दैन थियो। त्यसै भएको हुनाले भयङ्कर आगो लागेकोमा पनि तुरन्त शमन गरिहाल्थ्यो। मान्छेले त्यत्रो आविष्कार या खोज गरेर देखाउँन के मामुली विज्ञान हो? अब 'मरुत्सखः' शब्दको अर्थ माथि विचार गर्नु-होस्। अमरकोषादिको भनाई अनुसार 'आगो' को नाम हुनु पर्ने हो। किनभने 'मरूत् = वायुः' स एव सखा यस्य स मरुत्सखः = अग्निः अर्थात्

वायु नै सखा भनेको साथी छ जसको, त्यसलाई 'मरुत्सखः' भनिन्छ। अनि त्यसको अर्थ अग्नि अर्थात् आगो हो। त्यसो हुँदा आगोले मात्रै सञ्चालित हुने विमान पनि बनेको थियो होला। तर आधुनिक हाम्रा वैज्ञानिक विद्वान्हरूले 'मरुत्सख' को अर्थ वायुले मात्रै चल्ने यान भनेका छन्। यदि यी विद्वानहरूको अर्थ ठीक हो भने 'मरुत्' शब्द मात्रै हुनु पर्ने हो। सखापद व्यर्थ हुन जान्छ। अनि बहुब्रीहि समास घटित शब्द प्रयोगको के अर्थ ? जो होस्। पारिभाषिक शब्द होला, ऐले शब्द शास्त्रको विषय हैन विज्ञानको विषय चलेको छ। यस प्रकारले आठ प्रकारको विमानहरू सञ्चालित हुन्थे। ती विमान=जहाजहरूलाई बनाउँने, चलाउँने, मशीन, कल, काँटा, आदि सबैको अद्भुत उल्लेख अनेकौं प्राचीन ग्रन्थहरूमा छन्। ती मध्ये 'शक्त्युदगम, अंशुवाह, तारामुख, सूर्यकान्त, चन्द्रकान्त, विमान माने यी हवाइजहाजहरू त बनेकै छैन। आजको विज्ञान यहाँ सम्म पुग्ने स्थितिमा छैन। यस प्रकार भारद्वाज ऋषिको अंशुबोधिनी ग्रन्थको 'वैमानिक प्रकरण' लाई हेर्नं सक्नु हुन्छ। यस प्रकार चन्द्रकान्त विमानको एक फेर विश्वमा धाक थियो। आज पनि त्यसको आविष्कार आवश्यक छ। त्यो के चीज थियो। आधुनिक वैज्ञानिकहरूको लागि अत्यन्त आवश्यक खोजको विषय छ। पाठकवृन्दले यो पनि अवश्य नै जान्नु हुने छ कि भारद्वाज मुनिले बनाएको मूल ग्रन्थ 'यन्त्र सर्वस्व' हो। अनि अर्को ग्रन्थ 'अंशुबोधिनी' हो। यन्त्र सर्वस्व ग्रन्थमा कैयौं प्रकरण थिए। तर अब वैमानिक प्रकरण मात्रै उपलब्ध छ।

# विमानको लक्षण र गति

प्राचीन हिन्दूहरूले विमान मात्रै बनाएनन् । अपितु विमान बनाए पछि त्यो विमान कस्तो हुनुपर्छ 'कुन ढंगको हुनुपर्छ' कहाँ सम्म जानु सक्छ । अथवा कहाँ कहाँ सम्म जान सक्ने विमान हुनु पर्छ । इत्यादिको लक्षण पनि स्वभाव सिद्धरूपले बनाएर राखी दिए । त्यसो हुँदा पूर्वोक्त विमानहरूमा यो लक्षण घटाएर लेखेको बुझिन्छ । ऋग्वेदको सम्पूर्ण विमानहरूको यै लक्षण थियो । त्यो लक्षण 'खेटयान प्रदीपिका' भन्ने ग्रन्थमा यसरी लेखिएको छ ।

देशाद्देशान्तरं तद्वद्द्वीपाद् द्वीपान्तरं तथा ।
लोकाल्लोकान्तरं चापि योऽम्वरे गन्तुमर्हति ॥
स विमान[1] इतिप्रोक्त खेटशास्त्र विदाम्बरैः ।

एक देशबाट अर्को देशमा जसरी आज सहजैपुगिन्छ । त्यो भन्दा बडता सुविधाहरूको साथमा लोक लोकान्तरहरूमा पुगिन्थे । जब लोक लोकान्तरहरूलाई छानेर सकेका थिए भने, एक द्वीपबाट अर्को द्वीपमा जाने कुरा कति ठूलो हो र । जहाँ मन भन्दा पनि छिटो हिंडने विमानहरू बनेका थिए । ती विमानहरूका लक्षण हराए । सामान्य विशेष भावको लक्षण हुन्छ । तर छरपस्टिएकोमा कतै कतै आधा कतै च्यातिएको कतै फाटेको इत्यादि पाराले पाइएको संग्रहहरूमा पनि भाग्यमानी संग सिहार संभार छैन । यो हिन्दूहरूको आपसी फुटानामको परिणाम हो । जे भए पनि कतै न कतैबाट हामीलाई आफ्नो पूर्वजहरूको विज्ञानको इतिहास राम्ररी संग मिली राखेको छ । यो विमानको लक्षण देखि बाहेक गतिको माप दण्ड पनि सामान्यरूपले बताएको छ । भारद्वाज मुनि प्रणीत 'यन्त्रसर्वस्व' भन्ने ग्रन्थमा विमानको गतिवर्णन यसरी गरिएको छ ।

घटिकावच्छिन्नकाले योजनानां चतुः शतम् ।
विमानो वेगतो याति नात्र कार्या विचारणा ॥

---

१ पृथिव्स्वन्तरिक्षेषु खगवद्वेगतः स्वयम् ।
य: समर्थो भवेद्गन्तुं स विमान इति स्मृत ॥

उतिखेरको यो सामान्य विमानको गति बताएको छ। मनको वेग भन्दा पनि चाँडो हिंडने विमानको लक्षण पाइएको छैन। तर अवश्य थियो। किन भने विमान भएपछि त्यो लक्षण उल्लेख हुनु आवश्यक थियो। कालको गालामा परेको हुनाले नपाइएको मात्रै हो। तै पनि यो माथिको समान्य विमानको गति पनि विचार गरी हाल्नु होस। एक घण्टामा चार सौ योजन फेरि पनि उड़ान भरिनै हाल्थ्यो। अब यो विचार गर्नुहोस् कि एक योजनमा, आजको कति मील हुन्छ। अनि आजको विमानको गति-सँग तुलना गर्नु होस्। यस ढंगले प्राचीन कालको सामान्य विमानहरूले उड़ान भर्थे। यहाँ यति मात्रै हैन, आज भन्दा ८-१० हजार वर्ष पहिले घड़ी थिएन भन्नेहरूको मुख बुज्याउनको लागि घड़ीको इतिहास पनि प्रष्ट आएको छ। यो इतिहास ईसादेखि चार हजार वर्ष पुरानो मात्रै हैन, अपितु लाख वर्ष पुरानो इतिहासको साक्षी छ। वेदमा के छ ? लाई गोडी नेली हेर्नु होस्। यस प्रकारले प्राचीन हिन्दूहरू विज्ञानले परिपूर्ण भएर बसेका थिए। पाश्चात्य डार्विन आदिको जुठालाई बटुलेर यस्ता वैज्ञानिक पूर्वजहरूलाई बाँदर बनाउने कुनै प्रमाण हाम्रो इतिहासमा छैन। डार्विन-को विकासवादको इतिहास हामीलाई चाहिंदैन। हुन सक्छ डार्विनको पूर्वजहरूको पुच्छर घिसिएर मान्छे बनेहोलान्। त्यसले हामीलाई के मतलब ? गोरू बेचेको साइनो पनि छैन। रह्यो उनीहरूको मान्यता या सिद्धान्त जान्नुको लागि जो अध्ययन गरिन्छ, त्यै अर्कै कुरा हो। वस्तुतः हाम्रो वैज्ञानिक र इतिहासकारहरू भुसुक्कै बरालिएका छन्। कत्तिले चाहिं डार्विन आदि जुठो यति चाटेका छन् कि रगत पनि डार्विनकै भइसकेको देखिन्छ। त्यसो हुँदा आफ्नो बुद्धि माथि विश्वास छैन। आफ्नो इतिहासको पत्ता पनि छैन। अनि आफ्नो देशको संस्कृति, सभ्यता, राष्ट्र, राष्ट्रभाषा, माथि आस्था गए पछि उसले खाली डार्विन, न्यूटन, वर्कले, काण्ट, सक्रेटीज, प्लेटो, गेटे आदिको नामले तरसाई राखेको हुन्छ। तर यस्ता फेद न ट्प्पाकाहरू सँग तर्सिनु हुँदैन। आफ्नो फेदको ओतबाट निक्लेर हिंडनु उत्तम हुनेछ।

# प्राचीन वैज्ञानिक र वैमानिक ग्रन्थ

यो भन्दा पछि लेखिएको ऋग्वेदकालिक वैज्ञानिकहरू मध्ये ऋभु, विश्वकर्मा, आश्विन, आदिको वर्णन भइसकेको छ। उनी वैदिककालका वैज्ञानिकहरू मध्ये यो वैज्ञानिक ऋषिहरू पनि छन्। तिनमा पनि ऋषिवर भारद्वाजको कै परिचय यो भन्दा पछाडिको पाठमा दिई सकेको छ। क्यै छुटेको या प्रकरणहरूमा न आएको वैज्ञानिकहरूको चर्चा यहाँ गरिदैछ। भारद्वाजको वैज्ञानिक देन भन्दा पहिले विश्वमा आज पनि कुनै न कुनै हालतमा होस्। विश्वकर्माको पूजा नेपाल, भारत, आदिमा त भइराखेकै छ। तर विकृत अथवा भिन्नै पाराले विश्वको सबै देशहरूमा भएको देखिन्छ। हँ यहाँ हाम्रोमा जस्तो मन्दिर बनाएर नैवेद्य, भेंटी, पाती, फूल, फल, आदि राखेर कतै पूजा हुन्छ। कतै अर्कै रूपमा हुन्छ। अनि विश्वकर्मा नै नाम पनि छैन। तर कर्म व्यवहार सबै विश्वकर्मा कै पूजाको छ। यो इतिहासले निश्चयनै यो बुझाउछ कि आज भन्दा हजारौं लाखौं वर्ष पहिले हिन्दूहरूकै सन्तानबाट छुट्टिएको रहेछन्। आज रूस, अमेरिका, चीन, तिब्बत, लङ्का, वर्मा, थाईलेण्ड, पोलेण्ड, इङ्गलेण्ड, जरमन, जापान, नार्वे आदि लगभग विश्वको साना ठूला सबै देश मिलाएर एक सहे जति देश अथवा राष्ट्र छन्। ती सबै राष्ट्रहरूमा कुनै न कुनै हालतमा विश्वको प्रथम वैज्ञानिक विश्वकर्माको पूजा हुन्छ भइराखेको पनि छ। यो विश्वकर्मा इन्जिनियर उही हो। जसले विश्वमा सबै भन्दा पहिले विज्ञानको आविष्कार गरेर देवशिल्पी अर्थात् देवताहरूको [ इन्जिनियर ] नाम पाएको थियो। अनि सूत, सौभहर्यक्ष्य, शिलासन्तरण, आदि विमान = जहाजको निर्माण गरेर विश्वको मानवलाई बाटो देखाएका थिए। यिनी जस्तै ऋभुहरू पनि थिए। नल र नील विश्वकर्माकै सन्तान हो। जसले पाँच दिनमा पुल बनाएर देखाई दिए। यिनै वैज्ञानिकहरूको बीचमा ऋग्वेदकालमा ऋषिवर भारद्वाज पनि उज्वल भएर चम्केका थिए। तर विश्वकर्मा ऋभु आदिका ग्रन्थहरू सर्वथा कालको गालामा पुगे। त्यसो हुँदा ऋग्वेद आदिमा छुट पुट रूपमा काम र नामको उल्लेख मिल्छ। भारद्वाजको त ग्रन्थ सूचि र क्यै अंशमा ग्रन्थ पनि प्राप्त छ। बरोडा पुस्कालयहरूमा भए जति सुरक्षित छन्। भारद्वाजको सबै भन्दा महत्व-

पूर्ण ग्रन्थ यन्त्रसर्वस्व, मन्त्रसर्वस्व, अंशुबोधिनी, आकाशतन्त्र आदिको उल्लेख मिल्छ। जसमा यन्त्रसर्वस्व कैयौं प्रकरणमा लेखिएका थिए। केवल वैमानिक प्रकरणमात्रै उपलब्ध छ। यस प्रकारले मन्त्रसर्वस्व र अंशुबोधिनी ग्रन्थहरूमा पनि कैयौं प्रकरणहरू थिए। तर आज हामीलाई 'थिए' देखि बाहेक क्यै भन्ने अवसर मिलेको छैन। तर 'थिए' त्यसै भएको हुनाले 'थिए' भन्छौं। तिम्रो बाजेको बाजे 'थिए' भन्दा थिएन भन्दछ भने आफ्नै सत्तालाई समाप्त गर्छ। अनि वदतो व्याघात गर्छ। अनि वदतो व्याघात गर्ने या त पागल होला, या जिद्दी मान्छे होला या आफ्नो सत्तालाई खतम पारेर मरी सकेको होला। यो तीन कारणदेखि चौथो कारण हुन सक्दैन। त्यस्तै प्रमाण र इतिहास लोक व्यवहारवाट प्रत्यक्ष सिद्ध प्राचीन वैज्ञानिकहरूको बारेमा बुझ्नु होस्। प्राचीन हिन्दू वैज्ञानिकको देन आज सम्म पनि चली आएकै छ। त्यसो हुँदा विश्वकर्मा भारद्वाजदेखि बाहेक अरू वैज्ञानिकहरूको चर्चा पनि राखिदै छ।

# शौनकको व्योमयानतन्त्र

हिन्दूविज्ञानको क्षेत्रमा महर्षि[1] शौनकको पनि ठूलो देन छ। यिनले कैयौं ग्रन्थ लेखेका थिए। ती मध्ये वृहद्देवता र व्योमयानतन्त्रको चर्चा कतै कतै अलिक ठूलाखाले विद्वान् हुँ भन्नेहरूको कानमा पुग्थे। तर 'वृह-द्देवता' ग्रन्थ चाहिं वेद विषय लिने विद्यार्थीहरूको परीक्षामा भएको हुनाले, सुन्नुमा आइपनि हाल्छ। तर महत्वपूर्ण विज्ञान सम्बन्धी ग्रन्थ त बाटैमा हराए जस्तो भएको छ। 'व्योमयानतन्त्र' नामले बुझ्नु होस्। यो ग्रन्थ हवाई जहाज सम्बन्धी अत्यन्त महत्वपूर्ण ग्रन्थ थियो। यस ग्रन्थमा हवाई जहाज बनाउने कला, पुर्जा मशीन यन्त्र आदि सबैको वर्णन थियो। जसबाट हवाई जहाज बनाउथे। आज त्यो ग्रन्थ पुस्तकको सूचीहरूमा मात्रै देखा परेको छ। कतै कतै उद्धरणहरूमा पनि पाइन्छ भन्छन्। तर जबसम्म दृष्टिगोचर हुँदैन तबसम्म हामी भ्रममा पार्ने काम गर्न चाहन्नौं। तर यो ग्रन्थ अवश्य पनि थियो। वृहद्देवताको कतिपय कुराहरूबाट बुझिन्छ। यस प्रकारले प्राचीन ऋषि मुनिहरूको नाममा हामीले पूजा पाठ मात्रै गरिराख्ने भनेर आक्षेप गर्नु अक्षम्य भुल हो। त्यसै भएको हुनाले त शोपेनहावर, डा० जकालियट जस्ता पाश्चात्य विद्वान्हरूले पनि आर्या-वर्तीय वैज्ञानिक ऋषि मुनिहरूको खोजपूर्ण विज्ञानलाई स्वीकार गरेका छन्। जे भए पनि शौनकको 'व्योमयानतन्त्र' ग्रन्थले हिन्दूहरूको नाक सधैं ठड्याइराखेको छ। त्यसो हुंदा महर्षि शौनक प्राचीन वैज्ञानिकहरूमा अमर भएर बसेका छन्।

●

---

१. अगस्त्य संहिता पनि वैमानिक ग्रन्थ छ। यसको उद्धरण कैयौं ग्रन्थहरूमा भएको छ। निरन्तर शोध खोज पनि जारी नै छ।

# गर्ग ऋषिको यन्त्रकल्प

आर्यजगत्मा गर्ग ऋषिको नाम प्रसिद्ध छ। एकफेर भगवान् कृष्णको ज्योतिषी पनि भएका थिए। यी पनि प्राचीन हिन्दू विज्ञानमा अत्यन्त प्रख्यात थिए। यी नक्षत्र विज्ञान र खगोल भूगोल विद्यामा निपुण थिए। यिनले लेखेका ग्रन्थहरूमा 'गर्गसंहिता' सम्म त विद्वत्समाजमा प्रचलित छ। तर जो महत्वपूर्ण ग्रन्थ 'यन्त्रकल्प' छ त्यो सँग भने विद्वान्हरूको पनि भेट घाट छैन। त्यसो हुँदा यन्त्र सम्बन्धी ग्रन्थहरू जति थिए। अरू झन लुप्त हुँदै गए। तर हिन्दूविज्ञानमा यन्त्रकल्पको ठूलो देन थियो। पाइएको खण्डमा आज पनि ठूलो देन हुने छ। यसमा क्यै सन्देह छैन। यो अवश्य छ कि यसको खोज कसले गर्ने। खोज भए वेश होला। यस्तो विज्ञानको धुलो काढ्ने ग्रन्थरत्नहरूको आज हाम्रा हिन्दू भनाउँदा विद्वान् पण्डितहरूले नाम मात्रै पनि सुनेका छैनन् होला। पढाउने त के आशा ? तर सही कुरा यो छ कि आधुनिक विज्ञानको जन्म दाता यिनै वैज्ञानिक ग्रन्थहरू थिए। कतै कतै यस्को अनुहार जस्ताको तस्तै देखिन्छ। तर यो मैले यति मात्रैमा सन्तोष गर्नुलाई लेखेको होइन। भविष्यमा यस प्रकारको ग्रन्थहरूबाट निरन्तर विज्ञानको खोज होस भन्नाका लागि लेखेको हो। वैज्ञानिक गर्गले यस ग्रन्थमाथि आफ्नो समयमा कति यश पाए होलान्। तर आज हाम्रो समाजमा नाम सम्म पनि बिर्सिने आश आयो। परन्तु वस्तुस्थित्ति यो छ कि वैज्ञानिक गर्ग ऋषिको यन्त्रकल्पले हिन्दू विज्ञानलाई सुरक्षित राखेको छ।

# नारायणकृत विमान चन्द्रिका

यो ग्रन्थ पनि विमान बनाउने कला र यन्त्रहरूको सम्बन्धमा नै लेखिएका थिए। सीधा ग्रन्थको नामैले प्रष्ट बुझाएको छ। यस ग्रन्थको विवरण पाश्चात्य विद्वानहरूले पनि दिएको कुरा आधुनिक विज्ञानको इतिहासहरूबाट बुझिन्छ। तर यस ग्रन्थको विवरण पनि हामीले त पुस्तक विवरण सूचीहरूबाट मात्रै पाएका छौं। महाभारत आदिमा नारायणमुनिको चर्चा देखिन्छ। तर आज कालको अड़कलपच्चे इतिहासकारहरूले ई० सं० पूर्व तीन हजार देखिलिएर पाँच हजार वर्ष पुरानो महाभारतलाई मानेका छन्। म यस इतिहास खोजुवाहरूको बुद्धिसँग सहमत छैन। स्वतन्त्र अन्यत्र विचार होला। नारायणमुनिको[1] काल पुरानै हुनु पर्छ। कति पुरानो भन्दा महाभारतकालदेखि भित्र-बाहिर हुनु पर्छ। किन भने नारायण ऋषिको उल्लेख महाभारतमा व्यासजीले गर्नु भएको छ। यी ऋषिहरू मध्ये नारायण ऋषिको 'विमान चन्द्रिका' आर्य वैदिक सिद्धान्तमा विज्ञानको वास्तविक स्वरूपलाई बताउँने यौटा महत्त्वपूर्ण ग्रन्थ हो। व्यापक रूपले सर्वत्र हामीलाई चिनाउँनु सक्छ। तर चिन्ने पाइन चढेको मान्छे हुनु पर्छ। शोध खोज गर्दा खोदल्दा रत्नहरू फेला पर्छन्। आर्यवर्तीय वसुन्धराले धेरै रत्नहरू दिए। तर रत्न चिन्ने नभए पछि रत्नको लोप हुनु स्वाभाविकै हो। त्यसो हुँदा नारायण ऋषि पनि प्राचीन हिन्दू विज्ञानको आविष्कारकहरूमा एउटा रत्न थिए। आज त्यस रत्नको बारेमा यति नै भनेर टुङ्ग्याउँनु परेको छ।

---

१. निवृतिलक्षणं धर्ममृषिर्नारायणोऽब्रवीत् [ म० भा० शा० २१६।२ ]

# वाचस्पतिको यानविन्दु

यो वाचस्पति महाभारतदेखि पूर्वको वाचस्पति हो। स्वयं अथर्व-वेदमा परमात्मालाई वाचस्पति भनेको छ। तर बृहस्पतिको नाम पनि कतै कतै ग्रन्थहरूमा वाचस्पति भनिएका छन्। तर जे भए पनि यानविन्दु-को कर्ता वाचस्पति पनि प्राचीन हिन्दू विज्ञानको प्रमुख सूत्रधार हो भने. क्यै आपत्ति हुन्न। अनि यिनको यानविन्दु ग्रन्थमाथि विश्वको कुना काप्चा-मा के पता कुनै भाषामा अनुवाद गरेर राखेका छन् कि, अनुसन्धानको आवश्यकता छ। वृहस्पतिको समयको बारेमा त के, प्राचीन ऋषिमुनि पूर्वज, राजा, महाराजा, र विज्ञान, आदिको बारेमा कुनै यस्तो सन्तोष-जनक इतिहास लेखेकै छैन। जो इतिहास लेखेका छन् ती इतिहासले प्राचीन वैज्ञानिकहरूको समय, देन, दिनचर्या, जीवनी आदि कुनैको पनि पता चल्दैन। त्यसो हुँदा भए नभए बराबरै छ। प्राचीन वैज्ञानिकहरूको सम्बन्धमा इतिहास जे जति पाउँछौं। ती सबै संस्कृतको प्राचीन ग्रन्थ-हरूमा छन्। अतः भविष्यको शोध-खोज र पर्खाइमा बस्नु परेको छ।

●

# वाल्मीकिको स्वतः सिद्धिन्याय

निश्चय नै यो उही वाल्मीकि हो जसले वाल्मीकि रामायण बनाएको थियो। तर यसमा पनि पाश्चात्य संस्कार परेको देखिन्छ। त्यो संस्कारलाई सुधारने आवश्यकता छ। 'स्वतः सिद्धिन्याय' पनि महत्त्वपूर्ण विज्ञान सम्बन्धी ग्रन्थ थियो। स्वयं रामायणमा पनि प्रसङ्गानुसार विलक्षण साइंसको उल्लेख छ। त्यसो हुँदा 'स्वतः सिद्धिन्याय' ग्रन्थमा के थियो होला भन्ने कुरामा अनुमान गर्न सकिन्छ। तर हिन्दी अनुवाद या अंग्रेजी अनुवाद हैन। अपितु मूल संस्कृत र मूलानुगम आवश्यक छ। यो ग्रन्थ लेखिदा प्राचीन विज्ञान राम्ररी फूली फली सकेको थियो। त्यसै भएको हुनाले त यस्ता प्रौढ वैज्ञानिक अथवा विज्ञान प्रतिपादक ग्रन्थहरू लेखिए। वाल्मीकिको काल र रामचन्द्रको कालमा क्यै फरक बुझिंदैन। त्यसो त रामको अवतार हुनु भन्दा दश हजार वर्ष पहिले नै वाल्मीकि रामायण लेखेका थिए भन्छन्। त्यो हिसाबले त वाल्मीकिको समयको हिसाब धेरै पुग्छ। अनि आश्चर्यको कुरा पनि हैन।

## चाक्रायणिको खेटयान प्रदीपिका

यी पनि आधुनिक ऋषि हैनन्। ठाउँ ठाउँमा अति प्राचीन ग्रन्थहरूमा 'चाक्रायणि' नाम उल्लेख गरेको पाइन्छ। प्राचीन वैज्ञानिक ऋषिहरू मध्ये यो पनि एक थिए। 'खेटयान प्रदीपिका' यिनको रचना हो। यो ग्रन्थमा यान = विमान कला सम्बन्धी सुन्दर विवेचना हुनु स्वाभाविकै हो। किन भने 'ख' शब्द आकाशको वाचक हो। 'अट' शब्द घुमने अर्थमा छ। त्यसो हुँदा 'ख' शब्दको सप्तमीको एक बचनमा 'खे' हुन्छ। 'अट' शब्द जोडिंदा 'खे ऽ टयान' यस्तो शब्द हुनु पर्ने हो। तर उतारनेहरूले विगारदा विगारदा 'खेटयान' भएको हुनु पर्छ। अथवा पारिभाषिक शब्द पनि हुनु सक्छ। जे होस ग्रन्थकर्ता र ग्रन्थको ठूलो देन छ। यो देनलाई विर्सने कुरा छैन। तर ग्रन्थ र ग्रन्थकारको कालको बारेमा कयै संकेत पाइएको छैन। निश्चय पनि ईसाले जन्म लिन भन्दा पूर्वैको हुनु पर्छ। आधुनिक धेरै जस्तो इतिहासकारहरूको आँखाको साम्ने यी ग्रन्थ र ग्रन्थकारहरू आएकै छैनन्।

## ढुण्डिनाथको व्योमयानार्थप्रकाश

यो वैज्ञानिक अरु भन्दा अलि यताको हुनु पर्छ। तर ईसा अर्थात् ई० सं० भन्दा धेरै प्राचीन हुनु स्वभाविक हो। यिनले पनि आकाशमा उड़ाउँने जहाजकै सम्बन्धमा 'व्योमयानार्थप्रकाश' ग्रन्थ लेखेका थिए। तर ढुण्डिनाथको ग्रन्थले पनि प्राचीन हिन्दूविज्ञानको सहायतामा 'चारचाँद' लगाएको देखिन्छ। अब समयको बारेमा जान्न आवश्यक छ। तर पूर्वमा लेखिएका भारद्वाज, वृहस्पति, आदिको समय जस्तै प्रकारले निर्धारित गर्न सकिएको छैन। त्यस्तै प्रकारले चक्रपाणि र ढुण्डिनाथ आदिको समय पनि इतिहासकारहरूलाई पता नै छैन। किनकि जति पुराना छन्। उति नै अन्धकारमय बनाएर राख्नु आजको इतिहासकारहरूको अथवा आलोचकहरूको काम देखिन्छ। अनि धेरै जस्तो इतिहासकारहरू संस्कृत भाषाको ज्ञानबाट शून्य हुन्छन्। कुनै चाहि सामान्य संस्कृत त जान्दछन्। तर आफ्नो संग रंगिएको हुँदैन। त्यसो हुँदा झट्ट ई० सं० ल्याएर कोचारी दिन्छन्। त्यसो हुँदा ऋग्वेद कालदेखि लिएर बुद्धको कालदेखि उताको इतिहास आजसम्म कसैले लेखेका छैनन्। तर ढुण्डिनाथ वैज्ञानिक ई० सं० भन्दा यताको हैन।

# युक्तिकल्पतरु

युक्तिकल्पतरु पनि विज्ञान सम्बन्धी ग्रन्थ हो। यसको उल्लेख गर्दा वैज्ञानिक ग्रन्थहरूमा गरिएको छ। तर दुर्भाग्यको कुरा यो छ कि ग्रन्थकारको नाम हराएको बुझिन्छ। अथवा मानव सुलभ गल्ती हुन गएको छ होला जस्तो लाग्छ। किन भने, यस ग्रन्थको उल्लेख गर्दा आजकालको खोजी गर्नेहरूले पनि विना नामकै उल्लेख गरेको पाइन्छ। तर यसको उल्लेख डा० हरिदत्त, पं० रघुनन्दन शर्मा साहित्य भूषण आदिले ठाउँ ठाउँमा मनग्य गरेका छन्। तर उनीहरूको ग्रन्थहरूमा पनि बिना नामकै छ। अब कतै कतै भारद्वाजले नै बनाएको हो पनि भन्छन्। कतै ढुण्डिनाथको हो भन्छन्। तर जे होस् यो अत्यन्त प्राचीन हिन्दूविज्ञानको नाक राख्ने विज्ञानको ग्रन्थहरूमा यो पनि एक महत्त्वपूर्ण ग्रन्थ थियो। आज हामीहरूलाई नामको सूची मात्रै मिली राखेको छ। कतै लुकेको हुनु पर्छ।

# भोजको समराङ्गणसूत्रधार

राजा भोजलाई कसैले आठौं शताब्दीको भनेका छन्। तर आठौं शताब्दी भन्दा पूर्वकै हुनु पर्छ। तर नमाने पनि मेरै हुनु पर्छ भन्ने हो भने पनि आधुनिक विज्ञानको इतिहास त १२ शताब्दीबाट अलि अलि शुरु अथवा थालनी भएको पाइन्छ। त्योभन्दा पनि पछि १५ शताब्दी-देखि बिजुलीको शुरुआत भएको हो। सोरह र सत्रह शताब्दीमा यसको चहल पहल निकै हुनु थाल्यो। अठ्ठारह र उन्नाईस शताब्दीको भित्र वर्तमान विज्ञानको यो रङ्ग देखिदैछ। फेरि पनि भोजसँग तुलना गर्ने हो भने ४ सहे वर्ष पहिले नै त्यत्रो ठूलो विज्ञानको विकसित ग्रन्थ विज्ञानको उन्नति नभई कसरो लेखियो होला? यसको अभिप्राय यै हो कि अति प्राचीन हिन्दू विज्ञानको सुरक्षा भोजको पालासम्म पनि भएर आइ-राखेको थिएछ। 'समराङ्गणसूत्रधार' ग्रन्थ त्यसैको ज्यूंदो जाग्दो उदाहरण छ। यो ग्रन्थ ऐले पाइन्छ। हेरे खोज गरे हुन्छ।

# महर्षि अगस्त्यको शक्तिसूत्र

अगस्त्यजीको बारेमा म जब गढ़वाल अगत्स्यमुनि भन्ने ठाउँमा थिएँ। त्यतिखेर अगस्त्यको मन्दिरमा जाँदा एउटा खास विद्वान्सँग सुनेको थिएँ कि समुद्रलाई तीन अन्जुलीमा पिएर समाप्त गरिदिएको थियो अरे। सुन्दा नपत्याउदो कुरा जस्तो लाग्छ। तर यसमा क्यै रहस्य छ। खोज्नु पर्ने छ। उसै शक्तिशाली महर्षि अगस्त्यजीले 'शक्तिसूत्र' भन्ने महत्त्वपूर्ण ग्रन्थ लेखेका थिए। प्राचीन ग्रन्थको शोध खोज गर्ने वैज्ञानिक-हरूको भनाई अनुसार समुद्र शोषण विद्या समेत भूगोल, खगोल, तारा-नक्षत्र, विमान, टेलीफोन, थरमामीटर, वैरोमीटर, आदि समस्त विज्ञान-माथि यो पुस्तक लेखिएको थियो। शक्तिसूत्रको महत्वमाथि जम्मूमा एक फेर एक विदेशी विद्वानले चर्चा गरेको मैले सुनेको छु। त्यो मान्छे आक्फोर्डका थिए। मद्रास यूनिभर्सिटीको कुनै विज्ञानको अध्यापकसँग अंग्रेजीमा कुरा भइराखेको थियो। कुराको उत्तर मद्रासीले दिन सकेन। त्यसलाई हिन्दूविज्ञानको ज्ञान लेशमात्र पनि थिएन। त्यसो हुँदा मलाई यो लाग्छ कि 'शक्तिसूत्र' बाहिर कुनै भाषामा हुनु पर्छ।

# ईश्वरकृत सौदामिनीकला

ऋग्वेदमा बिजुलीले चल्ने रथहरूको वर्णन पछि भइसक्यो। फेरि त्रिपुरको निर्माता विद्युन्मालीको नाम पनि बिजुलीको कलाबाटै परेको हो भन्ने संकेत गरिसकियो। त्यसो हुँदा बिजुलीको चलन र आविष्कार वैदिककाल देखिनै सिद्ध भयो। तर आविष्कार गर्ने वैज्ञानिक कलाकारको उल्लेख सबै ऋग्वेदमा हुनु आवश्यक पनि छैन। प्रसङ्गवश उल्लेख हुने मात्र हो। हुन सक्छ यो 'सौदामिनीकला' ईश्वरकृत छ। त्यसो हुँदा मुख्य ऋग्वेदको एक वैज्ञानिक प्रकरण हुन सक्छ। 'सौदामिनी' नाम बिजुलीको हो। अनि यस ग्रन्थमा बिजुली उत्पादन गर्ने कला मुख्यरूपमा हुनु पर्छ। त्यस पछि बिजुलीलाई प्रयोगमा ल्याउने कला र विमानहरूमा फिटिंग गरेर विमान आदि चलाउने कला यस ग्रन्थमा लेखेका थिए। यस ग्रन्थमा मानसुन मापक आदि विज्ञान पनि थिए भनेर विद्वानहरूले चर्चा गरेका छन्। त्यसो हुँदा प्राचीन हिन्दूविज्ञानको महत्वपूर्ण ग्रन्थहरूमा यो पनि एक महत्वपूर्ण ग्रन्थ थियो। अब सूचीसँग मात्रै भेट हुने अवसर छ।

# शाकटायनको वायुतत्वप्रकरण

'वायुतत्वप्रकरण' ग्रन्थ महर्षि शाकटायनले लेखेको हो। शाकटायनको समय ईसा भन्दा साधारण ५ हजार भन्दा अझमाथि हुनु पर्छ। किन भने ईसा भन्दा १ हजार वर्ष पूर्वको त यहाँ वैयाकरण पाणिनीको समय निर्धारित छ। यसमा खिचातानीको आवश्यकता छैन। ई० सं० आधारमा प्राचीन ऋषि महर्षिहरुको या प्राचीन ग्रन्थको काल निर्धारण गर्नु ठूलो भूल हो। यो कुरा लेखिसकियो। यहाँ शाकटायनको प्रसङ्गमा भन्नु यत्ति छ कि पाणिनिले आफ्नो अष्टाध्यायीमा शाकटायनको नाम प्रष्ट लिएको हुनाले पाणिनि भन्दा पूर्वका हुन् भन्ने इतिहास सिद्ध छ। यी महर्षि शाकटायन महावैयाकरण थिए। तर त्यसको साथ साथै विज्ञानमा पनि यिनको ठूलो देन बुझिन्छ। 'वायुतत्वप्रकरण'ले यो बुझाउँछ कि अरू कुनै प्रकरण हुनु पर्छ। जेहो वायु सम्बन्धी विज्ञानबाट हरेक कुराहरूमा प्रयोग यसको मुख्य विषय हो।

# देवर्षि नारदको वैश्वानरतन्त्र र धूमप्रकरण

देवर्षि नारदको विद्वत्ताको परिचय हामी छान्दोग्य उपनिषद्बाट पाउछौं। नारद कति ठूला विद्वान थिए भने, गन्ति गर्दा गर्नु नसकिने पाराले ब्रह्माको मानस पुत्र सनत्कुमारलाई उत्तर दिए। ऋग्वेदबाट थालेर भूतविद्या, नक्षत्र, गन्धर्व आदि सबै विद्याका पारङ्गत विद्वान् नारद सर्गातमा त थिंदै थिए। परन्तु यिनी विज्ञानको पनि ठूलो आविष्कारक थिए। 'वैश्वानरतन्त्र' यिनैको रचना मानिएको छ। 'वैश्वानर' शब्द अग्नि अर्थात् आगोलाई भनिन्छ। अग्नितत्वबाट समस्त विज्ञानको स्वरुप निकाल्ने ग्रन्थ नै 'वैश्वानरतन्त्र' हो। यस प्रकार नारदले जहाँ संगल विद्याको इतिहास छान्दोग्य उपनिषद्मा उबभ्याएको छ। त्यहीं प्राचीन विज्ञानको आविष्कारमा पनि ठूलो योगदान छ। अनि नारदको विशेषता विज्ञानको आविष्कार गरीकन, फेरि प्रयोग गरेर अनि अत्यन्ता चरम विज्ञान हरिभजनमा लाग्नु हो। यस प्रकारले नारद र 'वैश्वानरतन्त्र' अर्थात् ग्रन्थ रचने र ग्रन्थरचना दुबैले प्राचोन हिन्दू विज्ञानमा चार चाँद लगाई आधुनिक विज्ञानलाई बाटो देखाएर ठूलो उपकार गरेको देखिन्छ।

●

# मयदानवको मयमत

मयदानव विश्वप्रसिद्ध प्रतिभाको मूर्ति विद्वान् रावणको ससुरा थियो। अर्थात् मन्दोदरीको बुबा थियो। यो अत्यन्त विलक्षण विज्ञानको आविष्कार गर्ने वैज्ञानिकहरू मध्ये एक थियो। वीरको साथमा विज्ञानको आविष्कार मयदानवको विशेषता थियो। 'मयमत' नामी ग्रन्थ यिनैको हो ! यो ग्रन्थ प्रकाशित छ। मैले इलाहाबाद विश्वविद्यालयको पुस्तकालयमा हेरेको हूँ। मेरो विचारमा 'मयमत' वैज्ञानिक प्रकरण 'समराङ्गणसूत्रधार' आदि प्रकाशित प्राचीन विज्ञान सम्बन्धी ग्रन्थहरूको आधारमा पनि क्यै हिकमतले खोजगरे प्राचीन विज्ञानको पता अझ राम्ररी लगाउन सकिन्छ होला जस्तो लाग्छ। 'मयमत' को मैले कैयौं फेर पाना पाना पल्टाएर हेरें। कैयौं कुराहरूबाट चित्त बुझ्यो। पूर्वज हिन्दूहरूको विज्ञान र ऐलेको विज्ञानलाई धेरै अंशमा मैले तुलना पनि गरे। तर हरेक क्षेत्रमा प्राचीन विज्ञान नै चार हात अगाडि बढ़ेको देखें। आजकोले जे भने पनि भयो। तर ज्यूदो हुँदा खेरी छुएर देखाओस त। ज्यूँदो सिंहलाई छुएर उसको छालामा मात्रै हात राख्ने क्षमता कसैसँग हुँदैन। त्यो पनि आफ्नो अवस्थामा आफ्नो साम्राज्यमा बसेको सिंह होस त छुनु त के उसको अनुहार वा शरीरतिर ताक्नु नै सातो नभएको हुनु हो। उर्लीबारीमा भैंसी चराउँदाको इतिहास मलाई जस्ताको तस्तै छ। पाँचजना गोठालाको भैंसो उठाएर नलगून्जेल सम्म आवाज पनि निक्लेन। लगेर मारी रगत पिइसकेर गएपछि सबैको आवाज निक्ल्यो। धन्न गोठ मालिक पनि त्यसदिन सँगै थियो। अनि पछि मालिक आफै ए ! बाघ आयो ! भन्दै कराउन थाल्यो। मैले भने तपाईंले भैंसी लैजाँदा त कराउनु भएन। अब किन कराएको भन्दा, अब बाघ छैन अनि कराएको भने। यसको मतलब यै हो कि बाघले छापा हान्दा कसैको क्यै चलेन। गई सके पछि यस्तो उस्तो भनेर हल्ला हाँकिन्छन्। यै स्थिति प्राचीन र नवीनमा पनि छ। तर मयदानवको 'मयमत'ले पनि अवश्य नै प्राचीन हिन्दूविज्ञानको उज्वल रूपरेखा देखाएको छ। दुर्भाग्य यो छ कि संस्कृत नजान्ने खालेको हात लाग्दैन।

# मन्त्र र तन्त्रशब्दको अर्थ

अव यहाँ यो विचार गर्नु आवश्यक भएको देखिन्छ कि 'मन्त्रसर्वस्व' 'व्योमयानतन्त्र' 'यन्त्रकल्प' आदि वैमानिक ग्रन्थहरूमा जोडिएका मन्त्र, तन्त्र, यन्त्र, शब्दहरूको अर्थ के हो ? के धामी, झाँक्री, लामा, फेदाङ्वा, बिजुवा, ओझा, आदिले झाड्फूक गर्ने मन्त्र त हैन ? के पता बोक्सीको मन्त्र, तन्त्र, पनि हुनु सक्छ । यो कल्पना हैन, अपितु यस्तो कुरा कैयौं ठाउँमा आइलाएको हुनाले प्रष्ट लेख्ने मेसो गरेको हो । यहाँ मन्त्र, तन्त्र, यन्त्र, शब्दको अर्थ आफ्नै पारिभाषिक अर्थमा छ । जसलाई अंग्रेजीमा [टेक्नीकल वर्ड] भन्दछन् । त्यसलाई नेपाली भाषामा पारिभाषिक शब्द भन्दछन् । अनि पारिभाषिक शब्दको छुट्टै अर्थ हुन्छ । जस्तै अंग्रेजीमा डाक्टरहरूको कैयौं छुट्टै अंग्रेजी पारिभाषिक शब्द हुन्छ । त्यस्तै जज र वकीलहरूको पनि कोट या न्यायालयको आफ्नै पारिभाषिक शब्द हुन्छ । त्यस्तै वैज्ञानिकहरूको पनि पारिभाषिक शब्द छ । अब यी तीनै वर्गले उही अंग्रेजी जाने तापनि ती पारिभाषिक शब्दहरूको आफ्नो क्षेत्रमा प्रयोग गर्दा बुझ्दैनन् । अनि या त गलत बुझेर गलत अर्थ गर्छन् । या त बुझ्दै बुझ्दैनन् । अनि उही शब्द भए पनि सोध्नु पर्छ । अनि अर्थको ज्ञान हुन्छ । किनकि आफ्नो आफ्नो विभागमा यस्ता शब्द हुनु स्वाभाविकै कुरा हो । त्यस्तै यहाँ पनि मीमांसकहरूले 'यजमानः प्रस्तरः' भने, भने संस्कृतकै मान्छेले पनि प्रकरण र विषयको अर्थ नजानेको हुनाले 'प्रस्तरः' शब्दको अर्थ झट्ट ढुङ्गा गरी हाल्यो भने अर्थको अनर्थ भइहाल्छ । किन भने मीमांसकहरूको यो पारिभाषिक शब्द हो । अनि उनीहरूको मतमा 'प्रस्तरः' शब्दको अर्थ कुशले बनाएको मुठ्ठो हो । तर सामान्य अथवा आम संस्कृत भाषामा 'प्रस्तरः' ढुङ्गालाई नै भनिन्छ । त्यस्तै ज्योतिषीहरूले 'एकादश रूद्रोहत' भनेमा आम संस्कृतभाषामा बोल्नेहरूले आपत्ति गरेर लडनु सक्छन् । किनभने 'रूद्र' देवतालाई मार्ने अर्थ बुझेको हुनाले त्यसो हुन गयो । उसले 'हत' शब्दको अर्थ पारिभाषिक हो भनेर बुझेन । अनि ज्योतिष जान्नेहरूको अर्थ त ११ को अंकले गुणा गर्नु अर्थ हो । त्यस्तै

तन्त्रहरूमा[1] पनि कैयौं पारिभाषिक शब्द छन्। जो वंशबुद्धिपरंपरा र गुरुमुखले मात्रै क्यै छुट्याएर जान्न सकिन्छ। त्यसै भएको हुनाले त हिन्दूविज्ञानमा यसको नियम छ कि गुरु परम्परा र वंशपरंपराबाट मात्रै रहस्य जान्न सकिन्छ भनेका छन्। भारत नेपालकाले जतासुकै अंग्रेजी जाने ता पनि हमेशाको लागि अधकल्चोनै हुन्छ। कतै वाक्य विन्यासमा त कतै, ग्रामरमा, त कतै साहित्यिक ध्वनि उच्चारणमा कमी भइराखेको हुन्छ। त्यसको सुधारको लागि इङ्गलेण्ड, अमेरिका, आदिमा गएर सच्याउन पर्छ। फेरि पनि सफल हुने हो कि हैन। फोरन गएर धक्कू देखाउँनु त अर्कै कुरा हो। त्यस्तै जतासुकै विदेशीहरूले अथवा मेक्समूलर, कीथ, थीवो, वेट्निस, जानसोन आदिले संस्कृत जाने पनि दुई जन्म लगाए पनि भारत खण्ड जम्बूद्वीपमा नै आउनु पर्छ। फेरि पनि सफलताको चाबी हात लाग्ने हो कि हैन। यसै प्रकारले हिन्दूविज्ञान सम्बन्धी अथाह साहित्य छ। अथाह विषयहरू छन्। मन्त्र, ब्राह्मण, आरण्यक, उपनिषद, सूत्र, स्मृति, पुराण, रामायण, महाभारत, र षडङ्ग आदिमा भरिएको अथाह ज्ञानराशिको एक थोपा काहीं कतै कसैलाई मिल्दा उच्छलिने कामै के छ र? यो ऐले सम्म थोरै थोरै जो ग्रन्थन गरिएको छ। ती मध्ये प्राचीन हिन्दूविज्ञानको दिक्दर्शन मात्रै हो। त्यसमा पनि यस्ता शब्दहरू छन् कि जसको व्याख्या गरेर सम्झाउनु आवश्यक छ। आवश्यकता थियो र यो कुरालाई राखिएको छ। प्रकृतमा मन्त्र शब्दको अर्थ के छ त भन्दा भारद्वाज मुनिले आफ्नो 'यन्त्रार्णव' ग्रन्थमा प्रष्ट अर्थ गरेर देखाएको छ। हेर्नुहोस्।

मन्त्रज्ञाः ब्राह्मणः पूर्वे जलवाय्वादिस्तम्भने।
शक्तेरुत्पादनं चक्रुः तस्मान्मन्त्र इतीरितः॥

यसको अर्थ यो छ कि जल र वायु दुवैलाई स्तम्भन गरेर अर्थात् विधिले रोकेर जो शक्ति उत्पन्न हुन्छ त्यसलाई 'मन्त्र' भन्दछन्। यहाँ माथि श्लोकमा आएको 'मन्त्रज्ञाः 'ब्राह्मणः' शब्दको अर्थ पानी र हावालाई रोकेर विजुली आदि शक्ति उत्पन्न गर्न सक्ने वैज्ञानिक हो। न भए

---

१. मातृयोनौ क्षिपल्लिङ्गं, भगिन्यास्तनमर्दनम्।
गुरोर्मुर्ध्नि पदं दत्वा स याति परमां गतिम्॥

यस्ता तन्त्र ग्रथन्हरूमा पारिभाषिक शब्द छन्। संस्कृत जान्ने हूँ भन्नेहरूको बुद्धिमा पनि प्वाल पारी दिन्छ।

'शक्तेरूत्पादनं चक्रः' को अर्थ वस्दैन। आज पनि यसै विधिले भारतमा थेम, डाम, पुंडाम, भाखडानङ्गल आदिमा विजुलीको उत्पादन गरेको देखियो। आजभन्दा लाखौं वर्ष पूर्वको नकल भइराखेकोछ। यसैलाई हिन्दूविज्ञानको परिभाषामा 'मन्त्र' भन्दथिए। अब मन्त्रबाट अन्यत्र प्रचारित गर्ने क्यै साधन हुनु पर्‍यो त्यो के हो त भन्दा यन्त्र—

दण्डैश्चक्रैश्च दन्तैश्च सरणि भ्रमकादिभिः।
शक्तेस्तु वर्द्धकं यत्तच्चातकं यन्त्रमुच्यते ॥

दण्ड, चक्र, आराजस्तो दाँत भएको, सर्किने, घुमने, वरतिर, परतिर, तला माथि आदि द्वारा जुन शक्तिको वर्द्धन र सञ्चालन हुन्थ्यो। त्यसलाई यन्त्र भन्दथिए। यो परिभाषा लाखौं वर्ष पहिलेको हो। आजको यन्त्र पनि उसै नकलमा घुमी राखेको छ। त्यसको साथ साथमा—

'मानवीपाशवीशक्ति कार्यं तन्त्रमिति स्मृतम्'

भनेर तन्त्रको लक्षण पनि मज्जाले गरेकोछ। अथवा यसरी संझनु होस्—मानवी = भनेको मान्छेको शक्तिको साथमा पाशवी भनेको 'पाश' नाम गरेको अलौकिक शक्तिबाट हुन सक्ने जो कार्य छ त्यसलाई 'तन्त्र' भन्दछन्। यहाँ कैयौं विद्वानहरूले 'पाशवी' को अर्थ पशुहरूको सहायताले भन्ने अर्थ गरे। तर यो यान्त्रिक विज्ञानको प्रसङ्गमा पशुबाट सहयोग लिन आवश्यकता छैन। त्यसो हुँदा यन्त्र विशेषकै नाम हुनु पर्छ। यहाँ पाठकहरूले यो पनि राम्ररी संग बुझ्नु आवश्यक छ कि, मैले वेदमन्त्रहरूमा प्रयोग हुने 'मन्त्र' शब्दको अर्थ लिएको छैन। त्यस्तै तन्त्र शास्त्रहरूमा प्रयोग हुने 'तन्त्र' शब्दको अर्थ पनि लिएको छैन। केवल यहाँ वैज्ञानिक भारद्वाजको वैज्ञानिक पारिभाषिक शब्दको अर्थ जस्ताको तस्तै राखिदिएको छ। वेद तन्त्रहरूमा प्रयोग भएको मन्त्र र तन्त्र शब्दहरूको अर्थ उनीहरूको मतमा वेग्लै छ। तै पनि विज्ञान संग गजबसित मेल खान्छ। डराउँने कुरा छैन। तर्सिने बानी हराएमा। यस रीतिले यस विज्ञानको पारिभाषिक शब्द मानिएको हुनाले पाठकवृन्दहरूले संका मान्ने अवसर छैन र हामीले १९ शताब्दीमा साइंस सिख्यौं भन्ने भ्रम पालने आवश्यकता पनि छैन। हामी पहिले नै जुनमा पुगिसकेका थियौं।

# ग्रामो फोनको आविष्कार

यस बाजाको आविष्कार १८७७ मा अमेरिका बासी 'एडीसन' भन्ने मानिसले गरेको हो। यस वैज्ञानिकले जो परिश्रम गऱ्यो। त्यो त निश्चतै प्रशंसनीय छ। त्यो पनि आजको युगलाई त वरदानै भने पनि हुन्छ। किन भने क्यै न हुनु भन्दा त क्यै न क्यै हुनु राम्रै हो। तर ग्रामोफोन बाजाको श्रेय हामी 'एडीसन' लाई नै दिन सक्दैनौं। किन भने आज पनि बराबरी पुरातत्व सम्बन्धी शोध खोज भइराखेको छ। अनि फेला परेको वस्तु वा पदार्थहरूको जाँच पडतालबाट त्यसको आयु निर्धारण पनि भइराखेको छ। यस्ता खोजी गर्ने एक व्यक्तिलाई तिब्बतको एउटा ठूली खान्द्रा गुफामा ७७ रिकार्ड मिल्यो। यी रिकार्ड ठीक 'ग्रामोफोन' को रिकार्ड नै हो। तर अन्तर यति छ कि कुनै धातु या द्रव्य आदिको न भएर, ढुङ्गाले बनेको छ। जसमा सुई लगाएर बजाइन्छ। त्यो हेलिङ्ग र सुई चाँही प्राप्त भएन। रिकार्ड सुरक्षित मिल्यो अरे। जसमाथि राखेर बजाइन्छ, त्यो बाक्स पनि ध्वंशावशेषमा मिल्यो अरे। अब ती रिकार्डको पता लगाउँन धेरै ठाउँका वैज्ञानिक र पुरातत्व वैज्ञानिकहरू त्यहाँ पुगे। शोध खोज र जाँच गरी पता लगाउँदा ४० हजार वर्ष देखि अस्सी हजार वर्ष पुराना सिद्ध गरे। कसैले चाहीं ३० हजार देखि ४० हजार वर्ष पुराना सिद्ध गरे। अब विचार गर्नु होस्। यद्यपि यी वैज्ञानिकहरूमा आपसमानै एक मतो छैन। तै पनि ३० देखि ४० हजार वर्ष राखे पनि 'एडीसन' नामी वैज्ञानिकले नयाँ ग्रामोफोन बनायो, या नयाँ आविष्कार गऱ्यो भन्ने कुरा त फेल हुन जान्छ। अनि यी खोज गर्नेहरूको कुरा अथवा खोज झूठो हो भनौं भने आज विश्वको सबै राष्ट्रले अरबौं रुपया लगाएर यस्ता कुराहरू माथि दिन रात रिसर्च गरी, गराई राखेको देखिन्छ। त्यसो हुँदा दुई पक्षमा एउटाले अवश्य सही हुनु पर्छ। एकले चाहीं झुक्नु पर्छ। न्यायालय वा कोर्टबाट दुबै पक्षको जीत भएर निवलेको देखिदैन। तर एडीसनको परिश्रम र नामलाई पनि मेटाउँने काम छैन। त्यसोहुँदा द्राविण प्राणायाम न गरीकन यो भन्न सकिन्छ कि 'एडीसन' को 'ग्रामोफोन' आविष्कार प्राचीन हिन्दूवैज्ञानिकहरूको अंशबाट प्राप्त भएको इतिहास प्रष्ट हुन्छ। नत्र ३० हजार देखि ४० हजार पुरानो सिद्ध हुने कुरा बन्न सक्दैन। यो कुरा निश्चित छ कि 'ग्रामोफोन' बाट पनि प्राचीन आर्यहरू अपरिचित थिएनन्।

# वनस्पतिमा चेतन

प्राचीन हिन्दूवैज्ञानिक वनस्पति विज्ञानमा पनि पछि थिएनन् । यो इतिहास प्राचीनवाङ्मयको पानालाई गोडदा हामी सहजै पाउछौं । भारतीय आधुनिक हिन्दूहरूमा डा० जगदीश चन्द्र वसुको खोजलाई विश्वले एक फेर माने । पहिले वनस्पतिमा जीव हुने सिद्धान्तको प्रतिवाद चारै तिरवाट हुँदै गएता पनि, एक दिन इंलेण्डको मञ्चमा गएर एक दिन आफ्नो सिद्धान्तलाई राखी दिए । वहाँका वैज्ञानिकहरूले प्राक्टिकल मागे । उनीले संझाई दिए । अब त विश्वको वनस्पति वैज्ञानिकहरूले पनि मुक्त कण्ठले मान्न थाले कि वनस्पतिमा पनि प्राण हुन्छ । तर यो वनस्पतिहरूमा चेतनताको सिद्धान्त आधुनिक युगको आविष्कार हैन । आधुनिक युगको देन पनि हैन । यो सिद्धान्त त लाखौं वर्ष पहिले नै आर्यावर्तमा प्रचलित थियो वनस्पति विज्ञानको ग्रन्थ नै छुट्टै लेखिएका थिए । आज त्यसको उदाहरण वेद, ब्राह्मण, आरण्यक, उपनिषद्, पुराणादिमा प्रचुरमात्रामा उल्लेख भएको पाइन्छ । अथर्ववेद त स्वतन्त्र वनस्पति विज्ञानको पुस्तकै भने पनि हुन्छ । उसको ठाउँ ठाउँको प्रकरणहरूमा सारै राम्रो ढंगसंग वनस्पति विज्ञानको चर्चा भएको छ । उही हो कि संस्कृतमा छ । त्यसो हुँदा नाक च्यपराउँन पर्छ मान्छेलाईं । संस्कृत पढ़नेहरूमा पनि प्रवेश र आस्था नभएको लागि वेकामे छ । तर कैरात, कुटुम, बड, पिपल, आदि वनस्पति संग तादात्म्य स्थापित गरेको कुरा हामो वेदादि ग्रन्थहरूमा पाउछौं । त्यसो हुँदा जगदीश चन्द्र वसुको वनस्पति चेतना संबन्धी खोज आज भन्दा लाखौं वर्ष पहिले भइसकेको थियो । यति कुरा अवश्य मान्नु पर्छ कि, एक फेर माथि पुगेर ओर्लेको कुरालाई जनाई दिए । यति नै आधुनिक वैज्ञानिकहरूको अलि कति मानिएको विशेषता छ । वनस्पति, वृक्ष, बुटा, लहरा, पाखन भेद, उल्टोकुरो, सानोकुरा, तुलेगो, खन्यू बुहारि,[१] झार आदिमा प्रत्यक्ष आज पनि चेतना सञ्चार भएको देखिन्छ । अनि आजको युगमा जरा, बुटा, सोत्तर, आदिमा अझ राम्रो

१. नाच्ने वृक्ष,—वाई डांगो अफ्रीकाको गाँव केवाई तथा फ्रांस केन्द्रिय स्थानहरूमा एउटा आश्चर्यजनक वृक्ष पाइन्छ । भारत रविवार ११ जुलाई १९-७६ ई० हेर्नु होस् ।

चेतन सञ्चार भएको देखिन्छ। बुहारो झारको पात फर्फराएको बेलामा गएर छुइदिंदा लजाउँछ र अनि मुर्झाउँछ। अनि खुम्चिन्छ। अनि क्यैं वेर पछि फेरि उस्तै फक्रिन्छ। साँझ पर्न थाले पछि लिएर रात भरि खुम्चिएको हुन्छ। फेरि विहानी पख भएपछि विस्तारै फक्रिनु थाल्दछ। अनि रातको रानीले चाहीं दिउँसो चुप लागेर वस्छे। घाम डुब्न थाले पछि विस्तारै फक्रनु थाल्छे। दश बजे राति देखि विहान पख सम्म मगमगाउँछे। रात भरी मान्छेको घर र उछ्यान वरी-परी सवैलाई सुवासित पारि दिन्छे। यस्ता अनेकौं अरू पनि वनस्पति वृक्षहरू छन्। दैत्याकार वृक्ष, राक्षवृक्ष, नरभक्षीवृक्ष, दैत्यवृक्ष, आदि वृक्षहरू आजको वैज्ञानिक भनाउँदा युगमा पनि विद्यमान छन्। अनि आजका वनस्पति विज्ञान शास्त्रीहरूले छेउँ भेउँ पाउन सकेका छैनन्। भारतको रविवारीय अङ्क ११ जुलाई सन् १९७६ ई० मा प्रकाशित लेखको लेखिका कमला देवीले राम्रो खोज गरेर यो लेख लेखेको छ। जहाँ मानवीय अनेक प्रकारका अद्भुत सृष्टि छ। त्यही उस परमात्माको वनस्पति सृष्टि पनि उत्तिकै अद्भुत छ। फ्रांसको एलेबिले नारमण्डीमा एक वृक्ष अद्भुत छ। त्यस वृक्ष माथि एउटा अंग्रेज पादरीले दुईतले गिरिजाघर बनाएको छ। त्यो वृक्षले त्यहाँ गिरिजाघरमा भएको पाठ पूजाको आनन्दको अनुभव पनि गर्दछ अरे। त्यस्तो क्यै लक्षण देखाइदिन्छ अरे। त्यो वृक्षको उमेर एक हजार वर्ष भन्दा माथिनै छ अरे। अनि एउटा कुतुबनुमा भन्ने वृक्ष पनि पाइन्छ। त्यो वृक्ष मान्छे जस्तै नियम गर्ने खाले देखिन्छ। त्यसको कोमल पातहरू हमेशानै उत्तर र दक्षिण तर्फ घुमिराखेका हुन्छन्। डाक्टर वृक्षको नाम मान्छेले नसुने पनि महुवा भन्ने वृक्षको नाम त नेपाल, भारतका प्रायः सवै जस्ताले सुनेकै छन्। भारतमा प्रायः महुवाको वृक्षमा गएर क्यै पूजा, अर्चना, पाठ आदि गरेर आरोग्य माग्दछन्। यो क्रियालाई अर्वपागलहरूले त ढोंग, ढपोसला, या रूढ़िवादी भनेर टड्काई दिनु पनि बेर लाउँदैनन्। तर यसको अन्तःसञ्ज्ञाबाट त्यो क्रिया भएको उनीहरूलाई थाह हुँदैन। किनकि विचार शक्तिका अन्धा हुन्छन्। तर यसमा अन्तः सञ्ज्ञा भएर निको गरेको पनि बुझिन्छ। दक्षिण अफ्रिकाको बेलाविस्त्रियाँ आदि ठाँउमा एक विचित्र प्रकारको बूटा पाइन्छ। ऊचाई एक फुट सम्म हुन्छ अरे। तर व्यास १५ फीट हुन्छ। यो सौवर्षको आयु भएको ठूटा हो। यसको विचित्रता यो छ कि उसको तीन पातले एक न एक ज्यान लिएर मात्र जान्छ अरे। यो के हो मान्छेको अर्थात् चेतनको

जस्तो नियम भएको। यसैलाई राक्षस वृक्ष भन्दछन् अरे। यसको बारेमा ठूला ठूला वनस्पति विज्ञानशास्त्री हारिसके। त्यस्तै एक फ्रान्सीसी यात्री डा० मेल्सनले मेडागास्कर द्वीपमा भ्रमण गर्दा एउटा 'नर भक्षी' वृक्ष पाएको थियो। डा० नेल्सनले त्यसको उल्लेख गर्दा यो वृक्ष २५ देखि ३० फीट सम्म ऊच्चा हुन्छ अरे। त्यस वृक्षमा थाली जत्रै आकर्षक फूल हुन्छ अरे। त्यो सुन्दर फूललाई देखेर लोभिएर पशु वा मान्छे अथवा पक्षी जो पनि गएभने आफ्नो एक फिट लामो कांडा गडेर रगत चूसेर मारिदिन्छ। अनि मात्रै छोड़ छ। अनि आस्ट्रेलिया, लङ्का, मलया, भारतको आसाम, वंगाल, क्षेत्रहरूमा 'घटपर्णी' भन्ने वृक्ष पनि यस्तै किसीमको छ। यसलाई 'दैत्यवृक्ष' पनि भन्दछन्। यी वृक्षहरूलाई प्रकृतिले बनाएका हैनन्। किनकि प्रकृति पक्का जड़ छ। वृक्ष आदि चेतना शक्तिले युक्त छ। त्यसो हुँदा जड़ वस्तुले चेतनलाई बनाउन सक्दैन। अनि बुद्धिगम्य कुरा पनि छैन। यस्तो वनस्पति विज्ञानको राम्ररी टुङ्गो लगाएर प्राचीन हिन्दू वैज्ञानिकहरूले उद्घोष गरिदिए कि, पछि आउने सन्तानले यो जानुन्-वृक्ष अन्न आदिमा चेतन सत्ता छ। त्यसैले त आज भन्दा लाखौं वर्ष पहिले मनुले ताली ठोकेर भनेकि वृक्ष आदिमा चेतन छ। हेर्नुहोस—

तमसा बहुरूपेण वेष्टिताः कर्म हेतुना।
अन्तःसञ्ज्ञाः भवन्त्येते सुखदुःखसमन्विता॥

[म० १।४९] अर्थात् वृक्षादिदेखि लिएर स्थावर सबैमा कौन कौन तमोगुण प्रधान योनि हुन्छन्। मानवयोनिमा विविध अधर्म गर्नाले जीव त्यो अवस्थामा पुग्छ। यहाँ सबै भन्दा महत्वको कुरा छ 'अन्तः सञ्ज्ञा भवन्ति'। यी वृक्ष आदिमा भित्र चेतना हुन्छन् भनेर नजानेको भए कसरी लेख्थे र ? त्यसो हुँदा प्राचीन आर्यहरूले वनस्पति विज्ञानलाई गोड़ी नेली सफा पारेर खलामा राखेका थिए भन्ने कुरा यो इतिहासले छर्लङ्ग बुझाउँछ। अब बल्ल हामी वनस्पति विज्ञानमा फूलेका छौं भन्ने घमण्ड गर्नु पर्दैन। यस माथि बरु अलिवेसरी खोज गर्नु आवश्यक छ। त्यसो भए हामी आर्य विज्ञान अर्थात् हाम्रो पुर्खाहरूको विज्ञानलाई माथि निकाल्न सक्छौं।

# आधुनिक विमानको आविष्कार

वर्तमान समयको विमान चर्चा गर्दा हवाई जहाज उडानको क्षेत्रमा १२५० ई० मा अंग्रेज पादरी रोजर्स बेकनले लेटिन भाषामा एक पुस्तक लेखेर प्रकाशित गरेको थियो। त्यसको अनुवाद १६५९ ई० मा भएको छ। उडानको वर्तमान इतिहास वा जग अथवा घरेडी यहींबाट थालिएको छ। १५ शदीमा इटलीको निवासी कलाकार 'ले ओ नार्डो' ले पङ्खा चलाउने कैयौं योजनाहरू बनाए। यो मान्छे प्रतिभासम्पन्न कलाकार थियो। यिनले चित्रकार, मूर्तिकार, इञ्जिनियर र आविष्कारकको रूपमा ख्याति पाएको छ। प्याराशूट र हवाई छाताको आविष्कार पनि यिनैको देन हो। तर 'ले ओ नार्डो' को योजना आफ्नै ढंगको थियो। १४४८ सन् मा 'स्टोङ्गफेलो' ले एउटा विमान बनायो। यो विमान वास्प = भापले चल्थ्यो। यो इञ्जिनमा चल्ने विमानहरूमा पहिलो विमान हो। तर यो सारै सफलताले चलेन। तैपनि क्यै न हुनु भन्दा क्यै हुनु हो उखानलाई सार्थक पारे। आपसमा क्यैं सोच विचार हुँदै जान्छ। त्यसो हुँदा सन् १८४२ मा 'विलियन हेन्स' नामी व्यक्तिले घोर परिश्रम गरेर एक विमान बनायो। अनि उसको नाम [ एरिपल ] राख्यो। तर परिश्रम सफल भएन। विमान उडन सकेन। विचरा हेन्सले हार खायो। यसै बीचमा सन् १८५५ मा 'ब्रोश' नाम गरेको वैज्ञानिकले 'ग्लाइडर' नाम गरेको विमान बनायो। यो पनि सारै सफल भएन। केवल एक फर्लांग सम्ममात्रै हुन्थ्यो। तर खोज र निर्माण तेजीले चल्दै गयो। त्यसो हुँदा सन् १८९० मा जर्मन निवासी 'ओटोति लिएण्टल' नामी वैज्ञानिकले गेसबाट चल्ने विमान बनायो। फेरि फ्रान्समा पनि यस्ता वैज्ञानिक आविष्कारकहरू धेरै हुँदै गए। आधुनिक 'हेली केप्टर' को आविष्कार गर्ने 'इगोरसिको रस्की' नामक वैज्ञानिक थियो। यिनको जन्म ५ मई सन् १८८९ मा रूसमा भएको हो। सन् १९०३ मा यिनले 'एरोवस' नामक विमान उडाएको हो। यस प्रकारले विश्वको ठूला ठूला सबै देशहरूमा अब होड़ मच्चिन थाल्यो। त्यसो हुँदा १३ अगस्त सन् १९५१ मा एच्० टी० नाम गरेको विमान भारतले पनि प्रथम बार उडायो। यस विमानको विशेषता यो थियो कि यो विमान भारतमा बनेको थियो। केवल कल, पुर्जा, मशीन आदि इङ्गलेन्डबाट

सापट लिएका थिए। अर्को विशेषता यो थियो कि बनाउने वैज्ञानिक कलाकारहरू पनि भारतीय नै थिए। त्यसो हुँदा भारतले प्रथमवार सभ्य भएर जहाज उडाएको अनुभव त्यतिखेर अवश्य गऱ्यो होला। मोहन जोदडो, हडप्पासिन्ध, सक्कर आदिको सभ्यता भन्दा लाखौं वर्ष पहिले नै भारत र नेपालले विमान उडाइसकेका थिए। यसको प्रमाण उद्धृत गरिसकिएको छ।

# पत्थर कोईलाको पता

आज दाउराको अभावमा कोईला जलाएर वा बालेर घर घरमा ठूला ठूला शहरहरूमा भान्सा बनाएर खान्छन्। अब त घर गाँवमा पनि देखिन थाले। विस्तार विस्तारै देशव्यापी मात्रै हैन विश्वव्यापी बनेको छ। तर यस उपयोगी पदार्थ कोईलाको पता लगाउने मानिस एउटा नपत्याउँदो साधारण शिकारी थियो। उसको नाम 'निकोलस एलन' थियो। यो 'पेन्सल भेडिया' भन्ने ठाउको निवासी थियो भन्छन्। जहाँको भए पनि आज विश्वको प्रायः दाउरा र त्यस्तै साधन न पाइने देशहरूमा यसैको उपयोग हुन्छ। रेलगाडीको इन्जिनदेखि लिएर ठूला ठूला मील, कल, कारखाना आदि यसैको भरमा चलेको देखिन्छ। तर यो आविष्कार १७ या १८ शताब्दीको आविष्कार हैन, अपितु 'प्रस्तरोल्मुक' नामले यो बुझाउँछ कि कोइलाको आविष्कार पनि धेरै पहिले भइसकेको थियो। अनि यसको आविष्कार अवश्य पनि यो भन्दा पहिले नै भएको प्रष्ट बुझिन्छ। तर अलिकति क्यै अन्तर थियो होला। यी विषयहरूमा निरन्तर शोध खोजको आवश्यकता पनि छँदै छ। किन भने, यो भन्दा पूर्व कालमा यसको उपयोग गर्ने तरिका के थियो। कसरी पाए। सबै भन्दा पहिले खोजी गरेर भेटाउँने मान्छे को थियो आदि कुरा जान्नु, जनाउनुको लागि नै शोध खोजको प्रयोजन हुने छ। के पता, आधुनिक युग भन्दा यसको उपयोग क्यै विशेष रूपमा हुन्थ्यो कि? जस्तै जहाज आदिका उपयोग आज भन्दा राम्रो तरिकाले हुन्थे। पानी जहाज, पण्डूबी आदिले पनि अलौकिक शक्ति राख्थे। आज भन्दा उ बेलामा विशेष वैज्ञानिक ढंगले उडाइन्थे। चलाउँथे भने यस्तै कैयौं तरिकाहरू अवश्य पनि कोइलाको बारेमा पनि थियो होला। तर सूक्ष्म दृष्टिले आफ्नो इतिहासमा खोजे मात्रै पता चल्ने छ। त्यसो हुँदा हामीले आफ्नोमा नखोजीकन अर्काकाँ ओतिनु जानु भयङ्कर भुल हुने छ। यस भुललाई अवश्य सुधार्नु पर्छ।

# आधुनिक घडीको आविष्कार

सर्व प्रथम आधुनिक घडीको इतिहास ९९८ देखि पाउँछौं। जसको प्रचार आज विश्वको कुना काप्चाको ठूला साना कुनै मान्छे छुटेका छैनन् होला, जसका हातमा या गोजीमा, अथवा घर भित्रको आली खोपा आदिमा घडी नहोस्। यस घडीले पनि विश्व व्यापेको छ। तर यस घडोको आविष्कार इटली देशको निवासी 'पादरी लिसवेष्ट' नामी व्यक्तिबाट भएको थियो। तर एक प्रकार घडी मात्र बनाएको थियो सफलता पाएन। त्यसको अर्को दिशामा १२०० हालेण्डनिवासी 'ह्यजेम्स' नामक कलाकारले गरेको प्रयत्न सफल भयो र वर्तमान घडीको व्यापकता सर्वविदित छ। आज पृथिवीको मानव मात्रको एउटा आभूषण भएर विश्वमा घडीले साम्राज्य गरेको छ। यसको हानी र लाभ जे होस्। समयले नै समयलाई बताउने छ। यो अवश्य छ कि वैदिककाल देखिनै घडीको उपयोग भएर आएको हो। यो संकेत पछिल्लो पाठमा गरी सकेको छ। धेरै यस्ता व्यक्तिहरू छन्। जुनको मस्तिष्कले 'पानी घडी' र सूर्यको छायाबाट मात्रै समयलाई जान्दथिए भन्छन्। तर यो सोचाई या प्रचार ठीक छैन। प्राचीन इतिहासहरूमा घडीको उल्लेख प्रष्ट भएको पाउँछौं। त्यो पनि पूर्णरूपले कल, पुर्जा भएको घडीको प्रमाण छ। 'विना शब्दको घडी' शीर्षकमा यसको प्रमाण उद्धृत गरिसकेको छ। उतैबाट बुझिलिए हुन्छ। त्यसो हुँदा आजको युगमा हामीले घडी बान्न सिकेको हैन, अपितु प्राचीन हिन्दूहरूले नै विचित्र घडी बनाइसकेका थिए। आजको घडी उसैको नक्कल मात्र हो। पूर्वजहरूको आविष्कारलाई हामीले अवश्य नै नजानीकन हेला गरेका छौं।

# रेडियोको आविष्कार

रेडियोको आविष्कार सन् १९०३ मा मार्कोनीले गरेको इतिहास प्राय: सबैलाई थाहा छ। मार्कोनी इटलीको बसैया हो। यिनको रेडियो सम्बन्धी परिश्रम पनि विश्वव्यापी छ। तर मार्कोनीको रेडियोमा संगीत सुनाउने र सामाचार पक्रने क्षमता थिएन। यो परिश्रम १९१६ मा अमेरिकनहरूको परिश्रमले संगीत सुन्ने तथा समाचार सुन्ने सम्म बनेको छ। तर रेडियोको आविष्कार आधुनिक हैन भन्ने प्रमाण 'सौदामिनी कला' आदि ग्रन्थहरूमा प्रष्ट भएको छ। विमान या हवाईजहाजमा लागेको यन्त्र [ मशीन ] द्वारा, अर्काको जहाजमा मान्छेले गरेको कुरालाई आकर्षण गर्ने पक्रने यंत्र उतिखेर पनि थिए। सीधा शब्दमा यो भन्न सकिन्छ कि वार्लिस र टेपरिकार्ड, रेडियो आदिका प्रयोग खुलेर हुन्थ्यो। त्यो पनि साधारण रूपमा हैन, अपितु हवाई जहाज प्रयोग हुन्थे। जब यस प्रकारको उल्लेख हाम्रो प्राचीन साहित्यमा अथवा इतिहासमा पाइन्छ भने ती सामग्रीहरूलाई मशीन बनेको थिएन। यी वार्लिस, रेडियो आदिलाई कसरी बनाए ? यो केटा केटीको जस्तो फेद न टुप्पाको प्रश्नै बेकार छ। यस्ता अनेक प्रकारका वार्लिस, रेडियो जस्ता वैज्ञानिक वस्तुहरू तैयार थिए, भने ती वस्तुहरूलाई तैयार पार्ने मशीन, कल, यन्त्र आदि बनेका थिएनन् होला र ? अवश्य पनि बनेका थिए। त्यसो भएको हुनाले आधुनिक विज्ञानले नै ह्मीलाई रेडियो सुन्न सिखाएको हो भन्ने धारणा गलत छ। आधुनिक रेडियोले या वार्लिसले प्राचीन वार्लिस, र रेडियोसँग दाँजा जोड्न पुग्नु त यस्ता कैयौं शताब्दी लाग्ने छ। तर हाम्रो वार्लिस विज्ञानलाई बन्नु पनि लाखौं वर्ष लाग्यो। अनि बिग्रनु पनि उसै क्रमले बिग्रयो। जसको सत्तालाई आज नभए जत्तिकै ठानी राखेका छौं। यी ग्रन्थहरूमा पनि न भए त, भएको कुरालाई पनि असत्यनै सिद्ध गर्ने थिए। हाम्रा सौभाग्यले यस्ता यन्त्रहरूका उल्लेख धोको खोलेर गर्न पाइन्छ।

# टेलीविजनको आविष्कार

आधुनिक सर्व प्रथम टेलीविजनको आविष्कार 'निपकालीवर' नामी व्यक्तिले गरेको हो। तर यिनको प्रथम प्रयास सफल भएन। अनि १९३३ मा अमरिका निवासी 'जान वेयर्ड' नामी व्यक्तिले सच्चाएर पुरा गऱ्यो। आज ठूला शहरहरूमा घर घरमा यो नभई हुँदै हुँदैन। १९२६ सम्ममा यो आविष्कारले पनि धूम मचायो। तर प्राचीन हिन्दू विज्ञानको 'दिक्प्रदर्शन रहस्य'लाई हेर्दा यो पता लाग्छ कि आजको टेलीविजन भन्दा कता हो कता विचित्र 'टेलीविजन' को आविष्कार गरेको पाउँछौं। अर्का-को जहाज आएको चित्र र सूचना, कुन दिशाबाट सफलता मिल्छ। कुन दिशाबाट प्रहार गर्दा फरक पर्दैन आदि सबै संकेत प्राचीन वैज्ञानिकहरूले आविष्कार गरेको टेलीविजनमा हुन्थ्यो। आजको टेलीविजन त एक ठाउँ-देखि अर्को ठाउँ सम्म नाच, गान, भाषण, आदि गरेको चित्र र हाव भाव मात्रै खिचछ। तर आजको टेलीविजनले दिशा सूचना आदि कार्य-सँग क्यै सम्बन्ध राखेको देखिएन। त्यसो हुँदा जहाज आदिमा दिशा सूचना गर्ने यन्त्र अर्कै लागेको हुन्छ। यो कुरा अवश्य छ कि हाम्रो टेलीविजनको कार्यकाल ईसा भन्दा पूर्व नै थियो। समाप्त हुनको लागि अनेक कारणहरू जोडिए। फेरि आविष्कार गर्ने वैज्ञानिकहरू मारिए। कतै अन्य कारणवश समाप्त भए। तर प्राचीन टेलीविज़नको संकेत हामी, प्राचीन ग्रन्थ सूची पाउँछौं। यस्तै अनेक वैज्ञानिकहरू प्राचीन कालमा अनेक थिए। तर हामीलाई 'थिए'मा पनि अवश्य सन्तोष गर्नु परेको छ। परन्तु यो नियम पनि हामीले भुल्नु हुँदैन कि ईसा पूर्व नै हाम्रो वैमानिक टेलीविजन कला समाप्त भए। त्यसो हुँदा हाम्रो आर्यावर्तमा विज्ञान थिएन। किन्तु निश्चितरूपमा थियो। यै हिन्दू विज्ञानको क्यै न क्यै एक साधारण नकल आधुनिक टेलीविजन हो।

# अन्तरिक्ष माथि विजय

यस दिशामा सोवियत सङ्घको वैज्ञानिकहरूले धेरै प्रयत्न गरे। त्यस प्रयत्नको फल यो मिल्यो कि १९५७ सितम्वरमा 'स्पूतनिक' नामक राकेट= उपग्रह वायुमण्डलमा पठाएर दुनियालाई छक्क पारे। यस उपग्रहको शरीरको वजन सवा दुई मन थियो। फेरि यिनैले 'स्थूनिकट' अर्को 'स्पूनिक' राकेट बनाए। यो राकेट पहिलेको भन्दा चौदह मन भारी थियो। यस रीतिले रूसी वैज्ञानिकहरूले त्यस राकेटमा [लाइका] नाम गरेकी कुकुरनी-लाई पठाए। उसको साथमा खरायो र मूषालाई पनि पठाए। यी जीव जन्तुहरूलाई अन्तरिक्षमा पठाएर उनीहरू माथि हुने अन्तरिक्ष मण्डलको जल, वायु, कार्वो, आक्सीजन, हाइड्रोजन, नाइड्रोजन, आदि के केको, कस्तो कस्तो प्रभाव हुन्छ। अथवा कस्तो प्रभाव ती जन्तुहरू माथि पर्छ भनेर अध्ययन गरे। यस अध्ययनको साथ साथ यिनले फेरि [ ल्यूनिक ] नाम गरेको 'प्रेक्षण यन्त्र' लाई चन्द्रमामा पठाए। भन्छन् कि यो राकेटले चन्द्रमालाई पार गरेर सूर्यको क्षेत्रमा घुमी राखेको छ अरे। ऐले सम्म पनि पृथिवीले जस्तै सूर्यको चक्कर लगाई राखेको छ अरे। त्यस पछि पनि तेस्रो [ लूना ] नामक राकेट छोडे। यो १९५९ मा छोडियो। यस राकेट-को मशीनले ठीक चन्द्रमा सम्म पुग्ने काम गर्‍यो। तर त्यो पनि जुनैमा छ। फर्केको छैन अरे। यस प्रकार पछि पछि छोपदै अमेरिकाले पनि अन्तरिक्ष विजयको लागि [ एडवान्स ] र [ एक्सप्लोरट ] नामक उपग्रह अन्तरिक्षमा पठाए। अमेरिकाको वैज्ञानिकहरूले यी राकेटहरूमा बांदर-लाई बसाएर पठाए। निरन्तर परीक्षण पनि गर्दै गए। तर मान्छे जाने साहस भएन। तर रूसले यस क्षेत्रमा बाजी मार्‍यो। १२ अप्रैल १९६१ मा सत्ताइस वर्षीय सोवियत युवक हावाबाज श्री यूरी गगरिनले १०८ मिनट सम्म अन्तरिक्षमा वसेर कुशल पूर्वक पृथिवीमा फर्केर आयो। यो रूसको ठूलो विजय थियो। यस रीतिले अन्तरिक्षमा आधुनिक वैज्ञानिकहरू होडा होडामा पुगे, तर विचार गर्दा, शोध खोज गर्दा १९ शताब्दीमा नै मानव चन्द्रमामा पुगेको हैन। अपितु हजारौं लाखौं वर्ष पहिले पनि पुगेका थिए।

●

# सात आश्चर्य

वैदिक विज्ञान अथवा हिन्दूविज्ञानको कतिपय आश्चर्य जनक आविष्कार-लाई सुन्ने वित्तिकै गफ भनेर मुन्टो लुकाउने क्यै काम छैन। अथवा समग्र प्राचीन इतिहासलाई नगोडिकन तो इतिहास या साहित्यको हत्या गर्नु जघन्य पाप हो। हाम्रो विज्ञान र इतिहास दुवैको हत्या दुवैतिरबाट भएको बुझिएको छ। अंग्रेजी खालेहरूले बाउकै जेथा भए पनि सन्तोषको पोकालाई खाडल खनेर पुरीकन निरन्तर त्यो वेदमा के छ? त्यो नाथे संस्कृतमा के छ? त्यो पाजी संस्कृतले हाम्रो जोवन पाल्नु सक्छ? ती पाजी वेद शास्त्रहरूमा हामीले मुन्टो जोडेर के पाउनु छ र? जंगली अवस्थाको अवैज्ञानिक भाषाको के महत्त्व? अमीवाबाट विस्तारै बाँदर भएर मान्छे बने। ढुङ्गा, हाड, छालाबाट प्रारम्भ गरेर गोठालाले गाएको गीत नै त वेद हो। यस्ता अनेकौं बौलाहा कुरा आधुनिक शिक्षा पाउने-हरूबाट सुन्न पाउछौं। कतै दुई चार अक्षर कोर्नु जानेको छ भने, मूल भाषालाई न जाने पनि सुनेको भरमा या कसैले अनुवाद गरी राखेको भरमा झट्ट आफ्नै दांतले आफ्नै जिभ्रोलाई अचानो बनाउँछन्। उनीलाई थाहानै हुँदैन। त्यसै भएको हुनाले बौलाहामा दाँजिन पुगेको देखिन्छ। अर्का पट्टी शुद्ध संस्कृत जान्ने वैदिक संस्कृतज्ञ पवित्र चुला ढुकुवा हौं भन्नेहरूको पनि कमी कुनै हालतमा देखिन्न। यिनीहरूको दागा यो छ कि वेदमा सबै कुरा छ। तर सोद्दा हात हल्लाएर [हरि ÷ ॐ] देखि बाहेक क्यै देखिएन। वेदमा के लेखेको छ? के के को वर्णन कहाँ कहाँ आएको छ? विज्ञान कहाँ छ? इतिहासको वर्णन कहाँ छ? भूगोल कहाँ छ? प्राचीन सामाजिक स्थिति के थियो? इत्यादि कुरा सोद्दा हामी शुद्ध वैदिक कर्मकाण्डी, त्यसको हामीलाई के मतलब भन्दछन्। अनि त ती पाश्चात्य शिक्षामा भिजेको आधुनिक बाहुनले नै, त्यो प्राचीन गौरवको क्यै अंशमा रक्षा गर्ने बाहुन माथि अचानो बनाएर प्रहार गर्न थाल्छन्। अनि एकले अर्का माथि प्रहार गर्दा निश्चयनै वेद जान्नेहरूको बोलनमा कमसल भएको हुनाले चुप लाग्न पर्छ। आधुनिकतामा क्यै न भए पनि कुराको फाइफुट्टे हाँक्न कुनै हालतमा कम हुँदैनन्। अब तथ्य के हो त भन्दा यस रीतिले हमेशा नै बाहुनले बाहुनलाई नै अचानो बनाउँदा, हिन्दूले हिन्दू-

# अन्तरिक्ष माथि विजय

यस दिशामा सोवियत सङ्घको वैज्ञानिकहरूले धेरै प्रयत्न गरे। त्यस प्रयत्नको फल यो मिल्यो कि १९५७ सितम्वरमा 'स्पूतनिक' नामक राकेट=उपग्रह वायुमण्डलमा पठाएर दुनियालाई छक्क पारे। यस उपग्रहको शरीरको वजन सवा दुई मन थियो। फेरि यिनैले 'स्थूनिकट' अर्को 'स्पूनिक' राकेट बनाए। यो राकेट पहिलेको भन्दा चौदह मन भारी थियो। यस रीतिले रूसी वैज्ञानिकहरूले त्यस राकेटमा [लाइका] नाम गरेकी कुकुरनी-लाई पठाए। उसको साथमा खरायो र मूषालाई पनि पठाए। यी जीव जन्तुहरूलाई अन्तरिक्षमा पठाएर उनीहरू माथि हुने अन्तरिक्ष मण्डलको जल, वायु, कार्वो, आक्सीजन, हाइड्रोजन, नाइड्रोजन, आदि के केको, कस्तो कस्तो प्रभाव हुन्छ। अथवा कस्तो प्रभाव ती जन्तुहरू माथि पर्छ भनेर अध्ययन गरे। यस अध्ययनको साथ साथ यिनले फेरि [ ल्यूनिक ] नाम गरेको 'प्रेक्षण यन्त्र' लाई चन्द्रमामा पठाए। भन्छन् कि यो राकेटले चन्द्रमालाई पार गरेर सूर्यको क्षेत्रमा घुमी राखेको छ अरे। ऐले सम्म पनि पृथिवीले जस्तै सूर्यको चक्कर लगाई राखेको छ अरे। त्यस पछि पनि तेस्रो [ लूना ] नामक राकेट छोडे। यो १९५९ मा छोडियो। यस राकेट-को मशीनले ठीक चन्द्रमा सम्म पुग्ने काम गऱ्यो। तर त्यो पनि जुनैमा छ। फर्केको छैन अरे। यस प्रकार पछि पछि छोपदै अमेरिकाले पनि अन्तरिक्ष विजयको लागि [ एडवान्स ] र [ एक्सप्लोरट ] नामक उपग्रह अन्तरिक्षमा पठाए। अमेरिकाको वैज्ञानिकहरूले यी राकेटहरूमा बांदर-लाई बसाएर पठाए। निरन्तर परीक्षण पनि गर्दै गए। तर मान्छे जाने साहस भएन। तर रूसले यस क्षेत्रमा बाजी माऱ्यो। १२ अप्रैल १९६१ मा सत्ताइस वर्षीय सोवियत युवक हावाबाज श्री यूरी गगरिनले १०८ मिनट सम्म अन्तरिक्षमा वसेर कुशल पूर्वक पृथिवीमा फर्केर आयो। यो रूसको ठूलो विजय थियो। यस रीतिले अन्तरिक्षमा आधुनिक वैज्ञानिकहरू होडा होडामा पुगे, तर विचार गर्दा, शोध खोज गर्दा १९ शताब्दीमा नै मानव चन्द्रमामा पुगेको हैन। अपितु हजारौं लाखौं वर्ष पहिले पनि पुगेका थिए।

# सात आश्चर्य

वैदिक विज्ञान अथवा हिन्दूविज्ञानको कतिपय आश्चर्य जनक आविष्कार-लाई सुन्ने वित्तिकै गफ भनेर मुन्टो लुकाउने क्यै काम छैन। अथवा समग्र प्राचीन इतिहासलाई नगोडिकन तो इतिहास या साहित्यको हत्या गर्नु जघन्य पाप हो। हाम्रो विज्ञान र इतिहास दुवैको हत्या दुवैतिरबाट भएको बुझिएको छ। अंग्रेजी खालेहरूले बाउकै जेथा भए पनि सन्तोषको पोकालाई खाडल खनेर पुरीकन निरन्तर त्यो वेदमा के छ? त्यो नाथे संस्कृतमा के छ? त्यो पाजी संस्कृतले हाम्रो जोवन पाल्नु सक्छ? ती पाजी वेद शास्त्रहरूमा हामीले मुन्टो जोडेर के पाउनु छ र? जंगली अवस्थाको अवैज्ञानिक भाषाको के महत्त्व? अमीवाबाट विस्तारै बाँदर भएर मान्छे बने। ढुङ्गा, हाड, छालाबाट प्रारम्भ गरेर गोठालाले गाएको गीत नै त वेद हो। यस्ता अनेकौं बौलाहा कुरा आधुनिक शिक्षा पाउने-हरूबाट सुन्न पाउछौं। कतै दुई चार अक्षर कोर्नु जानेको छ भने, मूल भाषालाई न जाने पनि सुनेको भरमा या कसैले अनुवाद गरी राखेको भरमा झट्ट आफ्नै दांतले आफ्नै जिभ्रोलाई अचानो बनाउँछन्। उनीलाई थाहानै हुँदैन। त्यसै भएको हुनाले बौलाहामा दाँजिन पुगेको देखिन्छ। अर्का पट्टी शुद्ध संस्कृत जान्ने वैदिक संस्कृतज्ञ पवित्र चुला ढुकुवा हौं भन्नेहरूको पनि कमी कुनै हालतमा देखिन्न। यिनीहरूको दागा यो छ कि वेदमा सबै कुरा छ। तर सोद्दा हात हल्लाएर [हरि ÷ ॐ] देखि बाहेक क्यै देखिएन। वेदमा के लेखेको छ? के के को वर्णन कहाँ कहाँ आएको छ? विज्ञान कहाँ छ? इतिहासको वर्णन कहाँ छ? भूगोल कहाँ छ? प्राचीन सामाजिक स्थिति के थियो? इत्यादि कुरा सोद्दा हामी शुद्ध वैदिक कर्मकाण्डी, त्यसको हामीलाई के मतलब भन्दछन्। अनि त ती पाश्चात्य शिक्षामा भिजेको आधुनिक बाहुनले नै, त्यो प्राचीन गौरवको क्यै अंशमा रक्षा गर्ने बाहुन माथि अचानो बनाएर प्रहार गर्न थाल्छन्। अनि एकले अर्का माथि प्रहार गर्दा निश्चयनै वेद जान्नेहरूको बोलनमा कमसल भएको हुनाले चुप लाग्न पर्छ। आधुनिकतामा क्यै न भए पनि कुराको फाइफुट्टे हाँक्न कुनै हालतमा कम हुँदैनन्। अब तथ्य के हो त भन्दा यस रीतिले हमेशा नै बाहुनले बाहुनलाई नै अचानो बनाउँदा, हिन्दूले हिन्दू-

लाई नै हावाकाटने धारको निशान बनाउँदा आपसमा नै दास राज्ञ अथवा देवासुर संग्राम हुन्छ। अनि मनको कुरा होनी। जे होस आफ्नो छाडी अर्काकोमा वास वसन पुग्छन्। अनि जहाँ सम्म हुनु सक्छ, उ बाहुनै भए पनि, हिन्दू नै भए पनि, निरन्तर आफ्नो देशको इतिहासको हत्या गर्नेतिरै लाग्छन्। अनि न सम्झी, न बुझी ईसा भन्दा चारहजार वर्ष पहिलेको गोठाले गीत तिम्रो वेद हो बुझ्यौ ? तर भन्ने मान्छेले यो बुझेन कि मेरै जुता मेरै टाउको हो। बुझेत किन मायामारी हाल्थ्यो र। अनि विज्ञान त १९ शताब्दीको देन हो भनी, चुला ढुकुवा बाहुन या ती सीधा साधा जनतालाई तर्साइदिन्छन्। त्यसो हुँदा यो उपसंहारमा 'सात आश्चर्य' पनि जोडिंदैछ। लाखौं वर्ष पुरानो विज्ञानलाई त राखी सकियो। अर्थात् यो भन्दा पहिले पाठहरूमा दर्शाइसकियो। उपसंहारमा एउटा प्रमाण या उदाहरण मात्रै प्रस्तुत गरिदैछ। 'नमिताको' अनुसार आज भन्दा ६ हजार वर्ष पहिलेको इतिहासको कुरा यो छ। 'नमरूद'[1] नामको एक सम्राट 'नेत्वा' नाम गरेको राजधानीमा राज गर्थ्यो। उतिखेर त्यो राजधानी प्रत्येक मान्छेको स्मृतिपटलमा अङ्कित रहन्थ्यो। अर्थात् अत्यन्त प्रसिद्ध थियो। नमरूद सम्राटको राजधानो ६० मील लामो र ५० मील चाक्लो थियो। यसको किला यत्रो फराकीलो थियो। यस किलाको चारै तिर विशाल १५०० गुम्मर अत्यन्त सुहाउँदिलो थियो। यस राजधानीको भित्र सात आश्चर्य थिए। अर्थात् सम्राट नमरूदले आश्चर्यजनक कुवां, हंस, मूर्ति आदि सात आश्चर्य बनाएका थिए। ती यध्ये पहिलो आश्चर्य यो थियो कि शहरदेखि अलिक बाहिर एउटा ठूलो तालाव बनाएको थियो। त्यस तालावमा तरने एउटा सुन्दर संगमरमरको [हंस] हाँस बनाएका थिए। त्यस हाँसमा यो विशेषता थियोकि विदेशबाट आएका कुनै पनि मान्छे राजधानीमा पस्ने चाल गर्ने वित्तिकै हाँस कराउन थाल थियो। हाँस यति सारो कराउँथ्यो कि सम्पूर्ण राजधानीको जनसमूहले यो थाहा पाउथ्यो, कि कुनै विदेशी आएछ। राजधानीमा पस्न चाँहदो रहेछ भनी जान्द थिए। हाँसको आवाज सुनेर सीपाही, पाले, चौकीदारहरूले अनि त्यो मान्छे संग निधिखोजी गर्थे। स्वदेशकै चोर, डाका, फटाहा, छुलेहा,

---

१. रविवार १६ अक्टूबर १९७७ सन् ई० को भारतले चारहजार वर्ष पुरानो नमरूदको शासनकाल बताएको छ। तै पनि ई० पू० चार हजार वर्ष भए पछि यो इतिहास ६ हजार वर्ष पुरानो हो।

मुलेहा, डगाहा, गुण्डा, आदिबाट पनि निर्भय राख्थ्यो। यो पहिलो आश्चर्य थियो। यो संगमरमरको ढुङ्गाले बनेको हाँसमा कुनै चाहीं जादू थियो होला ? विना विज्ञानको यो कुरा हुन सक्दैन। दोस्रो आश्चर्य यो थियो कि राजधानीको बाहिर द्वारमा एउटा धातुको भयानक मूर्ति बनाएर उभ्याइदिएका थिए। त्यो फलामे मूर्तिमा यो विशेषता थियो कि खतरनाक जो पनि जानवर सिंह, गैंडा, हाथी, आदि आउने वित्तिकै पक्रेर त्यो मूर्तिले मारी हाल्थ्यो। तेस्रो आश्चर्य यो थियो कि सम्राट नमरूदले एउटा ढोल बनाउन लगाएको थियो। त्यो ढ़ोलमा यस्तो पराक्रम थियो कि गाँव, शहर, बजार, राजधानी आदिमा कसैले चोरी, डकैती आदि गऱ्यो भने, जसमा सक अथवा सन्देह हुन्थ्यो। त्यो ढ़ोल भएको ठाउमा पुऱ्याउँथे। अनि राज आज्ञाबाट त्यो ढोल अथवा नगरालाई सवैले छुनु पर्थ्यो। त्यसमा अपराध नगर्नेहरूले छुंदा क्यै हुँदैन थियो। चोरी, डाका, आदि अपराध गर्नेहरूको छाया पर्ने वित्तिकै ढोलमा आवाज सुरू हुन्थ्यो। अनि अपराधीले छुए पछि बज्न थाली हाल्थ्यो। यस प्रकारले त्यो राज्यमा कैले पनि चोरी हुँदैन थिए। चोरी डाकामा पकडेको मान्छेलाई वेसरी सजाय दिन्थे। चौथो आश्चर्य यो थियो कि सम्राटको पानीको एउटा हौज अर्थात् पानी टंकी या पानी जमा पारेर राख्ने ठाउ बनाएका थिए। त्यस हौजको यो विशेषता थियो कि, त्यहाँ पानी भरनु जाँदा दूध, शराब, मह आदि कैयौं पदार्थ मान्छेहरूको पात्रमा पर्थे। फेरि त्यस पछि घुली मीली एक पानी नै हुन्थ्यो। प्रत्येक मान्छेले गिलास अथवा बाल्टीमा जे लगेर जति हालेको छ। उही उतिनै त्यो हौजबाट निक्लन्थ्यो। अर्थात् कसैले एक गिलास दूध हालेर फेरि निकाल्यो भने त्यै एक गिलास मात्रै उसलाई मिल्थ्यो। यस उसै हौजमा जसले शराब हाल्थ्यो उसलाई उही मिल्थ्यो। यस प्रकारले प्रत्येक जे जे हालेर फेरि आफ्नो भांडा, बट्टुका, गिलास, आदिले डूबाएर पानीकै हौजबाट पानी निकाल्दा जे जे हालेको थियो, उही उही, उति उतिनै निक्लन्थ्यो। अनि पछि अरू सबै पानी नै रहन्थ्यो। पाँचमा आश्चर्य यो थियो कि सम्राटले एउटा ऐना बनाएको थियो। त्यो ऐनाको प्रयोग सालभरमा एक फेर गरिन्थ्यो। सालमा एक फेर सवै भेला भएर त्यो ऐनालाई हेर्न आउथे। त्यो ऐनामा हेर्दा यो विचित्र देखिन्थ्यो कि आफ्नो मान्छे परदेश गएको छ भने सन्चै छ कि, बिरामी, छ कि या मऱ्यो कि यी सवै कुराको पता लाग्थ्यो। त्यो के थियो भने

सेनीमाको रिल हेर्रे जस्तै आफ्नो मान्छे त्यो ऐनामा देखाई दिन्थ्यो। मरीसके छ भने चियानमा लामो परेको प्रष्ट देखिन्थ्यो। यस प्रकारले त्यो ऐनाबाट हरेक जनताले पनि लाभ उठाउँथे। अनि यहाँ यो पनि ध्यानमा राख्ने कुरा छ कि यो के थियो ? छैटौं आश्चर्य नमरूदले यो तैयार गरेको थियो कि एक पानीको मुहानमा राम्ररी नाना प्रकारको अमूल्य मसालाहरूले नक्शा बनाएको थियो। त्यो नक्सा प्रत्येक राज्यको घेरा लिएर नापेर बनाएको थियो। अनि त्यो नक्साबाट पुरा राज्यहरू देखाई दिन्थे। त्यसो हुँदा कैले काहीं कुनै राज्यको प्रजाले नमरुद सम्राटको विरूद्धमा आन्दोलन गर्ने छांट निकाले भने त्यो पानीको श्रोत उसै राज्य तिर ढलकाइदिन्थे। कोनी त्यो पानीको श्रोतमा कुन विज्ञान थियो। त्यो राज्य अथवा त्यो शहरै खतम हुन्थ्यो। त्यसो हुँदा नमरूदको राष्ट्रमा प्रजाले कैले पनि आन्दोलन वा विरोध गर्ने साहस गर्दैन थिए। सातौं आश्चर्य यो थियो कि सम्राट नमरूद जुन राजमहलमा बस्द थियो। त्यस महलको छेउमा, एउटा आश्चर्यजनक रूख थियो। त्यो रूख के को थियो लेखालीले लेखेन। तर त्यस वृक्षको छायामा जति मान्छे जान्थे। उतिनै आफ्नो छाया फैलाउदै जान्थ्यो। यहाँ सम्म पनि छाया फैलाउथ्यो कि लाख दुईलाख जति गएपनि पुरा छाया फैलाइदिन्थ्यो। यस प्रकारले नमरूदले आफुलाई स्वयं ईश्वर पनि घोषित गर्थे।

हामीलाई नमरूदको राज्य शासन संग क्यै मतलव छैन। तर नमरूदको सात आश्चर्य प्राकृतिक थियो कि स्वयं बनाएको हो। यसमा विचार गर्ने मेसो परेको देखिन्छ। यो सात आश्चर्य प्राकृतिकै हो भने आज पनि क्यै मात्रामा कतै, कुनै उपलब्ध हुनु पर्ने हो। तर उपलब्ध नभएको हुनाले प्राकृतिक हैन। अर्को कुरा प्राकृतिक नष्ट भ्रष्ट हुनु सक्छ। तर त्यसको कुनै अंशमा हुनै पर्छ। देखिन्न। त्यसो हुँदा यी आश्चर्यहरूको नाता प्रकृति संग छैन। अनि यो शंका हुनु स्वभाविक छ कि पानीको चस्मा अर्थात् पानीको मुहान र वृक्ष त प्राकृतिकै हुनु आउँछ। त्यो पनि पाइएको छैन। त्यो पानीबाट मह, दूध, शराब आदि निस्कनु वृक्षले आफ्नो छाया बढ़ाउनु साँच्चै आश्चर्यको कुरा हो। अनि एकैमा हैन। सातैमा एक भन्दा एक आश्चर्यजनक वैज्ञानिक रहस्य छ। १९ शताब्दीले नै हामीलाई चन्द्रलोकमा पुर्‍याएको हो भने यी छ हजार वर्ष पुरानो इतिहास झूठो हो त ? अर्थात् नमरूदको इतिहासै झूठा हो र ? ईसा भन्दा ८ या १० हजार वर्ष पूर्वको मिश्रको 'पिरामीड' पनि झूठै हो ? हिमाच-

लको वैजनाथा भन्ने ठाउमा बनेको वैद्यनाथ मन्दिर महाभारतको काल भन्दा अलिपूर्वमा नै बनेको हो। त्यसलाई हेर्दा विज्ञानको सीमाको टुङ्गो लाग्छ। ईसा भन्दा तीन सौ वर्ष पूर्वको सम्राट अशोकले बुद्धको कीर्ति-स्तम्ब ढुङ्गाको त्यत्रो ठूलो, लामो, ती ठाउहरूमा न पाइने ढुङ्गालाई केमा राखेर लुम्बिनी कपिलवस्तु आदि स्थानहरूमा पुऱ्याए होला ? त्यहाँ आस पास छेउ छाउमा त त्यो ढुङ्गाको जाति नै देखिदैन। अनि हेर्नेहरूले यो आश्चर्य प्रकट गर्नु पर्छ कि बीस, पच्चीस जना मान्छेले त छुनु सक्ने कुरै छैन। त्यही, यतादेखि उता गरेर पल्टाए मात्रै। टाढ़ाबाट मान्छेले उठाएर ल्याउने कल्पना विना वैज्ञानिक साधनको 'पागलपनाको कल्पना' मात्रै हुने छ। अनि त्यो जातिको ढुङ्गा जहाँ भए पनि त्यत्रो सीपले बनाउने कुरा पनि कम वैज्ञानिक कुरा हैन। कुशीनगरमा स्वयं बुद्धको निर्वाणकालको २१ फीट लामो मूर्ति रातो खाले ढुङ्गाले बनेको छ। सम्भवत: मूर्ति बुद्धले प्राण छोडे पछि उनीको शिष्य र उतिखेरका राजामहाराजाहरूले बनाएर सुताइदिएका थिए। त्यो बुद्धमूर्तिलाई हेर्दा यो अवश्य पनि विचारमा आउँछ, कि विज्ञान न भईकन त्यो मूर्ति त्यहा वन्न सक्दैन थिए। अनि रातो ढुङ्गा त्यहाँ आस पास छैन। फेरि त्यत्रो लामो मूर्ति कुनै ढुङ्गाले जोडेर बनाएको छैन। काश्मीर पहलगाँवको पाण्डवमन्दिरमा लागेको मसाला के को मसाला थियो। हिमाचल प्रदेशको सलापड भन्ने ठाउदेखि अलि माथि बाटो खन्दा खेरि पाहाड़ भत्काउनु पऱ्यो। त्यत्रो ठूलो पाहाड फोरदा, त्यो भित्र शिव मन्दिर निक्लयो। त्यसमा विचित्र मसालाहरू लागेको देखिन्छ। त्यो कैलेको हो ? त्यो मसाला केको हो ? जम्मू अगाडि जिला रजोरी र जिला पूँछमा बनेको शिव मन्दिर र पाण्डव मन्दिर दुवै एकै ढुङ्गाले बनेको छ। मन्दिर पनि साना हैन निकै ठूला छन्। मान्छे उभिएर पूजा गर्न जान्छन्। मध्य प्रदेशको खजुराहोमा बनेको मन्दिर दक्षिण रामेश्वरको मन्दिर, मीनाक्षी, श्रीरङ्गमको मन्दिर, उडीसाको जगन्नाथ मन्दिर, भुवनेश्वरको मन्दिर, दिल्लीको मुहमद तुकलकले भत्काएको तुकलकावादको किलाको गुम्मट, गढ़वाल, केदारनाथको मन्दिर, मन्महेश पाहाड भित्रको पुरातत्व, वसुकेदार दाणकोटको गणेशमूर्ति, गुजरातको सोमनाथ मन्दिर, मथुरा वृन्दावनको गोविन्द मन्दिर, कुमाऊको वैद्यनाथ मन्दिरको ध्वंशावशेष, आसाम कामाक्षा मन्दिरको भित्रको भाग, यस्तै मनिपुर, त्रिपुरा, वंगाल, आदिको पुरातत्वहरूले छर्लङ्ग पारेर बुझाउँछ कि हामी ऐले भर्खरै विज्ञानमा ताती गर्न पुगेका

छैनौं। त्यसो हुँदा हजारौं वर्षदेखि लिएर लाखौं वर्ष पैले पनि विज्ञान थियो। त्यो हो हिन्दू विज्ञान। ऐलेको विज्ञानले जन्म लिएको जम्मा पाँच सहे वर्ष हुँदैछ। अनि ती छिपिएका अनुभवी, व्यवहारी, कुशल मान्छे संग एक साधारण डीग्री बटुल्ने मान्छेले आफ्नो अधुरो ज्ञान छाँटेर फाँइफुटे लगाए जस्तै तुलनाले काम चल्दैन। नयाँ विज्ञानले हामीलाई क्यै दिएको छैन भनेको हैन। नयाँ पनि हाम्रै सन्तान हो। तर पुरानो विज्ञानमा नयाँ विज्ञान दाँजिन सक्दैन। किन भने उ पुरानै हो। उसको महत्वमा कुनै प्रकारको आँच आउन सक्दैन। निकम्मा सन्तान निल्केर बाउ बाजेहरूलाई न मान्नु उसैको निकम्मापन हो। त्यो उसैले बुझ्ने कुरा हो। उसले आफ्नो मूल स्रोतको टुङ्गो एकदिन लगाउनै पर्छ। लाख वर्ष पहिले पनि हाम्रो पुर्खा हिन्दू वैज्ञानिकहरूको धारणा विज्ञानको सम्बन्धमा सही थियो। अनि वेसरी प्रयोग गरेर पनि देखाएका थिए। यसमा क्यै सन्देह हैन। इति॥

# ऋषिवर भारद्वाजको वैमानिक कला

आज भन्दा हजारौं देखि लिएर लाखौं वर्ष पहिले नै आर्यावर्तीय हिन्दू वैज्ञानिकहरूले विमान [ जहाज ] बनाएर राम्ररी उडाउँन जानेका थिए भन्ने कुरा माथि लेखिएका प्रमाणहरूबाट सिद्ध भइसके। यहाँ ऋषिवर भारद्वाजजीको विमान कलाबारे क्यै छोटकरीमा चिनारी गराइदैछ। विश्वकर्मा जस्तै भारद्वाज पनि वैदिक वैज्ञानिक हो। आजको विश्वको विमानकला यिनैको देन हो। तर ऋग्वेदको भित्रै बार्हस्पत्य, सुहोत्र, शुन-होत्र, नर, गर्ग, ऋजिश्वा, पायु, छैटौं मण्डलमा भारद्वाजहरूको मज्जाले उल्लेख भएको छ। अन्यत्र पनि भारद्वाजको उल्लेख मनग्य पाइन्छ। तै पनि यी वैज्ञानिक भारद्वाज निस्सन्देह ऋग्वेदकालिक भारद्वाज हुन्। यिनीले विमानको आविष्कार गरेर एक फेर हिन्दू = आर्य जगत्मा विश्वगुरु बनेका थिए। केवल आध्यात्मिक र दार्शनिक क्षेत्रमा मात्रै हैन, अपितु विज्ञान र वैमानिक कलामा पनि हिन्दू विश्वगुरु थिए। माथिका समस्त प्रमाणहरूले यै सिद्ध गरेको देखिन्छ। अनि भोजलाई छोडेर यहाँ माथिका वैज्ञानिकहरू ईसा भन्दा हजारौं वर्षं पूर्वका मात्रै उद्धृत छन्। आधुनिक पाश्चात्य विज्ञानको तुलना र उदाहरण अंशमा मात्रै उद्धृत गरिएको छ। अब आउनु होस्। भारद्वाजको क्यै वैमानिक कलाको विषयमा जानकारी लिनु होस्। कृतकरहस्य,[१] गूढरहस्य, अपरोक्षरहस्य, सार्पगमन रहस्य, परशब्दग्राहकरहस्य, रूपाकर्षण रहस्य, दिक्प्रदर्शन रहस्य, स्तब्ध रहस्य, कर्षणरहस्य, आदि ३२ प्रकारले विमान [ जहाज ] चलाउँने कला प्राचीन हिन्दूहरू सँग थिए।

विश्वकर्मा, छायापुरुष, मनु, मयदानव आदि वैज्ञानिकहरूले बनाएको वैमानिक कला बनाउँने विज्ञान शास्त्रहरूलाई राम्ररी अनुसन्धान गरेर इच्छानुसार नयाँ नया विमान [ हवाई जहाज ] को रचना गर्नु नै कृतक रहस्य हो। यो रहस्य पूर्ण अधिकारी पुरुषले मात्रै जान्नु सक्छ। वायु-तत्त्व प्रकरणमा निर्देश गरेको अनुसार हावालाई [ वायु ] रोकेर आठ प्रकारको कलाबाट हावाको शक्तिलाई रोकेर सूर्यको किरणमा भएको अन्धकार शक्तिलाई आकर्षण गरेर विमान सँग जोडाउँदा विमान दिउँसो पनि देखिदैन। यस प्रकारको विचित्र कला आजको युगमा देखिदैन।

---

१. 'कृतकरहस्यो नाम—विश्वकर्मा छायापुरुष मनुमयादि शास्त्रानुष्ठान द्वारा तत्तच्छुक्त्यनु-सन्धान पूर्वक तात्कालिक संकलानुसारेण विमान रचनाक्रम रहस्यम्' [ हि० सं० वि० पृ० नं० ७३७ ]

सारै माथि आकाशमा उड्यो भने मात्रै देखिंदैन। नत्र तल तलै उडदा त प्रष्टै देखि हालिन्छ। त्यसो हुँदा यो गूढरहस्य[१] विज्ञानको आविष्कार आज पनि भएको देखिंदैन। जो कि दिउँसै विमान नदेखिने गरी हिडोस्। अपरोक्षरहस्यलाई[२] शक्तितन्त्रमा प्रष्ट निर्देश गरेको छ। त्यसमा यस्तो निर्देश छ कि रोहिणी नाम गरेको विजुलीलाई फलाउँदा विमानको सामुमा के के वस्तु आउँदै छ कता जादैंछ। के गर्दै छ। के हुँदैछ। यी सबै कुरा प्रष्ट गरी देखाइदिन्छ। यसले यो बुझाउँछ कि आज मात्रै हैन प्राचीन कालमा पनि जहाजमा विजुलीको प्रयोग गरेर बत्ती बाल्ने चलन थियो। नभए यस्तो इतिहासको उल्लेख किन हुन्थ्यो र। दिउँसो अधेरो गराउँने र राति उज्यालो पार्ने विज्ञान आजको हैन। सार्पगमनरहस्य[३]—यस रहस्यमा पनि दण्ड, वक्र, आदि सात प्रकारका वायु र सूर्य किरणको शक्ति आकर्षण गरेर विमावको मुखमा मन्त्रले तेर्छो पारिदिंदा त्यसको केन्द्र विन्दुमा पुग्छ। फेरि पछाडि गर्दा त्यसबाट एक अलौकिक शक्ति उत्पन्न हुन्छ। फेरि त्यसलाई मशीन द्वारा नालमा प्रवेश गराएर बटन दवाउँदा त्यो विमान साँपको जस्तो बाङ्गो घुमाउरो गतिले उडन सक्छ। परशब्दग्राहक[४]—रहस्य यो रहस्यलाई 'सौदामिनीकला' मा बताएको छ। शब्दको अर्थ पनि साफ छ। विमानमा जो यन्त्र लागेको हुन्छ। त्यस यन्त्रले विमानमा बस्ने यात्री र चालकहरूले अर्काले बोलेको शब्द प्रष्ट सुनाइदिन्छ। त्यसलाई आकर्षण गरिन्थे। भने पछि वार्लिस र टेप दुवै थिए, भन्ने इतिहासले बुझाउंछ। रुपाकर्षण[५] रहस्य पनि मामुली कुरा हैन। किन भने अर्को विमानमा भएको या भुइँमा भएको वस्तुहरूको चित्र [ फोटो ] खिचने

१. गूढरहस्यो नाम वायुतत्त्वप्रकरणोक्तरीत्या वातस्तम्भाष्टमपरिधिरेखापथस्य यासावियासाप्रयासादिवातशक्तिभिः सूर्यकिरणान्तर्गततमशक्तिमाकृष्य तत्संयोजनद्वारा विमानाच्छादनरहस्यम्।

२. अपरोक्षरहस्यो नाम शक्तितन्त्रोक्त रोहिणीविद्युत्प्रसारेण विमानाभिमुखस्थवस्तूनां प्रत्यक्ष निदर्शन क्रियारहस्यम्।

३. सार्पगमन रहस्यो नाम दण्डवक्रादि सप्तविधमातरिश्वार्क किरणशक्तीराकृष्य यानमुखस्य वक्रप्रसारणकेन्द्रमुखे नियोज्य पश्चात्तदाहृत्य शवत्यु द्गमननाले प्रवेशयत्। ततः तत्कीलीचालनाद्विमानस्य सर्पवद्गमनक्रियारहस्यम्।

४. परशब्दग्राहकरहस्यो नाम सौदामनी कलोक्तप्रकारेण विमानस्थशब्दग्राहकयन्त्रद्वारा परविमानस्थजनसम्भाषणादि सर्वशब्दाकर्षणरहस्यम्।

५. रुपाकर्षणरहस्यो नाम विमानस्थरूपाकर्षणयन्त्रद्वारा परविमानस्थितवस्तुरूपाकर्षणरहस्यम्।

[ हि० सं० वि० पृ० नं० ७३८ ]

कुरा साफ देखिन्छ। त्यतिखेर केमरा र दूर्वीनको अभाव थिए भन्नु अबूझ कुरा हो। दिक्दर्शन[1] रहस्यले दिशासम्बन्धी सूचना दिन्छ। जुन मन्त्रले विमानको मुख्य कोली [ वटन ] चलाउँनाले [ विशाम्पति ] नाम गरेको यन्त्रको नालीमा भएको सूई द्वारा अर्को जहाज अथवा आकाशीय गिद्ध आदि आएको दिशाको सूचना मिल्छ। यसले यति मात्रै हैन अपितु शत्रुहरूको विमानलाई नाश गर्ने यन्त्र पनि यसैमा थिए। स्तब्ध रहस्य[2] यस रहस्यले यो बुझाउँछ कि वर्तमान [ गेस ] को आविष्कार वर्तमान युगमा भएको हैन। अपितु प्राचीन युगमा भइसकेको थियो। यस गेसले अर्को शत्रु पक्षको जहाजमा बस्ने मान्छेहरूमा फेकें पछि मूर्छित हुन्थे।

कर्षणरहस्यले[3] त झन् सारो विचित्र यन्त्र प्रयोगबाट शत्रनाश गर्ने विधान बताएको छ। यदि आफ्नो विमानलाई कुनै शत्रुको विमानले नाश गर्नु आयो भने कसरी बाँच्ने ? त्यस्मा प्राचीन वैज्ञानिकहरूले पनि शत्रुको विमानको प्रहारबाट जोगिने, बाँच्ने कैयौं उपायहरूका आविष्कार गरी सकेका थिए। त्यसको लागि वटन, यन्त्र, कीली, गेस, विजुली, सूर्यकिरणको संयमन गरेर प्रयोगमा ल्याउँन प्राचीन वैज्ञानिकहरू असाध्य सिपालु थिए। यो अवश्य छ कि शस्त्र-अस्त्रहरूको प्रयोगमा पर्याप्त अन्तर हुँनु सक्छ। तर विज्ञान र वैज्ञानिक थिएन भन्नु कतिको सुहाउँदो कुरा हो, यो त ग्रन्थमा उद्धृत प्रमाणहरू छँदै छन्। हामोले यो भुल्नु हुँदैन कि हाम्रा पूर्वज पुर्खाहरू लाखौं वर्ष पहिले पनि अत्यन्त कुशल वैज्ञानिक थिए। बरू आधुनिक वैज्ञानिकहरू प्राचीन हिन्दू विज्ञानको आधा अंशमा पनि पुगेका छैनन्। यस्ता असंख्य विज्ञानको धारालाई ऋषिवर भारद्वाजले वेदरूपी समुद्रको मन्थन गरेर विश्वको सामुमा राखिदिए। यस प्रकार विश्वकर्मा, ऋभु, त्वष्ट्रा, छायापुरुष, मय, मनु, शौनक, गर्ग, नारायण, बृहस्पति, वाल्मीकि, अगस्त्य, नारद, शाकटायन, आदि प्राचीन हिन्दू वैज्ञानिकहरूका काल निर्धारण गर्नु पनि आजको इतिहासेहरूलाई

१. दिक्प्रदर्शनरहस्यो नाम विमानमुखकेन्द्रकीलीचालनेन दिसाम्पति यन्त्रनालपत्रद्वारा परयानागमन दिक्प्रदर्शनरहस्यम्।

२. स्तब्धरहस्योनामविमानोत्तरपार्श्वस्थसन्धिमुखनालादपस्मार धूमं संग्राह्य स्तम्भनयन्त्रद्वारा तद् धूमप्रसारणात् परविमानस्थसर्वजनानां स्तब्धीकरणरहस्यम्।

३. कर्षणरहस्यो नाम–स्वविमानसंहारार्थं परविमानपरम्परागमने विमानाभिमुखस्य वैश्वानरनालान्तर्गत ज्वालिनी प्रज्वालनं कृत्वा सप्ताशीति लिङ्क्रमाणोष्णं यथा भवेत् तथा चक्रद्वय कीलीचालनात् शत्रुविमानोपरि वर्तुलाकारेण तच्छक्तिप्रसारणद्वारा शत्रुविमाननाशनरहस्यम् [हि० सं० अं० प० नं० ७३८]

कैयौं युग लाग्ने छ। तारिके इतिहासको यसमा क्यै काम छैन। अत एव उपसंहारमा यो भन्नु सकिन्छ कि सारै सानिएको कुराले आतेस खाएर घसपसिएर सुर्के मुख लगाएर बस्नेहरूलाई यो एउटा हाकीलो र उरीलो पउँठे हुने छ। दास राज्ञ, तारकासुर, कुनै प्रलय, रामायण, महाभारत आदि युद्धले अवश्यनै हाम्रा विज्ञान र वैज्ञानिकहरूका पतन भएता पनि हामो, निर्वीज र अपुताली हैनौं। उत्थानको पर्यवसान पतनमा हुन्छ र पतनको पर्यवसान उत्थानमा छ। त्यसो हुँदा हामी पूर्ण वैज्ञानिक मानवका सन्तति हौं। नकि विकासवादी। त्यसो हुँदा ऋषिवर भारद्वाजजीलाई शतशः प्रणाम छ। भरद्वाजको 'यन्त्रसर्वस्व' ग्रन्थको वैमानिक प्रकरण-माथि कानपुर यूनिभरसिटीबाट शोध [रिसर्च] भइसक्यो। शोध प्रबन्धको शीर्षक महर्षि भरद्वाज प्रणीत यन्त्रसर्वस्वकै वैमानिक प्रकरणका विवेचनात्मक अध्ययन[1] छ। मेरो यति हो कि नेपाली साहित्यलाई विज्ञानको विषय लिईकन सिंगारेर आधुनिक विज्ञानको तुलनात्मक शोध खोज गरी प्राचीन हिन्दू विज्ञानको सपक परिचय दिनु हो। त्यसो हुँदा यो ग्रन्थ 'वेदमा के छ ?' को उपसंहार हो। अत एव एक्जीमेनिण्डर र डार्बिनको नितान्त काल्पनिक विकासवादका घडेरीलाई उसैको खन्ति, झेम्फल, मार्तलले भत्काएको छ। हामीले हैन। बलले पनि हैन। उनी विकासवादीहरूको काल गणना र काल विभागबाट उनीहरूको घडेरी कच्चिएला या भत्किएला भन्ने हामीलाई के थाहा ? हामीले त बुद्धिको तुलामा विचारको 'बाट' राखेर तौलेको मात्र हो। अर्को कुरा यो छ कि झेम्पल र मार्तल हान्नु परेन। साधारण खन्तिले नै त्यो विकासवादी तीन तले घर घडेरी सहित स्वाहा भयो। गणेशस्य प्रकुर्वाणो रचयामास वानरः' अर्थात् गणेशको मोहरा बनाउँदा बनाउँदै वानरको मुख बन्यो भने के गर्ने। त्यसो हुँदा पूर्व भाग 'वेदमा के छ ?' देखि यो उत्तर भाग 'प्राचीन हिन्दू विज्ञान' मा उपसंहार गरिएको छ। त्यसै भएको हुँनाले प्राचीन आर्य - हिन्दू वैज्ञानिकहरूको खोज भ्रम रहित छ भन्ने सिद्धान्त पाठकले प्रष्ट बुझ्नु पर्ने छ। जहाँ मेल खाएन या विरोध देखिन्छ। त्यहाँ अवश्य पनि आफ्नो गहन सिद्धान्त सँग या आफ्नो इतिहाससँग राम्ररी चिनारी नभएको हुँनु स्वाभाविक छ। त्यसो हुँदा दुवै ग्रन्थहरूमा उल्लेख गरेको मूल सँग पनि मिल्नु अनिवार्य छ। छोटकरीमा त अवश्यनै उपसंहार भएको छ। यसमा क्यै सन्देह छैन।

---

१. शोधकर्ता डा० प्रकाशमित्र शास्त्री एम० ए० पी० एच० डी०, सा० पु० इ० आचार्य सं० वि० अ० डी० ए० वी० इण्टर कालेज कानपुर।

# परिशिष्ट भाग

## ईसा भन्दा लाखौं वर्ष पूर्वका वैज्ञानिकहरू

१. ऋभु
२. त्वष्टा
३. विश्वकर्मा
४. ताराक्ष ( ताराकाक्ष )
५. कमलाक्ष
६. विद्युन्माली
७. मय
८. भृगु
९. गौतम
१०. कणाद
११. अश्विनी कुमार
१२. वर्वरी
१३. घटोत्कच
१४. हिडिम्बा
१५. शम्बर
१६. वर्चित
१७. नल
१८. नील
१९. एकलव्य
२०. द्रोणाचार्य
२१. नचिकेता
२२. चित्रलेखा
२३. कृष्ण
२४. श्वेताश्वर
२५. वृहस्पति
२६. नारद
२७. वाल्मीकि
२८. शुक्र
२९. अगत्स्य
३०. भोज
३१. शौनक
३२. गर्ग
३३. नारायण
३४. चक्रपाणि
३५. ढुण्ढिनाथ
३६. ईश्वर
३७. शाकटायन
३८. मनु
३९. अमरूद
४०. भरद्वाज
४१. बार्हस्पत्य
४२. सुहोत्र
४३. सुनहोत्र
४४. नर
४५. गर्ग
४६. ऋजिश्वा
४७. पायु

१—यी कुनै पनि वैज्ञानिक ( साइंसिष्ट ) ईसा भन्दा यताका छैनन् । ईसा भन्दा हजारौं देखि लाखौं वर्ष अघिका हुन् ।

## ईसा भन्दा पूर्वका वैज्ञानिक ग्रन्थ

ऋग्वेद
तैंतिरीय संहिता
ऐतरेयब्राह्मण
शिवपुराण
लिङ्गपुराण
स्कन्दपुराण
पद्मपुराण
गरूडपुराण
वाल्मीकि रामायण
भागवत पुराण
न्यायदर्शन
वैशेषिकदर्शन
महोपनिषद्
सिद्धान्त शिरोमणि
श्वेताश्वतरोपनिषद्
महाभारत
शुक्रनीति
कठोपनिषद्
(१) * शिशुपालवध
रघुवंश
शाकुन्तलम्

मनुस्मृति
(१) * व्योमयानतन्त्र
अगस्त्यसंहिता
यन्त्रकल्प
विमान चन्द्रिका
यानविन्दु
स्वतसिद्धिन्याय
खेटयानप्रदीपिका
व्योमयानार्थप्रकाश
युक्तिकल्पतरू
(२) ■ समराङ्गण सूत्रधार
शक्तिसूत्र
सौदामिनीकला
वायुतत्वप्रकरण
वैखान र तन्त्र
धुमप्रकरण
मयमतम्
यन्त्रसर्वस्व
वैमानिक प्रकरण
अंशुबोधिनी

---

(१) * यो ताराङ्कित ग्रन्थ ईसा भन्दा पछिको हो। सबै ग्रन्थहरू शेष ईसापूर्वकै छन्। उपर्युक्त ग्रन्थहरूमा विज्ञानका पर्याप्त उल्लेख पाइन्छ।

(१) * यी सबै ग्रन्थहरू शुद्ध विज्ञान ( साइंस ) का मात्रै छन्। यन्त्र, कल, कारखान, हवाई जहाज आदि बनाउने सामग्रीहरू ईसा पूर्व यिनी ग्रन्थहरूबाट प्राप्त गर्दथिए। तर केही अप्राप्य छन्। केही अप्रकाशित छन्। केही चाँहि प्राप्त छन्।

(२) ■ यो ग्रन्थ चाँहि ईसा पछिकै हो। तर आधुनिक विज्ञानले जन्म लिनुभन्दा पहिलेको हो।

## ईसा भन्दा पूर्वका विमानहरू

१. त्रिपुर विमान
२. पुष्पक विमान
३. भ्राजिष्णु विमान
४. सौभ विमान
५. सुत विमान
६. शक्त्युद्गम्
७. अंशुवाह
८. तारामुख
९. सूर्यकान्त
१०. चन्द्रकान्त

यस्ता नाम गरेका विमान हवाई जहाजहरू आर्यावर्त अर्थात् भारतखण्डबाट अरू देशहरूमा उडान भरेर जान्थे। यति मात्रै हैन। अपितु आधुनिक युगमका राकेट जाहाँ पुगेका छैनन् ती सबै लोक यी जहाजहरूले मनपरि चाहारी सकेका थिए। त्यसो हुँदा चौदहदेखि लिएर १६ शताब्दीको आविष्कार निश्चय नै हिन्दू पुर्खाहरूको साधारण अथवा अग्रकल्चो नकल मात्रै हो भन्न सकिन्छ। यसमा हिन्दूहरूले दुःख मान्ने आवश्यकता छैन। अति उन्नतिको फल यस्तै हुन्छ।

# तुलनाको लागि आधुनिक वैज्ञानिक र आविष्कार

| अविष्कारक र | अविष्कार |
|---|---|
| पादरी लिसवेष्ट | घड़ी |
| मार्कोनी | रेडियो |
| निपकालीवर ( जे० एल० बेयर्ड ) | टेलीविजन |
| यूरी गगरीन | अन्तरिक्ष विजय |
| न्यूटन | पृथिवीको आकर्षण शक्ति |
| लुई डेगुएर | फोटोग्राफी |
| आटोहन | एटम बम |
| एडीसन | एलेट्रिक वल्ब |
| कोपर्निकस | सौर मण्डल व्यवस्था |
| सैमुअल मोर्स | टेलीग्राफ |
| ग्राहम बैल | टेलीफोन |
| रोएन्ट जन | एक्सरे |
| राइट ब्रदर्स | वायुयान |
| मेकमिलन | साईकल |
| रूडल्फ डीजल | डीजल इन्जन |
| स्टीफेंन्सन | भाप इन्जन |
| वाटरमेन | फोनटेनपेन |
| एडीसन | ग्रामोफोन |
| जम्सवाट | भाप इन्जनको प्रथम आविष्कारक |
| डाइमीर | मोटरकार |
| कैक्सटन | प्रिंटिंग प्रेस |
| फारेनहाइट | थर्मामीटर |
| डब्ल्यू० शाकले | ट्रांजिस्ट |
| सी० शोलेस | टाइपराइटर |

१—यी सबै महत्त्वपूर्ण आविष्कारक वैज्ञानिकहरूका काल चौदह शताब्दी देखि लिएर १९ शताब्दीभित्र टुङ्गिन्छ। राम्ररी निष्पक्ष भई तुलना गरेर हेर्नु होस् ।

# प्राचीन हिन्दू विज्ञानको परिशिष्ट भाग

## सहायक ग्रन्थ सूची


१. ऋग्वेद सायणभाष्य — पुना संस्करण
२. यजुर्वेद उव्वट-महीधरभाष्य — बनारस
३. सामवेद सायणभाष्य — मुरादावाद
४. अथर्ववेद सायणभाष्य — पुना संस्करण
५. तैतिरीय ब्राह्मण — पुना संस्करण
६. ऐतरेय ब्राह्मण — कलकत्ता
७. शतपथ ब्राह्मण — बाराणसी
८. गोपथ ब्राह्मण — बरोडा
९. तैतिरीयारण्यक — पुना
१०. तैतिरीय संहिता — पारडी
११. तैतिरीयोपनिषद् — गीताप्रेस गोरखपुर
१२. ईशावास्योपनिषद् — गीताप्रेस गोरखपुर
१३. महाभारत — गीताप्रेस गोरखपुर
१४. वाल्मीकि रामायण — गीताप्रेस गोरखपुर
१५. स्कन्दपुराण — श्रीराम आचार्य बरेली
१६. भविष्यपुराण — श्रीराम आचार्य बरेली
१७. कालिका पुराण — बम्बई
१८. श्रीमद्भागवतपुराण — गीताप्रेस गोरखपुर
१९. लिङ्गपुराण — मनसुखराय मोर कलकत्ता
२०. पद्मपुराण — मनसुखराय मोर कलकत्ता
२१. शिवपुराण — मनसुखराय मोर कलकत्ता
२२. ऋग्वैदिक भारत — डा० अविनाशचन्द्र दास
२३. आर्योंका आदिदेश — डा० सम्पूर्णानन्द
२४. अगस्त्यसंहिता — महर्षि अगस्त्य
२५. विष्णुपुराण — महर्षि पराशर

| | | |
|---|---|---|
| २६. | हिन्दूजाति के पतन | रजनीकान्त पराशर |
| २७. | हिन्दूनाम | स्वामी वैदिक मुनि |
| २८. | जातिभेद | शास्त्रधर्म प्रचार सभा, कलकत्ता |
| २९. | वैदिक इतिहासार्थ निर्णय | काव्यतीर्थ पं० शिवशङ्कर |
| ३०. | वेद प्रकाश | पं० राजाराम |
| ३१. | धर्मशास्त्र का इतिहास | पी० वी० काणे |
| ३२. | वैदिक ज्योति | आचार्य वैद्यनाथ शास्त्री |
| ३३. | ऋषियों के विज्ञान | प्रा० केशव अनन्त पटवर्धन |
| ३४. | वेदविद्या | वासुदेवशरण अग्रवाल |
| ३५. | वैदिक वृष्टि विज्ञान | पं० वीरसेन वेदाश्रमी |
| ३६. | भारतीय विज्ञान के कर्णधार | डा० सत्यप्रकाश |
| ३७. | वृहद् विमान शास्त्र | भारद्वाज मुनि |
| ३८. | यन्त्र सर्वस्व | भारद्वाज मुनि |
| ३९. | इत्सिह की भारत यात्रा | अ० वा० सन्तराम बी० ए० |
| ४०. | अवेजनी का भारत यात्रा | अ० वा० सन्तराम बी० ए० |
| ४१. | भारत में बाइविल | अ० वा० सन्तराम बी० ए० |
| ४२. | वैदिक सम्पत्ति | पं० रघुनन्दन शर्मा |
| ४३. | वैदिकी | पं० लालविहारी शास्त्री |
| ४४. | वेदविद्या निदर्शन | पं० भगवद्दत्त |
| ४५. | ऋग्वेदादि भाष्य भूमिका | स्वा० दयानन्द |
| ४६. | वैदिक विज्ञान | म० म० गिरिधर शर्मा |
| ४७. | इन्द्र विजय | मधुसूदन ओझा |
| ४८. | शतपथ ब्राह्मण | याज्ञवल्क्य |
| ४९. | अग्निपुराण | महर्षि व्यास |
| ५०. | वायुपुराण | महर्षि व्यास |
| ५१. | मत्स्यपुराण | महर्षि व्यास |
| ५२. | रघुवंश महाकाव्य | कालिदास |
| ५३. | शाकुन्तल नाटक | कालिदास |
| ५४. | न्याय दर्शन | गौतम |
| ५५. | महाभारत | महर्षि व्यास |
| ५६. | वाल्मीकि रामायण | वाल्मीकि |
| ५७. | शुक्रनीति | शुक्राचार्य |
| ५८. | धनुर्वेद | द्रोणाचार्य |

| | | |
|---|---|---|
| ५९. | कठोपनिषद् | यमनचिकेता |
| ६०. | शिशुपाल वध | नारदावतरण माघ |
| ६१. | सिद्धान्त शिरोमणि | भास्कराचार्य |
| ६२. | शिवपुराण | महर्षि व्यास |
| ६३. | मीमांसासूत्र | महर्षि जैमिनि |
| ६४. | शवरभाष्य | शवरस्वामी ( किराती स्वा० ) |
| ६५. | वैशेषिक दर्शन | महर्षि कणाद् |
| ६६. | तर्कसंग्रह | अन्नम्भट्ट |
| ६७. | युक्तिकल्पतरू | अज्ञातनाम |
| ६८. | समराङ्गणसूत्रधार | भोजप्रणित |
| ६९. | हिन्दू संस्कृति अङ्क | गोरखपुर |
| ७०. | हरिवंश पुराण | महर्षि व्यास |
| ७१. | गङ्गा अङ्क | अजमेर |
| ७२. | अंशु बोधिनी | भरद्वाज |
| ७३. | विमान चन्द्रिका | नरायणमुनि प्रणीत |
| ७४. | व्योमयानतन्त्रम् | महर्षिशौनक प्रणीतम् |
| ७५. | यन्त्रकल्प | महर्षि गर्ग प्रणीत |
| ७६. | यानविन्दुः | देवगुरू वृहस्पति प्रणीतः |
| ७७. | खेटयान प्रदीपिका | चक्रपाणिढुण्डिनाथौ |
| ७८. | डार्विन के सिद्धान्त | रघुनाथ दास |
| ७९. | न्यूटन के सिद्धान्त | पोरिया |
| ८०. | विज्ञान की बातें | ले० चमनलाल गुप्त |
| ८१. | विमान और वैमानकी | ले० चमनलाल गुप्त |
| ८२. | पृथिवी पर इतिहास | दुर्गादास |
| ८३. | हिन्दूत्व | रामदास |
| ८४. | विज्ञानहस्तामलक | रामदास |
| ८५. | सिकन्दर की जीवनी | सन्तराम बी० ए० |
| ८६. | फाइयान की जीवनी | जगमोहन वर्मा |
| ८७. | ह्वेनसंग की यात्रा | थामस वाटरस एम० आर० ए० एस० |
| ८८. | वैदिक वाङ्मयका इतिहास भाग १,२,३ | पं० भगवत |
| ८९. | भारतीय ज्योतिष के इतिहास | अवध बिहारी |

| | | |
|---|---|---|
| ९०. | ज्योतिष विज्ञान | नन्दलाल |
| ९१. | गणकतरङ्गिणी | म० म० सुधाकर द्विवेदी |
| ९२ | भाषा विज्ञान | डा० बाबूराम सक्सेना |
| ९३. | भाषा विज्ञान | डा० श्याम सुन्दर |
| ९४. | नेपाली भाषा | महानन्द सापकोटा |
| ९५. | हिन्दी और आर्य भाषा | सुनीति कुमार चटर्जी |
| ९६. | बङ्गाली और भाषा विज्ञान | सुनीति कुमार चटरजी |
| ९७. | नेपाली भाषाको उत्पत्ति र विकास | सूर्यविक्रम ज्ञवाली |
| ९८. | नेपाली भाषाको उत्पत्ति र विकास | पारसमणी |
| ९९. | प्राचिन लिपि विज्ञान | म० म० हीराचन्द ओझा |
| १००. | लिपि विज्ञान | रामराज पन्त |
| १०१. | भाषाविज्ञान | तारापुरेवाला |
| १०२ | नेपाली भाषा र साहित्य | बालकृष्ण पोखेल |
| १०३. | नेपाली भाषा र साहित्य | हर्षनाथ वर्मा |
| १०४. | भाषा विज्ञान | पी० वी० गुणे |
| १०५. | पाँचसय वर्ष | बालकृष्ण पोखेल |
| १०६. | भाषा विज्ञान | ग्रियर्सन |
| १०७. | हमारा साहित्य | डा० राजेन्द्र प्रसाद |
| १०८. | इण्डियन इन बाइबिल | डा० जकालियट |
| १०९. | पुनर्जन्म की पहेलियाँ | सन्तराम बी० ए० |
| ११०. | पुनर्जन्माङ्क | गीताप्रेस गोरखपुर |
| १११. | ऋग्वेद पर एक ऐतिहासिक दृष्टि | म० म० पं० विश्वेश्वरनाथ रेउ |
| ११२. | ऋग्वेद कथा | रघुनाथ सिंह |
| ११३. | केपिटेल | डा० कार्लमार्क्स |
| ११४. | मार्क्सवाद और रामराज्य परिषद् | करपात्री स्वामी |
| ११५. | वैज्ञानिक ऋषि | धर्मदत्तजी |
| ११६. | स्वस्थानी व्रत कथा | स्कन्द पुराणान्तर्गत |
| ११७. | हिस्ट्री आँव संस्कृत लिटरेचर ( वैदिक पीरियड ) | चिन्तामणि विनायक वैद्य |
| ११८. | भारतीय संस्कृतिका इतिहास | डा० मङ्गलदेव शास्त्री |
| ११९. | आर्यों का आदि देश | डा० सम्पूर्णानन्द |
| १२०. | आर्कटिक होम इन द वेदा | लोकमान्य तिलक |

१२१. वैदिक व्याख्यानमाला — सातवलेकर
१२२. वैदिक विश्व दर्शन — हरिशङ्कर जोशी
१२३. प्राचीन भारत में गोमांस — मोतीलाल जालान गीताप्रेस गोर०
१२४. भारतीय इतिहास की भयङ्कर भूलें — पी० एन० आक दिल्ली
१२५. आयुर्वेद का इतिहास — भीखमलाल आत्रेय
१२६. वैदिक धर्म एवं दर्शन — डा० कीथ, अनुवादक डा० सूर्यकान्त
१२७. संस्कृति के चार अध्याय — रामधारी सिंह दिनकर
१२८. राम कथा — फादर कामिल बुल्के
१२९. संस्कृत साहित्य का इतिहास — वरदाचार्य
१३०. भारतीय इतिहास की रूपरेखा — जयचन्द्र विद्यालंकार
१३१. पाणिनिकालिक भारत वर्ष — वासुदेव शरण अग्रवाल
१३२. हिष्ट्री ओफ साइंस — फारेन सेक
१३३. इनसाइक्लो पीडिया ओफ रिलीजन — आक्फोर्ड
१३४. रामायण महाभारत काल मीमांसा — स्वामी करपात्री जी
१३५. प्राचीन भारतीय वाङ्मय — रामरङ्ग शर्मा एम० ए०
१३६. हिन्दू संस्कार — राजबली पाण्डेय
१३७. अंग्रेजी साहित्य का इतिहास — डा० एस० पी० खत्री
१३८. अमरीकी दर्शन और दार्शनिक
मू० ले० जोसेफ एले ब्लौ अ० वा० राधेश्याम शर्मा
१३९. अरस्तू की राजनीति — अ० वा० भोलानाथ शर्मा
१४०. अमेरिका का सम्विधान — कन्हैयालाल वर्मा
१४१. इङ्गलैण्ड का राजदर्शन — सर अर्नेष्ट वारकर
१४२. ग्रेट ब्रिटेन का सम्विधान — योगेन्द्र मल्लिक
१४३. चीन और जन क्रान्ति — गौरीशंकर द्विवेदी
१४४. मार्क्स और मार्क्सवाद — वी० पी० सिन्हा
१४५. रूसी क्रान्ति के अग्रदूत — राजेश्वर प्रसाद
१४६. सोवियत संघ का शासन — महेन्द्र प्रकाश
१४७. पाश्चात्य दर्शन — चन्द्रधर शर्मा
१४८. पाश्चात्य दर्शन — म० म० रामावतार शर्मा
१४९. वेदत्रयी परिचय — डा० ओमप्रकाश पाण्डेय
१५०. हिन्दू विधि — पं० गिरिजाशंकर मिश्र
१५१. भारतीय संस्कृति — डा० देवराज

| | | |
|---|---|---|
| १५२. | वेदों में भारतीय संस्कृति | आद्या प्रसाद ठाकुर |
| १५३. | भारतीय नीतिशास्त्र का इतिहास | डा० भीखमलाल आत्रेय |
| १५४. | भारतीय ज्योतिष का इतिहास | डा० गोरख प्रसाद |
| १५५. | भारतीय ज्योतिष | शंकर बालकृष्ण दीक्षित |
| १५६. | ज्योतिष की पहुँच | श्री फ्रेड होयल |
| १५७. | तारे और मनुष्य | श्री हार्ली शेपले |
| १५८. | विश्व प्रकृति | डा० प्रेमनाथ शर्मा |
| १५९. | ऋग्वैदिक आर्य | राहुल सांस्कृत्यायन |
| १६०. | इतिहास संशोधन प्रमाण प्रमेय | पं० नयराज पन्त |
| १६१. | हिन्दू पोलिटी | काशी प्रसाद जायसवाल |
| १६२. | दर्शन दिग्दर्शन | राहुल सांस्कृत्यायन |
| १६३. | नेपाल भारतका इतिहास | जय नारायण शाह |
| १६४. | रामायण कालिक समाज | शान्तिकुमार नानूराम व्यास |
| १६५. | नेपालको ऐतिहासिक विवेचना | ढुण्ढिराज भण्डारी |
| १६६. | जाति भाषा र लिपि | धरणीधर दाहाल |
| १६७. | वल्ड लाइफ | डा० रेडले |
| १६८. | इर्यलि हिस्टोरी आफ इण्डिया | भी० ए० स्मिथ |
| १६९. | प्रत्यक्ष शरीर का उपोद्घात | गणनाथ सेन |
| १७०. | आयुर्वेदका संक्षिप्त इतिहास | महेन्द्रनाथ |
| १७१. | हिष्ट्री आफ एशियण्ट संस्कृत लिटरेचर | मैक्समूलर |
| १७२. | इण्डियन पैलियो ग्राफी | डा० बूलर |
| १७३. | दि डेवलबमेण्ट ओफ दि बुक इन चाईना | ए० डल्ल्यू० हुमेल |
| १७४. | सन्धिपत्र संग्रह १ | योगी नरहरिनाथः |
| १७५. | आप्टे संस्कृत कोष | आप्टे |
| १७६. | वाचस्पत्यम् | तारानाथ तर्क वागीश |
| १७७. | शब्दस्तोम महानिधि | ,, ,, ,, |
| १७८. | शब्द कल्पद्रुम | ,, ,, ,, |
| १७९. | बोल्गा से गङ्गा | राहुल सांस्कृत्यायन |
| १८०. | संस्कृत बाइविल, महात्मागाँधीरोड बेंगलोर | भारत लङ्का बाइविल समिति |
| १८१. | पौराणिक कोष | रामाप्रसाद शर्मा |
| १८२. | हिमवत्खण्ड | महर्षि व्यास |
| १८३. | काशीखण्ड | ,, ,, |

१८४. अर्थशास्त्र — कौटिल्य
१८५. अमरकोष — अमरसिंह
१८६. योगिनी तन्त्र — प्र० जीवानन्द विद्यासागर
१८७. मेरूतन्त्र — शिव निर्मित
१८८. आर्य संस्कृति — लोकमणि दाहाल
१८९. नेपाल परिचय — सूर्य विक्रम ज्ञवाली
१९०. हाम्रो संस्कृति र एक सिंहावलोकन — शान्ति सुरभ
१९१. रूपरेखा पत्रिका — मदनमणि दीक्षित
१९२. ज्योतिष दर्शन — श्री देव देवकोटा
१९३. पपुलर ऐस्ट्रानमी — प्रो० एस० न्यू० कोम्ब
१९४. सीक्रेट डाक्ट्रिन — पो० हिलनार
१९५. क्लाइमेण्ट इन टाइम — प्रो० कालमहाशय
१९६. महाविस्फोट सिद्धान्त — अम्बे जार्ज लमेत्र
१९७. सुस्थिर सिद्धान्त — थामस गोल्ड र हरमन बा'डी
१९८. चक्राकार विश्व सिद्धान्त — डा० एलन संदाग
१९९. किरात मुन्धुम फलगुनन्द सत्यहांमा प्रकाशक — इमान सिंह चेमजोंग
२००. कोङपी ( पत्रिका ) — घलराई कोङपी कार्यालय २१/७७ बाग बाजार काठमाण्डौं नेपाल
२०१. साइंस ऑफ दी लंवेज — मैक्समूलर
२०२. मानवेर आदि जन्मभूमि — उमेशचन्द्र विद्यारत्न
२०३. मनुष्यों का जन्म स्थान कहाँ है ? — खुरशेद जो रुस्तम
२०४. आर्यावर्त्ता चो आर्या सो — जन्म--नाना पावगी
२०५. ऋग्वैदिक इण्डिया — अविनास चन्द्रदास
२०६. संस्कृत पारसीक पद प्रकाश — कवि कर्णपूर सं० योगी नरहरिनाथ
२०७. न्यू टेस्टामेण्ट — हजरत ईसा
२०८. ओल्ड टेस्टामेण्ट — हजरत मूसा
२०९. प्राचीन राजनीतिक और सांस्कृतिक इतिहास — डा० श्रीराम गोयल
२१०. रेग्मी डी० आर० — एन्यू एण्ड नेपाल कलकत्ता १९६०
२११. पूर्णिमा ( पंजिका ) — काठमाण्डौ
२१२. हिन्दू राज्य शास्त्र — अम्बिका प्रसाद वाजपेयी
२१३. हिन्दू शब्द की उत्पत्ति और इतिहास — विश्व हिन्दू परिषद् प्रकाशन, प्रयाग

( ८+५२+१८० = २४० )

# लेखकका अन्य रचनाहरू

## संस्कृतमा

१. वेदान्तनयभूषणम् ( पी०एच०डी।को शोध प्रबन्ध ) ( अप्रकाशित )
२. अन्ताराष्ट्रे संस्कृतस्य महत्त्वम् ( संस्कृतमा सरल निबन्ध ) (अप्रकाशित)
३. वादार्णव ( दार्शनिक ग्रन्थ ) ( अप्रकाशित )
४. त्रयोदषिका ( दार्शनिक पद्य ) ( अप्रकाशित )
५. सिद्धिवैतथ्यम् ( दार्शनिक ) ( प्रकाशित )
६. निबन्ध लेख संग्रह ( संस्कृतमा अनेक प्रकारका संग्रह ) ( अप्रकाशित )
७. पञ्चमकारार्थः ( पञ्चमकारका पारिभाषिक अर्थ ) ( अप्रकाशित )
८. शब्दानुशासन विमर्शः ( पाणिनि व्याकरणको समालोचना ) ( अप्रकाशित )

## हिन्दीमा

१. सन्मार्गदर्शन पूर्वभाग ( प्रकाशित )
२. संस्कृत क्यों पढें ? ( संस्कृत पर आलोचना ) ( अप्रकाशित )
३. मेरी जीवन यात्रा घरदेखि लिएर ऐले सम्मको ( अप्रकाशित )
४. सन्मार्गदर्शन उत्तरभाग ( अप्रकाशित )
५. लेख संग्रह (छात्रावस्थादेखि लिएर ऐले सम्मका लेखमाला) ( अप्रकाशित )
६. एक सौ छत्तीस सम्प्रदाय ( यसमा सम्प्रदाय र लाभ हानीको वर्णन छ ) ( अप्रकाशित )

## नेपालीमा

१. हिन्दु विज्ञान ( वेदमा के छ ? ) को उत्तरभाग ( प्रकाशित )
२. गुन्द्रुक ( परि आइलागेको तीतो मीठो सबै ) ( अप्रकाशित )
३. शान्ति भनेको के ? ( सामाजिक, नैतिक, व्यावहारिक आलोचना ) ( अप्रकाशित )
४. जोगीको झोलीबाट ( नेपालीमा गीत, पद्य, अलोचना, रस ) ( अप्रकाशित )

●

# उद्देश्य

१—'वेदमा के छ ?' र 'प्राचीन हिन्दू विज्ञान' दुवैको राम्ररी अध्ययन भएमा हिन्दूत्वको भावनालाई कहीले पनि छोडने छैन ।

२—मूलको पाना पानामा गाडिएर हेर्दा मोती मिलने छ ।

३—बेचिएकाहरूलाई आफ्नो राष्ट्र गौरव र आफ्नो स्वास्थपनलाई देखाउँने छ ।

४—पाश्चात्य र पौरस्त्य विज्ञानको तुलनाबाट आफ्नो आँखा उघारिदिने छ ।

५—यस ग्रन्थले आत्मा गौरवको साथै प्राचीन विज्ञानलाई यथार्थरुपमा सम्झाउँने छ ।